# शैव

## (सिद्धान्त, दर्शन, संन्यास-संस्कार र परम्परा)

हिमाल गिरी



नाम : हिमाल गिरी
जन्म : २०३६ फागुन २९
ठेगाना : थुलुङ दूधकोशी गाउँपालिका वडा नं. - ४, सोलुखुम्बु

**लेखकका अनुसन्धानात्मक अन्य कृतिहरू**

१. सोलुखुम्बु (संक्षिप्त परिचय)
२. सोलुखुम्बु र पर्यटन
३. ओगानेम दरबार (ऐतिहासिक किरातकालीन दरबार तथा थुलुङ राई जातिको संक्षिप्त परिचय)
४. दशनामी संन्यासी (धार्मिक, साँस्कृतिक अध्ययन)
५. हाम्रो वन
६. ताल तलैया (सोलुखुम्बु जिल्लाको सीमसार तथा ताल तलैयाहरू संरक्षणमा, धार्मिक, सांस्कृतिक, पर्यटकीय, जैविक-विविधता र प्राकृतिक महत्त्वबारे एक अनुसन्धान)

# शैव

(सिद्धान्त, दर्शन, संन्यास-संस्कार र परम्परा)

- हिमाल गिरी

**शैव**

(सिद्धान्त, दर्शन, संन्यास-संस्कार र परम्परा)

लेखक : हिमाल गिरी

प्रकाशक : पाइथागोरस बुक हाउस

वितरक : पाँचपोखरी बुक स्टोर
न्युरोड, काठमाडौं

सम्पर्क : ०१-४२२१६३४

इमेल : panchpokharibookstore@gmail.com
panchpokharibookstore@yahoo.com

आवरण : परेश योगी

लेआउट : धन महर्जन

संस्करण : पहिलो (२०७५)

---

यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक अनुमतिविना कुनै पनि माध्यमद्वारा पुनरूत्पादन, प्रसारण वा फोटोकपी गर्न पाइने छैन । कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारबाही गरिनेछ ।

# लेखकीय

हजारौँ वर्षअघिदेखिको श्रृङ्खलाबद्व इतिहासलाई हेर्ने हो भने साँस्कृतिक पृष्ठभूमिका रूपमा धार्मिक गतिविधि हुँदै आइरहेको देखिन्छ । त्यसै कारण धर्मसम्बन्धी परम्परा इतिहास, सिद्वान्त र दर्शनबारे अवलोकन एवम् मूल्याङ्कन हुन आवश्यक भएको हो ।

धर्मसंस्कृति र संस्कार अभिन्न हुन्छन् । सनातनदेखिको धार्मिक सिद्वान्त र सम्प्रदायको संरक्षण हेतु यसको अध्ययन एवम् अनुसन्धान अझ महत्त्वपूर्ण हुने गर्छ । यसै कुरालाई ध्यानमा राखी शैव धर्मको दार्शनिक, सैद्धान्तिक आधार र सन्यास संस्कारका बारेमा जे-जति अध्ययन गर्न सम्भव भयो त्यसलाई यस ग्रन्थका रूपमा प्रस्तुत गरिएको हो ।

शिवस्वरूप र उनको दार्शनिक तत्त्व चिन्तनको विशेषतालाई हेर्ने हो भने प्रारम्भदेखि आजसम्म प्रचारप्रसार तथा मान्यताको बिषयलाई अद्भुत रूपमा लिन सकिन्छ । यही चिन्तन र विचारद्वारा विकसित सम्प्रदाय तथा संस्कार -परम्परा एक महत्त्वपूर्ण आकर्षणका रूपमा रहेको छ ।

यो ग्रन्थ तयार गर्दा आर्थिक, भौतिक र नैतिक रूपमा सहयोग पुऱ्याउनुहुने सबैमा आभार प्रकट गर्दै प्रकाशकप्रति कृतज्ञता व्यक्त गर्छु ।

हिमाल गिरी

girihimal44@gmail.com

# विषयसूची


शैव दर्शन र सिद्धान्त ........ ७

शैव सिद्धान्त ........ २२

शैव सम्प्रदाय ........ २५

नेपालमा शैव सम्प्रदाय ........ ४२

काश्मिरी शैव दर्शन ........ ८६

काश्मिरी शैव दर्शनको सिद्धान्त ........ ९१

शिवपुराणको परिचय एवम् शिव स्वरूप ........ ९७

लिंग पुराण तथा लिङ्गको स्वरूप ........ १२०

पुराण रचनामा दर्शनको पृष्ठभूमि ........ १३९

शैव सिद्धान्त एवम् दशर्नको क्रमिक विकास ........ १४९

आगम ग्रन्थ र शैव दर्शन ........ १५०

वर्णाश्रम व्यवस्था ........ १६२

सन्यासको दार्शनिक स्वरूप ........ १६७

सन्यास संस्कार र परम्परा ........ १७५

स्मृति ग्रन्थ र सन्यास ........ २१३

सहायक ग्रन्थ सूची ........ २३९

# शैव दर्शन र सिद्धान्त

## दर्शन

संस्कृत व्याकरणअनुसार 'दृश' धातुबाट 'सा ल्युट' प्रत्यय लगाएर 'दर्शन' शब्द निर्माण भएको पाइन्छ । संस्कृतमा यसलाई 'देख्नु' अथवा 'जान्नु'को अर्थमा पनि लिइन्छ । संस्कृत शब्दकोशले व्याख्या गरेअनुसार दर्शनको अर्थ आँखा, पर्यवेक्षण, सम्झनु तथा धर्मसम्बन्धी ज्ञान हुनु पनि हो । दर्शनलाई शास्त्रीय आधारमा आत्मा, अनात्मा, जीव, ब्रह्मा, प्रकृति, पुरुष, जगत्, धर्म, मोक्ष, मानवजीवनको उद्देश्य आदिका रूपमा चर्चा गरिएको पाइन्छ । अङ्ग्रेजीमा 'Philosophia' शब्दलाई ज्ञानसँगको प्रेम अथवा विवेकसँगको प्रेम भनेर लिइन्छ । विभिन्न दार्शनिकहरूले भिन्नभिन्न तरिकाले दर्शनलाई अर्थ्याए पनि मूलतः सबै अर्थको सार हेर्नु, देखिनु वा दृष्टिकोणका रूपमा बुझ्ने गरिएको पाइन्छ ।

मानवजातिको विकासक्रमसँगै विश्व र ब्रह्माण्डलाई हेर्ने तथा बुझ्ने दृष्टिकोण विकास भएको पाइन्छ । मानिसहरूको यही विश्वदृष्टिकोण अथवा दर्शनशास्त्र विज्ञान र धर्मशास्त्रबीचको विषय बन्न पुग्यो । यसरी विश्व र जगत/ब्रह्माण्डलाई बोध गर्ने कुरा नै दर्शन हो ।

## दर्शनको उत्पत्ति र विकास

विज्ञान र धर्मशास्त्रका विषयमा आधारित भएर तर्क/संवाद हुन थालेपछि नै दर्शनको क्षेत्र, काम, पक्ष, यसका आधारभूत सवाल र प्रकारहरूका बारेमा पनि स्पष्टता हुँदै गयो । प्रकृति, जीवन, मानवसमाज र चिन्तनसमेत दर्शनको क्षेत्र हो । दृष्टिकोण निर्माण गर्ने काम दर्शनले गर्छ । मूलतः दर्शनका तीन पक्ष हुन्छन् ।

(१) तत्त्व मिमांसा - जीवन र जगत्सम्बन्धी मान्यता

(२) ज्ञान मिमांसा - ज्ञान र ज्ञानप्राप्तिसम्बन्धी मान्यता

(३) आचार मिमांसा - आचार व्यवहार (संस्कार) सम्बन्धी मान्यता

जीवन र जगत्को निर्माण कसरी भयो भन्ने आधारभूत प्रश्नबाट दार्शनिक सवालहरू विकास भएका हुन् । यो जगत् कसले र कसरी बनायो भन्ने विषय  अर्थात् कर्ता र कारणको खोजी दर्शनको महत्त्वपूर्ण आधारभूत सवाल हो । यही सवालले नै दर्शनको प्रकारलाई निर्धारण गरेको छ ।

इशापूर्व प्रथम सहस्राब्दीको उत्तरार्द्धमा कपिल, कणाद, बृहस्पति, गौतम बुद्ध, लाओत्से, प्लेटो, एरिस्टोटल आदिले दर्शनलाई शास्त्रीय रूपमा विकास गरेका थिए । आजभन्दा तीन हजार वर्षपहिले इजिप्ट, दक्षिण एसिया, चीन र युनानमा विभिन्न प्रकारका दार्शनिक चिन्तनहरू देखा परेका थिए ।

## शैव दशनको पृष्ठभूमि

### (क) वेद एवम् व्यापक तत्त्व

प्राचीन वैदिक एवम् संस्कृत साहित्यलाई दुई भागमा बाँड्न सकिन्छ ।

१. धर्मशास्त्रीय ग्रन्थ

२. इतिहास-पुराण ।

धर्मशास्त्रीय ग्रन्थहरूमा वैदिक संहिता, ब्राह्मण ग्रन्थ, उपनिषद्, वेदान्त, उपाङ्ग तथा सूत्रग्रन्थ उल्लेखनीय छन् । यी ग्रन्थ तथा साहित्यको प्रयोजन ऐतिहासिक घटनाक्रमहरूको चर्चा तथा उल्लेख गर्न होइन । तैपनि प्रसङ्गवश उल्लेख भएका केही ऐतिहासिक घटनाहरू अत्यन्तै उपयोगी छन् । वैदिक संहितामा भएका सबै सुक्त तथा मन्त्रहरूको निर्माण प्राचीन आर्य ऋषिहरूले गरेका थिए । ती सबै मन्त्रहरू कुनै देवता विशेषको स्तुति प्रयोजन देखिन्छ । प्रसङ्गवश कतैकतै यी स्तुतिहरूमा आफ्नो समयको राजनीतिक घटनाक्रमहरू पनि उल्लेख भएका पाइन्छ । जस्तै - इन्द्र देवताको स्तुति गर्ने क्रममा दस्यु वा दास जातिको नगरको वर्णन गर्नुका साथै युद्धमा उनीहरू परास्त भएका प्रसङ्ग उल्लेख गरिएको छ । राजा सुदासका विरुद्ध अरू राजाहरूसमेत सङ्गठित हुने कुरा त्यस समयका मानिसहरूका लागि महत्त्वपूर्ण घटना थियो । त्यतिबेलाका अनेक प्राचीन राजाहरू तत्त्वज्ञान तथा अध्यात्मचिन्तनका लागि विशेष ढङ्गले प्रयत्नशील थिए । उनीहरूका राजसभामा अनेक ऋषिहरू एकत्रित हुने गर्थे र आध्यात्मिक विषयका सन्दर्भमा विचार गर्ने गर्थे । कतिपय उपनिषद्हरूमा राजसभामा भएका आध्यात्मिक विवादहरूको उल्लेख भएको पनि पाइन्छ ।

जुन प्रकारले वैदिक संहितामा प्राचीन ऋषिहरूको सुक्त सङ्ग्रहित भएको छ त्यही प्रकारले पुराणहरूमा प्राचीन आर्य राजवंश र राजाहरूको चरित्र, इतिवृत एवम् आख्यान सङ्ग्रहित गरिएको छ । वेद जति प्राचीन छ, पुराणहरू पनि उत्तिकै प्राचीन मानिन्छन् । पुराणहरूको लक्षण यस प्रकार बताइएको छ ।

*सर्गश्च प्रति सर्गश्च वंशो मन्वन्तराणिच ।*
*वंशानुचारितं चैत पुराणं पञ्च लक्षणम् ॥*

अर्थात् - यी पाँच प्रश्नहरूको वर्णन पुराणहरूमा गरिएका

पाइन्छ -

१. कुन प्रकारले सृष्टि उत्पत्ति भयो ?

२. कुन प्रकारले सृष्टि प्रलय हुन्छ ?

३. कालको विविध मन्वन्तर (विभाग) के हो ?

४. यी कालखण्डमा कुन वंशले शासन गऱ्यो ?

५. ती वंशका राजाहरूका चरित्र के थियो ?

मत्स्य, वायु, विष्णु, ब्रह्माण्ड, भागवत् आदि पुराण-ग्रन्थहरूमा प्राचीन वंश तथा उनीहरूको चरित्र वर्णन सङ्ग्रहित गरिएका पाइन्छ । ऐतिहासिक घटनाक्रमहरू जे-जति सङ्ग्रहित छन् सबै उपयोगी रहेका छन् । वेदमा जे-जस्ता राजाहरूका प्रसङ्ग उल्लेख गरिएका छन् वा अनेक गाथाहरूलाई सूत्रबद्ध गरिएका छन् ती कुराको विस्तृत जानकारी त्यससँग सम्बन्धित पुराणहरूमा उल्लेखित अनुश्रुतिलाई दृष्टिगत गरेपछि मात्रै सम्भव छ ।

आर्यजातिको सबैभन्दा प्राचीन ग्रन्थ वेद हो । प्राचीन वैदिकयुगका विविध ऋषिवंशहरूमा विविध सुक्तहरू एकले अर्कालाई सुनाउने काम लामो समयसम्म चल्दै आइरहेको थियो । यस चलनलाई बिस्तारैबिस्तारै पछि सङ्कलन गर्न थालियो । यस कार्यको प्रधान श्रेय मुनि वेदव्यासलाई जान्छ ।

वेदव्यास महाभारतयुद्धका समकालीन र असाधारण प्रतिभाशाली विद्वान थिए । ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेदको वैदिक सुक्तहरूलाई वेदव्यासले संहिताका रूपमा सङ्ग्रहित गरेका थिए ।

वैदिक साहित्यमा चारवटा वैदिक संहिताका अतिरिक्त ब्राह्मण ग्रन्थलाई पनि सम्मिलित गरिएको छ । सबै ब्राह्मण ग्रन्थहरूमा वैदिक मन्त्रहरूको अभिप्राय र विधिबारे वर्णन गरिएको पाइन्छ ।

ऋग्वेदको प्रधान ब्राह्मण ग्रन्थ 'ऐतरेय' हो भने दोस्रो ग्रन्थ 'कोशितकी' । यजुर्वेदका ब्राह्मण ग्रन्थ 'तैत्तिरीय', 'शतपथ' हुन् ।

सामवेदको 'ताण्ड्य', 'षड्विंश' र 'जैमिनीय' हुन् भने अथर्ववेदको ब्राह्मण ग्रन्थ 'गोपथ' हो ।

यज्ञिक अनुष्ठानको प्रतिपादन र त्यसमा वैदिक मन्त्रहरूको विनियोग प्रदर्शन गर्नका लागि प्राचीन ऋषिहरूले ब्राह्मण ग्रन्थ रचना गरेका थिए । साथसाथै ती प्राचीन ऋषिहरू आध्यात्मिक, दार्शनिक तथा पारलौकिक विषयहरूमा पनि चिन्तन गर्ने गर्थे ।

आत्मा के हो ? सृष्टिको उत्पत्ति कुन प्रकारले भयो ? सृष्टि कुन तत्त्वले बनेको छ ? सृष्टिकर्ता तथा नियामक के हो ? प्रकृतिभन्दा भिन्न चेतना सत्ता छ, जसको स्वरूप को हो ?

यसरी चिन्तन गर्ने ऋषिहरू प्रायः जङ्गलमा आश्रम बनाएर बस्थे । आश्रममै त्यस्ता रचनाहरू तयार भए, जसलाई 'आरण्यक' तथा 'उपनिषद्' भनिन्छ । उपनिषद्हरू ब्राह्मण ग्रन्थकै भागहरू हुन् । ब्राह्मण ग्रन्थकै विविध भागहरूका आधारमा प्राचीन ऋषिहरूद्वारा रचित उपनिषद् दुई सयभन्दा बढी सङ्ख्यामा छन् । प्रमुख उपनिषद्हरूमा कोशितकी उपनिषद्, इशोपनिषद्, बृहदारण्यकपनिषद्, कठोपनिषद्, श्वेताश्वरतोपनिषद्, तैतरीयपनिषद, मैत्राणीय उपनिषद् र माण्डुक्य उपनिषद् हुन् ।

यी सबैबाट के प्रष्ट हुन्छ भने सबै ग्रन्थहरूको मूल रूप र सम्बन्ध वेदसँग छ र यिनै ग्रन्थहरूले वेदलाई समृद्ध बनाएका छन् ।

आर्यजातिहरूको प्राचीनतम युगलाई वैदिक युग भनिन्छ । यसको कारण हो वेद । वेद आर्यहरूको प्राचीन ग्रन्थ हो । यसमा आर्यहरूको सभ्यता संस्कृति, धर्म, चिन्तन आदिका बारेमा जानकारी पाउन सकिन्छ । पहिलो आर्यराजा वैवस्तव मनुको समयदेखि महाभारतकालसम्मको करिब १५०० वर्षको अवधि पूरै वेद निर्माणको समय मान्न सकिन्छ । वेदलाई सङ्क्षेपमा यसरी पनि टिप्पणी गर्न सकिन्छ ।

(१) आर्यजातिको सबैभन्दा प्राचीनग्रन्थ तथा साहित्य ।
(२) प्राचीन दर्शनहरू (साङ्ख्य, योग, न्याय, वैशेषिक, मिमांसा तथा वेदान्त) आस्तिक तथा वेदसम्मत मानिन्छ । यसबाट वेदको व्यापकता बुझ्न सकिन्छ ।
(३) प्राचीन आर्यहरूको संस्कृति, सभ्यता र धर्मको परिचय दिने दस्तावेज ।
(४) शिक्षा, छन्द, व्याकरण, निरूक्त, ज्योतिष तथा कल्प - यी छ वेदाङ्ग-वेदसम्बन्धी विकसित साहित्यहरू हुन् ।

## वेद तथा शिव

कुनै वैदिक देवता वा ऋषिहरूका बारेमा जान्ने हो भने मूलतः वेद तथा उपवेदहरू नै अध्ययन गर्न अनिवार्य छ । यिनको अध्ययनबाट स्पष्ट हुन नसकेको अवस्थामा वेदसँग सम्बन्धित रचनाहरू (ब्राह्मण ग्रन्थ, उपनिषद्, पुराण आदि) रचनाहरू अध्ययन गर्नु आवश्यक हुन्छ ।

हामीले वेदमा शिवको महिमा तथा स्वरूपबारे जानकारी लिने प्रयत्न गऱ्यौं भने अधिक मात्रामा 'रुद्र' शब्द प्रयोग भएको पाउँछौं । छिटपुट मात्रामा 'शिव' शब्द उल्लेख भएको छ भने पनि त्यो रुद्र शब्दकै पर्यायका रूपमा पाइन्छ ।

यजुर्वेदको एउटा सन्दर्भमा शिवको प्रार्थना उल्लेख छ । जहाँ शम्भु, मयोभय, शङ्कर, मयस्कर, शिवादि आदि नाम दिइएको छ । यी सबै नाम रुद्रकै प्रार्थनामा उल्लेख गरिएका छन् । यसरी रुद्रनाम वेदमा अनेकन पटक उल्लेख गरिएका पाइन्छ । सो प्रार्थनामा शिवलाई धनुषधारण गर्ने तथा मृगचर्म धारण गरी हाम्रो रक्षाका लागि आउने देवता भनी उल्लेख गरिएको छ । औषधिहरूका देवता तथा औषधिपति भनेर पनि चर्चा गरिएको छ । यस रूपमा जे-जति

उल्लेख वा चर्चा गरिएका छन् ती सबैको अभिप्राय थियो, जुन् शिव हुन् उनै रुद्र पनि हुन् । यसैले यहाँ के भन्न पनि सान्दर्भिक हुन्छ भने शिवको स्वरूप तथा सिद्धान्त उपनिषद्कालको एउटा महत्त्वपूर्ण देन हो ।

## वेद तथा रुद्र

तैत्तरीय संहिताको एक उद्धरणमा 'रुद्र' शब्दको अर्थ दिइएको छ - स्वयम् रुने तथा सबैलाई रुवाउनेवाला ।

रुद्रलाई जटाजुट तथा नीलकण्ठ पनि भनिएको छ । यद्यपि उनको नीलकण्ठका कारण पछि उनको नै नाम नीलकण्ठ नै रहन गएको हुन सक्छ । रुद्रका सन्दर्भमा अथर्ववेदमा 'रुद्र' जहाँ निवास गर्छन् त्यहाँ सबै प्राणी आफ्नो अन्तिम गतिका साथ मात्र पुग्छन्' भनिएको छ । यही कारण हो उनी भूत, प्रेत, पिशाच, श्मसान (मसानघाट)मा हुन्छन् भनी उल्लेख गरिएको । अथवा जसको सम्बन्ध श्मसानसँग छ रुद्र उनीहरूका देवता हुन् ।

यजुर्वेदमा चर्चा गरिएअनुसार रुद्रले निर्भयता दिन्छन् । उनी तेजस्वी छन् र तेजआयुध धारण गर्नेवाला हुन् ।

## पशुप

पशुन् पातीति पशुप, अर्थात् जसले पशुको रक्षा गर्छ त्यो पशुप हो । यजुर्वेदका अनुसार पशुको अर्थ केवल चतुरापद (चारखुट्टे) प्राणी मात्र होइन । भगवान् शिव कुन अर्थमा पशुप हुन् भने जगत्का सम्पूर्ण जीवित प्राणीको रक्षा गर्ने सङ्कल्प उनमा निहित छ ।

ऋग्वेदको एक अंशमा रुद्रको प्रार्थना गर्दै भनिएको छ - "उनको त्यो अस्त्र, जसले पशु तथा मनुष्यलाई मार्न सक्छ त्यसबाट

हामीलाई रक्षा गरियोस् । यही हामी प्रार्थना गर्छौं ।"

वेदमा अन्य स्थानहरूमा पनि यस्तै प्रकारका सङ्केतहरू भेटिन्छन् । केही ठाउँमा यसरी पनि उल्लेख गरिएका छन् - "हे पशुपति ! तिमीलाई चारपटक, आठपटक र दसपटक हामी नमस्कार गर्छौं । तिमीले हाम्रा सबै प्रकारका गोवंशको रक्षा गर ।"

रुद्रसम्बन्धी गरिएका अन्य प्रार्थनाहरूमा विभिन्न नामबाट पनि सङ्केत गरिएका पाइन्छ । ती नामहरूमा भव, शर्व, इसान आदि नामहरू प्रमुख छन् । यिनै नामहरूद्वारा प्रार्थना तथा स्मरण गर्दै उनले कहिले पनि पुरुष तथा पशुको हिंसा गर्दैनन् भनेर उल्लेख गरिएको छ ।

## शिवको औपनिषदिक स्वरूप

उपनिषद् साहित्यको एउटा आफ्नो लक्ष्य थियो -साहित्यद्वारा जीव, जगत् तथा आत्माको अन्वेषण गरी आवश्यक प्रतिष्ठा गर्ने । यसै सन्दर्भमा उपनिषद्हरूमा ती परमदेवताहरूका बारेमा हामी जे-जति चर्चा पाउँछौं अत्यधिक मात्रामा शिवकै सबैभन्दा बढी सन्दर्भ पाउँछौं । उपनिषद्हरूमा हेर्दा शिवलाई ब्रह्म रूपमा अथवा आत्मा रूपमा सूक्ष्मभन्दा सूक्ष्म स्वरूपमा स्थापित गर्ने प्रयत्न गरिएको छ ।

श्वेताश्वतरोपनिषद्को एक स्थानमा रुद्रको स्मरण गर्दै भनिएको छ - "रुद्र एउटै छन् । त्यस कारण ब्रह्मवेत्ता पुरुष स्वयम्ले पनि कुनै अर्को दोस्रो चिज अपेक्षा गर्दैनन् । रुद्रले आफ्नो शक्तिद्वारा लोकमा शासन गर्छन् । उनी सम्पूर्ण प्राणीहरूभित्र विद्यमान छन् तथा प्रलयकालको अवस्थामा सबैलाई आफूभित्र समेट्छन् ।

उपनिषद्ले यदि परमात्माको व्यापकता तथा सर्वमयताको आख्यान गर्छ भने त्यो शिव स्वरूपकै गरेको भेटिन्छ । शिव स्वरूपका बारेमा सबैको जस्तो शिर, मुख, घाँटी तथा स्वरूप भएको, सम्पूर्ण

भूतको हृदयमा अवस्थित, जुनसुकै स्थानमा पुग्न सक्ने, सर्वकल्याण गर्ने, सबैमा विद्यमान तथा सर्वव्यापक शिव भनिएको छ ।

यही उपनिषद्मा रुद्र तथा शिवका सम्बन्धमा बिस्तारमा भनिएको छ - "शिव ब्रह्मादि देवताहरूका अधिपति हुन् । उनैमा सबै चर-अचर आश्रित छन् । उनलाई हामी शिव स्वरूप जानेर तथा शान्तिको कामना गरी उपासना गरौँ ।"

एउटा अर्को स्थानमा भनिएको छ - "हे रुद्र ! तिमी कुनै एक जाति मात्र होइनौ । अजात हौ । त्यस कारण यस संसारमा डरदेखि भयभीत मजस्तै अरू पुरुष, जो तपाईंका शरणमा आउँछन्, सक्दो उनीहरूको रक्षा गर । हे रुद्र ! तिमी क्रुद्ध भएर हाम्रा छोराछोरी, आयु, गाई, घोडा आदिको नाश नगर्नू । हाम्रा सेवकहरूको पनि बध नगर्नू । हामी सम्पूर्ण तिमीलाई यही आह्वान गर्छौं ।"

यी सन्दर्भहरूका अतिरिक्त पनि शिव तथा रुद्रसम्बन्धी सन्दर्भ छ, जसमा उनको नामको महिमा उल्लेख गरिएको छ । विशेष महिमाकै कारण उनलाई महेश्वर पुकारिएको हो ।

यस रूपमा हामी के देख्न सक्छौं भने शिव तथा रुद्रलाई ईश्वरको प्रत्यक्ष रूपहरूमा उल्लेख गरियो । त्यहीं नै उनलाई सर्वव्यापक तथा सूक्ष्म भनिनुको कारण ब्रह्मरूप पनि भनियो । शिवको यही रूप पछि दार्शनिक शिवतत्त्वको आधार बन्न पुग्यो ।

## शैव दर्शनको स्वरूप

धार्मिक परम्परामा धर्म तथा दर्शनका दुई चिन्तनधारा सतत् रूपबाट प्रवाहमान रहेका छन् । यी दुई धारा कहिले भिन्दाभिन्नै दिशाबाट चले भने कहिले समानान्तर रूपबाट आए । दुईबीचको विभाजक रेखा खिच्न निकै कठिन पनि भयो । यस सन्दर्भलाई हेर्दा आ-आफ्ना देशका जुन जनताले धार्मिक मर्मलाई जाने/बुझे, उनीहरूले

नै देशको दार्शनिक परम्परालाई पनि ठीकसँग जान्न र बुझ्न सके । यही कारणले गर्दा धार्मिक सन्दर्भ, विचार-परम्परा हुँदै दार्शनिक मूल्य र मान्यतासम्म विकसित हुँदै आएका तथ्यहरू देखा पर्छन् । यथार्थमा भन्दा धर्मको व्याख्या गर्ने प्रयासले त्यस धर्मको दार्शनिक स्वरूप र दार्शनिक व्याख्या पनि हुन पुग्यो ।

अनेक दार्शनिक तथा विद्वानहरूमा सवाल रहिरह्यो - धर्म र दर्शनमा पहिले कुन प्रवर्तित/प्रार्दुभाव भयो ?

यो बहस लामो समयसम्म चल्दै आए पनि पछि आएर पहिले धर्मको अवधारणा प्रार्दुभाव भयो र पछि धार्मिक अवधारणाको आधारबाटै दर्शनका अवधारणाहरू विकसित हुन पुगे भनेर स्पष्ट हुँदै गयो ।

धार्मिक दृष्टिबाट सबैभन्दा पहिले कपिल, कणाद् र बृहस्पतिले दार्शनिक शास्त्रीय रूप विकास गरेका थिए । शैव दर्शनका सन्दर्भमा पनि यही स्थिति देख्न सकिन्छ ।

शिवतत्त्व तथा शैव दर्शनका सम्बन्धमा विद्वानहरूद्वारा विवेचना गरिएअनुसार शैव दर्शनको मूल विषय तन्त्र एवम् आगमशास्त्र मानिन्छ । भारतीय परम्परामा श्रुति, स्मृति, पुराण तथा तन्त्र गरी चार भागमा शास्त्रलाई हेरिन्छ । यसमा वैदिक दर्शनहरूका लागि श्रुति तथा स्मृतिलाई प्रमाणका रूपमा लिइन्छ भने शैव दर्शनका लागि तन्त्र एवम् आगमशास्त्रलाई प्रमाणका रूपमा लिइन्छ ।

पौराणिक कथनअनुसार जुन प्रकारले वेदहरूलाई औपोरुषेय भनिन्छ, यसको प्रार्दुभाव स्वयम् भएको मानिन्छ र रचनामा कुनै पुरुष विशेषको प्रयास होइन भनिन्छ, ठीक यसैगरी तन्त्रागमलाई पनि अपौरुषेय नै मान्ने परम्परा छ । यही कारण तन्त्र तथा आगमशास्त्रमा शैवदर्शनले दिएको पृष्ठभूमिको काल, रचना तथा स्थान या त अज्ञात छ वा अनुमानमा आधारित छ भन्न सकिन्छ ।

भारतका एक प्रसिद्ध विद्वानले शैव दर्शनका बारेमा ग्रन्थ

प्रस्तुत गर्दै उल्लेख गरेका छन् - "यस विश्वको सृष्टिमा सक्रिय तत्त्व भनेको देवी हो । यस कार्यमा शिवको भूमिका प्रायः द्रष्टा मात्र छ ।"

यही सिद्धान्तका आधारमा वेदोत्तरकालमा शैवमतको दार्शनिक पक्षमा विचारविमर्श हुन थाल्यो । त्यही विचारग्रन्थलाई नै आगमग्रन्थका रूपमा हामी पाउँछौँ । आगमग्रन्थमा शैवमतको दार्शनिक पक्षको स्वरूपलाई निर्धारण गरियो । यो ग्रन्थ नै शैवमतको प्रथम सैद्धान्तिक ग्रन्थ पनि बन्न पुग्यो ।

आगमग्रन्थको रचनाकालका विषयमा अनेक मतमतान्तर पाइन्छन् । किटेर समय भन्न नसके पनि यस सम्बन्धमा आगमग्रन्थहरूमा सिद्धान्तसम्बन्धी जुन कुरा प्रतिपादन भएको छ, त्यसको मूल विषय र बीज उपनिषद्हरूमा पाइन्छ भन्ने कुरा स्पष्ट देखिन्छ । एक भारतीय विद्वानको धारणाअनुसार आगमग्रन्थको रचनाकाल जुनसुकै होस्, तर यसको अस्तित्व पुराणको रचनाकालमा थियो । यसबारेमा ब्रह्मवैर्वत पुराणमा स्पष्ट उल्लेख गरिएको छ ।

दक्षिण भारतमा शैवशन्त 'तिरूमूलर' थिए । यिनको समय पाँचौँ शताब्दी निर्धारित गरिएको छ । यस आधारमा आगमग्रन्थको रचनाकाल त्यस समयभन्दा पहिलाको मान्न सकिन्छ ।

भारतीय लेखक डा. यदुवंशीले आफ्नो पुस्तक 'शैवमत'मा आगमग्रन्थको समयसीमाका बारेमा विवेचना गर्दै उनै शैवसन्त तिरूमूलरको कथनलाई नै आधिकारिक प्रमाण बताएका छन् । उनले वेद तथा आगम दुवै श्रुति नै हुन् भनेका छन् । उनका अनुसार दुवैमा ईश्वरका वाणी छन् । आगम तथा वेद एक-अर्काका परिपूरक हुन् भन्ने उनको तर्क पनि महत्त्वपूर्ण थियो । उनको सिद्धान्तनुसार यी दुईमा परस्पर कुनै भेद छैन । दुवैमा एक-अर्कामा विरोध पनि छैन । उनले उल्लेख गरेअनुसार वेद गाई हो भने आगमग्रन्थ दूध । यस रूपमा हामी शैवमत आगमआधारित भएर पनि वेदमत नै भन्न

सकिन्छ र आगमको वैदिक मतमा कुनै विरोध छैन भन्न सक्छौं ।

त्यस समयमा तन्त्रग्रन्थको अभाव थियो । अधिक मात्रामा हाल उपलब्ध पनि छैन । आगम तथा तन्त्रग्रन्थहरूमा शैवदर्शनको सिद्धान्तको न्युनता पनि देखिन्छ । यिनमा शैवदर्शनको सिद्धान्तको अपेक्षा राखेर शैव-उपासना र यसको सूक्ष्मताको अधिक विवेचना गरिएको छ । अधिकतम आगमग्रन्थहरूमा भने विद्यापाद नामक स्वतन्त्र भागको रचना छ, जसमा दार्शनिक विचारहरूका बारेमा विश्लेषण तथा प्रतिपादन गरिएको छ । यस प्रकारको विश्लेषण तथा विचारमा समानता र वैषम्यता दुवै देख्न सकिन्छ । यी सबैबाट के पनि प्रष्ट हुन्छ भने सबै विचारको केन्द्रबिन्दु एउटै छ । त्यो हो, शिव तथा शक्तिको ऐश्वर्य स्थापन बिन्दु ।

शैव सम्प्रदायको विकासका सम्बन्धमा सङ्क्षेपमा कति मात्रै सङ्केत गर्न उपयुक्त हुन्छ भने वैदिकग्रन्थमा रुद्र तथा शिवको जुन सङ्केत छ त्यसले पछि आउने क्रममा उपनिषद्हरूसम्म केहीकेही दार्शनिक रूप लिन पुग्यो । उपनिषद्हरूमा शिव नै सृष्टिका सर्जक, पालक, संहारक साथै अनादि अनुप तथा अज भनी सङ्केत गरिएको थियो । पछि आएर यिनै सङ्केत शिवशिवाको ऐक्य रूपमा विकसित भए र शिवतत्त्वको अद्‌भुत स्वरूप तथा स्थिति स्थापना हुन गई शैवदर्शनको रूपमा विकसित भयो ।

## शिवतत्त्व दर्शन

शिवतत्त्वका बारेमा लिङ्गपुराणमा उल्लेख गरिएअनुसार शिव सद्‌रूप हुन् । शिव असद्‌रूप पनि हुन् । शिव सत्‌पति हुन् र असत्‌पति पनि हुन् । अर्थात्, व्यक्त र अव्यक्त दुवै शिवरूप नै हुन् । शिवभन्दा भिन्न केही पनि छैन । सत् तथा असत्‌बाट भिन्न अरू दुईवटा पनि भएकाले शिवलाई सद्सत्पति पनि भनिएको छ । उनी

क्षर रूप पनि हुन् र अक्षर रूप पनि हुन् । शिव अक्षर पनि हुन् अथवा क्षर-अक्षरबाट भिन्न पनि हुन् । कुनैकुनै तत्त्वचिन्तकहरूले शिवलाई महेश्वर भनी उल्लेख गरेका छन् ।

*समष्टिं विदुरव्यक्तं व्यष्टिं व्यक्तं मुनीश्वराः ।*
*रूपेते गदिते शंभोनस्त्यिन्यद्धस्तुसंभवम् ॥*
*तयोः कारणभावेन शिवो हि परमेश्वरः ।*
*उच्यते योगशास्त्रज्ञैः समष्टिव्यष्टिकारणम् ॥*
*क्षेत्रक्षेत्रज्ञरूपी च शिवः कैश्चिदुदाहृतः ॥*
*परमात्मा परं ज्योतिर्भगवान् परमेश्वरः ॥*
*चतुर्विंशति तत्वानि क्षेत्र शबदेन सूरयः ।*
*प्राहुः क्षेत्रज्ञशब्देन भोक्तारं पुरुषं तथा ॥*
*क्षेत्रक्षेत्रविदावेते रूपे तस्य स्वयंभुवः ।*
— — — —
*न किंचिच्च शिवाददन्यदिति प्राहुर्मनीषिणः ।*
*अपरब्रह्मारूपं तं परं ब्रह्मात्मकं शिवम् ॥*

लिं. पु., पृं १६२

पुराणकारहरूले के पनि लेखेका छन् भने यस सृष्टिमा जो जहाँ छ, सबैका परमकारण शिव नै हुन् । शिवबाट पृथक् कोही पनि छैन । अन्य कारणको अभाव भएका कारण शिव मात्र यस जगत्का परमकारण हुन् । योगशास्त्रमा क्षेत्र तथा क्षेत्रज्ञका बारेमा चर्चा गरिएको छ । धेरै विद्वानहरूले क्षेत्र तथा क्षेत्रज्ञलाई शिव नै भनी उल्लेख गरेका छन् । परमात्मा परमज्योति रूप हुन् र उनै परमेश्वर हुन् । प्रकृति, महत्, अहङ्कार, पञ्चतन्मात्रा, पञ्चमहाभूत तथा एकोदशेन्द्रिय - सबैलाई क्षेत्र भनिएको छ । जुन क्षेत्रज्ञ हो, त्यो

सबैको भोक्ता हो । यही कुरालाई साङ्ख्य दर्शनमा पुरुषका रूपमा वर्णन गरिएको छ । क्षेत्र तथा क्षेत्रज्ञ दुवै रूप उनै स्वयम्भूव परमात्माका हुन् । शिवबाट भिन्न अन्य कोही पनि छैन । ब्रह्मरूप शिव नै हुन् ।

*अपरब्रह्मारूपं तं परं ब्रह्मा चिदात्मकम् ।*
*ब्रह्माणी ते महेशस्य शिवस्यास्य स्वयंभुवः ॥*

— — —

*विद्माविद्मास्वरूपी च शंकरः कैश्चिदुच्यते ।*
*धाताविधाता लोकानामादिदेवो महेश्वरः ॥*

— — — —

*प्रपंचजातुमखिलं ते स्वरूपे स्वयंभुवः ।*
*भ्रान्तिविद्मापरं चेति शिवरूपमनुत्तमम् ॥*

— — — —

*अर्थेषु बहुरूपेषु विज्ञानं भ्रान्तिरुच्यते ।*

— — — —

*विकल्परहितं तत्त्व परमित्यभिधीयते ॥*

लिं. पु., पृ. १६२

लिङ्गपुराणमा शिवको महात्म्यका बारेमा ब्रह्म तथा परमब्रह्मको पनि चर्चा गरिएको छ । यी दुई रूपद्वारा जे अनुभव हुन्छ अथवा जुन अनुभव गर्न सकिन्छ ती स्वयमभुव शिव नै हुन् ।

केहीकेही विद्वानहरूले विद्या तथा अविद्या दुई प्रकारका तत्त्वका बारेमा पनि निर्देश गरेका पाइन्छ । यी दुई रूपमा पनि शङ्कर नै छन्, किनभने उनीअतिरिक्त तथा उनीबाट भिन्न कोही पनि छैन । सम्पूर्ण प्रपञ्च, जाल, भ्रम आदि सबै स्वयम्भुव शिवकै स्वरूप हुन् । यस सृष्टिमा जति पनि भ्रान्ति-अभ्रान्ति रूप छन्, ती

पनि शिवरूप नै हुन् । यस जगत्मा अनेक रूपहरूमा जसरी अर्थ देखिन्छन् तथा जुन विज्ञानदृष्टि छ, त्यही भ्रान्तिरूप हो र शिव विकल्परहित तत्त्व हुन्, यसैले उनी नै शाश्वत तथा सत्य हुन् ।

*क्षेत्रज्ञः प्रकृतिर्व्यक्तं कालात्मेति मुनीश्वरैः ।*
*उच्यते कैश्चिदाचार्यैः रागमार्णवपारगैः ॥*
*क्षेत्रज्ञं पुरुषं प्राहुः प्रधानंप्रकृतिं बुधाः ।*
*विकारजातं निस्शेषं प्रकृतेव्यक्तमित्यपि ॥*
*प्रधानव्याक्तयोः कालः परिणामैककारणम् ।*
*तच्चतुष्टयमीशस्य रूपाणां हि चतुष्टयम् ॥*
*हिरण्यगर्भं पुरुषं प्रधानं व्यक्तरूपिणम् ।*
*कथयन्ति शिवं केचिदाचार्याः परमेश्वरम् ॥*

लिं. पुं, पृं १६२

लिङ्गपुराणमा शिवस्वरूपको कथन अनेक तरहका साथ गरिएको छ । त्यही प्रकारले शिवका विभिन्न नामहरूको पनि कथन गरिएको छ । मुनिश्वरले शिवलाई क्षेत्रज्ञ, प्रकृतिव्यक्त, काल, आत्मा भनी उल्लेख गरेका छन् । केही आचार्यले शिवलाई रागार्णवबाट पार तार्ने, क्षेत्रज्ञ, पुरुष, प्रधान, प्रकृति र ज्ञात भएका समस्त विकारजति सबै शिवस्वरूप हुन् भनी उल्लेख गरेका छन् ।

केही अन्य भारतीय शैव आचार्यहरूको मतअनुसार शिवका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्दै भनेका छन् - शास्त्रानुसार "हिरण्यगर्भ, प्रधान, पुरुष सबै एकै हुन्" । यी सबै शिवस्वरूप नै हुन् । यिनको अन्य कुनै रूप छैन । शिव नै भोक्ता हुन् र पुरुष पनि हुन् ।

# शैव सिद्धान्त

विविध आगमग्रन्थहरूमा (शैवमतका विचारग्रन्थहरूको सङ्कलन वा तन्त्रागम) शिवको स्वरूपका बारेमा बताइएको छ र त्यसलाई दार्शनिक स्वरूप प्रदान गरिएको छ । जसअनुसार शिव नै सर्वश्रेष्ठ सत्य हुन् । उनी अनादि हुन्, अकारण हुन् तथा स्वतः सम्पूर्ण हुन् । उनी सर्वज्ञ हुन् तथा सर्वकर्ता पनि हुन् । उनी आफ्नो शक्तिद्वारा आफ्ना साधनहरू प्रयोग गरेर सृष्टिको निर्माण कार्य गर्छन् । उनको जुन शक्ति छ, त्यो उनीबाट अभिन्न छ तथा उनीद्वारा परीवर्तनीय छ । शिवको यही शक्तिलाई उमाको साथ तादम्यता भनी उल्लेख गरिएको छ । आफ्नो शक्तिद्वारा शिव समस्त विश्वमा व्याप्त भएकाले उनी शक्तिबाट भिन्न प्रतीत हुँदैनन् । यति हुँदाहुँदै पनि शिवको तादाम्यता विश्वसँग छैन, किनभने विश्वबाट उनी परै(विश्वलाई आफूमा नियन्त्रण गर्ने) छन् तथा यसको अस्तित्व शिवभित्र नै छ ।

आत्मवादी दर्शनहरूकै मतअनुसार के भन्न सकिन्छ भने यस विश्व तथा यसमा रहने प्राणीशरीरका आत्मा शिव हुन् । शैव सिद्धान्तअनुसार जीवात्मा असङ्ख्य र शास्वत छ । सबै परमशिवकै अंश हुन् र उनीबाट सर्वथा अभिन्न छैनन् ।

जीवात्मा तथा शिवरूप परमात्माको परस्पर सम्बन्धलाई हामी यस प्रकारले निर्दिष्ट गर्न सक्छौं - जसमा उनको भेदाभेद सम्बन्ध स्थिर हुने गर्छ ।

आगमग्रन्थहरूमा शैवदर्शनका मान्यताहरूको व्याख्या छ। जसमा आत्माको कर्मबन्धन पाप हो तथा परमशिवको दया एवम् अनुग्रहबाट मात्र उक्त बन्धनबाट मुक्ति मिल्छ भनिएको छ। यस्ता बन्धनहरू हटेपछि जीवले शिवसमान भएर उनैको सान्निध्यता प्राप्त गर्न सक्छ।

शैव दर्शनको सामान्य दार्शनिक भावहरूका साथै हामीले कश्मिरी शैवदर्शन अवलोकन गर्‍यौं भने कुनै न कुनै रूपमा मतभिन्नता देख्न सक्छौं। जस्तै, कश्मिरी दर्शनमा शिवलाई परमपुरुष अथवा पुरुषको अभिव्यक्ति मात्र मानिन्छ। जसअनुसार शिवा (शिवतत्त्व)को निवास परमशिवमा नै छ। यस रूपमा शिवालाई परमशिवको श्रृजनाशक्ति भन्न सकिन्छ। यो शक्तिलाई यस दर्शनमा पाँच मूल रूपमा उल्लेख गरिएको छ -

१. चित्शक्ति अर्थात् परमशिवको परमानन्द शक्ति।
२. आनन्दशक्ति अर्थात् परमशिवको परमानन्द शक्ति।
३. इच्छाशक्ति अर्थात् परमशिवको त्यो शक्ति जसद्वारा उनी आफसेआफ सृष्टिनिर्माण हेतु एक परमइच्छाबाट युक्त हुने गर्छन्।
४. ज्ञानशक्ति अर्थात् त्यो शक्ति जसद्वारा परमशिवले सर्वज्ञानको सामर्थ्य पाउँछन्।
५. क्रियाशक्ति अर्थात् जसबाट उनी आफैँलाई अनेक रूपहरूमा विश्व बह्माण्डमा व्यक्त गर्छन्। उनको शक्तिले आफ्नो यो सामर्थ्य व्यक्त गरेका बेला सृष्टि प्रारम्भ हुने गर्छ। जीवात्मा साररूपमा परमशिवको अभिव्यक्ति मात्र हो र भ्रमद्वारा सीमित छ। भ्रमको अर्थ हो - परमशिवमा अन्तरनिहित एवम् विलीन र एकाकार हुन जाने शक्ति। भौतिक विश्वको सृष्टि हुनुपूर्व परमशिव यस अवस्थामा प्राप्त हुने गर्थे। यस अवस्थामा परमशिवको

विश्व ब्रह्माण्डसँग जुन सम्बन्ध छ, त्यो उनीभित्र विलीन हुन जान्छ । परमशिवले काल, नियति, राग, विद्या, कल्प, पञ्चविद्या बन्धनमा सीमित गर्छन् । यसको साथसाथ जीवात्माका रूपमा परमशिव अनेक विविधतामा व्यक्त हुने गर्छन् । यसरी शिवतत्त्व दर्शनलाई शास्त्रीय ढंगले अनुभूत गर्न सकिन्छ ।

# शैव सम्प्रदाय

शैव सम्प्रदायको इतिहास तथा यसको विकासको स्वरूप अत्यन्त विस्तृत एवम् उल्झिएको पाइन्छ । वेदकालमा जुन रुद्र तथा शिवस्वरूपको कल्पना गरिएको छ, परिवर्तित कालमा आएर त्यही एक दार्शनिक विचारधाराका रूपमा विकास भयो र त्यसका अलगअलग विचारअनुसार अनेक सम्प्रदायहरूको स्वरूप ग्रहण गर्न पुग्यो । यस सम्बन्धमा भिन्नभिन्न विद्वानहरूले आ-आफ्ना शोध र आँकलनअनुसार ती सम्प्रदाय तथा विचारधारा उल्लेख गरेका छन् ।

भनिन्छ, प्रथमपटक भारतमा प्राप्त सन् ११२८ ई. को 'श्रावण बेल गोल' नामक शिलालेखमा भनिएको छ - "जैनसन्त विमलचन्द्रले शैव, पाशुपत, कपालिक तथा काम्पिल र बौद्धलाई परास्त गरेका थिए ।"

एक अन्य सन्दर्भमा यसै शिलालेखमा शैव तथा अन्य सम्प्रदायहरूलाई जैनहरूले परास्त गरेका थिए भनी उल्लेख गरिएको पाइन्छ ।

एक अन्य सन्दर्भ पतञ्जलीकृत महाभाष्यसँग सम्बन्धित छ । यसमा एउटा स्थानमा शिवभागवत्का बारेमा उल्लेख गरिएको छ । जसमा शिवको तात्पर्य शैव सम्प्रदाय र भागवत्को तात्पर्य वैष्णव सम्प्रदाय हो भनिएको छ ।

यसै प्रकारले महाभारत महाकाव्यमा एक स्थानमा पाशुपत शैवको उल्लेख गरिएको छ, जसलाई त्यस समयमा धर्म पञ्चाङ्गमा

एक मानिने गरिन्थ्यो । महाभारतकै अन्य एक प्रसङ्गमा उल्लेख गरिएको छ - "स्वयम् भगवान् शिवले पाशुपत सिद्धान्त प्रकट गरेका हुन्, जुन कुनै न कुनै अंशमा वर्णाश्रम धर्मअनुकूल छ ।"

पुराणहरूमा भिन्नभिन्न सन्दर्भहरूमा यस सम्प्रदायका बारेमा बताइएअनुसार लकुलिन अथवा नकुलिन (पैराणिक ऋषिहरू)ले मानिसहरूलाई महेश्वर अथवा पाशुपत् योग सिकाएका थिए । पुराणका अनुसार लकुलिनलाई भगवान् शिवका अवतार तथा कृष्णका समकालीन मानिन्थ्यो ।

सातौं शताब्दीमा प्रसिद्ध चिनियाँ यात्री ह्वेन साङले भारतका विभिन्न क्षेत्रको यात्रा गरेका थिए र यात्राका क्रममा पाशुपत् सम्प्रदायको उल्लेख गरेका थिए । उनका अनुसार यस सम्प्रदायका केही अनुयायीहरू भगवान् शिवको मन्दिरमा उपासना गर्थे । केही अनुयायीहरू मन्दिरमै बस्थे । केही भने भ्रमणमा रहन्थे । पाशुपत सम्प्रदायका अनुयायीहरू आफ्नो शरीरमा भष्म धारण गर्थे । केही चाहिँ जटाधारी थिए । केही त यस्ता पनि देखिए जो वस्त्रहीन अवस्थामै भ्रमण गर्थे ।

ह्वेन साङले कापालिक अचार्यहरूका बारेमा पनि आफ्नो भ्रमणका क्रममा उल्लेख गरेका छन् । कापालिक सम्प्रदायका अनुयायीहरूले आफ्नो गलामा हड्डीहरूको माला बनाएर धारण गर्थे ।

यसरी हामी दुईवटा सन्दर्भबाट शैव सम्प्रदाय बिस्तारैबिस्तारै त्यस समयमा दक्षिण तथा उत्तर भारतमा बिस्तारित भएको पाउँछौं ।

आचार्य भवभूतिले, जो आठौं शताब्दीका नाटककार थिए, आफ्नो नाट्यग्रन्थ मालती माधवमा कापालिक सम्प्रदायको चित्रण गरेका थिए । जसअनुसार शैव सम्प्रदायका मानिसहरू जहाँ उपासना गर्थे त्यहाँ प्रायः मन्दिर हुने गर्थ्यो र मन्दिरहरू प्रायः श्मसानभूमिमा अवस्थित थिए । मन्दिरमा हरेक वर्ष नरबलि दिने परम्परा थियो,

जसका कारण साधारण जन सधैँ भयभीत हुने गर्थे ।

महाभारतको नारायणी-पर्वमा पाशुपत मतका बारेमा उल्लेख गरिएको छ । यसकै एउटा सन्दर्भमा भनिएको छ - "शिव श्रीकण्ठ हुन् । उनी उमाका पति हुन् । भूतहरूका स्वामी हुन् । उनले पाशुपत मतको प्रतिष्ठापन गरेका थिए ।"

सर्वदर्शन सङ्ग्रहकारले माहेश्वर सम्प्रदायको उल्लेख गरेका छन् । यही सन्दर्भमा डा. ऋषि (भारतीय लेखक)ले यसका अनेक भेदहरू उल्लेख गरेका छन् । पाशुपत, शैव, कालामुख तथा कपालिक गरी चार भेदका बारेमा बताएका छन् । एउटा सन्दर्भमा ती सबै पक्षहरू समेटेर शैव दर्शनका अवधारणाहरूको आधार बनाई एउटा मत प्रस्तुत गरिएको छ । जसमा यस सम्प्रदायको विकास देखाउँदै अरू आठ प्रमुख शाखाहरू पनि उल्लेख गरिएको छ - पाशुपत द्वैतवाद, सिद्धान्त शैव द्वैतवाद, लकुलिस पाशुपत द्वैताद्वैतवाद, विशिष्ट द्वैत शैवमत, विशेषाद्वैत अथवा वीर शैवमत, नन्दीकेश्वर शैवमत, रसेश्वर शैवमत तथा अद्वैतवादी काश्मिरी शैवमत ।

भारतीय लेखक आचार्य दास गुप्त शैव दर्शनलाई तीन मतमा विभाजित भएको मान्छन् । ती तीन मत तीन भारतीय प्रदेशसँग सम्बन्धित भएको उनी बताउँछन् । उनका अनुसार आगमशैव तामिल प्रदेशसँग, पाशुपत गुजरातसँग र प्रत्यभिज्ञा दर्शन (भारतको उत्तरी शैव मान्यतामा आधारित ग्रन्थ) भारतको उत्तरी भागसँग सम्बन्धित छन् । उनी यस दर्शनको प्रभावक्षेत्र अत्याधिक विस्तृत भएको र प्राचीनकालदेखि नै भारतमा व्याप्त रहेको बताउँछन् ।

भारतीय अर्का शैव विद्वानको धारणाअनुसार शैवमत तथा शैव दर्शन उत्तरी तथा दक्षिणी भारत दुवै क्षेत्रमा उत्तिकै प्रभावशाली रह्यो । यी दुई क्षेत्रका सम्प्रदायहरूबीच मतभिन्नता रहे पनि आगमग्रन्थलाई समान ढङ्गले प्रमाणका रूपमा भने लिइएको छ ।

दक्षिणी शैव मत द्वैतवादी शैव मत हो, जबकि उत्तर भागमा प्रचलित शैव मतलाई काश्मिरी शैव मत पनि भनिन्छ । यसलाई अद्वैतवादी अथवा समन्वयवादी दर्शनका रूपमा बुझिन्छ । काश्मिरका विचारकहरूले साहित्य, धर्म, दर्शन आदि अनेक क्षेत्रहरूमा अपूर्व योगदान गरी विचारधारा विकसित गरेका थिए तथा उत्तर भारतको संस्कृति विकास गरेका थिए ।

## पाशुपत मत तथा पशुपति

सर्वदर्शन सङ्ग्रहअनुसार पशुपति दर्शनको मूल अवधारणा पाँच पदार्थमा आधारित छ । कार्य, कारण, योग, विधि तथा दुःखान्त । यीमध्ये कार्य स्वतन्त्र छैन भनी उल्लेख गरेको पाइन्छ ।

यस सङ्ग्रहमा विद्या, अविद्या तथा पशुको भेद तीन प्रकारको उल्लेख छ । जसले समस्त वस्तुहरूको सृष्टि गर्छ तथा सम्पूर्ण चिजको संहार गर्ने क्षमता राख्छ, त्यसको कारण स्वरूप भगवान् शिव नै हुन् । यद्यपि उनी एकै हुन्, तर गुण तथा कर्मको भेदबाट अनेक रूपहरू देखा पर्छ । शिवलाई चित्तद्वारा ईश्वरसँग जीवहरूको सम्बन्ध जोड्ने साधनको योगका रूपमा लिइन्छ भनी अर्थ्याएको छ ।

दुःखान्त दुई प्रकारका छन् । पहिलो, अनात्म दुःखान्त र दोस्रो, आत्म दुःखान्त । अनात्म दुःखमा सबै प्रकारका दुःखहरू पूर्ण रूपमा क्षय हुन जान्छन् भने आत्म दुःखान्तमा ज्ञान तथा कर्मशक्तिले युक्त ऐश्वर्य प्राप्त हुन जान्छ । अन्य दर्शनकारहरूको मतमा दुःखक्षय नै मोक्ष हो भने यस दर्शनमा परमशक्तिहरूको प्राप्तिलाई पनि मुक्तिको साथ जोडिएको छ ।

सर्वदर्शन सङ्ग्रहमा 'पशु' शब्दको व्युत्पति गर्दै भनिएको छ - "पशुत्व जसमा छ, त्यो पशु हो । अर्थात् जो पुनर्जन्मादिदेखि नै त्यस्ता गुणहरूबाट आवद्ध छ त्यो पशु हो ।"

एउटा अर्को व्याख्याअनुसार 'पशु' शब्दबाट कार्य प्रतिपादन हुने गर्छ, किनभने त्यो परतन्त्र हुन्छ । यस दृष्टिकोणबाट सबै परतन्त्र पदार्थलाई पशु भनिन्छ । यहाँ पशु दुई प्रकारका हुन्छन् - एक, साञ्जन तथा दोस्रो, निरञ्जन । साञ्जनको अर्थ हो, शरीर तथा इन्द्रियहरूद्वारा युक्त । निरञ्जनको अर्थ हो, इन्द्रिय तथा शरीररहित । जसको शरीर तथा इन्द्रियहरूसँग सम्बन्ध छ त्यो साञ्जन हो । जसको सम्बन्ध शरीर तथा इन्द्रियहरूसँग छैन त्यो निरञ्जन हो । धर्मलाई सम्झनु वा एक-अर्कालाई बताउन सक्नुको विशेष सम्बन्धलाई अञ्जनक भनिन्छ । जीवमा शरीर तथा इन्द्रियहरूको सम्बन्धबाट स्थूलत्व आदि धर्महरूको वर्णन हुने गर्छ भने त्यो साञ्जन हो । निरञ्जन सम्बन्धरहित नै हुने गर्छ । (स.द.सं.)

यस अर्थमा जसरी गाई, भैंसी, गोरु आदि हाम्रा लागि पशु हुन्, यस्तै प्रकारले महेश्वरका लागि प्राणीमात्र पशु हो, किनभने सबै प्राणीमा ज्ञानको अभाव छ । तिनले पशुको जस्तो आचरण गर्छन् ।

सर्वदर्शन सङ्ग्रहकारका अनुसार यस सम्प्रदायको चर्चा दक्षिण भारतमा अलि बढी प्रतिष्ठित रहेको छ । योसँग सम्बन्धित साहित्य तामिल भाषामा चर्चा गर्नुका साथै अनेक प्रमाणहरूका रूपमा छ । यस दर्शनमा पशु, पाश तथा पतिका विषयमा उल्लेख गर्दै यिनको क्रम पति, पशु तथा पाशको क्रमबाटै सम्बन्धित हुनुपर्छ भनिएको छ । यस दर्शनमा 'पति'बाट शिवको अभिमत हुन्छ एवम् यसमा विद्येश्वर आदि पनि सम्मिलित छन् तर विद्येश्वरादिको स्वतन्त्रता भने छैन, किनभने यो कारणको अधीन हुने गर्छ ।

त्यसैगरी त्यहाँ पशु तीन प्रकारका बताइएको छ - विज्ञानाकल, प्रलयाकल र सकल । विज्ञानाकल केवल मल/मूत्रमा मात्र सीमित हुन्छ । प्रलयाकलमा प्रलयद्वारा कलादिको विनाश हुने गर्छ । यसमा मल/मूत्रको साथसाथै कर्म हुन्छ । सकल पशु त्यो हो जसमा मल,

मूत्र, माया, धर्म, कर्म - यी चारै कुराको बन्धन हुने गर्छ ।

पाश पदार्थका विषयलाई चार प्रकारको छ भनेर उल्लेख गरिएको छ । मल, कर्म, छल (भ्रम) तथा रोधशक्ति । केही विद्वानहरू पाँच प्रकारको पनि उल्लेख गर्छन् । यस प्रकार पशु चार प्रकारका पाशबाट आबद्ध रहने गर्छ र यो पतिको अधीन हुन पुगेको खण्डमा तन्त्र हुने गर्छ । यसै कारण पशुपति नै परमस्वतन्त्र हो भनी उल्लेख गरिएको छ ।

जुन प्रकारले बौद्ध धर्ममा बज्रयान सम्प्रदाय प्रकट भयो, त्यसैगरी शैव धर्ममा पनि पाशुपत तथा कापालिक सम्प्रदाय विकसित भयो । बज्रयानकै जस्तो शैव धर्ममा पनि यी दुईवटै सम्प्रदाय सिद्धिमा विश्वास राख्छ र सिद्धि प्राप्त गर्नका लागि विभिन्न रहस्यमय अनुष्ठानहरू प्रतिपादन गरिन्छ ।

सातौँ शताब्दीमा चिनियाँ यात्री ह्वेन साङ भारत यात्रामा गएका थिए । त्यतिबेला बलोचिस्तान प्रदेशमा पाशुपत सम्प्रदायको सत्ता थियो । काशीमा महेश्वर शिवको एक ताम्रमूर्ति प्रतिष्ठापित थियो, जुन एक सय फिट उचाइमा अवस्थित थियो । त्यो समय काशी पाशुपत धर्म सम्प्रदायको मुख्य केन्द्र थियो र अत्याधिक मात्रामा मन्दिरहरूमा पशुपति शिवको पूजा हुने गर्थ्यो । बज्रयानी बौद्ध धर्मावलम्बीहरूकै समान पाशुपत सम्प्रदायकाहरू पनि साधकले जानेर- बुझेर यावत् कार्य गर्नुपर्छ, साधक कर्तव्य र अकर्तव्यको विवेकभन्दा माथि उठ्न सक्नुपर्छ भन्ने मान्थे ।

## कापालिक

आठौँ शताब्दीका नाटककार भवभूतिले आफ्नो एक नाटक 'मालती माधव'मा यस सम्प्रदायको सङ्केत गरेका छन् । उनका अनुसार यस सम्प्रदायमा दीक्षितहरू मन्दिरहरूमा उपासना गर्थे । ती

मन्दिरहरू श्मशानभूमिमा थिए । यस परम्परामा नरबलि दिने गरिन्थ्यो, जसका कारण सामान्य जनता भयभीत रहने गर्थे ।

यस सम्प्रदायका मानिसहरूका अनुसार आफूसँग यस्तो लोकोत्तर शक्ति छ, जुन आफूले आफ्नै बलद्वारा प्राप्त गरिएको हो । यस सम्प्रदायको एक विशेष परम्परा के पनि थियो भने स्त्रीहरू पनि सम्मिलित हुन सक्थे । ती स्त्रीहरू पुरुषसमान आफ्नो वेषभूषा धारण गर्थे र वर्णभेदभन्दा माथि हुने गर्थे ।

सन् ११२८ इस्वीको श्रावण बेलगोल शिलालेखमा सन्त अकलङ्कको नामबाट बौद्ध धर्मप्रति द्वेष प्रकटको सङ्केत देखिन्छ । यसै शिलालेखमा जैनसन्त विमलचन्द्रले शैव, पाशुपत, कपालिक र बौद्ध धर्मावलम्बीहरूलाई पराजित गरेका थिए भनी उल्लेख गरिएको छ । कापालिक आचार्यहरूद्वारा उल्लेख गरिएअनुसार यस सम्प्रदायका मानिसहरू कण्ठिका, रुचक, कुण्डल, शिखामणी, भष्म तथा यज्ञोपवित धारण गर्थे । यसबाट उनीहरूमा जन्म-मरणबाट मुक्त हुन सकिन्छ भन्ने विश्वास हुने गर्थ्यो । यसैगरी उनीहरू शरीरमा भष्म धारण गर्ने, भष्म खाने, लङ्गुड धारण गर्ने र सुरापात्र राख्ने गर्थे । सुरापात्रमा भैरवको पूजाबाट लौकिक-अलौकिक इच्छाहरू परिपूर्ति हुन्छ भन्ने विश्वास राख्थे ।

'पति' शब्दबाट कारणको बोध हुने गर्छ, किनभने ईश्वर शासन गर्ने पति नै हुन् । त्यसैले संसारको एक मात्र कारण छ । जसरी पशु आफ्ना स्वामीको अधीनमा हुने गर्छन्, त्यसै प्रकार 'पशु' आफ्ना स्वामी (पति) ईश्वरको अधीन नै हुने गर्छन् । चिदात्मक अथवा अचिदात्मक सबै पदार्थ पशु हुन्, जसको कारण भनेको स्वतन्त्र परमेश्वर नै हुन् । परतन्त्र सदा स्वतन्त्रको अधीनमा रहने गर्छ । यी सबै कुरा सर्वदर्शनमा उल्लेख गरिएको छ ।

सर्वदर्शन सङ्ग्रहकारले आफ्नो अर्को मत पनि व्यक्त गरेका

छन् । जसअनुसार स्वतन्त्र नभएका सबै चिजलाई कार्य भनेर जानिन्छ । यी तीन प्रकारका छन् - विद्या, कला र पशुरुप । जडवर्गका जीवहरू आफ्ना गुणहरूको साथमा कहिल्यै स्वतन्त्र हुँदैनन् ।

जीवहरूमा पनि एक-अर्काप्रतिको पराधीनता देखिने गर्छ । जस्तो - परिवार घरमूलीको अधीनमा, जनता राष्ट्र प्रमुखको अधीनमा । यहाँ परमेश्वरको अधीनमा भने सबै छन् । पाशुपत दर्शनमा जीवहरूलाई पशु भनी उल्लेख गरिएको छ र ती पशुहरूका स्वामीलाई पशुपति भनिएको छ । सबै वस्तुहरूको सृष्टि, संहार र पालन गर्ने उनलाई तत्त्वको कारण भनिन्छ । यही तत्त्व तथा ईश्वरको अनेक भेद उल्लेख गरिएको छ । यस रूपमा संसार पशुत्त्व हो र सम्पूर्ण नियन्त्रक पशुपति हुन् ।

कापालिक सम्प्रदायकाहरू सिद्धि प्राप्त गर्नका लागि अझै उग्र तथा अद्भुत उपायहरू अवलम्बन गर्थे । नरमुण्डबाट बनेको कपालपात्रमा भोजन गर्नु, शवको भष्म शरीरमा लगाउनु, निरन्तर मदिरापान गरी त्यसैमा प्रतिष्ठित महेश्वरको पूजा गर्नु आदि सिद्धिप्राप्तिको माध्यम मानिन्थ्यो । भैरव तथा उनकी पत्नी चण्डिका यस सम्प्रदायका प्रमुख उपास्य देवता थिए ।

मध्ययुगमा यस सम्प्रदायको अत्यधिक प्रचार भएको थियो, तर यसले शैवधर्मको प्रमुख सम्प्रदायको स्थिति भने प्राप्त गर्न सकेन । आद्यगुरु शङ्कराचार्यले पनि यसका विरुद्ध आवाज उठाएका थिए । शैव र वैष्णव धर्मका अन्य आचार्यहरूको प्रयत्नबाट पनि यस सम्प्रदायले पौराणिक हिन्दु धर्ममा त्यस खालको महत्त्व प्राप्त गर्न सकेन । यही कारणले जनतामा प्रचलित शैव सम्प्रदायहरूको रूप उत्कृष्ट प्रकारको लिइन्थ्यो ।

## वीर अथवा लिङ्गायत मत

लिङ्गायत अथवा वीर सम्प्रदायको प्रादुर्भाव कहाँ र कहिले भएको थियो भन्ने कुरा अहिलेसम्म निश्चय हुन सकेको छैन । जे-जति उपलब्ध तथ्यहरू प्राप्त भएका छन् ती यस विषयको अन्त्यमा चर्चा गरिनेछ । उपलब्ध तथ्यहरूमा यति अवश्य थाहा हुन्छ - लिङ्गायत मत अधिक मात्रामा प्राचीन छैन । ती प्राचीन ग्रन्थहरूमा यस मतको उल्लेख गरिएको पनि छैन ।

एक प्रसिद्ध भारतीय शैव विद्वानले आफ्नो मत व्यक्त गर्दै भनेका छन् - "दर्शनमा स्थल, अङ्ग तथा लिङ्गजस्ता शब्दहरू प्रयोग गरिएका कारण यसको अर्वाचिनता सिद्ध हुन्छ ।"

वासवपुराण नामक एक ग्रन्थका सन्दर्भमा अनेक इतिहासविद्हरूले आ-आफ्ना धारणा दिएका छन् । सबैका अनुसार वासवलाई यस सम्प्रदायका संस्थापक उल्लेख गरिएको छ, तर यो सिद्धान्त पूर्ण रूपमा स्वीकृत भने भइसकेको छैन । यति मात्र यहाँ उल्लेख गर्न सकिने अवस्था हो - वासव यस सम्प्रदायका कट्टर समर्थक थिए । वासवपुराणमा यस सम्प्रदायको उद्भवबारे दिइएको छ । जसअनुसार नारदजीले शिवको सामु गई भने - "पृथ्वीमा विष्णुका भक्त यज्ञ तथा धर्मका अनुयायी छन् । बौद्ध, जैन आदि धर्मका अनुयायीहरू पनि छन् । तपाईंका अनुयायी भने छैनन् ।"

शिवले जवाफ दिए - "म आफ्नो धर्मको सम्मुन्नति तथा वीर शैवको प्रयोजन सिद्धिका लागि पृथ्वीमा अवतार लिन्छु ।"

सम्भवतः त्यही बेलादेखि यस सम्प्रदायको प्रचलन भएको हुन सक्छ, तर यो मत पनि पूर्ण रूपमा मान्य छैन ।

वीर शैवमतमा दीक्षा विधानका बारेमा वर्णन गरिएको छ । यदि कुनै व्यक्तिले गुरुबाट दीक्षा लिन्छ भने पानीले भरिएका चारवटा कलश चार दिशामा र एउटा कलश मध्यभागमा राखिन्छ । मध्यभागमा

राखिएको कलश गुरुको हो । चार ठाउँमा राखिएका अन्य कलश चार आचार्यहरूको हो । यी सबै मठहरूसँग सम्बद्ध छन् । यी कुराहरूको सूची वीर शैवाचार प्रदीपिकामा पनि उल्लेख गरिएको छ । यी पाँच आचार्यहरूमा कम्तीमा तीन आचार्य वासवभन्दा अगाडिका हुन् । यसले के सङ्केत गर्छ भने वासव यस सम्प्रदायका पूर्ण संस्थापक आचार्य नहुन सक्छन् ।

यस सम्प्रदायको सिद्धान्तअनुसार ब्रह्मा शिवतत्त्व हुन्, जो स्थल कहलाउँछन् । महत् आदि परब्रह्मा वा शिवतत्त्वमा स्थित छन् तथा उनैमा लिन हुन जान्छन् भनिएको छ ।

यस सिद्धान्तमा प्रकृति तथा पुरुषबाट समुद्भुत विश्व सर्वप्रथम स्थित हुन्छ र अन्त्यमा सबैको विलय हुन पुग्छ । यसैले यहाँ स्थल उल्लेख गरिएको छ । आफ्नो शक्तिमा क्षोभ उत्पन्न हुन जाँदा स्थल दुई भागमा विभक्त हुने गर्छ । एउटाको नाम हो लिङ्गस्थल र दोस्रो हो अङ्गस्थल ।

लिङ्गस्थल शिव या रुद्र हो । यो पूजनीय एवम् उपास्य छ । अङ्गस्थलको पूजा गर्ने वा उपासक जीवात्मा हो ।

यसै प्रकारले शक्ति आफ्नो इच्छानुसार दुई भागमा विभक्त हुने गर्छ । एक भाग शिवमा आश्रित हुने गर्छ, जसलाई कुला भनिन्छ । अर्को भाग जीवात्मामा आश्रित हुने गर्छ, जसलाई भक्ति भनी उल्लेख गरिएको छ ।

लिङ्ग साक्षात् शिव हो । लिङ्गस्थलको तीन भेद छ - भावलिङ्ग, प्राणलिङ्ग तथा इष्टलिङ्ग । भावलिङ्ग कलारहित हुन्छ र श्रद्धाद्वारा मात्र देख्न सकिन्छ । यो देश-कालबाट अविछिन्न हुन्छ र सूक्ष्म पनि छ ।

प्राणलिङ्ग मनोग्राह्य हो । यसका सकल एवम् निष्कल दुई भेद छन् । इष्टलिङ्ग पनि सकल तथा निष्कल दुई भेदकै हो, तर

चक्षुग्राह्य हो । यहाँ इष्ट यसकारण भनिएको हो - यसले समस्त इष्ट पदार्थहरूलाई प्रदान गर्छ ।

प्राणलिङ्ग परमात्माको चित्त हो र इष्टलिङ्ग आनन्द हो । भावलिङ्ग परमतत्त्व हो भने प्राणलिङ्ग सूक्ष्म रूप हो । इष्टलिङ्ग स्थुल रूप हो । तीनवटै लिङ्ग आत्मा, चैतन्य एवम् स्थूल रूप हुन् । यी तीनवटै लिङ्गले क्रमशः मन्त्र एवम् क्रियाबाट विशिष्ट भई कला, नाद तथा बिन्दुको रूप धारण गर्छन् (वैष्णव, शैव धार्मिकमत पृ.१५४) ।

वीर शैवमा दीक्षालाई संस्कारका रूपमा लिइन्छ । यसमा 'ओम नमः शिवाय' मन्त्रको प्रयोग गरिन्छ र यज्ञोपवितको स्थानमा लिङ्ग धारण गरिन्छ । दीक्षाको अवसरमा गुरुले आफ्नो बायाँ हातमा एउटा लिङ्ग दर्शन गराउँछन् । यसपछि गुरुले आफ्नो शिष्यलाई आदेश प्रदान गर्छन् - शिष्यले यस लिङ्गलाई कौशेय वस्त्रमा बाँधेर गलामा धारण गरून् र आफ्नो आत्माजस्तो मानून् ।

लिङ्गायत सम्प्रदायका विषयमा भनिएको छ - यसको उदय सम्भवतः ब्राह्मणवादको शक्तिप्रति इर्ष्या एवम् विरोधको भावनाबाट भयो । यसलाई  पालन गर्ने केही उत्साही तथा अनुलीन ब्राह्मणहरू थिए । उनीहरूले यस सम्प्रदायलाई बिस्तार एवम् परिष्कार गर्नमा महत्त्वपूर्ण योगदान दिए । यसो गर्नुमा ती ब्राह्मणहरूको अग्रगण्य भूमिका त हुन सक्छ, तर प्राचीन शैव परम्परामा जस्तो अत्याधिक सुधार यस सम्प्रदायमा देखिन्न ।

लिङ्गायत सम्प्रदायका दुईवटा प्रमुख वर्ग उल्लेख गरी दाबी गरिएको छ । पहिलो वर्ग लिङ्ग ब्राह्मण  अर्थात् लिङ्ग धारण गर्ने ब्राह्मण, जसले आफ्नो उत्पत्ति ती पाँच आचार्यहरूलाई मान्छन्, जसको पूजा धार्मिक अवसरहरूमा हुने गर्छ । दोस्रो वर्गको विषयमा भनिएको छ - यी वैश्य परम्परामा थिए, यसैले यिनीहरूलाई पनि

लिङ्ग ब्राह्मण वर्गका मानिने गरिन्थ्यो ।

यस दर्शनको सिद्धान्तमा मूल सत्ता आफ्नो आन्तरिक शक्तिको सामर्थ्यबाट दुई भागमा विभाजित हुन पुगेको छ । यसमा यी दुई रूप ईश्वर तथा जीवात्माको स्वरूपमा देख्न पाइन्छ । ईश्वरको छवटा स्वरूप हुन्छन् -

१. अनन्त सत्ताको स्वरूप, जो सबै प्रकारबाट पूर्ण रूपमा स्वतन्त्र हुन्छ ।
२. स्वरूप सृष्टि ।
३. तेस्रो स्वरूपको कल्पना भौतिक जगत्भन्दा भिन्न रूपमा गरिन्छ ।
४. चौथो स्वरूपलाई हामी शरीररूपमा पाउँछौं । यो अप्राकृतिक अथवा दिव्य हुन्छ ।
५. पाँचौं स्वरूप समस्त मानवजातिको उपदेश हो ।
६. अन्तिम तथा छैठौं स्वरूपचाहिँ जीवात्माको समस्त कर्मको उपदेश हो । यसै रूपमा शिवलाई समुद्धर्ताको रूपमा मानिने गरिन्छ ।

जीवात्माहरूको विशेषता भनेको उसले ग्रहण गर्ने भक्ति हो । यस स्थितिमा जीवात्माको प्रवृत्ति ईश्वराभिमुख हुन्छ । यसलाई तीन अवस्थाको भनी बताइएको छ । यसैअनुरूप अङ्गस्थलको पनि तीन भाग रहेको छ । पहिलो भाग योगाङ्क, दोस्रो भोगाङ्क र तेस्रो भाग त्यागाङ्क ।

योगाङ्कद्वारा कुनै व्यक्तिले शिव सानिध्यको आनन्द प्राप्त गर्न सक्छ । भोगाङ्कद्वारा शिवको साथमा भोग गर्न सक्छ । त्यागाङ्कको स्थितिमा समग्र जगत्को नश्वरता परित्याग गर्छ ।

शिव दर्शनको शास्त्रमा भने यस्तो प्रतिपादन गरिएको छ - योगाङ्कको सम्बन्ध त्यस आस्थासँग छ, जसमा सबै कारणहरू अन्तरनिहित हुन जान्छन् तथा सुषुप्तिको अवस्था प्राप्त हुन जान्छ (

वैष्णव, शैव धार्मिकमत पृ.१५५) ।

शास्त्रमा भोगाङ्कको सम्बन्ध सूक्ष्म शरीरसँग बताइएको छ । त्यागाङ्कको सम्बन्ध स्थूल शरीर एवम् जाग्रत स्थितिसँग भन्ने बुझिन्छ । योगाङ्कलाई ऐक्य तथा शरण नामक दुई भेद गरिएको पाइन्छ ।

यिनीहरूमध्ये सम्पूर्ण संसारको मिथ्या स्वरूप बोध हुने अर्थमा शिवको आनन्द स्वरूपमा सम्मिलित हुनु ऐक्य हो । यस ऐक्य स्वरूपलाई समरसा भक्ति भनिन्छ भने यसमा ईश्वर तथा आत्मा आनन्दभूतिको अवस्थामा एक हुने गर्छन् । दोस्रो अवस्थालाई यसरी उल्लेख गरिएको छ - जसमा पुरुषले आफूभित्र र बाहिर सर्वत्र लिङ्ग दर्शन गराउँछ । यो पुरुषका लागि स्वयम् आनन्दको अवस्था हुने गर्छ । यस अवस्थालाई पनि शरणभक्ति भनी उल्लेख गरिएको छ । यसलाई दुई प्रकारमा विभाजित गरिएको छ । एक, प्राणलिङ्गी तथा दोस्रो प्रसादी ।

पहिलो अवस्थामा भक्तद्वारा सबै प्रकारका आशक्ति र अहङ्कारहरू परित्याग गर्नु तथा शिव र लिङ्गमा सम्पूर्ण मन लगाउनु । भक्तिको द्वितीय अनुभूतिमा व्यक्तिलाई महेश्वर अथवा लिङ्गका लागि संसारका समस्त पदार्थको त्याग गरेको अवस्थामा प्रसाद प्राप्त हुन जान्छ ।

यसै प्रकारले त्यागाङ्कको पनि दुई भेद नै हुने गर्छ । यसको भाग महेश्वर भाग हो । जसमा ईश्वरको सत्तामा दृढ विश्वास हुन्छ । यस स्थितिमा त्यो व्रत, नियम तथा नैतिकवादको आचरण गरिन्छ । यथार्थ रूपमा त भक्त त्यो हो जसले संसारका सबै पदार्थबाट आफूलाई टाढा राख्ने प्रयत्न गर्छ । जुन पदार्थले व्यक्तिको जीवनमा कुनै न कुनै प्रकारले आफूतिर आकर्षित गर्छ त्यसबाट विरक्त भएर भक्तिमा लीन हुन जान्छ । *(दृष्टव्य-अ.सु.)*

लिङ्गायतहरूको सर्वोत्कृष्ट वर्गका मानिसहरूले स्वयम्लाई लिङ्गी ब्राह्मण मानेर यसको अनुकरण गर्छन् । यिनीहरू ब्राह्मण रूपमा जाने गर्छन् । यिनको मुख्य रूपमा दुई वर्ग हुने गर्छ । एक वर्गलाई आचार्य भनिन्छ भने अर्कोलाई पञ्चम ।

मूल रूपमा आचार्यहरूमा पनि पाँच आचार्यहरूको परिचय मिल्छ । यिनै पाँच आचार्यहरूबाट नै सम्पूर्ण पाँच गोत्रको नाम पनि प्रचलित छ । वीर, नन्दी, वृषभी, भृङ्गी तथा स्कन्द गोत्र । यी सबै शिवकै समान् श्रेष्ठ मानिन्छन् ।

पञ्चम वर्गचाहिँ कुनै न कुनै एक आचार्यसँग जोडिन पुग्छ । जसअनुसार गुरुको गोत्र नै शिष्यको गोत्र हुन्छ । सगोत्रमा विवाहको निषेध हुन्छ  अर्थात् एउटै गोत्रभित्र कसैको पनि विवाह हुँदैन ।

एक अन्य विवरणअनुसार लिङ्गायतहरूलाई चार भागमा बाँडेर हेरिन्छ । जङ्गम, शीलमन्त्र, वणिक तथा पञ्चमशाली । यीमध्ये शीलमन्त्र तथा वणिक श्रेणिसँग सम्बद्धहरू व्यावसायिक जीवन पद्धतिबाट जिउने गर्छन् भने व्यवसायसँग सम्बन्धितहरू दुई जाति मात्र छन् ।

आचार्य श्रेणीका मानिसहरूलाई जङ्गम भनिन्छ । यीमध्ये जो विरक्त हुन्छन् उनीहरू संन्यास जीवन जिउँछन् । यिनीहरू मठ निर्माण गर्छन् र त्यहीँ रहेर पूजा-उपासना गर्छन् । आचार्य वर्गमा नै एक अर्को यस्तो वर्ग छ, जसले पुरोहितको काम गर्छन् र सबै प्रकारका संस्कार सम्पादित गर्छन् । यिनीहरू विवाह गरेर गृहस्थ जीवन व्यतीत गर्छन् । यदि यी सम्प्रदायबीच मतभिन्नता भयो भने मठअन्तर्गत रहेर निर्णय गरिन्छ । उक्त निर्णय सबैका लागि मान्य हुने गर्छ । लिङ्गायतहरू मासु, मदिरा आदि सेवन गर्दैनन् तथा विधवाहरूलाई पुर्नविवाहको अनुमति दिने गर्छन् ।

मुख्यतयाः अध्ययनबाट के देखिन्छ भने शैव सम्प्रदायको

विकासमा ती पाँच आचार्यहरूको भूमिका महत्त्वपूर्ण पाइन्छ । ती पाँच आचार्य रेणुक, दारूक, घण्टाकर्ण, धनुकर्ण र विश्वकर्ण थिए । यिनै पञ्चाचार्यहरूले भारतको केदार हिमालयमा, उज्जयिनीमा, श्रीशैलममा, रम्भापुरीमा तथा वाराणसीमा पाँच मठ स्थापना गरेका थिए । जसका कारण सम्पूर्ण भारतभर लिङ्गायत सिद्धान्त प्रचार भएको थियो । यस सम्प्रदायको इतिहासमा वासवको महत्त्वपूर्ण स्थान पाइन्छ । वासव भारतको कलचुरी वंशका प्रतापी राजा विज्जल (११५६-११६८) का प्रधानमन्त्री थिए । दक्षिण भारतमा वीर शैव वा लिङ्गायत सम्प्रदायको प्रचारका लागि उनले अत्यधिक कार्यहरू गरेका पाइन्छ ।

यस सम्प्रदायका अनुयायीहरू जहाँ शिवलिङ्गको पूजा गर्छन्, विशिष्ट द्वैत सिद्धान्तको पनि प्रतिपादन गर्छन् । यिनका अनुसार शिवको स्वरूप सत्, चित्, आनन्द हो । शक्ति शिवबाट अभिन्न छ । जीव शिवकै एक अंश हो ।

## शैव सिद्धान्त सम्प्रदाय

शैव सिद्धान्त सम्प्रदायको प्रचार मुख्यतया भारतको सुदूर दक्षिण तामिल प्रदेशमा भयो । यसका प्रवर्तक माणिक्कवाचकर, अप्पर आदि हुन् । यस सम्प्रदायका अनुयायीहरू जगत् तथा जीवलाई पृथक सत्ताका रूपमा स्वीकार गर्छन् । शिवलाई चराचर जगत्का स्वामी मान्छन् ।

यस्तै एक अर्को सम्प्रदाय पनि छ भारतमा । त्यो हो, शिवाद्वैत सम्प्रदाय । यस सम्प्रदायका प्रवर्तक श्रीकण्ठ थिए । उनी रामानुजाचार्यका समकालीन थिए । उनको सिद्धान्तअनुसार ब्रह्माजगत्को कारण केवल निमित्त मात्र होइन उपादान पनि हो । शिवको शक्ति नै जगत्का रूपमा अभिव्यक्त हुने गर्छ । ब्रह्मा तथा

शिव एकै सर्वोपरी सत्ताका सूचक हुन् ।

## शाक्त सम्प्रदाय

वैष्णव तथा शैव धर्म जस्तै शाक्त सम्प्रदायको पनि मध्ययुगमा प्रचार भएको थियो । सृष्टिको सबैभन्दा अद्‌भुत तथा रहस्यमयी शक्ति त्यो हो जसले उत्पादन र प्रजनन गर्छ । यही आदिशक्तिको उपासनाका लागि शाक्त अनुयायीहरूले अनेक प्रकारका तरिका र साधनहरू प्रतिपादन गरे । जसमा बलिको महत्त्वपूर्ण स्थान छ । शाक्त सम्प्रदाय बौद्धको बज्रयानकै जस्तो तन्त्रमन्त्र तथा रहस्यात्मक क्रियाकलापहरूमा विश्वास राख्छन् । शाक्त सम्प्रदायका सबै अनुयायीहरू त्यस्ता क्रियाहरूमा विश्वास गर्दैनन्, जसमा तन्त्रमन्त्र एवम् नैतिकता विपरीत अनुष्ठानहरूको अनुशरण गरिन्छ । शिवशक्तिका रूपमा उमा या पार्वतीको सत्तामा शैवमार्गीहरूले विश्वास गर्थे । बिस्तारैबिस्तारै यसको महत्त्व बढ्दै गएर मानिसहरूले संसारको सृष्टि, स्थिति र प्रलयको मूल कारण यही शक्ति नै हो भनेर मान्न लागे । यसैले शक्तिको एक पृथक् देवीका रूपमा पूजा प्रारम्भ भयो । धर्माचार्यहरूले अनेक रूपमा विभिन्न देवीको कल्पना गरे, किनभने विवाहपूर्व उमा कुमारी थिइन् । अतः कन्या या कुमारीका रूपमा उनको पूजा गरिन थालियो । जहाँ शिवको एक कल्याणकारी रूप छ, त्यहाँ सृष्टिको संहार पनि उनैले गर्छन् । शिवको यस भैरवरूपको शक्तिलाई भवानी भनियो तथा महिषासुरमर्दिनी, सिंहवाहिनी, दुर्गा, चामुण्डा, काली आदि रूपमा उनको कल्पना गरियो । यस प्रकार शक्तिकी देवीका रूपमा कल्पना गरी विभिन्न महात्म्यमा देवीपुराण, दुर्गाशप्तशती आदि अनेक ग्रन्थहरू निर्माण गरियो । साथै ती ग्रन्थहरूका आधारमा देवीका विभिन्न रूपहरूको विविध प्रकारका पूजाविधि पनि विकसित भए । जुन देवी दुर्गाका रूपमा महिषासुरजस्तो

असुरको संहार गर्छिन्, सिंह जसको वाहन हो, जसको हातमा खड्गलगायत अनेक अस्त्र हुन्छ, उनको पूजाका लागि यदि पशुबलि पनि हुन्छ भने आश्चर्यको कुरा के हुन आउँछ र भन्ने धारणा मध्ययुगमा भारतमा थियो । त्यसबेला शाक्त सम्प्रदाय अधिक विकसित अवस्थामा थियो । देशका विभिन्न स्थानहरूमा देवीका प्रशस्त मन्दिरहरू निर्माण गरिएका थिए । ती मन्दिरहरूमा विभिन्न ढङ्गबाट पूजा गरिन्थ्यो ।

शाक्त सम्प्रदायका मानिसहरू विश्वको मूल या 'आद्य' शक्तिको उपासना गर्छन् । दुर्गा, चामुण्डा, त्रिपुरसुन्दरी, अम्बिका, काली आदि सबै देवीहरू यसै 'आद्य' शक्तिका विभिन्न रूप हुन् । शक्तिको पूजा विविध अन्य रूपमा अन्य सम्प्रदायहरूमा पनि पाइने गर्छ । शाक्त सम्प्रदायमा शक्तिपूजाको प्रमुख स्थान छ ।

# नेपालमा शैव सम्प्रदाय

## नेपालमा शैव धर्मको प्राचीनता

नेपाल आज शैव धर्मको प्रमुख केन्द्रका रूपमा प्रख्यात छ। प्रतिवर्ष विदेश (भारत)का हजारौँ शिवभक्त यहाँ तीर्थयात्रा गर्न आउँछन्। यस कुराले हामीमा एउटा प्रश्न उठ्न सक्छ, शैव धर्म नेपालमा कति पुरानो हो ?

नेपालमा शैव धर्मको प्रवेश कहिले भयो भन्ने कुरामा निश्चित सिद्धान्त बनाउन अलि कठिन छ। नेपाल माहात्म्य तथा हिमवत्खण्डजस्ता पौराणिक ग्रन्थहरूको अनुशरण गर्ने हो भने नेपालमा यस धर्मको प्राचीनता सत्ययुगभन्दा प्राचीन मान्नुपर्छ। यी पौराणिक ग्रन्थको वक्तव्यको लाक्षणिकताबाट नेपालमा शैवधर्म निकै पुरानो हो भन्ने सार निकाल्न सकिन्छ।

नेपाल माहात्म्य तथा हिमवत्खण्डमा यस्ता अनेक कथा दिइएका छन्, जसले नेपाललाई महत्त्वपूर्ण शैवक्षेत्र सिद्ध गरेका छन्। ती ग्रन्थहरूको कथनअनुसार पशुपति मन्दिरस्थित मृगस्थली भगवान् महादेवको क्रीडाभूमि हो, जहाँ महादेवले मृगका रूपमा क्रीडा गरेका थिए। यही कारणले त्यस स्थानको नाम नै मृगस्थली रहेको अनुमान हुन्छ।

नेपालको सबैभन्दा पुरनो जनजाति किरात को वंशावली (इतिहास)मा पनि शिवलाई केरात हरूको कुलदेवता भनी वर्णन

गरिएको छ । सम्भव छ, किरात हरूको समयमा (ईस्वी सम्बत् १००० तिर) नै शैव धर्मले नेपालमा राम्रो लोकप्रियता प्राप्त गरिसकेको थियो । यसैले किरात हरूले त्यसलाई स्वीकार गरी आफ्नो मुख्य देवता मानेका थिए । डा. यदुपवंशीको मतअनुसार ऋग्वेद र अर्थवेदका सुक्तहरूको रचनाकालपछि र यजुर्वेदका सुक्तहरूको रचनाकालभन्दा पहिले कुनै समयमा रुद्रसँग एक आर्येत्तर देवतालाई आत्मसात् गरियो । डा. यदुवंशीले यी नवीन देवतालाई हिमालयको पर्वतश्रेणीमा निवास गर्ने किरात  आदिसँग सम्बद्ध गर्नुभएको छ ।

किरात  जाति हिमालयको उपत्यकामा वा त्यसको यताउति निवास गर्ने देखिएकाले उक्त प्रकारको अनुमानबाट किरात हरूमा शैवधर्म धेरै पहिले लोकप्रिय भइसकेको थियो भन्ने कुरा पुष्ट हुन्छ । आज पनि पशुपतिनेर किरात`श्वर महादेवको लिङ्गरूप विद्यमान छ । यो स्पष्टतः किरात सँग सम्बद्ध रहेको ज्ञात हुन्छ । हिमवत् खण्डमा पनि किरात`श्वरसम्बन्धी कथाको वर्णन गरिएको छ । उक्त ग्रन्थमा र अरू पौराणिक ग्रन्थमा पनि शिवलाई किरात को अवतार ग्रहण गरेका रूपमा वर्णन गरेको पाइन्छ । यस किसिमका कथाले साङ्केतिक रूपमा किरात  जाति (जो प्राचीनकालमा पनि शक्तिशाली जाति थियो) माथि शैव धर्मको प्रवेशको लोकप्रियता स्पष्ट्याउँछन् । महाभारतमा वर्णित अर्जुन तपस्याका लागि हिमालयमा बस्दा किरात रूप महादेवसम्बन्धी रोचक कथाले पनि किरात सँग शैवधर्मको सम्बन्धबारे अर्को तथ्य प्रकट गर्छ ।

यसरी किरात कालमा नेपालमा शैवधर्म लोकप्रिय भइसकेको देखिन्छ । यो घटना हामी ईशापूर्व १००० तिरको मान्न सक्छौं, तर प्रायः प्रमाणले नेपालमा शैवधर्म अझ प्राचीनकालमा चलेको सिद्ध गर्छन् ।

ब्राह्मण ग्रन्थहरूमा उत्तर अथवा उत्तरपूर्व दिशालाई रुद्रको

विशेष आवास भनिएको छ । उत्तरपूर्व भनेको नेपालतिरै सङ्केत गरेको कुरा स्पष्ट छ । यस विवरणबाट पनि नेपालमा शैवधर्मको प्राचीनता स्पष्ट हुन्छ ।

वैदिककालमै नेपालमा शैवधर्म चलेको कुरामा केही आनुषङ्गिक प्रमाण पाइन्छन् । यजुर्वेदअन्तर्गत शतरुद्रीय स्तोत्रमा रुद्रलाई गिरिशन्त, गिरित्र, गिरिश, गिरिचर तथा गिरिशय आदि भनिएको छ । यसरी उनलाई पर्वतीय क्षेत्रहरूसँग सम्बद्ध गरिएको छ । शतरुद्रीय स्तोत्रमा नै रुद्रलाई वनचरहरूसँग सम्बन्धित देखाइएको छ । यस विषयमा डा. यदुवंशीको अनुमान छ, जातिहरू (वनचर जाति) हिमालयका उपत्यकाहरूमा निवास गर्थे । यी प्रमाणले हिमालका उपत्यकातिर शैव धर्मको प्रचार भएको कुरातिर सङ्केत गर्छन् । नेपाल पनि हिमालयको काखमा रहेको हुनाले ती प्रमाण नेपालमा पनि स्पष्टतः लागू हुन्छन् ।

यसरी विचार गर्दा नेपालमा शैव धर्मको प्राचीनताबारे स्पष्ट ज्ञान हुन्छ ।

## शैव धर्मको इतिहास

प्राचीनकालदेखि शैव धर्म चलिआएको ज्ञात भए पनि नेपालमा यसको राम्रो गतिविधि इस्वी सम्वत्को पाँचौं शताब्दीतिर मात्र थालिएको देखिन्छ । त्यसै बेलामा नेपालको इतिहास पनि स्पष्टिँदै आएको देखिन्छ ।

काठमाडौं उपत्यकाभित्र पाइने शैवमूर्तिहरूको पनि अध्ययन गरेर यहाँको शैव धर्मको इतिहास तयार पार्ने हो भने अलिकति माथि पुग्न सकिने देखिन्छ । इतिहासकारहरूले इस्वीको तेस्रो शताब्दीतिर निर्माण गरिएको मानिएका शिवमूर्तिको चर्चा गरेका पाइन्छ । यस

हिसाबले नेपालमा शैव धर्मको इतिहासलाई पनि तेस्रो शताब्दीसम्म पुऱ्याउन सकिने देखिन्छ ।

मानदेव प्रथमको पालामा नेपालमा शिलालेख लेख्ने काम धेरै भएको बुझिन्छ । त्यस कालका सात अभिलेख शैव धर्मसँग सम्बद्ध छन् । अतः त्यस कालमा शैव धर्म कत्तिको लोकप्रिय थियो भन्ने कुरा थाहा पाइन्छ । मानदेव स्वयम् वैष्णव थिए, तर उनका दुई रानी क्षेमसुन्दरी र गुणवती शैव धर्म मान्थे भन्ने कुरा उनीहरूले शिवलिङ्ग स्थापना गरी लेखाएका शिलालेखबाट ज्ञात हुन्छ । मानदेवकी छोरी विजयवती पनि शैवधर्मकी अनुयायी थिइन् । उनले सूर्यघाटको किनारामा एउटा शिवलिङ्ग (जसको नाम शिलालेखमा विजयेश्वर दिइएको छ) स्थापित गरी त्यसैमा शिलालेख पनि लेखाएकी छिन् । यी उदाहरणबाट के स्पष्ट हुन्छ भने मानदेवको परिवारमै पनि शैव धर्म निकै लोकप्रिय थियो । राजपरिवारमा शैव धर्मको प्रवेश देखिएकाले यसले राम्रो लोकप्रियता पाइसकेको बुझिन्छ ।

मानदेवकालीन अरू अभिलेखले पनि तत्कालीन नेपालमा शैव धर्मको लोकप्रियता बताउँछन् । ती सबै अभिलेख शिवलिङ्गमा लेखिएका हुनाले त्यस समयमा शैवधर्मानुयायीहरू आफ्नो धार्मिक अभिवृद्धिका लागि शिवलिङ्ग स्थापनामा आदर्श राख्थे भन्न सकिन्छ ।

मानदेवकालीन लिपिमा लेखिएको पशुपति मन्दिरबाट प्राप्त शिलालेखमा 'राज्यवर्द्धनदेव' उल्लेख गरी पूजाआजाबारे उल्लेख गरिएको छ । उक्त नाम पशुपतिलाई नै सङ्केत गरिएको बुझिन्छ र 'राज्यवर्द्धन' शब्दको अर्थ बुझ्दा (राज्यको वृद्धि गर्ने देवता) शैव धर्म राष्ट्रिय धर्मका रूपमा रहेको थियो भन्ने अनुमान गर्न सकिन्छ ।

मानदेवपछि अंशुवर्माको समयसम्म शैव धर्मको इतिहास त्यति स्पष्ट छैन । तैपनि केही शिलालेखले त्यस कालका शैव धर्मानुयायी जनताको क्रियाशीलता बताउँछन् । सम्वत् ४५५ को भष्मेश्वर

अभिलेखबाट त्यस कालमा शैवधर्मको लोकप्रिय रूप स्पष्टिन्छ । उक्त अभिलेखमा त्यसका नायक प्रतिहार (एक सरकारी पदको नाम) ध्रुवसङ्घवार्त्तले भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर र रविश्वरका लागि केही जग्गा दिई गुठी बनाइदिएको वर्णन गरिएको छ । यसैगरी गुप्त परिवारकी आभिरीले आफ्ना पतिको पुण्यका लागि अनुपरमेश्वर शिवलिङ्ग स्थापना गरी मन्दिर पनि बनाइदिएकी थिइन् ।

त्यस समयमा पशुपतिनेर नाथेश्वर मन्दिर निकै प्रख्यात थियो । ध्रुवसङ्घको अभिलेखमा नाथेश्वरको उल्लेख वर्णन त माथि नै गरिएको छ । यही नाम ४६९ सम्वत् (शक)को आर्यघाटनेरको शिवलिङ्गाभिलेखमा पनि उल्लेख भएको पाइन्छ । त्यस शिलालेखअनुसार मानमतीले नाथेश्वरका लागि शालगम्बी क्षेत्रमा केही जग्गा दिएकी थिइन् । ध्रुवसङ्घको अभिलेखको नाथेश्वर पनि एकै हुन् भन्ने अनुमान छ ।

अंशुवर्माको समयमा शैव धर्मको विशेष उन्नति भएको बुझिन्छ । शिवदेव पनि प्रख्यात शैव थिए । यसैले शिवदेवले आफ्नो खोपासी अभिलेखमा उनलाई 'भगवद्भवपादपङ्कजप्रणामानुष्ठान तात्पर्योपात्तायत्तिहितश्रेयस्' विशेषण दिएका थिए । स्वतन्त्र शासक भएपछि अशुंवर्माले 'भगवत्पशुपतिभट्टाकरपादानुगृहीत:' उपाधि लिई आफूलाई शैव धर्मको अनुयायीका रूपमा स्पष्ट्याए । यो उपाधि सर्वप्रथम उनले नै चलाएका थिए । यस कुराबाट के स्पष्ट हुन्छ भने उनले नेपालका प्रधान राष्ट्रिय देव पशुपतिलाई राष्ट्रदेवका रूपमा प्रतिष्ठापित गरेका थिए । यिनैको अभिलेखमा कैलाशकूट भवनको उल्लेख हुन थालेको देखिएकाले उक्त भवन अंशुवर्माले नै बनाएका अनुमान हुन्छ । आफूले बनाएको महलको नाम पनि आफ्ना कुलदेव महादेवको आवास कैलाशकै नाममा राखेकाले उनको शिव धर्म (शैवधर्म)प्रति रहेको उत्कट आस्था प्रकट गर्छ ।

शिलालेखको शीर्षभागमा विभिन्न रूपमा साँढे बनाउने परम्परा पनि सर्वप्रथम अंशुवर्माले नै चलाएका थिए । अंशुवर्माको पशुपति अभिलेखमा शीर्षभागमा बसेको साँढेको चित्र उत्कीर्ण गरिएको छ ।

अंशुवर्माको समयमा अरू धर्मसरह शैवधर्मको पनि उत्तिकै उन्नति भएको देखिन्छ, तर राजाको धर्म शैव भएकाले यसैको विशेष महत्त्व रहेको कुरा अनुभूत हुन्छ । उनले पशुपति द्यौपाटन अभिलेख प्रसारित गरी पशुपति क्षेत्रमा रहेको शुभोगेश्वर महादेव (उनीद्वारा अंशुवर्माकी बहिनी भोगदेवीले आफ्ना पति शुरसेनको पुण्यप्राप्तिका लागि स्थापना गरिएको), उनकी भान्जी भाग्यदेवीद्वारा स्थापित लडित महेश्वर र उनीहरूका पूर्वजले स्थापित गरेको दक्षिणेश्वर महादेवको प्रबन्धका लागि केही बन्दोबस्त गरिदिएका थिए । उनको शासनकालमा शैव मन्दिरहरूको पुनर्निर्माण कार्य भएको कुरा अंशुवर्माको सुन्धारा पाटन अभिलेखबाट ज्ञात हुन्छ । उक्त अभिलेखमा माटिन्देवकुल (माटिन गाउँको मन्दिर) को पुनर्निर्माणको व्यवस्था गरिएको कुरा वर्णित छ ।

त्यस कालमा शैवधर्मका प्रसिद्ध मन्दिरहरूको नाम उल्लेख अंशुवर्माको ३२ सम्वत्‌को हाँडीगाउँ अभिलेखमा भएको छ । त्यसमा लेखिएकामध्ये शैव धर्मसँग निम्नलाई सम्बद्ध गर्न सकिन्छ । तर तीमध्ये एक-दुईको मात्र परिचय प्राप्त गर्न सकिन्छ ।

| | |
|---|---|
| पशुपति | वाग्वतीपारदेव (?) |
| रामेश्वर | पर्वतेश्वर देव |
| मानेश्वर | धारामानेश्वर |
| कैलाशेश्वर | |

बाँकी परिचय पाउन अलि कठिन छ । पशुपति त आज पनि त्यस्तै नामले प्रख्यात रहिआएको मन्दिर हो भन्ने कुरामा शङ्का हुन सक्दैन । कैलाशेश्वर चाहिँ पशुपतिनेरको कैलाशमा रहेको

शिवलिङ्गमध्ये कुनै एक चाहिँ हुन सम्भव छ । सम्भवतः यसै नामले त्यस सानो पहाडको नाम पनि रहेको कुरा धेरै सम्भाव्य छ । उक्त सूचीमा दुई मानेश्वरको उल्लेख विशेष चाखलाग्दो लाग्छ । एउटा केवल मानेश्वर र अर्को धारामानेश्वर । दुई मानेश्वरको राम्रो परिचय पाउन सकिएको छैन । नक्सालबाट प्राप्त एक अभिलेखमा मानेश्वर राजागणको उल्लेख गरिएको छ । यदि यस उल्लेखलाई मानेश्वर मान्न सकिन्छ भने मानेश्वर मन्दिरलाई नक्साल लाजिम्पाट क्षेत्रतिर रहेको मान्न सकिन्छ । अंशुवर्माले उक्त नामहरूको उल्लेख गरी आर्थिक सहायता दिएका हुनाले यिनै मन्दिरहरू त्यस कालका शैव जनताका आदर केन्द्र रहेका रहेछन् भन्ने अनुमान गर्न सकिन्छ । अंशुवर्माका उत्तराधिकारी भएका उदयदेवको चित्लाङ अभिलेखमा उदयदेवले अंशुवर्माले जस्तै 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत'को उपाधि लेखाएका देखिन्छ ।

ध्रुवदेव र जिष्णुगुप्तको शासनकालमा पनि शैव धर्मको उत्तिकै उन्नति भइरहेको कुरा त्यस कालका शिलालेखले बताएका छन् । यसै कालमा यी सम्प्रदायहरूको विशेष उन्नति भएको बुझिन्छ । यी सम्प्रदायहरूको अध्ययन सम्प्रदायसम्बन्धी अध्यायमा गरिने छ । जिष्णुगुप्तको उपाधि पनि अंशुवर्माकै जस्तो 'भगवत्पशुपति भट्टारकापादानुगृहीतः' थियो, जसबाट जिष्णुगुप्त पाशुपत शैव सम्प्रदायका अनुयायी थिए भनेर स्पष्ट हुन्छ । ध्रुव र जिष्णुले नाथेश्वरको मन्दिरका लागि केही प्रबन्ध गरिदिएका कुराको वर्णन आदेश्वर फस्कुको अभिलेखबाट थाहा पाइन्छ । यिनीहरूका पालामा केही शिलालेखका शीर्षभागमा अंशुवर्माका शिलालेखको जस्तै बसेको साँढेको चित्र उत्कीर्ण गरिएको पाइएको छ । अंशुवर्माले चलाएको यस परम्परालाई ध्रुवदेव जिष्णुगुप्तले चलाइरहे, तर त्यस चिन्हमा पनि केही नवीनता आएको देखिन्छ । आदेश्वरको शिलालेखमा

त्यसको शीर्ष भागमा बीचमा बसेको साँढे छ, तर त्यसको दुईतिर त्रिशुल खडा रहेको देखिन्छ ।

भीमार्जुनदेवसँग मिली संयुक्त शासन गर्ने विष्णुगुप्त (जिष्णुगुप्तका छोरा) लाई पनि संयुक्त शासनको शिलालेखमा अंशुवर्मा र जिष्णुगुप्तलाई झैँ 'भगवत्पशुपति भट्टारकपादानुगृहीतः' पाशुपत उपाधि दिइएको छ । यसबाट पनि विष्णुगुप्त पाशुपत सम्प्रदायका अनुयायी रहेछन् भन्ने थाहा पाइन्छ ।

नरेन्द्रदेवको समयमा शैव धर्मको अझ विशेष उन्नति भएको थियो । यिनले पनि 'भगवत्पशुपति भट्टारकपादानुगृहीतः' उपाधि लिएकाले पाशुपत धर्म मान्ने रहेछन् भन्ने बुझिन्छ । यिनका समयमा शिलालेखमा अनेक नवीन शैव सम्प्रदायको उल्लेख भएको पाइन्छ । नयाँ शैव सम्प्रदायको उल्लेख हुनुले त्यस कालमा शैव धर्मको विशेष उन्नति भएको कुरा सङ्केत गर्छ ।

नरेन्द्रदेवका छोरा द्वितीय शिवदेवका पालामा पनि शैव धर्मको उत्तिकै उन्नति भएको थाहा पाइन्छ । उनका पालाको शिलालेखमा एक नवीन शैव सम्प्रदायको उल्लेख पाइएको छ । उनको उपाधि पनि अंशुवर्मा आदिको जस्तै 'भगवत्पशुपति भट्टारकपादानुगृहीतः' छ । यसबाट उनी पाशुपत सम्प्रदायका अनुयायी रहेछन् भन्ने स्पष्ट हुन्छ । यिनका पालामा शिलालेखको शीर्ष भागमा पनि साँढेको चित्र अङ्कित भएको देखिन्छ ।

शिवदेवका छोरा जयदेव (द्वितीय) पनि शैव धर्मानुयायी थिए । यिनका पालामा अपूर्व शैव शिलालेख उत्कीर्ण गराइएको थियो, जसमा अपूर्व संस्कृत श्लोकमा शिवको अत्युत्तम स्तुति गरिएको छ । यो अभिलेख जयदेवले पशुपतिलाई चाँदीको कमल बनाएर चढाएको उपलक्ष्यमा उत्कीर्ण गराइएको कुरा त्यसै अभिलेखले बताएको छ । यस अभिलेखमा लेखक दुई जना छन् : बुद्धकीर्ति र

लिच्छवी राजा द्वितीय जयदेव स्वयम् । राजाले लेखेका श्लोकका अगाडि राजा लेखिएको छ । जयदेवको कवित्व र शिवभक्तिको परिचयका लागि ती श्लोक यहाँ उद्धृत गरिएका छन् :

*यं स्तौति प्रकटप्रभावमहिमा ब्रह्मा चतुर्भिर्मखैः*
*यञ्च श्लाघयति प्रणम्य चरणे षड्भिर्मुखै षण्मुखः ।*
*यन्तुष्टाव दशाननोऽपि दर्शभिव्वैक्त्रैः स्फुरत्कन्धर :*
*सेवां यस्त करोति बासुकिरलं जिव्हासहस्रैः स्तुवन् ॥*

*तस्येदं प्रमथाधिपस्य विपुलं ब्रह्माब्जतुल्यं शुभं*
*राजाद्रजतपङ्कजप्रविततप्रान्तप्रकीण्णैर्दलैः,*
*पूजार्थम्प्रविधाप्य तत्पशुपतेर्यत्प्रापि पुण्यम्मया*
*भक्त्या तत्प्रातिपाद्य मातरि पुनः सम्प्राप्नुयान्निर्बृतिम् ॥*

*किं शम्भोरुपरि स्थितं ससलिलं मन्दाकिनीपङ्कजम्*
*स्वर्ग्गोद्भिन्ननवाम्बुजेक्षणधिया सम्प्राप्तमम्भोरुहं ।*
*देवानां किमियं शुभा सुकृतिनां रम्या विमानावली*
*पद्मं किं करुणाकरस्य करतो लोकेश्वरस्यागतम् ॥*

*स्रोतः स्वर्ग्गापगायाः किमिदमवतरल्लोलकल्लोलरम्यं*
*किं ब्रह्मोत्पत्तिपद्मं तलकमलवरप्रेक्षणायोपयामत् ।*
*सम्प्राप्तं चन्द्रमौलेरमलनिजशिरश्चन्द्रबिम्बकिमत्रे*
*त्येवं यद्वीक्ष्य शङ्कां बहति भुवि जनो विस्मयोत्फुल्लनेत्र ॥*

*देवं वन्दितुमुद्यतो द्युतिमतो विद्योतमानद्युतिः*
*किं ज्योत्स्ना धवला फणावलिरियं शेषस्यसन्दृश्यते ।*
*अन्तर्दूररसातलाश्रितगतेर्द्दैवप्रभावश्रिया*
*किं क्षीरस्नपनं विधातुमुदिताः क्षीराण्र्णवस्योर्मयः ॥*

लालित्यले भरिएका यी श्लोकमा जयदेवको उच्च कवित्वको साथसाथ शिवभक्ति पनि स्पष्टिन्छ । यस उदाहरणबाट उनी शिवका परमभक्त रहेका देखिन्छन् ।

जयदेवपछि शिलालेख कम पाइने हुनाले शैव धर्मको इतिहासको स्पष्टीकरण गर्न अलि कठिन काम छ । जयदेवपछि जयस्थिति मल्लको पालासम्म हामी शैवधर्मसम्बन्धी शिलालेख कम पाउँछौं, तैपनि केही शिलालेखले त्यस व्यवधान काललाई श्रृङ्खलित पार्न केही सहायता दिएका छन् ।

सम्वत् १७२ को चाँगुनारायण शिवलिङ्गाभिलेख पाइएको छ, जसबाट शैव धर्मको लोकप्रियता चलिरहेको बुझिन्छ । यद्यपि उक्त शिलालेख भग्न भएकाले शैवधर्मसम्बन्धी केही विशेषता त्यसमा उल्लिखित भएको छैन, तर त्यसले शैव धर्मानुयायी जनताको क्रियाशीलता भने स्पष्ट्याएको छ । यसै बेलातिरको एक भग्न शिलालेखले पाटनस्थित विशाल लोकप्रिय कुम्भेश्वर मन्दिरको तात्कालिक धार्मिक समाजमा कस्तो स्थान रहेछ भन्ने बुझ्न सकिन्छ । कुम्भेश्वर मन्दिरमा प्राप्त एक लघु र भग्न शिलालेखमा '*भगवतः प्रतिष्ठानं परं पुण्यमिति मत्वा भगवन्तं त्रैलोक्यगुरुम्* लेखिएको छ । यस विवरणबाट त्यस कालमा कुम्भेश्वर मन्दिर पनि तात्कालिक शैव जनताको भक्तिको केन्द्र रहेको थियो भन्ने कुरा स्पष्टिन्छ । यस मन्दिरको चोकमा रहेका पुराना शिवमूर्तिहरू निकै पुराना देखिन्छन् । अतः यो मन्दिर पनि निकै पुरानो रहेछ भन्ने अन्दाज गर्न सकिन्छ ।

भन्दै यसै समयको अर्को एउटा शिलालेख छ । यस अभिलेखमा संवत् १९४ दिएको छ । जुन अंशुवर्माका अभिलेखमा प्रयुक्त सम्वत् हो भन्ने कुरामा सन्देह छैन । यो अभिलेख सीतापाइलामा चट्टानमा लेखिएको छ । यसमा 'भगवान् पशुपति चन्द्रेश्वर' बनाएको मिति लेखिएको छ । चट्टानमा यो कुरा लेख्नुको अर्थ के हो बुझ्न सकिँदैन । जेहोस् यस अभिलेखबाट शैव धर्मको परम्परा कायमै राखेको बुझिन्छ ।

लिच्छविकालीन लिपिमा पशुपति लेखिएको र साँढे भएका तामाका पैसा नेपालमा प्रशस्त पाइन्छन् । कुनैकुनैमा भिन्नभिन्न चिन्ह र चित्र अङ्कित भएका पनि पाइएका छन् । यी पैसाले पनि नेपालमा शैव धर्मको राष्ट्रिय स्वरूपतिर सङ्केत गर्छन् । यसरी हेर्दा लिच्छवीकालमा शैव धर्मको राम्रो उन्नति भएको देखिन्छ । हुन त यसका साथै वैष्णव, बौद्ध र अरू धर्महरूको पनि उत्तिकै उन्नति भयो तर यसको उन्नति विशेष भएको कुरा धेरै प्रमाणहरूले सिद्ध गर्छन् ।

मध्यकालीन नेपालमा पनि शैव धर्मको उत्तिकै उन्नति भएको थियो । केही शिलालेखले यस विषयमा हामीलाई सहायता दिन्छन् । यस कालको पहिलो शिलालेख गुणकामदेवका पालामा १०७ नेपाल सम्वत्को पाटन धांयुवको अभिलेख हो । उक्त अभिलेख शिवपरिवारको मूर्तिको पादपीठमा लेखिएको छ । अभिलेखमा माणिग्वलकमा देवताको मन्दिर बनाइयो भनी लेखिएको छ र प्रारम्भमा ललितेशको पद्यबद्ध स्तुति गरिएको छ । यस विवरणले मध्यकालीन नेपालमा शिवमूर्तिको स्थापना गर्ने परम्पराको केही बोध गराएको छ ।

हालै प्राप्त ने.सं. २२१ (ई.११००) को तामापत्रबाट मंग्वरविषय भन्ने जिल्लाअन्तर्गत सताडे भन्ने ठाउँमा झाँटेश्वर भट्टारकको मन्दिर रहेको र सो तामापत्रमा मन्दिरको व्यवस्थासम्बन्धी सङ्क्षिप्त विवरण परेको छ । यस सन्दर्भमा एक शैव मन्दिरको सन्दर्भ ज्ञात हुन

आउँछ । यही झाँटेश्वर भट्टारकसम्बन्धी ने.सं. २८२ (ई.११६१) को अर्को तामापत्र छ । यसमा चाहिँ मीभिगु भावो र हर्षवयी पतिपत्नीले उक्त शिव मन्दिरमा आफ्ना धर्म, काम र मोक्षका लागि उमामहेश्वरको मूर्ति बनाई चढाएको कुरा लेखिएको छ । मंग्वर विषयबारे केही थाहा नपाउँदा यो मन्दिर कहाँ अवस्थित रहेको र हाल यो कुन रूपमा छ केही भन्न सकिएको छैन, तर यो उपत्यकाबाहिर कतै रहेको भन्ने अन्दाज गर्न सकिन्छ ।

मध्यकालमा पनि अनेक राजा शिवका अनन्य भक्त थिए । ने.सं. २५४ तिर भएका इन्द्रदेव परमशैव थिए । यसै समयका राजा आनन्ददेव पनि परमशैव थिए । मानदेव (तृतीय ?) र जयभीमदेव पनि परमशैव थिए । यद्यपि ती शैव राजाहरूका कुनै शिलालेख पाइएका छैनन् । अतः उनीहरूका पालामा शैवधर्मले के-कति प्रगति गऱ्यो भनेर थाहा पाउन सकिएको छैन, तर उनीहरूले शैव धर्मलाई विशेष मान्यता दिएको कुरा उक्त विवरणबाट स्पष्ट हुन्छ ।

मल्लकालमा पनि जयस्थिति मल्ल, ज्योति मल्ल तथा यक्ष मल्लजस्ता प्रतापी राजाहरूले शैव धर्म मानेका कुरा शिलालेखहरूले बताएका छन् । जयस्थिति मल्लको द्यौपाटन अभिलेखमा उनको उपाधि 'श्रीमत्पाशुपताङ्घ्रि पङ्कजरज पिगस्फीता' लेखिएको छ, जसबाट उनी पाशुपत सम्प्रदायका अनुयायी भएको ज्ञात हुन्छ । यिनैको शासनकालमा जयभीम भन्ने व्यक्तिले कुम्भेश्वर मन्दिर निर्माण गराएका थिए । राजा ज्योति मल्लले पशुपतिमा लक्षहोम गराई मन्दिरमा सुनको कलश चढाएका थिए । त्यसै बेला उनले एक शिलालेख पनि उत्कीर्ण गराएका थिए । यक्ष मल्ल पनि शैव धर्मका अनुयायी थिए । उनले पनि 'श्रीश्री पशुपतिचरणारविन्दसेवापरायण' उपाधि लिएका थिए । यसरी निरीक्षण गर्दा नेपालमा शैव धर्मको इतिहास निकै गौरवपूर्ण देखिन्छ । शैव धर्मको विशेष उन्नति भएको

देखिए तापनि यसको उन्नतिले वैष्णव, बौद्ध, शाक्त, सौर आदि कुनै धर्मको उन्नतिमाथि आघात पारेन । यसको मुख्य कारण नेपालको सामञ्जस्यको प्रवृत्ति र सहिष्णुता नै रहेको बुझिन्छ । यसैले हामी नेपालमा शैव धर्मको साथसाथै वैष्णव, बौद्ध, शाक्त आदि धर्महरूको पनि निकै उन्नति भएको देख्छौँ ।

**शैव सम्प्रदायहरू**

नेपाली शैव धर्ममा कुनकुन सम्प्रदाय चलेका थिए भनेर जान्न हामीसँग अत्यल्प साधन छन् । केवल शिलालेखका आधारमा केही शैव सम्प्रदायहरूका नाम जान्न हामी सफल हुन्छौँ, तर तिनको राम्रो परिचय दिन कठिन छ । धेरै शिलालेखमा शिव नमस्कार अथवा राजाहरूको 'पशुपति भट्टारकपादानुगृहीतः' अथवा यस्तैयस्तै उपाधि देख्छौँ, तर कुनै विशेष शैव सम्प्रदायको उल्लेख कम पाइन्छ । शिलालेखहरूमा शैव सम्प्रदायको नाम उल्लेखबाहेक अरू केही पनि छैन । यसैले शैव सम्प्रदायको अध्ययन समग्र हुन सकेको छैन । जुन अभिलेखहरूमा शैव सम्प्रदायको उल्लेख छ, त्यहाँ या त अभिलेख नै भग्न भइदिएको छ या सम्प्रदायको नाम उल्लेखबाहेक अरू केही पनि छैन । यसैले शैव सम्प्रदायको अध्ययन समग्र हुन सकेको छैन । अभिलेखहरूमा शिव सम्प्रदायहरूको उल्लेख कम हुनु यस कुराको समर्थक हैन कि नेपालमा शैव सम्प्रदायहरू छँदै थिएनन् । प्राप्त अभिलेखहरूको भग्न अवस्था तथा पुरातात्विक उत्खनन आदिको अभावले पनि यस प्रकारको अध्ययन सम्पूर्ण हुन सक्दैन । तैपनि हामी शिलालेखहरूको निरीक्षण गर्दा निम्न शैव सम्प्रदायहरू उल्लेख भएका पाउँछौ ।

पाशुपत

सोम सिद्धान्त

मिश्र शैवधर्म

## पाशुपत सम्प्रदाय

नेपाल पाशुपत सम्प्रदाय विशेष लोकप्रिय रहिआएको कुरा पशुपतिको मन्दिरले नै स्पष्ट बताएको छ । यो सम्प्रदाय नेपालमा कहिले प्रविष्ट भयो भन्ने कुरा भने त्यसै भन्न सकिँदैन । भारतमा त वैदिककालदेखि नै पशुपतिको पूजा गर्ने परम्परा चलेको थियो । यस प्रसङ्गमा पशुपतिको स्थापना कहिले भयो भन्ने कुरा स्पष्ट हुनु आवश्यक छ ।

इतिहास शिरोमणि बाबुराम आचार्यज्यूले एक ठाउँमा पशुपतिको स्थापना ५७२ ई. मा भएको मान्नुभएको छ र त्यसैसँग पशुपति सम्वत्सर पनि चलेको कुरा लेख्नुभएको छ । उहाँले तथाकथित अंशुवर्मा सम्वत्लाई पशुपति सम्वत्सर मान्नुभएको छ । फेरि त्यसै लेखमा उहाँले त्यसै सम्वत्लाई ६०६ ई. मा अंशुवर्माद्वारा प्रारम्भ गरिएको मान्नुभएको छ । आचार्यज्यूको मत स्पष्ट रूपले बाझिएको देखिन्छ । अझ अर्को लेखमा उहाँले पशुपतिको स्थापना ४५० इस्वीको आसपास भएको मान्नुभएको छ । यसरी हेर्दा उहाँ पनि पशुपतिको स्थापनाबारे पूर्णतया भ्रममा परेका देख्छौं । मोटो दृष्टिबाट हेर्दा पनि पशुपतिको स्थापना ५३३ ई.भन्दा पछि मान्न सकिँदैन, किनभने प्रतिहार ध्रुवसङ्घवार्त्तको पशुपति भष्मेश्वर अभिलेखमा 'भगवतः पशुपतेः क्षेत्रे' (भगवान् पशुपतिको क्षेत्रमा) भनिएको छ । यो अभिलेख (शक) संवत् ४५५ (५३३ई.) को हो । यस प्रमाणबाट छैटौं शताब्दीसम्म त पशुपति लोकप्रिय भएकाले पशुपतिको स्थापना निकै पहिले नै भइसकेको बुझिन्छ, किनभने कुनै धर्मलाई लोकप्रिय हुन सयौं वर्ष पनि लाग्छ ।

पशुपति लिङ्गको स्थापनाबारे विचार गर्दा हामीले वंशावलीहरूको उल्लेख पनि गर्नु आवश्यक छ । वंशावलीको कथनलाई त्यति मान्यता नदिए पनि त्यसको साङ्केतिक अर्थ ग्रहण गर्नुपर्छ ।

ऐतिहासिक दृष्टिबाट हेर्दा पशुपतिका दुई लिङ्ग छन् । पहिलो त शम्सुद्दिनको आक्रमणभन्दा पहिलेको मुखलिङ्ग निकै प्राचीन देखिन्छ । कलात्मक दृष्टिकोणबाट हेर्दा यसको तिथि निकै पुरानो रहेको बुझिन्छ । जटा बनाउने शैली तथाकथित गान्धार आदर्शानुवादी छ । यसैका आधारमा पनि यस मुखलिङ्गलाई हामी इस्वीपूर्व द्वितीय-तृतीय शताब्दी मान्न सक्छौं ।

नेपाल सम्वत् ४७० मा बङ्गालका शम्सुद्दिनले नेपालमाथि आक्रमण गरी आफ्नो पाशविक प्रकृति खुब बढाए । उनले उपत्यकाका अनेक मन्दिर र चैत्यहरूमाथि निर्मम प्रहार गरी नष्ट पारेका थिए । यद्यपि गोपाल वंशावलीमा 'सुरतान समसदिन- श्रीपशुपति त्रिखण्डीकृता' भनिएको छ, तर वास्तवमा पशुपतिको लिङ्ग चाहिँ टुटेफुटेको थिएन । मन्दिरमा आगो लगाइएको सम्भव छ, तर मुखलिङ्ग टुक्रिएको देखिँदैन । हाल पशुपतिको पश्चिम द्वारनेर रहेको मुखलिङ्ग टुक्रिएको देखिँदैन । कतैकतै पाप्रा उप्किएको चाहिँ समयको प्रभावले नै हो । यस लिङ्गलाई हटाइएको कारण अर्कै रहेको बुझिन्छ । विधर्मीले मन्दिरमा आगो लगाइदिएका हुनाले नै उक्त लिङ्गलाई अशुद्ध भएको मानी हटाइएको बुझिन्छ ।

जयधर्म मल्लको शासनकालमा उनका महामन्त्री जयसिंहराम वर्द्धनद्वारा अर्को पशुपतिको लिङ्ग स्थापना गरिएको बुझिन्छ ।

आर्यघाटमा विरूपाक्ष नामले प्रख्यात एक मूर्ति गाडिएको देखिन्छ । यस मूर्तिको निधारमा एउटा अर्को आँखा बनाइएको छ । शिरमा जटा त्रिनेत्र र जटा भएकाले यो महादेव अथवा पशुपतिको मूर्ति नै हो भन्ने कुरा स्पष्ट हुन्छ । मूर्तिको आधा अङ्ग गाडिएको अवस्थामा रहेकाले यसको हातमा केके छ भनेर जान्न सकिएको छैन । हातमा जेसुकै भए पनि यसको त्रिनेत्रात्मक स्वरूपले यो पशुपतिकै मूर्ति हो भनेर स्पष्ट गरेको छ । यसको कला सरल र

सुग्घरी भएकाले यसलाई हामी कममा पनि इसापूर्व चौथो-पाँचौ शताब्दी मान्न सक्छौं। यद्यपि यस मूर्तिको तिथि निर्धारणमा कुनै पुष्ट आधार त छैन तर यसका कलाका भिन्न गति देखिएकाले यसलाई त्यति पुरानो मानिएको हो। यो मूर्ति त्यसबेलामा बनेको थियो, जब नेपालमा किरात हरूको शासन थियो। माथि भूमिकामा किरात हरूले शैव धर्म ग्रहण गरिसकेका कुरा हामीले विचार गरिसकेका छौं। अतः उक्त मूर्तिलाई किरात कालमा बनेको मान्न केही गाह्रो छैन। त्यस मूर्तिमा किरात शारीरिक गठनको प्रभाव पनि स्पष्ट देखिन्छ। ठूलो टाउको, थ्याप्चो मुख र बाक्ला मोटा ओठ बनाइएकाले त्यस मूर्तिलाई किरात कालीन मान्नुपर्छ। यति पुरानो शिवमूर्ति भारतमा पनि पाइएको देखिँदैन। यस कुराबाट नेपालमा शैव धर्मको विशेषता रहेको स्पष्टिन्छ।

पहिले यहाँ विरूपाक्ष मूर्तिको पशुपतिका रूपमा पुजिन्थ्यो भन्ने कुरा त्यसैका अगाडि रहेको एक पशुमूर्तिले सङ्केत गरेको छ। लिच्छवीहरूको प्रवेश नहुन्जेल अथवा शासन नहुन्जेल यसैको पूजा भइरहन्थ्यो। उनीहरू (लिच्छवीहरू)को प्रवेश भएपछि त्यस मूर्तिमा विकसित कला र देवप्रतिमा लक्षण (Iconography) नभएकाले त्यसको सट्टा अर्को मूर्ति प्राणप्रतिष्ठा गरिएको ज्ञात हुन्छ। यस प्रमाणबाट नेपालमा पाशुपत सम्प्रदाय निकै पुरानो हो भन्ने स्पष्ट हुन्छ।

पाशुपत सम्प्रदाय त्यति पुरानो भएर पनि यसको सर्वप्रथम उल्लेख नरेन्द्रदेवको गैरीधारा पाटनको अभिलेखमा भएको छ। उक्त अभिलेखमा लिच्छवी राजा नरेन्द्रदेवले बज्रेश्वर महादेवको पूजाको प्रसङ्गमा पाशुपत सम्प्रदायका अनुयायी र ब्राह्मणहरूलाई भोजन गराउने आज्ञा दिइरहेका देखिन्छन्। अभिलेखको '*पाशुपतानां ब्राह्मणानां च* शब्द विचारणीय छ। डा. हितनारायण झाज्यूले

यसको भिन्न रूपले अर्थ गर्नुभएको छ । झाज्यूको कथनानुसार ब्राह्मण शब्द पाशुपत शब्दको विशेषण हो, तर उहाँको विचार 'च' शब्दले अमान्य गरिदिएको छ । 'च'ले पाशुपतहरूलाई र ब्राह्मणहरूलाई पनि भन्ने अर्थ गराउँछ । अतः ब्राह्मण शब्द पाशुपतको विशेषण हुन सक्दैन भन्ने स्पष्ट छ ।

यस प्रसङ्गमा शिव धर्मशास्त्रको कथन पनि उल्लेखनीय छ । त्यसमा शिवभक्त श्रेष्ठ ब्राह्मण भोजनको महत्त्व ज्ञान हुन्छ ।

नरेन्द्रदेवभन्दा निकै पहिले अंशुवर्माले आफ्नो अभिलेखमा 'भगवत्पशुपति भट्टारकपादानुगृहीतः' उपाधि लेखाएका छन् । यसबाट उनले पाशुपत सम्प्रदाय मानेका स्पष्ट हुन्छ । उक्त उपाधि उनको सबै अभिलेखमा उल्लिखित भएको पाइन्छ । अंशुवर्मापछि पनि जिष्णुगुप्त, विष्णुगुप्त, नरेन्द्रदेव र द्वितीय शिवदेवले पनि उही उपाधि ग्रहण गरेका देखिन्छ । यसबाट उनीहरू पाशुपत सम्प्रदाय मान्ने रहेछन् भन्ने कुरा स्पष्ट बुझिन्छ ।

मल्लकालीन नेपालमा पनि पाशुपत सम्प्रदाय लोकप्रिय रहेको थियो । यस कालका नामी राजा जयस्थिति मल्ल पशुपतिका अनन्य भक्त थिए । पशुपति (जयवागिश्वरी) अभिलेखमा उनले आफूलाई 'श्रीश्री पशुपति पादपङ्करूहमधुलिह र श्रीमत्पाशुपताङ्घ्रिपङ्कजरजः पिगै (पिङ्ग ?) स्फीत' विशेषण लगाएका छन् । यसबाट उनी पाशुपत सम्प्रदायका अनुयायी रहेछन् भन्ने बुझिन्छ ।

यसै बेलातिर भएका महामन्त्री जयसिंहरामवर्द्धन पनि पाशुपत सम्प्रदाय मान्थे भन्ने अनुमान गर्न सकिन्छ । यो कुरा पशुपति त्यागलटोल अभिलेखले सङ्केत गरेको छ । उक्त अभिलेखमा उनलाई 'पशुपतिलिङ्गस्थापनाचार' (पशुपतिको लिङ्ग स्थापना गर्ने) भनिएको छ । त्यसै अभिलेखमा आचार्य राजध्य शर्माका बाजेलाई पशुपतिको चरणको सेवा गर्ने भनिएको छ ।

जयस्थिति मल्लका माहिला छोरा ज्योतिर्मल्ल पनि पशुपतिका परमभक्त थिए । नेपाल संवत् ५४३ को काष्ठमण्डपको ताम्रपत्रमा उनलाई 'श्रीश्री पशुपतिभट्टारकस्य पादपङ्कजपरागबहलकीर्ति' भनिएको छ । यस प्रमाणबाट पनि उनी पाशुपात सम्प्रदायका अनुयायी रहेछन् भन्ने ज्ञात हुन्छ । यक्ष मल्लले पनि 'श्रीश्री पशुपतिचरणारविन्द सेवापरायण' उपाधि लिएका थिए । यस उदाहरणबाट पनि पाशुपत सम्प्रदायका अनुयायी रहेछन् भन्ने बुझिन्छ ।

यसरी हेर्दा नेपालमा पाशुपत सम्प्रदाय लोकप्रिय रहेको बुझिन्छ । यसको विशेष उन्नति लिच्छवीकालमा भएको थियो, तर यही परम्परा पछिसम्म पनि कायमै रहेको बुझिन्छ । अनेक प्रकारका पशुपतिमुद्रा पनि पाशुपत सम्प्रदायसँगै सम्बन्ध देखिएकाले यस सम्प्रदायको विशेष व्यापकता रहेको बुझिन्छ ।

## अष्टपुष्पिका

पाशुपत सम्प्रदायका अनुयायीहरूमा अष्टपुष्पिका पूजाको महत्त्वपूर्ण स्थान थियो भन्ने कुरा हामी अनेक धार्मिक ग्रन्थहरूबाट थाहा पाउँछौँ । हर्षका समकालिक लेखक बाणले हर्षचरितमा अष्टपुष्पिका पूजाको उल्लेख गरेका छन् । गोपाल वंशावलीमा अनेक राजाहरूका प्रसङ्गमा 'पशुपतिलाई रजतपद्म चढाए' भन्ने विवरण पनि अष्टपुष्पिका हो भन्ने विचार पनि गरिन्छ ।

द्वितीय जयदेवको पशुपति अभिलेखबाट के ज्ञात हुन्छ भने नेपालका पाशुपतहरूमा पनि अष्टपुष्पिकाको पूजापरम्परा विद्यमान थियो । उपयुक्त अभिलेखमा पशुपतिलाई चाँदीको कमल चढाइएको वर्णन छ । त्यसलाई अष्टपुष्पिका हो भन्ने निश्चय गर्न त्यसै शिलालेखमा कमलको वर्णनमा एकपल्ट 'कुलाचल'को उल्लेख भएको छ । संस्कृत वाङ्मयमा अष्टकुलाचल प्रख्यात भएकाले उक्त रजतपद्मका आठ

पात बनाइएका रहेछन् भन्ने बुझिन्छ ।

अष्टपुष्पिकाको वर्णन गरिएको उक्त अभिलेखमा धेरै कुरा लेखिएको छ । पशुपतिलाई चाँदीको कमल चढाएर पाइएको पुण्य पनि द्वितीय जयदेवकी आमा वत्सदेवीले आफ्ना स्वर्गीय पति द्वितीय शिवदेवको स्वर्गप्राप्तिका लागि समर्पित गरिदिइन् । त्यस्तै प्रसङ्गमा अभिलेखमा कमल (अष्टपुष्पिका) पूजा गर्नाले स्वच्छ र कल्याणदायक पुण्य प्राप्त भयो भनी लेखिएको छ । यसबाट जयदेव र वत्सदेवीको पशुपति भक्ति स्पष्ट हुन्छ ।

उक्त अभिलेखमा अष्टपुष्पिकाको पूजा गर्ने ढङ्गले पनि केही सङ्केतात्मक वर्णन परेको छ । अभिलेखको एकतीसौं श्लोकमा वत्सदेवीलाई कमलले घेरिएर पूरा गरेको लेखिएको छ । कमलपूजापछिको अभिलेखमा चाँदीले पूजा गरेर लेखिएको छ ।

उक्त अभिलेखमा अनेक श्लोकमा त्यस कमलको लालित्यपूर्ण वर्णन गरिएको छ । यस वर्णनका लेखकले कमलको वर्णन यसरी प्रस्तुत गरेका छन् :

*मूर्तीरष्टाभिरष्टौ महयितुमतुलैः स्वैर्द्दलैरष्टमूर्त्तेः*
*पातालादुत्थितं किं कमलमभिननं पद्मनाभस्य नाभेः ।*
*देवस्यास्यासनायोपगतमिह चतुर्वक्त्रसादृश्यमोहाद्*
*विस्तीर्णं विष्टरं किं*
*प्रविकसितसिताम्भोजमम्भोजयोनेः ॥*
*कीर्ण्णा किं भूतिरेषा सपदि पशुपतेर्न्नृत्तस्तोत्र प्रकामम्*
*मौलीन्दोः किं मयूखाः शरदमभिनवां प्राप्य सेवामुपेताः ।*
*भक्तया कैलासशैलाद्धिमनिचयरुचः सानवः किं समेता :*
*दुग्धाब्धेरागतः किं गलगरसहज प्रतिपीयूषराशीः ॥*
*देवं वन्दितुमुद्यतो द्युतिमतो विद्योतमानद्युतिः*

किं ज्योत्स्नाधवला फणाबलिरियं शेषस्य सन्दृश्यते ।
अन्तर्द्दूररसातलाश्रितगतेद्दैवप्रभावश्रिया
किं क्षीरस्नपनं विधातुमुदिताः क्षीराण्णवस्योर्म्मयः ॥

विष्णोः पातालमूलेफणिपतिशयनाक्रान्तिलीलामुखस्था
दाज्ञां प्राप्योजपतन्त्यास्त्रिपुरविजयिनो भक्तितोभ्यर्च्चनाय ।
लक्ष्म्याः संलक्ष्यते प्राक्करतलकलितोत्फुल्लीलासरोजं
किं वेतीत्थं वितर्कास्पदमतिरूचिरं मुग्धसिद्धागनानाम् ॥
नालीनालीकमेतन्न खलु समुदितो राजतो राजतोहम्
पद्मा पद्मासनाब्जे कथमनुहरतो मानवा मानवाभे ।
पृथ्व्यां पृथ्व्यान्न माहग्भवति हृतजगन्मानसे मानसे वा
भास्वान् भास्वान् विशेषं जनयति नहिमे वासरो वा सरोवा ॥
इतीव चामीकरकेशरालीसिन्दुरक्तद्युतिदन्तपङ्क्तया ।
राजीव राजीम्प्रति जीवलोके सौन्दर्यदर्पादिव सप्रहासम् ॥
एषा भाति कुलाचलैः परिवृता प्रालेयसंसर्गिभिः
वेदी मेरूशिलेव काञ्चनमयी देवस्य विश्रामभूः ।
शुभ्रैः प्रान्तविकासिपङ्कजदलैरित्याकलयय स्वयम्
रौप्यंपद्मचीकरत् पशुपतेः पूजार्त्थमत्युज्ज्वलम् ॥
यं स्तौति प्रकटप्रभावमहिमा ब्रह्मा चतुर्भिर्मुखैः
यञ्च शलाघयति प्रणम्य चरणे षड्भिर्म्मुखैः षण्मुखः ।
यन्तुष्टाव दशाननोकपि दशभिर्व्वक्त्रैः स्फुरत्कन्धर :
सेवां यस्य करोति वासुकिरलं जिह्वासहस्रैः स्तुवन् ॥
किं शम्भोरूपरिस्थितं ससलिलं मन्दाकिनीपङ्कजम्
स्वर्गोद्भिन्ननवाम्बुजेक्षणधिया सम्प्राप्तमम्भोरूहम् ।
देवानां किमियं शुभा सुकृतिनां रम्या विमानावली
पद्मं किं करूणाकरस्य करतो लोकेश्वरस्यागतम् ॥

*स्रोतः स्वर्ग्गापगायाः किमिदमवतरल्लोलकल्लोलरम्यं ।*
*सम्प्राप्तञ्चन्द्रमौलेरमलनिजशिरश्चन्द्रबिम्बं किमत्रे*
*त्येवं यद्वीक्ष्य शङ्काँ वहति भुवि जनो विस्मयोत्फुल्लनेत्र :॥*

यसरी जयदेवले चाँदीको कमलको खुब आलङ्कारिक वर्णन गरेर त्यसको राम्रो स्तुति गरेका छन् । यसबाट हामी कमलको भव्यताको अनुमान गर्न सक्छौँ । हाल पशुपतिमा त्यो कमल देखिँदैन । यसको के स्थिति भयो अज्ञात छ, तर यसको यति महत्त्व रहेको थियो कि पशुपतिलाई त्यो चढाएको अवसरमै जयदेवले उक्त विशाल अभिलेख उत्कीर्ण गराएका थिए । अभिलेखको शीर्ष भागमा पनि विशाल कमलको आलङ्कााारिक चित्र उत्कीर्ण गरिएको छ, जो सम्भवतः पशुपतिलाई चढाएको कमलको अनुकृति नै हो ।

उक्त अभिलेखमा यस अष्टदलपद्मलाई महादेवका आठ रूपसँग जोडिएको छ ।

*ख्यात्यायः परमेश्वरोपि वहते वासो दिशाम्मण्डलम्*
*व्यापी सूक्ष्मतरश्च शंकरतया ख्यातोक्पि संहारकः*
*एकोप्यष्टतनुः सुरासुरगुरूर्वीतत्रपो नृत्यति*
*स्थाणुः पुज्यमतो विराजति गुणैरेवं विरूद्वैरपि ॥*

उद्धृत श्लोकहरूमा शिवको भव्य स्तुति गरिएको देखिन्छ । यसबाट पशुपतिका भक्तहरूको भक्ति स्पष्टिन्छ । उनीहरू आफ्ना देवतालाई संस्कारका सृष्टिकर्ता, पालनकर्ता र प्रलयकर्ताका रूपमा मानेर उच्च स्थान दिई उनलाई संसारमै ठूलो देव (महा+देव) मान्थे ।

## शिवसायुज्य

शिवका आठ मूर्ति र अष्टपुष्पिकाबाहेक पाशुपतहरूको अर्को एउटा विशिष्ट मान्यता दुःखान्त र दुःखबाट मुक्तिको अवस्थामा शिवसँग सायुज्य प्राप्त गर्ने थियो । शैवधर्मको महत्त्वपूर्ण ग्रन्थ शिवधर्मशास्त्र (जो अप्रकाशितै रूपमा छ) मा पनि शिवसायोज्य र रुद्रसायोज्यको वर्णन गरिएको छ । नेपालमा केही अभिलेखहरूमा यसको उल्लेख पाइन्छ ।

अमृतदेवको पालाको (वि.सं. १२३१) खौमाटोल भाद्‌गाउँको अभिलेखमा 'रुद्रत्व सम्प्राप्तये' उल्लिखित छ । यसबाट ज्ञात हुन्छ, शिवका भक्तहरूले मृत्युपछि शिवलोक प्राप्तिका लागि अभिलाषा राख्थे । उक्त अभिलेखमा दिवङ्गत पुत्र जयद्रव्य रुद्रत्व प्राप्तिका लागि जलन्द्राणी बनाइएको कुरो लेखिएको छ । नेपाल सम्वत् ३४६ को पशुपति द्यौपाटन अभिलेखमा पनि शिवसायुज्य उल्लेख भएको छ । यस्तै उल्लेख हामी जयस्थिति मल्लको पशुपति द्यौपाटन जयवागिश्वरी मन्दिरको अभिलेखमा पनि पाउँछौं, जसमा मृता रानीलाई शिवले स्वर्गलोकमा लगे भन्ने वर्णन गरिएको छ । यसै समयमा लेखिएको कुम्भेश्वर पाटन अभिलेखमा पनि भीमवर्माकी पत्नी अनन्तलक्ष्मीलाई शिवले स्वर्गमा लगे भनी वर्णन गरिएको छ । अभिलेखमा अर्को प्रसङ्गमा भनिएको छ, जुन व्यक्तिले प्रतिदिन कुम्भेश्वर महादेवको आराधना गर्छ ऊ शिवलोक जान्छ । यो वर्णन सायुज्य मुक्तिकै वर्णन हो भन्ने कुरा निश्चित छ । यक्ष मल्ल र जीव मल्लको ५६१ नेपाल सम्वत्‌को पशुपति ताम्रपत्रमा संसारदेवी कैलाशपुर गइन् भनी वर्णन गरिएको छ । यो पनि सायुज्यकै पर्यायवाची हो जस्तो लाग्छ ।

उक्त विवरणबाट शिवसायुज्य नेपालको पाशुपत सम्प्रदायमा निकै लोकप्रिय रहेको बुझिन्छ ।

## लिच्छवीकालमा पाशुपत सम्प्रदायका अनुयायीहरूको स्वरूप

तत्कालीन शिलालेखहरू यस विषयमा मौन छन्, तर त्यस कालमा नेपाल आउने चिनियाँयात्रीहरूको यात्रा विवरणबाट यस विषयमा केही जोड्न सकिन्छ ।

लिच्छवी राजा नरेन्द्रदेवको समयमा चिनियाँ राजदूत वाङ्हियुन-शो भारत आउँदा नेपालको बाटो आएका थिए । फर्किंदा पनि यतैबाट फर्केका थिए । उनले आफ्नो यात्राविवरणमा नेपालबारे विभिन्न प्रकारका सूचना दिएका छन् । जसबाट तात्कालीन नेपालका पाशुपतहरूको स्वरूपबारे केही कुरा जान्न सकिन्छ । वाङ्ले नेपालमा यस्ता मानिस देखेका थिए, जो आँखिभौंसमेत खौरन्थे र कानमा प्वाल पारेर बाँस अथवा पशुको सिङका टुक्रा (कुण्डल ?) लगाउँथे । हुन त चिनियाँयात्रीले मानिसहरू पाशुपत सम्प्रदायावलम्बी थिए भनेर स्पष्ट भनेका छैनन् । तर उक्त विवरणलाई इतिहासकार सूर्यविक्रम ज्ञवालीज्यूले पाशुपतधर्मसँग नै सम्वद्ध गर्नुभएको छ । यद्यपि त्यस विवरणमा पाशुपतहरूको सर्वविदित व्रत खरानी लगाउने (भष्म स्नान) कुराको चर्चा गरिएको छैन, तर सिङको टुक्रा शरीरमा लगाउने कुराका आधारमा त्यस विवरणलाई पाशुपत सम्प्रदायसँग सम्बद्ध गर्न सकिन्छ ।

वाङ्भन्दा केही समयपहिले भारत आउने चीनका बौद्धयात्री ह्वेन साङले वाराणसीमा खरानी घस्ने र हाडको टुक्रा शिरमा मुकुटजस्तो गरी लगाउने मानिसहरूलाई देखेका थिए । यस वर्णनलाई विद्वानहरूले पाशुपतहरूकै वर्णन मानेका छन् । यही कुरा वाङ्का कुरासँग मिलाउँदा उनको वर्णनलाई नेपालका पाशुपतहरूको वर्णन मान्न सकिन्छ । यो कुरा मान्ने हो भने वाराणसी र नेपालको पारम्परिक सम्पर्क पनि मान्नुपर्ने देखिन्छ । आँखीभौं खौरने कुरा चाहिं नेपालका पाशुपत सम्प्रदायवलम्बीहरूको एक विशेषता रहेको बुझिन्छ ।

## लकुलीश पाशुपत

लकुलीश पाशुपत सम्प्रदाय लकुलीश नामक एक व्यक्तिद्वारा स्थापित मानिन्छ । पुराण, कारवण माहात्म्य, पञ्चार्थिक टीका र तन्त्रालोक आदि ग्रन्थहरूमा लकुलीशलाई शिवको अवतार मानिएको छ । लकुलीशद्वारा स्थापित सम्प्रदायको नाम संस्थापककै नाममा लकुलीश पाशुपतका रूपमा प्राप्त भयो । पुराणहरूमा यिनका कुशिक, गार्ग्य, मैत्रेय तथा कौरुषेय नामका चार शिष्यहरूको वर्णन गरिएको छ ।

नेपाल शैवधर्मको प्रख्यात केन्द्र भएकाले यहाँ पाशुपत र लकुलीश पाशुपत सम्प्रदाय निकै प्राचीनकालदेखि लोकप्रिय भई आएको देखिन्छ । लकुलीश पाशुपत सम्प्रदायको अविभाज्य अङ्गजस्तो भई आएकाले पनि यसको नेपालमा अधिक लोकप्रियता भएको कुरा अनुमानित हुन्छ ।

यो सम्प्रदाय नेपालमा कसरी र कहिले आयो भन्ने कुरा अज्ञात छ । यसको उल्लेख (आनुषङ्गिक रूपबाट) मानदेवकालिक शिलालेखमा पाइए पनि यसको स्थिति जिष्णुगुप्तको पालामा विशेष रूपले स्पष्टिएको देखिन्छ ।

जिष्णुगुप्तको पालाको छत्रचण्डेश्वर अभिलेखबाट त्यस बेलामा लकुलीश पाशुपत सम्प्रदाय लोकप्रिय रहेको बुझिन्छ । यद्यपि उक्त अभिलेखमा लकुलीश पाशुपत शब्दको उल्लेख त भएको छैन, तर राम्ररी अध्ययन गरेमा त्यसमा लकुलीश पाशुपत सम्प्रदायकै कुरा लेखिएको देखिन्छ । उक्त अभिलेख प्रणर्द्दन नाम गरेका एक आचार्यले उत्कीर्ण गराएका थिए । यी आचार्यलाई लकुलीश पाशुपत सम्प्रदायका अनुयायी मान्नुमा निम्न कारण छन् -

उक्त अभिलेखमा आचार्य प्रणर्द्दनलाई कौशिक विशेषण लगाइएको छ । लकुलीशका एक शिष्य कुशिक थिए भन्ने कुरा

माथिको प्रसङ्गमा आइसकेको छ । प्रणर्द्दनलाई कौशिक उपाधि प्रयुक्त गरेका हुनाले कुशिकको परम्परागत मान्न सकिन्छ । यसरी विचार गरेपछि उक्त अभिलेखले कुशिकको इतिहासलाई श्रृङ्खलित पारेको कुरा स्पष्ट बुझिन्छ । उक्त अभिलेख चन्द्रगुप्त द्वितीयका पालाको गुप्त संवत् ६१ (४३८ वि.सं.) को मथुरा अभिलेख र नरवाहनको १०२६ वि.सं. को उदयपुर अभिलेखबीचको व्यवधानमा एक श्रृङ्खला हुन आउँछ ।

प्रणर्द्दनलाई लकुलीश पाशुपत सम्प्रदायका अनुयायी मान्नुको अर्को प्रमाण पनि हामीसमक्ष छ । माथि वर्णित चन्द्रगुप्तको पालाको मथुरा अभिलेखमा जसरी कुशिक आदि आचार्यहरूलाई भगवत् भनिएको छ, त्यसैगरी प्रणर्द्दनलाई पनि दुवै छत्रचण्डेश्वर अभिलेखमा भगवत् भनिएको छ । यस विवरणबाट लकुलीश पाशुपत सम्प्रदायका आचार्यहरूलाई भगवत् विशेषण लगाउने परम्परा रहेको बुझिन्छ । यही परम्परा प्रणर्द्दनले ग्रहण गरेका देखिएकाले यिनलाई लकुलीश पाशुपत सम्प्रदायका अनुयायी मान्न सक्छौं । यिनलाई लकुलीश पाशुपतका सिद्ध गर्न अर्को प्रमाण पनि हामीसँग छ । उक्त अभिलेख एक देवमूर्तिको पृष्ठभागसँग सम्बद्ध प्रस्तर स्तम्भमा लेखिएको छ, जुन मूर्ति लकुलीशको अथवा त्यससँग सम्वद्ध देवताको हो । लकुलीश पाशुपत सम्प्रदायमा पाञ्चार्थिक दर्शनको धेरै महत्त्व छ । त्यसमा निम्न कुरा हुन्छन् :

(१) कार्य

(२) कारण

(३) विधि

(४) योग

(५) दुःखान्त

यीमध्ये कार्य, विधि र योगको वर्णन नेपालका अभिलेखहरूमा

देखिएको छैन । कारण र दुःखान्तको उल्लेख चाहिँ केही नेपाली अभिलेखमा पाइन्छ, जसको वर्णन तल गरिन्छ ।

## कारण

पाञ्चार्थिक दर्शनअनुसार शिव सृष्टिका कारण हुन् । छत्रचण्डेश्वर अभिलेखको श्लोकमा पनि यस्तै भावना देखिन्छ । त्यस श्लोकमा छत्रचण्डेश्वरलाई सम्यक ज्ञानले युक्त तथा सम्पूर्ण विश्वका सृष्टिकर्ता भनी वर्णन गरिएको छ । यसभन्दा पहिले पनि मानदेवको सूर्यघाट अभिलेखमा शिव (महेश्वर)को 'इच्छा' को वर्णन गरिएको छ ।

इच्छालाई पनि पाञ्चार्थी दर्शनभित्रै मानिएको छ । नेपालका अनेक अभिलेखहरूमा उल्लेख गरिएका कारण पूजालाई पनि यसको शाब्दिक स्वरूपका आधारमा पाञ्चार्थिक दर्शनअन्तर्गत कारणकै अन्तर्गत मान्न सकिन्छ । यस स्थितिमा कारण पूजाको षष्ठी तत्पुरुष समासका रूपमा (कारणस्य भगवतः + पूजा, कारणपूजा) लिनुपर्छ । त्यसैले अनुमान सत्यको सन्निकट भएजस्तो लाग्छ ।

## दुःखान्त

लकुलीश पाशुपत सम्प्रदायमा दुःखान्तको स्थानबारे माथि नै चर्चा गरिसकिएको छ । छत्रचण्डेश्वर अभिलेखको श्लोकमा 'प्रसन्न भएका कामदेवलाई भष्म पार्ने छत्रचण्डेश्वरले तिमीहरूको रक्षा गरून्' भनिएको छ । यो पाञ्चार्थिक दर्शनअन्तर्गत दुःखान्तको विचारसँग मिल्दो छ ।

उपत्यकाबाट प्राप्त प्राचीन मूर्तिहरूमा यस सम्प्रदायको अति लोकप्रियता देखिन्छ । जिष्णुगुप्तका समयमा आचार्य प्रणर्द्दनले दुईवटा

छत्रचण्डेश्वरको मूर्ति स्थापित गरेका थिए । ती मूर्तिहरूको पादपीठमा अभिलेख पनि लेखिएको छ । ती अभिलेखहरूमध्ये एकमा छत्रचण्डेश्वरले रक्षा गरून् (पायात्सोद्य प्रसन्नः स्मरतनुदहनच्छत्रचण्डेश्वरो वः) लेखिएको छ । अभिलेखको यस कथनबाट अभिलेखसँग सम्बद्ध मूर्ति छत्रचण्डेश्वरको रहेको भन्ने बुझिन्छ । यस प्रकारका असङ्ख्य मूर्ति नेपाल उपत्यकामा पाइन्छन्, जसबाट उक्त सम्प्रदायको लोकप्रियता स्पष्टिन्छ ।

पहिलो छत्रचण्डेश्वर अभिलेखका प्रथम सम्पादक भगवान्लाल इन्द्रजी तथा बूहलर छत्रचण्डेश्वर मूर्तिको तुलना मथुराबाट प्राप्त केही मूर्तिहरूसँग गर्छन्, तर ती महाशयले त्यस मूर्तिको शिवमूर्तिसँग तुलना गरेको चाहिँ औचित्यपूर्ण छैन । वास्तवमा छत्रचण्डेश्वर लकुलीशलाई भनिएको कुरामा केही शङ्का हुन सक्दैन । दोस्रो, छत्रचण्डेश्वर अभिलेखमा प्रथम सम्पादक रेनिइरो नोलीले अभिलेखमाथि स्थापित मूर्ति कामदेवको हो भनी लेखेका छन् । उक्त मूर्ति कामदेवको होइन छत्रचण्डेश्वरको हो, तर भ्रमवश कामदेव नै भनेर पूजाआजा गरिन्छ । मूर्तिसँग सम्बद्ध शिलालेखमै छत्रचण्डेश्वर लेखिएको र त्यससँग कामदेवको सम्बन्ध रहेको नदेखिएकाले नोलीको कथन अनुचित सिद्ध हुन्छ ।

सर्वप्रथम हाम्रो ध्यान मूर्तिको ऊर्ध्वलिङ्गात्मक स्वरूपतिर आकृष्ट हुन्छ । ऊर्ध्वलिङ्गात्मक रूप महादेवको विशेषताका रूपमा चलिआएको देखिन्छ । महादेवको ऊर्ध्वलिङ्गात्मक स्वरूपको उल्लेख महाभारतमा (१३-१७-४६) भएको छ । पछि महादेवको त्यो विशेषता उनकै अवतार मानिएका लकुलीशको मूर्ति (जुन नेपालमा छत्रचण्डेश्वरको रूपमा प्रख्यात छ)सँग सम्वद्ध गरियो । विश्वकर्मावतार शास्त्रको भनाइअनुसार लकुलीश ऊर्ध्वमेढ्र पद्मासनमा बसेका, दाहिने हातमा मातुलिङ्ग (बिमिरो) तथा देब्रे हातमा दण्ड लिएका भनिएको

छ । उक्त विवरणबाट ऊर्ध्वमेढ्रात्मक स्वरूप लकुलीशकै मूर्तिमा हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । यस कथनबाट तथाकथित छत्रचण्डेश्वर लकुलीश नै हो भनेर पनि स्पष्ट हुन्छ ।

नेपालमा पाइने छत्रचण्डेश्वरको मूर्ति र मथुरामा प्राप्त लकुलीशको मूर्तिमा धेरै मिल्दा कुरा देखिन्छन् । नेपालका छत्रचण्डेश्वर मूर्ति तथा कथित मातुलिङ्ग मूर्तिको तिघ्रासँग जोडिएको देखिन्छ । यसैगरी जटाजूट, त्रिनेत्र तथा मूर्तिको पीठको ढुङ्गामा निर्मित त्रिशुल, हातको स्थिति र हातका वस्तु पनि दुवैको समान रूपमा बनाइएका देखिन्छन् । उक्त दुईमा केही अन्तर पनि छन् । जस्तो, मथुराको मूर्तिमा उपर्ना (पछ्यौरा) तथा अधरीय दुवै बनाइएका छन् तर नेपालको मूर्तिमा खाली अधरीय देखिन्छ । चित्रमा मूर्तिको घुँडामाथि लुगा बनाइएको देखिन्छ । यसरी हेर्दा उक्त दुई मूर्तिमा केही विषमता पनि छ । यो विषमता त्यहीँ मात्र सीमित छैन । लकुलीशको मूर्तिलाई छत्रचण्डेश्वर भन्ने र यसलाई शिव मन्दिरनेर आवश्यक रूपले स्थापना गर्ने कुरा पनि नेपालकै विशेषता रहेको देखिन्छ । यसबाट नेपालमा लकुलीश पाशुपत सम्प्रदाय निकै बलियो र प्रभावशाली रहिआएको स्पष्ट बुझिन्छ । अर्को कुरा के भने भारतमा लकुलीशका बसेका मूर्ति प्रायः पाइन्छन् । उठेका कम पाइन्छन् । तर नेपालमा बसेका लकुलीशको मूर्तिको अभाव छ ।

छत्रचण्डेश्वर अभिलेखका प्रतिष्ठाता आचार्य प्रणर्द्दन थिए र लकुलीश पाशुपत सम्प्रदायका थिए भन्ने कुराको केही वर्णन माथि नै परिसकेको छ । प्रथम छत्रचण्डेश्वर अभिलेखबाट आचार्य प्रणर्द्दन नै छत्रचण्डेश्वरको मन्दिर (?) का जिम्मावाल रहेका बुझिन्छ, किनभने उक्त अभिलेखमा प्रणर्द्दनले छत्रचण्डेश्वरको 'कु' नामक गाउँमा कुलो बनाउनका लागि मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको परिषद्मा वाराहस्वामी, सोमखड्डुक (सोमसिद्धान्त सम्प्रदायका

अनुयायी)हरूलाई जग्गा दिएका थिए । यस विवरणबाट लकुलीश पाशुपत सम्प्रदायको निकै माननीय स्थान रहेको बुझिन्छ । श्लोकको प्रारम्भमै साङ्ख्य दर्शनसँग मिल्दो विचार व्यक्त गरिएको छ ।

'सकलगुणगणं प्रधानं क्षोभयित्वा' मा सकुलकुणको तात्पर्य तीन गुणहरू (सत्व, रज र तम)सँग भएको बुझिन्छ । साङ्ख्य दर्शनअनुसार प्रकृतिमा सत्व, रज तथा तम - यी तीन साम्यावस्थामा रहन्छन् । जब तीनै गुणको साम्यावस्थामा अन्तर आउँछ तब संसारमा सृष्टि हुन थाल्छ । माथि उद्धृत वाक्यमा सम्पूर्ण गुणले युक्त प्रधान (प्रकृति)लाई क्षुब्ध गरी तिनको साम्यावस्थामा अन्तर ल्याएर ब्रह्मादेखि स्थावरसम्मको सृष्टि गरे (ब्रह्मादि स्थावरान्तञ्जगदिमखिलं योसृजद्वि स्वरूपम्) । भाव यही हो कि पुरुषरूपी छत्रचण्डेश्वरले तिनै गुणहरूले युक्त प्रकृतिलाई क्षुब्ध पारेर ब्रह्मादेखि स्थावरसम्मको सृष्टि गरे । त्यसभन्दा अगाडिको चरणमा छत्रचण्डेश्वरलाई प्रलयकर्ताका रूपमा वर्णित गरिएको छ । श्लोकको अन्तिम चरणमा 'पायात्सोद्य प्रसन्नःस्मरतनुदहच्छत्रचण्डेश्वर वः' मा लकुलीश पाशुपत सम्प्रदायमा पाञ्चार्थिक दर्शनअन्त्तर्गत दुःखान्त हो भन्ने कुराको चर्चा त माथि नै गरिएको छ । आचार्य प्रणर्द्दनले अर्को एक छत्रचण्डेश्वर मूर्तिको स्थापना गरेका थिए र उक्त मूर्तिको पादपीठमा अभिलेख पनि उत्कीर्ण गराएका थिए । अभिलेख त निकै भग्न भएको छ तैपनि त्यसबाट प्रथम छत्रचण्डेश्वरको अभिलेखजस्तै केही दार्शनिक शब्द परेका छन् । उक्त अभिलेखको अन्त्यमा 'सुरासुरगरोः संसारपाशच्छिदः' लेखिएको छ । शैवदर्शनमा पनि पशु र पाशको धारणा छ । लकुलीश पाशुपत सम्प्रदायमा शैवदर्शनको प्रभाव कसरी पर्‍यो यो एक विचारणीय कुरा छ ।

यसरी हेर्दा नेपालमा लकुलीश पाशुपत सम्प्रदायको इतिहास गौरवपूर्ण र प्रभावकारी देखिन्छ । यसले पनि नेपाललाई प्रमुख

शैवतीर्थका रूपमा प्रख्यात गराउन राम्रो सहयोग गरेको बुझिन्छ ।

## पाशुपत उपसम्प्रदाय

केही लिच्छवीकालीन अभिलेखहरूमा केही विशेषणयुक्त पाशुपत सम्प्रदायको उल्लेख भएको छ, जसलाई पाशुपत उपसम्प्रदायका रूपमा लिनुपर्छ । अभिलेखमा उल्लिखित पाशुपत उपसम्प्रदाय निम्न हुन् -

**मुण्डश्रृङ्खलिक पाशुपत**
**श्रृङ्खलिक पाशुपत**
**वंश पाशुपत**
**दान पाशुपत**

यी नामहरूलाई पाशुपत उपसम्प्रदाय भनिएका कारण पाशुपत नामका अगाडि रहेका शब्द हुन् । यद्यपि क्रमको दृष्टिबाट पाशुपत सम्प्रदायको उल्लेख पाशुपत उपसम्प्रदायभन्दा पछि भएको देखिन्छ, तर यसको अर्थ यो हैन कि पाशुपत सम्प्रदायको प्राचीनताबारे विचार गरिसकेका छौँ ।

प्रत्येक पाशुपत उपसम्प्रदायको अलगअलग वर्णन तल प्रस्तुत गरिन्छ -

## मुण्डश्रृङ्खलिक पाशुपत

मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको उल्लेख जिष्णुगुप्तको पालाको छत्रचण्डेश्वर अभिलेखमा भएको छ । मुण्डश्रृङ्खलिकको शाब्दिक अर्थ मुण्ड (टाउको)को माला हुन्छ । मुण्डमाला लगाउने कुराले यसको तान्त्रिक स्वरूप स्पष्टिन्छ ।

यस सम्प्रदायको कुनै किसिमको वर्णन उक्त अभिलेखमा छैन । अतः यस विषयमा हामी विशेष जान्ने स्थितिमा छैनौँ । तैपनि

यसबारे अनुमान गर्न सकिन्छ । यस सम्प्रदायको नामले स्पष्ट गर्न खोजेअनुसार यस सम्प्रदायमा मुण्डमालाको विशेष स्थान थियो । अनुमानतः यस सम्प्रदायका अनुयायीहरू मुण्डमालाधारी महादेवको पूजाआजा विशेष रूपमा गर्थे । यस्तै विशेषता भएको एक शैव सम्प्रदाय भारतमा 'कापालिक'का रूपमा प्रख्यात थियो । विचार गर्दा मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदाय पनि भारतको कापालिक सम्प्रदायजस्तै रहेको बुझिन्छ । कापालिक सम्प्रदायसँग नेपालको मुण्डश्रृङ्खलिक पाशुपात सम्प्रदायको तुलना गर्न सकिन्छ । श्रीमद्भागवतमा भवव्रती तपस्वीका रूपमा वर्णन गर्दै यिनीहरूलाई जटा, खरानी र हाड धारण गर्ने भनिएको छ - जसलाई कापालिक सम्प्रदायसँग सम्बद्ध गर्न सकिन्छ ।

रुद्राक्षारण्य महात्म्य तथा देवताविमर्षस्तुति (ने.सं.४६६, ईस्वी सम्वत् १३४६ मा लेखिएको) मा महादेवलाई मुण्डमालाधारीका रूपमा स्तुति गरिएको छ । जो मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको सिद्धान्तअनुसार रहेको बुझिन्छ, तर छत्रचण्डेश्वर अभिलेखमा मात्र एकैपल्ट उक्त सम्प्रदायको उल्लेख हुनु एक आश्चर्यजनक कुरा हो । अरू कुनै अभिलेखमा यसको पुनः उल्लेख नहुनु यस सम्प्रदायको इतिहासको सङ्केत त होइन भन्ने प्रश्न हाम्रो मनमा स्वभाविक रूपले उठ्न सक्छ । उक्त सम्प्रदायलाई मुण्डमालासँग सम्बद्ध गर्ने हो भने चाहिँ यस सम्प्रदायको इतिहास लामो भएको बुझिन्छ, किनभने मुण्डमाला लगाएका शिवका र भैरवका असङ्ख्य मूर्ति नेपाल उपत्यकाबाट प्राप्त भएका छन् ।

नेपाल उपत्यकामा रहेका मुण्डमाला लगाइएका असङ्ख्य भैरवमूर्तिका आफ्नै विशेषता छन् । त्यस्ता भैरवमूर्ति अन्यत्र कमै पाइन्छ । यो विशेषता मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको उच्च स्थिति रहेको बुझिन्छ । पहिलो कुरा त त्यस अभिलेखमा मुण्डश्रृङ्खलिक

पाशुपतहरूको परिषद्को वर्णन गरिएको छ र त्यसअन्तर्गत सोमसिद्ध तथा श्रृङ्खलिक पाशुपत सम्प्रदाय रहेका देखिन्छन् । उक्त विवरणबाट मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायले तात्कालीन धार्मिक क्षेत्रमा राम्रो प्रभाव जमाइसकेको बुझिन्छ र त्यसले आफ्नो कार्यक्रम सुचारू रूपले चलाउन एक परिषद् अथवा समिति खडा गरेको थियो । उक्त सम्प्रदायको नामसँग आचार्य शब्द जोडिएकाले त्यस सम्प्रदायको स्वरूपबाट पनि केही झल्को पाइन्छ । आचार्य शब्दले त्यस सम्प्रदायमा आचार्य परम्परा रहेको कुरा स्पष्ट हुन्छ ।

यस रूपमा मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको राम्रो इतिहास रहेको देखिन्छ, तर आज नेपालमा यस नामको कुनै सम्प्रदाय नभएकाले मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको के भयो भन्ने कुरा जान्न कठिन छ । हुन त आज औघडका रूपमा केही शैव जोगी देखिन्छन्, जसलाई हामी मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायसँग सम्बद्ध गर्न सक्छौँ, तर यस विषयमा पनि किटेर केही भन्न सक्ने अवस्थामा छैनौँ ।

## श्रृङ्खलिक पाशुपत

लिच्छवीकालमा श्रृङ्खलिक पाशुपत नामक एक पाशुपत उपसम्प्रदाय पनि चलेको देखिन्छ । जिष्णुगुप्तका पालामा आचार्य प्रणर्द्दनले उत्कीर्ण गराएको पशुपति छत्रचण्डेश्वर अभिलेखमा पहिलोपल्ट यसको उल्लेख भएको छ । पछि नरेन्द्रदेवको पशुपति शिवलिङ्ग अभिलेखमा पनि यस सम्प्रदायको उल्लेख भएको छ ।

उपयुक्त दुवै अभिलेख सप्तम शताब्दीका हुन् । अतः के अनुमान गर्न सकिन्छ भने उक्त समयमा नेपालमा श्रृङ्खलिक पाशुपत नामक एक पाशुपत सम्प्रदाय लोकप्रिय थियो । यसको स्थापना कहिले भयो भन्नेबारे ज्ञात छैन ।

सर्वप्रथम यस प्रसङ्गमा यस सम्प्रदायका आदर्श र स्वरूप केके थिए भन्ने एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ । माथि उल्लिखित दुवै अभिलेखहरूमा सम्प्रदायको नामबाहेक अरू केही पनि लेखिएको छैन । अतः यस परिस्थितिमा यस सम्प्रदायको राम्रो परिचय दिन सम्भव छैन ।

श्रृङ्खलिक पाशुपत सम्प्रदायको श्रृङ्खला लगाउने धारणामा मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको प्रभाव परेको हुन सम्भव छ । यसै कारणले प्रारम्भमा यस सम्प्रदायको स्थिति त्यति उच्च नरहेको अनुमान हुन्छ । छत्रचण्डेश्वर अभिलेखमा त लकुलीश पाशुपत सम्प्रदायका आचार्यले मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायलाई आफ्नो अधीनमा काम गराएको बुझिन्छ । 'श्रृङ्खलिक पाशुपतिनां' मा श्रृङ्खलिक शब्द 'पाशुतानां' शब्दको विशेषण हो । अतः अनुमानतः उक्त अभिलेखले शब्दद्वारा यस्तो पाशुपत सम्प्रदायतिर सङ्केत गरेको बुझिन्छ, जो कुनै न कुनै रूपमा श्रृङ्खला अथवा सिक्रीसँग सम्बद्ध थियो । सम्भवतः यस सम्प्रदायका अनुयायीहरू शिवलाई श्रृङ्खला धारण गर्ने रूपमा पूजा गर्थे । आफ्नो शरीरमा पनि श्रृङ्खला लगाउँथे । यस्तै कर्मकाण्डका आधारमा सम्प्रदायको त्यस्तो नाम रहेको अनुमान गर्न सकिन्छ । अतः के स्पष्ट हुन्छ भने यस सम्प्रदायको स्थिति त्यस बेलामा त्यति उन्नत भइसकेको थिएन ।

नरेन्द्रदेवका पालामा यस सम्प्रदायको विशेष उन्नति भएको बुझिन्छ । नरेन्द्रदेवको पशुपति शिवलिङ्ग अभिलेखमा यस सम्प्रदायको उल्लेख भएको छ । त्यस अभिलेखको 'श्रृङ्खलिक पाशुपतानांग्लाननैः' वक्तव्य विचारणीय छ । ग्लान शब्दको अर्थ त दुःख हुन्छ । तब के उक्त अभिलेखमा अनुयायीहरूलाई दुःख दिन्थे भन्ने कुरा मान्ने ? फेरि त्यसै प्रसङ्गमा लेखिएको 'सस्यारिदत्तवर्षकस्तत्रैव'को पनि राम्रो अर्थ गर्न सकिँदैन । यी दुई शङ्काहरूबाट अभिलेखको पाठशुद्धतामा

पनि शङ्का उठ्नु स्वाभाविक छ । अभिलेखका सम्पादक नोलीले यसको भाषालाई भ्रष्ट संस्कृत भनेका छन् । अतः यसको राम्रो अर्थ यस स्थितिमा गर्न सकिँदैन ।

नेपाल उपत्यकामा अनेक भैरवमूर्तिअनुसार श्रृङ्खला लगाउने परम्परा पुरानो मानिन्छ । उपत्यकामा हुने अनेक जात्राहरूमा नेवारहरू चाँदीको सिक्री लगाएर हिँड्छन्, जसको सम्बन्ध अनुमानतः श्रृङ्खलिक पाशुपत सम्प्रदायसँग रहेको बुझिन्छ ।

हनुमानढोकामा रहेको आकाशभैरवको घाँटीमा सिक्री बनाइएको छ, जसको सम्बन्ध श्रृङ्खलिक पाशुपत सम्प्रदायसँगै रहेको हुन सम्भव छैन । भैरव शिवकै अर्को रूप हुन्, त्यसैले भैरवको मूर्तिमा श्रृङ्खला हुनुले अनुमानलाई केही पुष्टि प्राप्त हुन्छ । नेपाल राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित गणेशको एक मूर्तिमा घाँटीमा पनि सिक्री बनाइएको छ ।

नेपालको राष्ट्रिय चाड इन्द्रजात्रामा सडक र गल्लीगल्लीमा राखिने भैरवका घाँटीमा पनि सिक्री बनाइएका मूर्तिहरूलाई हेर्दा श्रृङ्खलिक पाशुपत सम्प्रदायको अति लोकप्रियता स्पष्ट हुन्छ ।

श्रृङ्खला लगाउने धारणामा कुन किसिमको धार्मिक भावना थियो भन्ने कुरा स्पष्ट छैन । मुण्डश्रृङ्खलाका आधारमा यसको विकासको सम्भावनाबारे माथि चर्चा गरिसकिएको छ ।

शैव दर्शनमा 'पाश' शब्द निकै लोकप्रिय छ । अतः सम्भवतः पाशकै कुनै न कुनै सम्बन्ध श्रृङ्खलाको दर्शनमा पनि रहेको हुनुपर्छ । यस रूपमा श्रृङ्खलाको दार्शनिक अर्थ निकाल्न सकिन्छ ।

यस प्रसङ्गमा नेपालमा वंशावलीहरूमा भएका केही धार्मिक चर्चाको उल्लेख गर्नु आवश्यक छ । अनेक वंशावलीहरूमा अनेक राजा र देवताको उल्लेख गरी ताम्रश्रृङ्खली संछादनकृतम् या सुवर्णश्रृङ्खलीले ढाकिदिए भनी वर्णन गरिएको छ । जस्तो केशर

वंशावलीमा शिवदेव नामका राजाले पशुपति भट्टाकारलाई सुवर्णश्रृङ्खलीले ढाकिदिए भनी वर्णन गरिएको छ । गोपाल वंशावलीअनुसार जीवगुप्त नामका राजाले विष्णुलाई सुवर्णश्रृङ्खलाले संछादित गरेका थिए । गोपाल वंशावलीको उद्धृत भागको अनुवादमा श्रृङ्खला शब्दको अर्थ पाता गरिएको छ, तर यस किसिमको अनुवाद गर्नु उचित होइन जस्तो लाग्छ, किनभने नेपालका मन्दिरहरूमा सुनका र तामाका पाता हाल्ने परम्परा देखिँदैन । पित्तलका पाता मात्र नेपालका मन्दिरहरूमा लगाइएका देखिन्छन् । पुनः वंशावलीकारको उक्त वर्णन प्रसङ्गमा मन्दिरको उल्लेख कतै भएको छैन । केवल विष्णु अथवा पशुपति भनिएको छ । अतः वंशावलीहरूको वर्णन राजाहरूद्वारा शिव अथवा विष्णुको मूर्तिमा श्रृङ्खला चढाउने कुराको औचित्यको चर्चा हुनु आवश्यक छ, किनभने श्रृङ्खलिक पाशुपत सम्प्रदायको कर्मकाण्ड वैष्णव देवताको सम्पर्कमा कसरी आयो भन्ने प्रश्न उठ्न सक्छ । विष्णुलाई श्रृङ्खला चढाउने व्यक्तिहरूको आदर्श श्रृङ्खलिक पाशुपत सम्प्रदायबाट ग्रहण गरिएको बुझिन्छ । अथवा श्रृङ्खला श्रृङ्खलिक पाशुपतहरूको विशिष्ट मान्यताका रूपमा प्रख्यात भएको यसलाई वैष्णवहरूले पनि ग्रहण गरेको हुनु सम्भव छ । वंशावलीहरूमा पनि विष्णुलाई भन्दा शिवलाई श्रृङ्खला चढाएको उल्लेख धेरै आएको देखिन्छ ।

यसरी विचार गर्दा नेपालमा श्रृङ्खलिक पाशुपत सम्प्रदायको इतिहास निकै महत्त्वपूर्ण रहेको ज्ञात हुन्छ । भारतमा पनि धार्मिक परम्पराको लामो इतिहासमा यस नामको सम्प्रदायको विशेषता स्पष्टिन्छ । पछि अध्ययन बढ्दै जाँदा यस सम्प्रदायको राम्रो इतिहास बताउन सकिने आशा गर्न सकिन्छ, किनभने आजसम्म नेपालमा उत्खनन र पर्यवेक्षण वैज्ञानिक रूपले हुन पाएको छैन ।

## दान पाशुपत

दान पाशुपत सम्प्रदायको उल्लेख नरेन्द्रदेवको पशुपति शिवलिङ्गाभिलेखमा मात्र भएको छ । उक्त अभिलेख ७०२ वि.सं. ( तथाकथित अंशुवर्मा सम्वत् ६९) को हो । अतः के कुरा स्पष्ट हुन्छ भने विक्रम सम्वत्को आठौं शताब्दीको प्रारम्भमा नेपालमा दान पाशुपत सम्प्रदाय थियो । अभिलेखमा दानापाशुपताचार्य (दान सम्प्रदायका आचार्य) भनिएको छ । अतः उक्त विवरणबाट उक्त सम्प्रदायको अवस्थितिको दान हुन्छ ।

उक्त अभिलेखमा सम्प्रदायको नामसँग आचार्य शब्द जोडिएकाले यस सम्प्रदायमा पनि मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको जस्तै आचार्यपरम्परा रहेको बुझिन्छ । यसका अरू कार्यक्रमहरू पाशुपत सम्प्रदायभन्दा भिन्न वा समता थियो भन्ने कुरामा हामी पूर्ण अज्ञानमा छौं ।

अभिलेखमा यस सम्प्रदायको उल्लेख भएकाले यसको तत्कालीन धार्मिक समाजमा राम्रो स्थिति बुझिन्छ । यद्यपि उक्त अभिलेखको भाषाको अर्थ राम्ररी गर्न सकिंदैन, जसबाट हामी दान पाशुपत सम्प्रदायको राम्रो वर्णन प्रस्तुत गर्न सकौं । त्यस अभिलेखको निरीक्षणबाट दान पाशुपत सम्प्रदायका आचार्य दक्षिणतिलदुको त्यसै अभिलेखमा उल्लिखित श्रृङ्खलिक पाशुपतहरूसँग केही सम्बन्ध रहेको बुझिन्छ ।

यस सम्प्रदायको नाम भारतीय पाशुपत सम्प्रदायमा नदेखिनुले नेपालमा यसको मौलिकता ज्ञात हुन्छ तर यसको स्थापना, विकास र पतन कसरी भयो आजसम्म ज्ञात हुन सकेको छैन । एउटै अभिलेखमा यसको उल्लेख भएकाले यसको अगाडिपछाडिको स्थिति अस्पष्ट हुन गएको हो । आज नेपालमा यस नामको कुनै पाशुपत सम्प्रदाय रहेको थाहा नपाइएकाले यसको पतन कसरी भयो र यो

कसरी लुप्त भयो भन्ने प्रश्न हाम्रो मनमा उठ्छ, तर आजसम्म प्राय: ऐतिहासिक सामग्रीहरूले उत्सुकता मेटाउन कुनै किसिमको सहायता गरेका देखिएको छैन ।

## वंश पाशुपत

यस सम्प्रदायको उल्लेख शिवदेव द्वितीयको लगनटोल अभिलेखमा भएको छ । अभिलेखमा वंश पाशुपतका रूपमा यस सम्प्रदायको नाम मात्र पाइन्छ । अभिलेखको वंश शब्दबाट विशेष अर्थ ग्रहण नहुने भएकाले यसलाई वंशका रूपमा लिई अध्ययन गर्छौं । वंश विशेषणका आधारमा यस सम्प्रदायलाई अथवा यसका अनुयायीहरूलाई वंशपरम्परात्मक रूपमा रहेको मान्न सक्छौं । कुनै अर्को किसिमको पाशुपत सम्प्रदायसँग भेद गर्ने नै वंश शब्दको प्रयोग पनि भएको हुन सक्छ । वंश पाशुपत नाममा पाशुपत सम्प्रदायमा नयाँ दीक्षित हुने व्यक्तिहरूसँग भेद गर्ने प्रयत्न पनि यसमा देखिन्छ, तर अभिलेखको पाठअनुसार वंश पाशुपतको पनि राम्रो अर्थ ग्रहण हुन सक्छ । वंशले आफ्ना इन्द्रियहरूलाई वश गर्ने र ध्यान गर्ने कुराको सङ्केत भएको पनि हुन सक्छ । वंश नै ग्रहण गर्नाले यसको राम्रो अर्थ हुन सक्छ । वास्तवमा यस वश (वंश) लाई पाशुपत सम्प्रदायको खास एउटा नामका रूपमा नलिई स्थान नामका रूपमा लिनुपर्ने हुन्छ । उत्तर भारतको प्रयाग (इलाहाबादका रूपमा बढी चिनिने) क्षेत्रलाई वंशदेश भन्ने प्राचीन परम्परा पाइने हुनाले माथि चर्चित नामलाई पनि त्यसैसित मिलान गरेर हेर्दा तथ्य स्पष्ट हुन सक्ने देखिन्छ । वंश देशसित सम्बन्धित हुनाले पाशुपत् सम्प्रदायको नामका अगाडि परिचयका निम्ति त्यसको प्रयोग भएको हुनुपर्ने देखिन्छ । यसबारेमा पछि अरू कुरा स्पष्ट हुँदै जाने विश्वास गरिएको छ ।

अभिलेखको .. व (वं) शपाशुपताचार्येभ्य:' का आधारमा यस

सम्प्रदायमा पनि मुण्डश्रृङ्खलिक र दानपाशुपत सम्प्रदायको झैँ आचार्य परम्परा रहेको बुझिन्छ । उक्त अभिलेखमा लिच्छवी राजा शिवदेव (द्वितीय)ले आफूले स्थापना गरेको शिवदेवेश्वर भट्टारकको मन्दिरमा प्रबन्धका लागि वंश पाशुपत सम्प्रदायका आचार्यहरूलाई अग्रहार दिएको कुरा वर्णन गरिएको छ । शिवदेवले पनि 'भगवत्पशुपति .............' उपाधि लिएका थिए । यसैले उनले आफूले स्थापना गरेको मन्दिरको प्रबन्धका लागि एक पाशुपत सम्प्रदायका अनुयायीहरूलाई नियुक्त गरेका थिए । यस किसिमबाट वंश पाशुपत् सम्प्रदायले राज्याश्रय पाएको बुझिन्छ, जसबाट त्यसले राम्रो उन्नति गर्ने अवसर पाएको होला भन्ने अनुमान गर्न सक्छौं । भारतमा पनि यस नामको कुनै पाशुपत सम्प्रदाय चलेको थाहा नपाइएकाले यो मौलिक रहेको ज्ञात हुन्छ । यद्यपि यस सम्प्रदायका विशेषता अस्पष्ट नै रहेका छन् ।

अरू पाशुपत सम्प्रदायको जस्तै यसको पनि स्थापना विकास र वर्णन बारे केही ज्ञात छैन ।

## सोमसिद्धान्त सम्प्रदाय

छत्रचण्डेश्वर अभिलेखमा 'सोमख्डड्डुक' शब्द उल्लेख भएको छ, जुन तत्कालीन नेपालमा सोमसिद्धान्त सम्प्रदायको अवस्थितिको सङ्केतक हो । यस सम्प्रदायमा महादेवलाई विशेष रूपले चन्द्रमासँग सम्वद्ध गरिन्छ ।

आधुनिक विद्वानहरूले सोमसिद्धान्त सम्प्रदायको उत्पत्ति वित्रमको तेस्रो शतीतिर भएको मानेका छन् । आज यस सम्प्रदायसम्बन्धी साहित्य उपलब्ध भएको छैन, तैपनि अरू स्रोतबाट यो भारतमा निकै लोकप्रिय र पुरानो रहेको बुझिन्छ । भारतमा गुजरात यस सम्प्रदायको महत्त्वपूर्ण केन्द्रका रूपमा प्रख्यात थियो । नेपाल माहात्म्यअनुसार नेपालमा सोमसिद्धान्त सम्प्रदाय सत्ययुगदेखि नै चलेको थियो । यस

विवरणबाट नेपालमा यस सम्प्रदायको प्रचीनताबारे केही अट्कलन लगाउन सकिन्छ ।

सैद्धान्तिक दृष्टिकोणबाट यस सम्प्रदायको वैशेषिक सम्प्रदायसँग घनिष्ट सम्बन्ध रहेको थाहा पाइन्छ । यस सम्प्रदायका अनुयायीहरू शिवको चन्द्रशेखर मूर्तिको पूजा गर्थे र शिवको चन्द्रमासँग घनिष्ट सम्बन्धको कल्पना पनि गर्थे । चन्द्रशेखर मूर्ति पनि तीन ढङ्गका बनाइन्छन् ।

१. केवल मूर्ति - यस किसिमका मूर्तिमा शिवको मात्र मूर्ति बनाइन्छ ।
२. उमासहित मूर्ति, र
३. आलिङ्गन मूर्ति - यसमा शिवजी पार्वतीको साथ उभिएका वा आलिङ्गिक रूपमा बनाइन्छन् ।

नेपाल उपत्यकामा २ र ३ सङ्ख्याबमोजिम मूर्ति प्रशस्त पाइन्छन् । लिच्छवीकालका प्रसिद्ध नमुना शिवपार्वती फलक (हरगौरी फलक) लाई हामी आलिङ्गन र उमासहित दुवै शीर्षकमा राख्न सक्छौं । यस्ता असङ्ख्य फलक पशुपति, पाटन र काठमाडौं क्षेत्रमा पाइन्छन् । यस किसिमका फलकमा सबैभन्दा राम्रो र विशाल फलक पशुपतिमा नवदुर्गा मन्दिरनेर रहेको छ । उपत्यकामा रहेका भैरवका केही मूर्तिहरूमा शिरमा चन्द्रमा बनाइएका हुन्छन् । यो पनि सोमसिद्धान्त सम्प्रदायको प्रभावको सङ्केतक ज्ञात हुन्छ ।

छत्रचण्डेश्वर अभिलेखको विवरणबाट विक्रम सम्वत् सातौं शताब्दीमा नेपाल सोमसिद्धान्त सम्प्रदाय चलेको थाहा पाइन्छ । त्यहाँ यसको इतिहास निकै पुरानो भएको सम्भावना अनुमान गर्न सकिन्छ । नेपाल माहात्म्यको कथन पौराणिक ढङ्गको भए पनि साङ्केतिक रूपमा यस सम्प्रदायको प्राचीनता चाहिँ यसले बताएको छ ।

शिवदेव प्रथमको बनेपा अभिलेखमा पश्चिम चन्द्रेश्वरको उल्लेख गरिएको छ । जसले भाद्गाउँस्थित सोमेश्वर महादेवतिर सङ्केत गरेको हुन सक्छ । बनेपाबाट भाद्गाउँ पश्चिममै पर्छ । यदि यो विचार सत्यको सन्निकट मान्न सकिन्छ भने भाद्गाउँको सोमेश्वर निकै प्रचलित रहेको मान्न सकिन्छ । नेपाल माहात्म्यमा सोमेश्वर लिङ्गको वर्णन गरिएको छ, जसलाई हामी भाद्गाउँका सोमेश्वर नै मान्न सक्छौं । उक्त ग्रन्थमा उक्त सोमेश्वर लिङ्गको स्थापना स्वयम् चन्द्रमा (सोम)ले गरेका थिए ।

छत्रचण्डेश्वर अभिलेखपछि यस सम्प्रदायको इतिहास नेपालमा अस्पष्ट छ, तर त्यस कालमा अभिलेखमा शिवजीको स्तुति गर्दा चन्द्रमाको पनि विशेष स्थान भएको देखिने हुनाले सोमसिद्धान्त सम्प्रदायको अवस्थितिको चन्द्रधारण गर्ने रूपमा स्तुति गरिएको छ । रुद्रदेव र शिवदेवका पालाको पाटन त्यागलटोल गचाननी हरगौरी फलकको पादपीठको महादेवलाई पनि चन्द्रमौली भनिएको छ । तथाकथित हरगौरी फलकलाई हामी सोमसिद्धान्त सम्प्रदायमा लिन सक्छौं भन्ने कुरा माथि नै भइसकेको छ । मूर्ति सोमसिद्धान्त सम्प्रदायसँग सम्बद्ध हुनु र त्यसको पादपीठको अभिलेखमा चन्द्रमौली हुनु सोमसिद्धान्त सम्प्रदायकै परिचायक सिद्ध भएको देखिन्छ ।

प्रथम छत्रचण्डेश्वर अभिलेखबाट त्यस समयमा सोमसिद्धान्त सम्प्रदायका अनुयायीहरूको कापालिक (मुण्डश्रृङ्खलिक पाशुपत) सम्प्रदायसँग राम्रो सम्बन्ध रहेको थाहा पाइन्छ । त्यस अभिलेखमा यस सम्प्रदायका अनुयायीहरू मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायका आचार्यहरूको परिषद्अन्तर्गत काम गरिरहेका देखाइएका छन् ।

सोमसिद्धान्त सम्प्रदायको आभिलेखिक उल्लेख भारतमा सर्वप्रथम भीम द्वितीयको बेलाबेल अभिलेखमा भएको छ । उक्त अभिलेख ईस्वी सम्वत्को दशौं शताब्दीको हो । यस दृष्टिकोणबाट

छत्रचण्डेश्वर अभिलेख नै सोमसिद्धान्त सम्प्रदायको उल्लेख गर्ने पहिलो अभिलेख हुन आएको छ । यस रूपमा पनि यस अभिलेखको र सम्प्रदायको महत्त्व बढेको देखिन्छ । यसैले नेपाल माहात्म्यमा सोमलिङ्गको माहात्म्यको खुब राम्रो आकर्षक वर्णन प्रस्तुत गरिएको छ । यसरी हेर्दा सोमसिद्धान्त शैव सम्प्रदायको पनि तत्कालीन नेपालमा राम्रो स्थिति रहेको बुझिन्छ ।

**माहेश्वर सम्प्रदाय**

शङ्कराचार्यको कथनअनुसार माहेश्वर सम्प्रदायका अनुयायी पशुपतिलाई पाँच तत्त्वहरूका उद्घाटक मान्छन् । यसैका आधारमा आर.जी. भण्डारकर माहेश्वर सम्प्रदाय थियो भन्ने कुरा मान्नुहुन्छ । उहाँ पशुपति अथवा शिवलाई यस सम्प्रदायका संस्थापक मान्नुहुन्छ । यो सम्प्रदाय निकै पुरानो हो । इस्वी सम्वत्को प्रथम शताब्दीमा भएको कुषाण राजा विमा कदफिसस् माहेश्वर सम्प्रदायका अनुयायी थिए भन्ने कुरा उनका पैसाहरूले बताएका छन् । उनको पैसामा उनलाई माहेश्वर भनिएको छ ।

नरेन्द्रदेवको पशुपति बज्रघर र येङ्गुबहाल टोल अभिलेखमा उनलाई 'भगवत्पशुपति भट्टारकपादानुगृहीतः' र 'परममाहेश्वर' भनिएको छ । यस विवरणबाट नेपालमा माहेश्वर र पाशुपत सम्प्रदाय भिन्नभिन्न थिए भन्ने थाहा पाइन्छ । यद्यपि नरेन्द्रदेव दुवै सम्प्रदायको सम्मान गर्थे । महेश्वर र पाशुपत सम्प्रदाय भिन्नाभिन्नै थिए भन्ने कुराको प्रमाणस्वरूप वि.सं. १२७३ तिर सारिएको अमृतेश्वरपूजा नामक ग्रन्थको पुष्पिकावाक्य पनि छ । त्यसमा अरिमल्ललाई पशुपतिका अनन्य भक्त भनिएको छ र फेरि उनलाई परममाहेश्वर पनि भएको छ । यस विवरणबाट भण्डारकरको मतको आंशिक विरोध हुन्छ कि पाशुपत र माहेश्वर सम्प्रदाय एकै थिए ।

मध्यकालीन नेपालमा माहेश्वर सम्प्रदाय निकै लोकप्रिय रहेको बुझिन्छ । वि.सं. १३१७ तिर लेखिएको महालक्ष्मीव्रतको पुष्पिकावाक्यमा जय भीमदेवलाई परममाहेश्वर भनिएको छ । अरिमल्ल पनि माहेश्वर सम्प्रदायका अनुयायी थिए भन्ने कुराको उल्लेख माथि नै भएको छ, यद्यपि उनी नरेन्द्रदेवजस्तै पशुपतिलाई मान्थे । विक्रम सम्वत्को पन्ध्रौं शताब्दीमा भएका मल्लराजा ज्योतिर्मल्ल पनि माहेश्वर सम्प्रदायका अनुयायी थिए । ने.सं. ५३७ (वि.सं. १३७४) मा सारिएको आख्यान रत्नकोशमा उनलाई दुईपल्ट माहेश्वर भनिएको छ । जसबाट उनी माहेश्वर सम्प्रदायका अनन्य भक्त रहेको स्पष्ट हुन्छ । धर्ममल्लको पालाको पशुपति त्यागलटोल अभिलेखमा जयसिंहराम बर्द्धनका भाइ महामात्य मदनराम बर्द्धनलाई पनि परममाहेश्वर भनिएको छ ।

यसरी अध्ययन गर्दा नेपालमा माहेश्वर शैव सम्प्रदाय पनि चलेको थाहा पाइन्छ ।

## वीरशैव सम्प्रदाय

वर्तमान नेपाली समाजमा जङ्गम थर भएको एउटा सामाजिक वर्ग पनि सम्मिलित रहेको पाइन्छ । मूल थलो भक्तपुर र पनौती रहेका जङ्गमहरू हाल अन्यत्र पनि बसाइँ सरेका होलान् । जङ्गम थर भएका व्यक्तिहरू 'वीरशैव' अथवा 'लिङ्गायत' शैव सम्प्रदायका अनुयायी हुन्छन् । उक्त शैव सम्प्रदायको उत्पत्तिस्थल दक्षिण भारतको कर्णाटक क्षेत्र हो, तर ऐतिहासिक कालहरूमा त्यस सम्प्रदायका अनुयायीहरू भारतमा यत्रतत्र र नेपालमा पनि काठमाडौं उपत्यका क्षेत्र र पूर्वबनेपा पनौतीतिर बसोबास गर्न थालेको प्रमाणहरू पाइन्छन् ।

## वीर शैव अथवा लिङ्गायत शैव

मध्यदक्षिणी भारतको मैसुर प्रान्तअन्तर्गत चित्तलदुर्गलगायतका क्षेत्रबाट मध्यकालमा बाह्रौँ शताब्दीतिर वीरशैव अथवा लिङ्गायत शैव सम्प्रदाय स्थापना गरिएको इतिहासमा बताएको छ ।

वीरशैव अथवा लिङ्गायत शैव सम्प्रदायको आरम्भ 'आराध्य' अथवा अत्यन्त सम्माननीय ब्राह्मणहरूबाट भएको र त्यसमा वैदिक र स्मार्त परम्परा मान्ने गरिएकामा पछि त्यस परम्परामा सुधार भएको हुनाले उक्त सम्प्रदायमा मुख्य दुई धारा रहेको पाइन्छ । यस सुधारको कारणबाट आराध्यवादी र अन्य वीरशैवहरूमा निकै वैमनस्यको अवस्था हुने गरेको पाइन्छ, तर दुवै समूहमा भगवान् शिवको विशेष भक्ति गर्ने र सानो शिवलिङ्ग घाँटीमा धारण गर्ने कुरामा भने समानता रहन्छ । लिङ्ग धारण गर्ने कारणले सम्प्रदायको नाम लिङ्गायत रहन गएको मानिन्छ । यो सम्प्रदाय मान्नेहरूले छोरा वा छोरीको उपनयन गर्ने बेला जनैमा सानो शिवलिङ्ग जोडिएको हुन्छ र यस कृत्यलाई 'लिङ्गस्वायत्तदीक्षा' भनिन्छ ।

लिङ्गायत सम्प्रदायको सामाजिक व्यवस्थामा चार वर्ग हुनेमा पहिला जङ्गम अथवा पुरोहित हुन्छन् र तिनलाई आचार्य पनि भनिन्छ । जङ्गम वर्गमा पनि विरक्त वर्ग हुन्छ, जो ब्रह्मचर्य संन्यासी रूपमा रहने र मठ स्थापना गरेर आफ्नो सम्प्रदाय उपासनामा लीन रहने गर्छन् भन्ने थाहा पाइन्छ ।

वीरशैव सम्प्रदायको सबैभन्दा ठूलो मठ दक्षिण भारत मैसुर चित्तलदुर्गमा अवस्थित छ । त्यस मठमा मुख्य महन्तको ठूलो मानसम्मान हुन्छ ।

उपरोक्त विवरणका आधारमा भन्ने हो भने भक्तपुरका मठधारी जङ्गमहरू विरक्त अथवा ब्रह्मचर्य संन्यासीका रूपमा पहिले रहेका र पछि उनीहरू दशनामी संन्यासीजस्तै गृहस्थ हुन गएका अनुमान

गर्न सकिन्छ ।

आराध्य वीरशैवहरू भगवान् शिवका ठूला भक्त हुने र वैदिक-स्मार्त परम्परा मान्ने खालका हुन्छन्, जुन सुधारवादी सम्प्रदायका अनुयायीको धारणाभन्दा एकदम विपरीत हो, तर कालक्रममा कट्टर ब्राह्मणकारी आराध्यहरूमा पनि परम्परावादी र सुधारवादीका रूपमा वर्गभेद बन्न गएको थियो ।

सुधारवादी वीरशैवहरूमा छोरीको पनि उपनयन अथवा व्रतबन्ध गरिने, विधवा विवाह हुन सक्ने र रजस्वला नबार्नेजस्ता नौलो चलन छ । नेपाली जङ्गमहरूले यस्ता केही चलन मानिआएका पाइन्छ ।

*(सन्दर्भ स्रोत - नेपालको धार्मिक इतिहास, प्रा.डा. जगदिशचन्द्र रेग्मी, पृ.१३-६९) ।*

# काश्मिरी शैव दर्शन

भारतको काश्मिर प्रारम्भदेखि नै धर्म तथा उपासनाको महत्त्वपूर्ण स्थल रहेको पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने जनसमाजमा प्रारम्भदेखि नै अनेक देवीदेवता तथा शक्तिपीठहरूको पूजा गर्ने परम्परा रहिआएको छ । एक भारतीय विद्वानले ऐतिहासिक तथ्यका आधारमा तेस्रो तथा चौथो शताब्दीतिर नागपूजाको प्रचलन प्रमुख रहेको मत अगाडि सारेका पाइन्छ । प्रथम शताब्दीदेखि सातौं शताब्दीसम्म अन्य धार्मिक मतहरूको अलावा बौद्ध धर्म नै प्रमुख प्रचलनमा रहेको पाइन्छ । सातौं शताब्दीपछि बौद्ध धर्मको क्रमशः ह्रास हुन थाल्यो र सोही समयदेखि नै काश्मिरी शैवदर्शनले आफ्नो प्रवल मत अद्वैतवादमार्फत् शैव दर्शनको चिन्तनमा अत्यधिक प्रभाव पारेको देखिन्छ । बौद्ध मत दार्शनिक हिसाबले दुरवस्थामा जाँदै गर्दा शैव मतले काश्मिरमा बिस्तारै आफ्नो स्थान बनाउन सुरु गरेको पाइन्छ । पछि यही कुरा विकसित भई शैव मतमा दार्शनिक प्रवृत्तिहरूको प्रचार-प्रसार भएर शैव मत एक पुष्ट दर्शनका रूपमा खडा भएको पाइन्छ ।

कश्मिरमा शैवदर्शन तथा शैवधर्मको स्थापना यही समयबाट सुरु भयो भन्ने कुराको तथ्य र तिथिमिति उल्लेख छैन, तर त्यहाँ प्रचलित अद्वैतवादी शाखा नै काश्मिरी शैव दर्शनको प्रमुख शाखा मानिन्थ्यो । यसका साथै जसरी अद्वैतवादी शाखा प्रतिष्ठित हुँदै गयो त्यसै गरी द्वैतवादी शाखाको पनि पर्याप्त प्रचार-प्रसार भएको पाइन्छ ।

एक भारतीय शैव विद्वानको भनाइअनुसार अद्वैतवादी शाखाभन्दा केही समयपूर्व काश्मिरमा द्वैतवादी शाखा विद्यमान थियो । पछि आएर द्वैतवादी र अद्वैतवादी शाखा दुईवटै समान ढङ्गले स्थापित हुन पुगे ।

शैव धर्मको अनेक पक्ष छ, जसले काश्मिर र शैव दर्शनलाई सर्वाधिक प्रभाव पारेको छ र अद्वैतवादको मूल स्वरूप निर्धारित पनि हुन पुगेको छ । शिव तथा शिवालाई अभिन्न मान्नु एउटा महत्त्वपूर्ण अद्वैतवादी पक्ष देखिन्छ । यस सिद्धान्तअनुसार व्यावहारिक ढङ्गले शिव र शिवामा भिन्न छ, तर पारमार्थिक रूपमा शिव-शिवामा भिन्न छैन । यी दुवै शाश्वत रूपमा अभिन्न छन् । अर्थात् शिव र शिवामा भिन्नता छैन । काश्मिरी शैवदर्शनमा यही मान्यता स्थापित हुन पुग्यो । अथवा शिव तथा शक्ति एकत्वका रूपमा प्रतिष्ठित हुन पुग्यो र यो मान्यता पनि स्थापित हुन पुग्यो कि शिव तथा शक्तिमा सर्वकालिन अभिन्नता छ । न त शिव शिवाबाट भिन्न छ, न शिवा शिवबाट भिन्न । यस रूपमा शैव दर्शनमा अर्धनारीश्वर अथवा अर्धनटेश्वरको धारणा पनि विकास हुन पुग्यो । यसमा पुरुष प्रकृतिलाई अभिन्न मान्ने धारणा विकसित हुन पुग्यो ।

भारतीय शास्त्र परम्परा श्रुति, स्मृति, पुराण तथा तन्त्रका रूपमा चार मूल भागमा विभक्त छ । आगम तन्त्र एक भाग हो । सम्पूर्ण शैव दर्शनको मान्यताको मूल आधार भनेको तन्त्र तथा आगम नै हो । शैव दर्शनका लागि तन्त्र तथा आगम अत्यन्त महत्त्वपूर्ण छ जति वैदिक ग्रन्थ वैदिक परम्पराका लागि महत्त्वपूर्ण छ । वेद वाङ्मयकै अनुसार आगमग्रन्थ पनि अपौरुषेय मानिन्छ । यस विषयमा पनि रचनाकार, काल तथा स्थानको यकिन गर्न कठिन नै छ । एक दक्षिण भारतीय विद्वानका अनुसार वेद तथा आगम दुईवटै सत्य हुन्, किनभने दुवै ईश्वरका वाणी हुन् । ती एक-दोस्राका विरोधी होइनन्,

पुरक हुन् । उनले आफ्नो धारणामा वेदान्त तथा सिद्धान्तमा कुनै भेद हुन्छ र त्यसलाई परीक्षण गरिन्छ भने कुनै प्रकारको अन्तर पाइँदैन तथा वेद गाई हो भने आगम गाईको दूध हो भनी चर्चा गरेका पाइन्छ । यस प्रकार जब आगमग्रन्थको प्रामाणिकताका बारेमा चर्चा गरिन्छ भने हामीले के पनि जान्न अनिवार्य छ भने यी ग्रन्थहरूमा शैव धर्मको एक विशिष्ट पक्षको निरूपण गरिएको छ, जुन यसको दार्शनिक पक्ष पनि हो ।

तन्त्र तथा आगमग्रन्थहरूले शैव दर्शनलाई एउटा महत्त्वपूर्ण वैचारिक आधार दिन्छन्, तथापि यिनको झुकाव दर्शनतर्फ नभएर शैव धर्मको उपासना पद्धतितर्फ अधिक देखिन्छ । आगमग्रन्थहरूमा एक विशेष स्थितिलाई देख्न सकिन्छ, जसअनुसार यसमा विभापाद जोडिएको छ र त्यहाँ दर्शनका विविध पक्षहरूको विवेचना गरिएको छ । ती पाद टिप्पणीहरूमा सर्वत्र धर्मका मान्यताहरूको अवधारणाका साथसाथै दार्शनिक पृष्ठभूमिका बारेमा विचार गरिएको छ । ती विचारहरूमा शिव तथा शक्तिको एकताको विचार नै सर्वत्र देख्न सकिन्छ, जुन शैवदर्शनको विचारको आधार हो ।

आगमग्रन्थ शैवदर्शनका लागि जुन प्रकारले मान्य छ, जसरी विविध दर्शन पन्थहरूका लागि उपनिषद् ग्रन्थ मूल्यवान पनि छ, जसरी उपनिषद्हरूको विविध विचार र मान्यताहरूलाई आधार बनाएर औपनिषदिक दर्शनहरूमा विविध पन्थ हुन पुग्यो, त्यसैगरी नै शैवागमहरूको विविध प्रकारका व्याख्याहरूबाट यस दर्शनको विविध सम्प्रदायहरूको प्रादुर्भाव हुन पुग्यो । यही रूपमा शैव दर्शन पनि द्वैतवादी, द्वैताद्वैतवादी र अद्वैतवादी शाखाहरूमा विभाजित हुन पुग्यो । यसैमा आधारित भएर यस दर्शनका अनेक शाखाहरूको उल्लेख्य भिन्नभिन्न विद्वानले शैव दर्शनका आठ प्रमुख शाखाहरू उल्लेख गरेका छन् । यी शाखाहरूमा पाशुपत द्वैतवाद, सिद्धान्त शैव

द्वैतवाद, लकुलीश, पाशुपतद्वैतादैतवाद, विशिष्टाद्वैत शैवमत, विशेषताद्वैत अथवा वीरशैवमत, नन्दिकेश्वर शैवमत र अद्वैतवादी काश्मिरी शैवमत छन् ।

एक अर्का भारतीय इतिहासकार विद्वानका अनुसार शैव दर्शनसँग सम्बन्धित सम्प्रदायहरूलाई एक-अर्कामा स्थान विशेषसँग जोडेर हेर्नुपर्छ । उनका अनुसार दक्षिण, पश्चिम तथा उत्तर भारतमा जुन प्रकारले शैवमतको प्रचार भएको छ, त्यही रूपमा यसलाई हेर्नुपर्छ । जस्तै, तामिल प्रदेशमा जुन शैवधर्मको प्रचार-प्रसार भयो, त्यसलाई आगम शैव भनिन्छ । त्यस्तै प्रकारले गुजरात क्षेत्रमा जुन शैवमतको प्रचार भयो त्यसलाई आगम शैव भनी उल्लेख गरियो । भारतको गुजरात क्षेत्रमा जुन शैव मतको प्रचार भयो त्यो पाशुपत मत हो । भारतको उत्तरी क्षेत्रमा विशेषतः काश्मिरमा प्रत्यभिज्ञाको उद्देश्य तथा बिस्तार भयो । यस रूपमा शैव मतलाई तीन शाखाहरू नै मान्न सकिन्छ ।

एक भारतीय विद्वानका अनुसार काश्मिर दर्शन दुई शाखामा विभाजित छ । पहिलो स्पन्द शाखा तथा दोस्रो प्रत्याभिज्ञा शाखा । यी दुवै शाखाको विचारको आधार भनेको अद्वैतवादी शैवतन्त्र हो । दुवै शाखाहरूको विचारमा समानता पनि छ । जगत् तथा यसको कारण, जीव र परतत्त्वको स्वरूपको विषयमा दुवैमा मतभिन्नता छ । स्पन्द शाखाका अनुयायीहरूको धारणामा साधकलाई पहिले भैरव वा महेश्वरको चित्त दर्शन हुने गर्छ र पछि समस्त निवृत्ति हुने गर्छ । यसबाट नै परमेश्वरको साक्षात्कार हुन्छ ।

प्रत्यभिज्ञा मतवादीहरूको कथनअनुसार जीवलाई स्वयम् ईश्वररूपमा प्रत्यभिज्ञान गर्नु नै शिवको साक्षात्कारको साधन हो ।

एक अर्का भारतीय विद्वान काश्मिरी शैव दर्शनलाई तीन शाखाहरूमा वर्णन गर्छन् । क्रम, कुल एवम् प्रत्याभिज्ञा । यी तीन

शाखामध्ये क्रम शाखा, प्राचीन मानिन्छ । क्रम शाखाको आरम्भकाल सातौँ शताब्दीको अन्तिम समय अथवा आठौँ शताब्दीको सुरुतिर मानिन्छ ।

प्रत्यभिज्ञा शाखाका दार्शनिक आचार्य सोमानन्दले कुल दर्शनको एक रचना परात्रिशिकामा एक वृत्ति लेखेका छन् । जसअनुसार कुल शाखाको अर्को शाखा पनि छ । ती आचार्यले उल्लेख गरेअनुसार यी तीनै शाखाहरूमा समानता तथा वैषम्य पनि छ । यीमध्ये प्रत्येक शाखाको आ-आफ्नो पृथकपृथक इतिहास छ तथा यसको गुरुपरम्परा पनि छ । यिनीहरूमध्ये प्रत्येकले आ-आफ्नै मत व्यक्त गर्छन्, जसमा परस्पर साम्य पनि र परस्पर वैषम्य पनि छ ।

# काश्मिरी शैव दर्शनको सिद्धान्त

शिवका जति पनि परमशक्तिहरू छन् तिनमा इच्छा, ज्ञान तथा क्रियाशक्ति प्रमुख छन् । शिवको एक प्रमुख शक्ति क्रियाशक्ति हो । यही शक्तिबाट सम्पूर्ण चिज आभाषित हुने गर्छ, अर्थात् आफ्नो स्थिति ज्ञात हुने गर्छ । यस शक्तिका तीन पक्षहरूलाई आख्यानशास्त्रहरूमा व्याख्या गरिएको पाइन्छ । यी तीन पक्ष भेदाभेद, मानतत्पलमेय तथा कार्यकारण हुन् । यी तीनमा पनि भेदाभेदलाई प्रमुख मानिन्छ । अन्य दुईवटामा यो (भेदाभेद) व्याप्त रहन्छ । यस दर्शनमा सम्बन्धको सिद्धान्त उल्लेख गरिएको छ, त्यो भेदाभेदकै नियम हो । यी तीनवटैसँग सम्बद्ध जुन क्रियाशक्ति हो, यसैबाट लोकव्यवहार चल्ने गर्छ ।

शिवको निर्माणशक्ति सत्य हो भन्ने यस दर्शनको मान्यता रहिआएको छ । त्यसैले यस शक्तिद्वारा निर्मित भएको धारणाअनुसार जगत् पनि सत्य छ । यस जगत्का हरेक अवयवहरूलाई किन सत्य भनेर उल्लेख गर्न सकिँदैन भने उत्पत्तिमा शिवको सत्य निर्माण हो र शक्ति हेतु हो । हेतु तथा कार्यमा भिन्नता सम्भव छैन । यसै प्रकारले यस दर्शनका दर्शनकारले अर्को मत पनि अघि सारेका छन् । जसअनुसार भेदाभेद अथवा सम्बन्धको नियम पनि सत्य छ, किनभने सम्बन्ध उनै परमेश्वरको स्वतन्त्र इच्छाको आभाष हो । सम्बन्ध थप तथा घटको जस्तो बाह्य हुँदैन, यो अनुभवकर्ताको अभावमा भर पर्छ । सम्बन्धको यस अस्तित्वलाई किन अस्वीकार गर्न

सकिँदैन भने यसको अनुभव सबैलाई सबै समयमा हुने गर्छ । यसमा कुनै पनि प्रकारको देश र काल बाधक छैन । यसै कारणबाट यो कल्पित तथा अयथार्थ होइन ।

सम्बन्धका विषयमा उल्लेख गरिएको छ - यसको पारमार्थिक स्थितिलाई लिएर अवश्य भ्रम हुन सक्छ, अथवा द्विविधा हुन सक्छ । तर यसको व्यावहारिक स्वरूपका सम्बन्धमा कुनै पनि प्रकारको भ्रमको सम्भावना देखिँदैन, किनभने यसको दैनिक व्यवहारबाट उसको सत्ता स्वतः सिद्ध छ ।

आचार्य अभिनव गुप्तको मतअनुसार सम्बन्ध व्यावहारिक जीवनको सत्यता हो तथा लोकव्यवहारको मूल पनि हो । जुन तरिकाले लोकव्यवहार चल्न सक्दैन अथवा सम्बन्धसत्ताको अस्वीकृतिबाट लोकव्यवहार पनि चल्न सक्दैन । यो व्यावहारिक जीवनको मर्म हो ।

काश्मिरी शैव दर्शनमा दुई प्रकारका सम्बन्धहरूको चर्चा गरिएको पाइन्छ । पहिलो कार्य-कारण भाव तथा दोस्रो ज्ञाप्यज्ञापक भावको सम्बन्ध । कार्य-कारणको सम्बन्धमा कर्तृकर्म भाव नै कार्य-कारण भाव हो भन्ने काश्मिरी शैव दर्शनको दृष्टिकोण रहेको छ ।

यस दर्शनको पारिभाषिक शब्दावलीमा कार्यलाई कर्म भनी उल्लेख गरिएको छ भने कारणलाई 'कर्ता' शब्द प्रयोग गरी यस दर्शनकर्ताले पूर्ववत अभिन्न रूपबाट विश्रान्तको आभाष उल्लेख गर्न चाहेको बुझिन्छ ।

यस दर्शनको सिद्धान्तअनुसार सबै प्रकारका भाव अथवा वस्तु स्वयम् भाषित छ, यसलाई आभाषित गर्ने होइन, केवल प्रेरित गर्ने कुराको मात्र आवश्यकता छ । यही कर्तारूप कारणको बर्हिभाषित रूप कार्य हो ।

काश्मिरी शैव दर्शनको अर्को मान्यताअनुसार लौकिक तथा अलौकिक कारणहरूमा इच्छाको प्रधानता हुन्छ । घटको निर्माणमा

कुञ्जाकारको इच्छा कारण हो । योगीहरूले पनि आफ्नो इच्छाअनुसार मात्र घटको निर्माण गर्छन् । यसै प्रकारले नै स्वीकार चेतनामा इच्छा रहन्छ तर चेतनामात्रलाई कारण स्वीकार गर्न सकिँदैन, किनभने त्यसमा क्रियाको अभाव हुने गर्छ अर्थात् कर्म सम्पादन गर्ने शक्ति हुँदैन भन्ने कुरा स्वीकार गरिएन ।

काश्मिरी शैव दर्शनले जब कारण-कार्यमाथि विचार गर्छ भने कर्ताको विचारमा नै कारणवादको सम्पूर्णता नभई अझ अधिक प्रतिपादन गर्न खोजेको पाइन्छ । यस दर्शनको तर्कअनुसार - जुनसुकै कर्तालाई कारण मान्न के त्यस्तो औचित्य छ, जसमा कर्म गर्ने इच्छा तथा कर्म गर्ने स्वतन्त्रता नभएको होस् । स्वतन्त्रता नै कर्ताको मूल आधार हो । स्वतन्त्र रूपबाट क्रियाको सम्पादन गर्न नसक्ने अवस्थामा कर्ताको परिकल्पना औचित्यहीन हुन जान्छ ।

कर्ताको स्वतन्त्रतामा पाँच शक्तिहरूको कथन पनि गरिएको छ । ती शक्तिहरू चित्त, आनन्द, इच्छा, ज्ञान एवम् क्रिया हुन् । यी पाँच शक्तिहरू आफैँमा स्वतन्त्र नभए पनि यसैमा सन्निहित भने छ । कर्ताद्वारा सम्पादित लौकिक तथा अलौकिक सबै प्रकारका कार्यहरूको सम्पादनमा शक्ति तथा शक्तिसञ्चय परमावश्यक पर्छ ।

एक भारतीय आचार्यका अनुसार घटको निर्माणकालमा कुम्भाकार हुनमा इच्छा तथा पञ्चशक्तिको समन्वय नै रहेको थियो । यी शक्तिहरूबिना घटको निर्माण सम्भव थिएन ।

कारणको यस स्थितिमा एक जिज्ञासा यसरी पनि प्रस्तुत गर्न सकिन्छ - यदि कर्ता नित्य हो तथा त्यसमा पञ्चशक्तिहरूको अवस्था पनि नित्य र सर्वदा हो भने कार्य उत्पत्ति सर्वकालीन देख्न किन सकिँदैन ? यस सम्बन्धमा यससँग सम्बन्धित दार्शनिक तथा विद्वानहरू प्रायः एकै सवालमा सहमत छन् - यही प्रश्न नै कर्ताको स्वतन्त्र भावको प्रमाण हो, यो क्रियामा स्वतन्त्र छ, यसबाट नै आफ्नो

चाहनाअनुसार क्रिया हुने गर्छन् ।

काश्मीरी शैव दर्शनको सिद्धान्तअनुसार केवल जड अथवा केवल चेतना पृथकपृथक रूपबाट कर्ता हुदैन, चित्तशक्तिबाट सम्पन्न कर्ता मात्र आफ्नो क्रियाशक्तिद्वारा विविध कार्यरूपहरू धारण गर्ने अथवा आभाषित हुनमा समर्थ हुने गर्छ । यस रूपमा कर्ताको एकत्त्व हानि हुन सक्छ, यस शङ्कालाई उपेक्षा गर्न सकिँदैन ।

एक भारतीय विद्वानको उदाहरणमा जुन प्रकारले दर्पण नगरमा हात्ती, कुकुर, बिरालो, नगर आदि अनेक प्रतिबिम्बहरू प्रतिविम्बित हुँदा पनि दर्पणको एकत्वमा कुनै प्रकारको हानि हुँदैन ठीक यसै प्रकारबाट एउटै कर्ताको विभिन्न रूपहरूमा आभाष प्राप्त हुने अवस्थाले उसको एकत्व भङ्ग हुँदैन ।

यही कारण काश्मिरी शैव दर्शनमा स्वतन्त्र चित्तशक्तिबाट सम्पन्नकर्ताको विशेषता भेद-अभेद तथा एकत्व-अनेकत्वजस्ता परस्पर विरोधी गुण रहन सक्छ भनी उल्लेख गरेको पाइन्छ ।

सम्बन्धको सामान्य स्वरूपको एक बिन्दु भनेको द्विष्ठ हुने गर्छ । यसलाई अनेक वस्तुहरूमा आधारित भएर पनि दुई भागमा बाँडिएको पाइन्छ । जस्तो - राजा र हस्ती एक अर्का वर्ग हुन्, यस दृष्टिकोणका आधारमा अनेक वर्ग तथा अवस्थामा पनि सम्बन्ध दुईका बीचमा हुने गर्छ भनी उल्लेख गर्न सकिन्छ । यसका अतिरिक्त सम्बन्धको विषयमा पनि सम्बन्ध केवल दुई समकालीन बाह्य वस्तुहरूमा मात्र नभएर पूर्वकालीन एवम् परकालीन दुई वस्तुहरू अथवा एउटै वस्तुको दुई विभिन्न अवस्थाहरूमा पनि हुन सक्छ भन्ने काश्मीरी शैव दर्शनको मान्यता रहिआएको छ ।

काश्मिरी शैव दर्शनको एक अर्को मान्यतामा अनेकतामा एकता अथवा भेदाभेदको स्थिति क्रियाशक्तिको एक पक्ष हो । भेदाभेद एक सामान्य वर्ग हो, जसमा केवल सम्बन्ध मात्र नभएर

क्रिया, जाति, द्रव्य तथा काल पनि निर्भर छ । यसैकारण सम्बन्ध र भेदाभेद सामान्य वर्गको एक विशेष वर्ग हो भनिएको छ ।

यस दर्शनले जगत्को बाह्य वस्तुमा एकता तथा अनेकता दुवैको अनुभूतिहरू सत्य हो भन्ने मान्छ । एकता तथा अनेकता दुईवटैको अनुभूति भिन्नभिन्न विषयहरूमा अथवा एउटै विषयका भिन्नभिन्न अवस्थाहरूमा हुन सक्छ भन्ने प्रतिपादन गरेको पनि पाइन्छ ।

यस दर्शनका विद्वानहरूले वस्तुहरूको एकत्व तथा अनेकत्व दुईवटै सत्य हो भनी उल्लेख गरेका छन् । परमात्मा भन्दा बाहिर कुनै वस्तुको आभाष हुन जान्छ भने त्यो बहिरेन्द्रियद्वारा संवेदित हुन्छ र त्यसै समय त्यो अनेक रूपहरूमा अनुभूत हुन थाल्छ । जब त्यही वस्तु परमात्मामा विद्यमान रहन्छ त्यो बाहिर आभाषित भइसकेपछि पनि पुनः परमात्मामा लिन हुन जान्छ र त्यहाँ एक हुन पुग्छ भनी उल्लेख गरेका छन् ।

भारतीय शैव दर्शनकारहरूका अनुसार परमात्माको स्वभाव विविध ज्ञानहरूमा सामाञ्जस्य गर्नु हो तथा परमात्माको स्वतन्त्र स्वभावको कारणले नै एकताको ज्ञानको प्रक्रिया चल्ने गर्छ । परमात्माको देखिने अर्को स्वतन्त्रता भनेको वस्तुहरूको भिन्नभिन्न स्वरूपका साथसाथै एक-अर्काका भिन्नभिन्न स्वरूपमा पनि वस्तुहरूको ज्ञान गराउँछ भन्ने मान्यता रहेको पाइन्छ ।

दर्शनकारहरू यसमा परमात्माको स्वतन्त्र स्वभावको अनुभूति तथा यसमा कुनै पनि प्रकारको विसङ्गति नभएको मान्छन् । सामान्यः हामी सङ्क्षेपमा तपसिलका कुराहरू देख्न सक्छौं -

(१) प्रारम्भमा वेद तथा उपनिषद्मा जुन देवरुद्रका रूपमा कठोर तथा रुवाउने थिए तिनै यस दर्शनमा एक विशेष विचारको केन्द्रबिन्दु बन्न पुगे ।

(२) यसको साथसाथै ती देवताहरूमा जुन शक्ति जोडिएको छ त्यो सृष्टि सृजनामा र यससँग सम्बन्धित कारणहरूमा सहायक हुन पुगेको छ ।

(३) शैव दर्शनको यो लामो परम्परामा एक विशेष कुरा हामी के देख्न सक्छौँ भने यसमा केवल वैचारिक आधार मात्र नभएर यसमा व्यावहारिक तथा आचारात्मक आधार पनि पुष्टि हुन गएको छ ।

(४) यही विचार तथा आचारको सामाञ्जस्यताका कारण शैव दर्शनलाई एक बहुव्यापी दर्शनका रूपमा पाउन सकिन्छ ।

# शिवपुराणको परिचय एवम् शिव स्वरूप

संस्कृत वाङ्मयको पुराण खण्ड आफ्ना कथा तथा विचारधाराहरूमा यति धेरै सार्थक र प्रभावकारी देखिन्छ - पौराणिक समयदेखि नै यसको महत्त्वपूर्ण प्रभाव देखिँदै आएको छ । हामी यहाँ के अनुमान गर्न सक्छौँ भने अठार पुराण तथा लगभग यति नै उपपुराणहरू यस्तो पौराणिक साहित्य निधि एवम् साँस्कृतिक दस्तावेज बन्न पुग्यो कि यसबाट देश तथा सामाजिक सम्पुष्टता र यसमा सांस्कृतिक प्रभुता अत्यधिक लामो समयसम्म सम्पन्न रही रहनेछ ।

## शिवपुराण

शिवपुराण एउटा यस्तो महत्त्वपूर्ण पुराण हो जसले सम्पूर्ण पुराणलाई तीन खण्डमा विभाजन गर्छ । ती विभाजन सात्विक, राजस तथा तामस हुन् । सात्विक पुराणमा प्रायः विष्णुको महत्त्वलाई अधिक रूपमा वर्णन गरिएको छ । राजस पुराणमा ब्रह्मा तथा अग्निको महत्त्वको वर्णन छ भने तामस पुराणमा शिवको वर्णन गरिएको पाइन्छ । गरुडपुराणमा यिनै तीन विभाजनको सात्विक आदि भेदहरू - उत्तम, मध्यम तथा अधम सात्विकजस्ता भेद गरिएको छ ।

पद्मपुराणले एक अन्य प्रकारको विभाजन गर्छ । यस पुराणअनुसार मत्स्य, कर्म, लिङ्ग, शिव, स्कन्ध र अग्नि - यी छ

प्रकारका पुराण तामस पुराण हुन् । ब्रह्माण्ड, ब्रह्मा, वैतर्त, मार्कण्डेय, भविष्य, वामन तथा ब्रह्मा - यी छ पुराण राजस पुराण हुन् । विष्णु, नारद, भागवत्, गरुड, पदम र वराह - यी छ सात्विक पुराण हुन् ।

यसरी हेर्दा यो वर्गीकरण विष्णुलाई सात्विक मानेर गरेको देखिन्छ । यस वर्गीकरणमा सात्विक, राजस तथा तामस पुराणहरूको सङ्ख्या समान रूपबाट देखिन्छ ।

स्कन्धपुराणको मतअनुसार अठार पुराणमध्ये दशवटा पुराणमा केवल शिवको स्तुति गरिएको छ । चारवटा पुराणमा ब्रह्मा, दुई पुराणमा देवी तथा हरिको स्तुति गरिएको पाइन्छ ।

यी विविध दृष्टिकोणलाई ध्यानमा राख्दै आधुनिक दृष्टिबाट पुराणहरूलाई छ भागमा वर्गीकरण गरिएको पाइन्छ । यसमा सबै पुराणहरू सम्मिलित छन्, जसले विविध मतहरूलाई त दर्शाउँछन्, तर वैज्ञानिक छैनन् ।

आधुनिक वर्गीकरणमा प्रथम वर्गमा ती पुराणहरूलाई उल्लेख गरिएको छ, जसलाई साहित्यको विश्वकोश भनी उल्लेख गरिएको पाइन्छ । ती पुराणहरूमा मानव समाजका लागि उपयोगी सबै विद्याहरूको आध्यात्मिक तथा भौतिक अंशहरू सङ्कलन गरिएको छ । यस्ता पुराणहरूमा गरुड, अग्नि र नारद पुराणलाई समाहित गरिएको छ । केही पुराणहरू यस्ता पनि छन्, जसमा विविध तीर्थ र व्रतहरू वर्णन गरिएको छ । ती पुराणहरूमा पद्म, स्कन्ध तथा भविष्य पुराणलाई गणना गरिएको छ । व्रत तथा तीर्थको वर्णन अन्य पुराणहरूमा पनि देखिन्छ, तर यी पुराणहरूमा भएको वर्णन विशेष रूपबाट गरेको पाइन्छ ।

अन्य केही पुराणहरूका विषयमा मूल भागबाट दुईदुई संस्करण भइसकेको बताइन्छ । यसको मूल भाग एकै भए पनि द्वितीय संस्करणमा अगाडि-पछाडि धेरै कुराहरू जोडिएको छ । जुन पछिल्लो

संस्करणका ऐतिहासिक पुराणहरू छन्, यिनमा कलियुगका राजाहरूको विशेष रूपबाट वर्णन गरिएको छ । यो वर्णन ऐतिहासिक दृष्टिकोण राखेर गरिएको छ भनी केही समालोचकहरू बताउँछन् । ती पुराणमध्ये वायुपुराण तथा ब्रह्माण्ड पुराणको अन्तः साम्य बहुत अधिक रहेको बताइन्छ । पुराणहरूको एउटा वर्ग यस्तो पनि छ जसमा साम्प्रदायिक पुराणहरूको अर्न्तभाव पाइन्छ । यसमा लिङ्ग, वामन तथा मार्कण्डेय पुराण पर्छन् । एक अर्को पुराणको वर्गीकरणमा मूल अंशहरूको मूल पाठहरू नै नरहने गरी संशोधन भएको भनी उल्लेख गरेको पाइन्छ ।

## समय

वायुपुराण तथा शिवपुराणका बीच कथावस्तुको भिन्नता भए पनि पुराण-गणनाका क्रममा कुन पुराणलाई चतुर्थ पुराणका रूपमा गन्ने भन्ने विवाद निरन्तर चलिरहेकै छ । शिवपुराण कति प्राचीन तथा वायुपुराण कति प्राचीन वा अर्वाचीन हो भन्ने कुरा पनि निरन्तर विवादित विषय रहँदै आएको छ । भारतको बम्बई वेङ्कटेश्वर प्रेस र पण्डित पुस्तकालय, काशीबाट पहिलो चोटि शिवपुराण प्रकाशित भएको थियो । शिवपुराणको विघेश्वर संहितामा र वायवीय संहिताको पूर्वार्धमा बाह्र संहिता तथा श्लोक सङ्ख्याको निर्देश प्रायः एक रूपमा गरेको पाइन्छ । यी संहिताहरूमा विघेश्वर, रौद्र, विनायक, ओम, मातृ, रुद्रैकाश, कैलाश, शतरुद्र, कोटीरुद्र सहस्त्रकोटी, वायुप्रोक्त र धर्मसंहिता पर्छन् ।

शिवपुराणका साथै कुनै पनि पुराणको रचनासमय यकिन गर्न कठिन छ । भारतको तमिल क्षेत्रमा शिवपुराणको प्रचलन तथा महत्त्व पुरानो समयमा निकै व्याप्त थियो । यो तमिल अनुवाद हाल उपलब्ध त छैन, तर यस पुराणको तीन विशिष्ट .आख्यानहरूको हस्तलिखित अनुवाद उपलब्ध भएको थियो । यसमध्ये वेङ्कटेश्वर प्रेसबाट जुन

शिवपुराण प्रकाशित भएको थियो त्यसमा शतरुद्रीय संहिताको दशबाट सुरु भएर बाह्रौं अध्यायसम्म उपलब्ध छ । यो तामिल अनुवादको रचयिता तिरूमल्लैनाथ मानिन्छ ।

आफ्नो भारत भ्रमणको समयमा अलवरूनीले सूचनात्मक सङ्केत दिएअनुसार पुराणहरूको सूचीमा शिवपुराणको नाम उल्लेख गरिएको पाइन्छ । एक सूचीमा उनले वायुपुराणको नाम दिएका छन् भने दोस्रो सूचीमा शिव पुराणको नाम दिएका छन् । अलवरूनीको सूचीमा शिवपुराणको नाम उल्लेख भएको आधारमा शिवपुराणको रचनाकाल इस्वी सम्वत् १२३० अगाडि मान्न सकिन्छ ।

शिवपुराणको रचनाकालका विषयमा एउटा अर्को सवाल यो पनि पाइन्छ - शिवपुराणमा प्रत्यभिज्ञा दर्शनका सिद्धान्तहरूको विषद् विवेचना गरिएको छ । यस विवेचनामा चैतन्यात्मा प्रथम शिवसूत्र हो र ज्ञानबन्ध दोस्रो शिवसूत्र हो । शिवसूत्रको उपलब्धीको श्रेय आचार्य वसुगुप्तलाई जान्छ । यिनै आचार्य वशुगुप्तका शिष्य कल्लट थिए, जो भारतका अर्वान्तवर्माको राज्यकालमा सिद्ध पुरुषको अवतार मानिन्थ्यो । वशुगुप्तको समयकाल इस्वी सम्बत् ८२५ को आसपास हुनुले शिवपुराण योभन्दा अगाडिको रचना मान्न सकिन्छ ।

यस्तै अर्को प्राप्त प्रमाणअनुसार ई.सं. ५५० मा तत्कालीन भारतको राजधानी कन्नौजमा राजा इशान वर्माको शासन थियो । उनको शासन कालमा बौद्ध, शैव र ब्राह्मण धर्मको प्रधानता थियो । बौद्धहरू महायानी थिए, शैवमा लकुलिस पाशुपात थिए भने ब्राह्मणमा वैदिक तथा पौराणिक कर्मकाण्डी थिए । यसबाट पनि शिवपुराण ई.स. ५५० भन्दा अगाडि नै रचना भइसकेको मान्न सकिन्छ ।

## विषय

पुराणहरूमा जुन क्रम उल्लेख गरिएको छ त्यसमा

शिवपुराणलाई चतुर्थ पुराणका रूपमा लिइन्छ । यस पुराणमा सात संहिताहरू छन् -

१. विधेश्वर संहिता

२. रुद्र संहिता

३. शतरुद्र संहिता

४. कोटिरुद्र संहिता

५. उमा संहिता

६. कैलाश संहिता

७. वायवीय संहिता ।

यी संहिताहरूमा विविध विषय समावेश गरिएको छ । विधेश्वर संहितामा कलिकालको प्रभाव, वर्णाश्रम र धर्महीनताको स्थितिलाई वर्णन गर्दै भनिएको छ - "कलियुग लाग्नेबित्तिकै मानिसहरू पुण्यरहित हुन पुग्न सक्छन् । सबै दुराचारमा फसेर सत्य कुरामा विमुख हुन पुग्छन् । परस्त्रीमा आसक्त भई भोगी र हिंसामा उत्रन्छन् । लोभले ग्रस्त भई वेदको विक्रय गर्ने हुन्छन् । सबै मानिसहरू पाप गर्ने, संस्काररहित हुने, एकले अर्कालाई तिरस्कार गर्ने र कर्तव्य त्याग गर्ने हुन्छन् भनी उल्लेख गरिएको छ ।"

यस पुराणमा कलिकालमा स्त्रीहरूको भ्रष्टतातर्फ पनि सङ्केत गर्दै भनिएको छ - "स्त्रीहरू पनि प्रायः भ्रष्ट हुनेछन् । आफ्नो पतिबाट विद्रोह गर्न खोज्ने, कामुक वस्त्र धारण गर्ने हुन्छिन् । यस्ता स्त्रीहरूले आफ्ना पतिभन्दा बहुपुरुषसँगको सम्बन्धलाई बढी महत्त्व दिनेछन् । आफ्ना छोराछोरीप्रतिको मोह घट्दै जानेछ । विद्याहीन हुनुका साथै प्रायः सबै स्त्रीहरू रोगग्रस्त हुनेछन् । स्त्रीहरूको बुद्धि प्रायः नष्ट हुँदै गई आफ्नो धर्म तथा शालीनता त्याग्दै गएर प्रायः दुःखको मात्र अनुभव गर्ने हुनेछन् ।"

यसै पुराणको रुद्र संहितामा निर्गुण स्वरूप शिवशक्तिबाट सम्बद्ध भएर कुन प्रकारले सृष्टिको निर्माण गर्ने हो भन्ने विषय, नारदको मोह तथा उनको सम्मोहनबाट नारद विष्णुलोक पुगेको र भगवान् विष्णुलाई नररूप धारणको श्राप दिएको वृत्तान्त वर्णन गरिएको छ ।

विष्णुलाई श्राप दिएपश्चात् नारदले विभिन्न तीर्थक्षेत्रहरू भ्रमण गर्छन् । शिवसँग सम्बन्धित गणहरूसँग भेट भएपश्चात् कथा श्रृङ्खलाअनुसार श्रापमुक्त हुने आश्वासन दिन्छन् ।

यही क्रममा यस पुराणमा भगवान् शिवको लिङ्गपूजाको विधान महत्त्वपूर्ण ढङ्गबाट प्रतिपादित गरिएको छ । लिङ्गलाई शिवको महत्त्वपूर्ण स्वरूप मानिन्छ । सृष्टिको रक्षाका लागि हरि तथा विधि देवताहरू कुन प्रकारले वराह रूप धारण गर्छन्, कुन प्रकारले भुवनको निर्माण हुन्छ, कुन प्रकारले कैलाश तथा वैकुण्ठको उत्पत्ति हुन्छ, कुन तरिकाले शिवसृष्टिको विकास हुन्छ - यी सबै कुरा यस पुराणमा सबिस्तार चर्चा गरिएको छ ।

रुद्र संहितालाई एक प्रकारले सृष्टिसंहिता भनेर पनि उल्लेख गरिएको पाइन्छ, किनभने यसमा सृष्टिको विधिवत् वर्णन गरिएको छ । कुन प्रकारले पृथ्वी-जल आदि उत्पत्ति हुन्छ, कुन तरिकाले समुद्र-पर्वतको निर्माण हुन्छ - यी सबैको वर्णन गरिएको छ ।

ब्रह्माको अङ्गबाट मरीचि आदि ऋषिहरूको उत्पत्तिको कथनसँगै मनुष्यरूपमा सुर तथा असुरहरूको वर्णन र मैथुनी सृष्टिको कथन पनि यस पुराणमा वर्णन गरिएको छ ।

रुद्र संहिताको दोस्रो भाग सतीखण्ड हो । यसमा सतीको उत्पत्ति तथा सतीका साथ शिवको विवाहका बारेमा वर्णन गरिएको छ । यो विवाहपछि शिवले दक्षको विरोध गर्छन् तथा दक्षले एउटा यस्तो यज्ञविधान तयार गर्छन् जसमा रुद्रको भाग हुँदैन । यस

स्थितिमा सतीलाई कोप हुनुका साथै यज्ञ विध्वंस हुन पुग्छ । अन्ततः सतीले यसबाट खिन्न भएर त्यही दक्षयज्ञमा आफ्नो शरीर त्याग गर्छिन्, जसमा शिवलाई यज्ञ भाग नदिएर अपमानित गरिएको थियो ।

यस पुराणको पार्वती खण्डमा हिमवान् तथा मेनकाको घरमा पार्वतीले जुन प्रकारले जन्म लिइन् सो कुराको वर्णन गरिएको छ । सतीदेवीले आफ्नो बलिदान दक्षको यज्ञमा गरिसकेपछि देवकार्य पूर्ण गर्नका लागि मेनकाको गर्भबाट जन्म लिइन् । मेनकाले आफ्नो समक्ष प्रादुर्भूत हुँदै ती देवीको दिव्य रूपलाई उनको स्तुति गर्दै भन्छिन् - "हे जगदम्बी ! तिमी आदि देवी हौ । तिमीले करुणा गरेर नै यहाँ जन्म लिएकी हौ । हे भगवती ! तिमी यस संसारको शक्ति हौ । तिमी त्रिलोककी जननी हौ । तिम्रो स्तुति सबै देवताहरूले गर्छन् । हे देवी ! ममाथि कृपा गर र मेरो ध्यानमा स्थित होऊ । हे देवी ! तिमी साक्षात् देवी भएर पनि मेरा लागि पुत्रीसदृश होऊ ।"

यसको प्रत्युत्तरमा देवी प्रसन्न भएर भन्छिन् - "मैले आफ्नो यो रूप धारण गर्नुको कारण हो - यस जगत्मा मेरो शक्तिका बारेमा कुनै पनि प्रकारको भ्रम नहोस् । अब म तिम्री पुत्रीको रूपमा जन्मिएर शिवको अर्धाङ्गिनी बन्नेछु ।"

शिवपुराणको वर्णनमा यस खण्डमा शिव र पार्वतीको संवाद निकै मनोरम ढङ्गबाट प्रस्तुत गरिएको छ । पर्वतराज हिमालद्वारा गरिएको प्रार्थनालाई शिवले स्वीकार नगरेपछि यो सवाललाई लिई कालीरूपमा शिवलाई यदि शक्ति छैन भने आफ्नो स्थिति कसरी सिद्ध गर्न सकिन्छ, यस संसारमा वाणी, रचना सबै चिज प्रकृतिमा निर्भर हुन्छ । इन्द्रिय-व्यवहारको जुन जगत छ, यो सबै प्रकृतिमा-व्यवहारको अधीनमा छ, मेरो अर्थात् प्रकृतिको अनुग्रह छ की तपाई सगुण रूपमा दृष्टिगत हुनुहोस्, म बिना तपाईंको कुनै पनि स्थिति

रहने छैन । नाना प्रकारको कर्म गरेर पनि तपाईं मेरै अधिनमा हुनुहुन्छ । स्वतन्त्र रहेर तपाईं कुनै पनि कर्म गर्न सक्नु हुन्न । किनभने तपाईं प्रकृति बिना निर्गुण रूपमा पुग्नु हुन्छ । निर्गुण रूपमा तपाईंको कुनै पनि स्वरूप सिद्ध हुदैन । तपाईं प्रकृतिबाट अलग्गै नियन्त्रक हुनुहुन्छ भने मेरो नजिक आउन यति धेरै भयभित किन हुनुहुन्छ भनि सवाल गर्दछिन् ।

भगवान् शिवद्वारा पत्नीका रूपमा पार्वतीलाई स्वीकार गरिसकेपछि शिवपुराणको यस खण्डमा शप्तऋषिहरूद्वारा पार्वतीको परीक्षणको प्रसङ्ग छ । भगवान् शिवको अघोर रूपको दर्शन मेनकालाई हुनेबित्तिकै क्रोधित भएर मेनकाले नारदलाई भन्छिन् - "ऋषिवर यो तपाईंले के गर्नुभयो ? मेरो त्यस्तो के अपराध थियो, जो यस प्रकारको वर मलाई देखाउनुभयो ? उनी आफैंले आफैंलाई धिक्कार्दै नारद र शप्तऋषिहरूलाई पनि धिक्कार्छिन् । यसपछि भगवान् शिवको सुन्दर स्वरूपको चर्चा गर्दै महर्षि नारद भन्छन् - "हे रानी ! तिमीलाई शिवको सुन्दर रूपको ज्ञान छैन । अद्‌भुत रूप धारण भगवान् शिवको अद्‌भुत लीला हो । यो उनको यथार्थ रूप होइन । उनको वास्तविक रूप त मङ्‌गलकारी छ । यसैले तिमी आफ्नो खेदको भाग त्यागेर शिवको प्रिय पात्र होऊ ।"

अन्ततः पार्वतीको विवाह शिवको साथ गर्नका लागि मेनका तयार हुन्छिन् र हिमवान् तथा मेनकाले पार्वतीलाई दान भगवान् शङ्करका लागि गरिन्छ । भगवान् शिवको यस विवाहमा पुरोहितहरू तथा हिमवानद्वारा शिवको कुल, गोत्र तथा प्रवर आदि सोधिन्छ । त्यसबेला एउटा विचित्र स्थिति निर्माण हुन पुग्छ, किनभने शिवको न कुनै कुल, न कुनै गोत्र र न कुनै प्रवर छ । नारदले भगवान् शङ्करको जुन रूपमा परिचय दिन्छन् त्यही उनको निर्गुण रूप मात्र प्रकट हुन्छ । नारद हिमवानलाई सम्बोधन गर्दै भन्छन् - "शिवको

कुल, गोत्र, प्रवरादिको ज्ञान ब्रह्मा र विष्णुलाई पनि थाहा छैन । जसको एक दिनको काल परिमाणमा करौडौं ब्रह्मादि (हजारौं वर्षको अर्थमा) विलय हुन पुग्छ । कालीको तपस्याको बलबाट उनी आज शिवरूपमा उपस्थित छन् । उनी अरूपी परमब्रह्मा हुन् । निर्गुण रूप हुन् । प्रकृतिबाट भिन्न (प्रकृति नियन्त्रक) छन् । उनको न कुनै आकार छ, न त कुनै विकास नै छ । उनी साक्षात् परात्पर परब्रह्मा हुन् । त्यसैले उनको कुनै कुल र गोत्र छैन । पार्वतीको तपबाट नै आज उनलाई यस स्थितिमा पाइएको हो ।

शिवपुराणको कुमार खण्डमा भगवान् शङ्करको गिरिजाका साथ हजारौं वर्षका दिव्यलीलाहरूको वर्णन गरिएको छ । यहाँ कुमारको जन्म हुन्छ तथा कृतिकाहरूले कुमारको पालपोषणको वर्णन गरेको पाइन्छ ।

असुर तारकको युद्धमा विनाश होस् भन्ने सबै देवताहरू चाहन्थे । यसैकारण शिव तथा ब्रह्माले कार्तिकेयलाई विविध शस्त्रअस्त्र प्रदान गरे । भगवान् हरिले विविध रत्नजडित किरिट प्रदान गरे । वैजन्तीमाला र आफू स्वयम्को अस्त्र चक्रसमेत प्रदान गरे । भगवान् शङ्करले शूल, पिनाक, परशुशक्ति, पाशुपतशर तथा तिनको सञ्चालन विद्या प्रदान गरे । यसै प्रकारले सूर्य, यम, अग्नि, वायु, कुबेर आदिले प्रसन्न भएर कार्तिकेयलाई शस्त्रअस्त्र प्रदान गरे ।

शिवपुराणको युद्ध खण्डमा भगवान् शिव तथा त्रिपुरासुरबीचको युद्धका बारेमा विस्तृत वर्णन गरिएको छ । यही खण्डमा नै शिवद्वारा जालन्धरको वध तथा महिषासुरको पुत्र गजासुरको वध आदिको वर्णन गरिएको छ ।

शतरुद्र संहितामा अन्य कथाहरूका साथै भगवान्को मोहिनी रूप देखेर मोहित हुँदा शिवको वीर्य स्खलनबाट अञ्जनीपुत्रको जन्म, कृष्ण दर्शनको प्रसङ्ग तथा शिव अवतार र श्रीशंभुको द्वादशलिंगहरूको

रूपमा अवतार आदि वर्णन गरिएको छ ।

कोटिरुद्र संहिताहरूमा काशीस्थित शिवलिङ्गको महात्म्य, मल्लिकार्जुन ज्योतिर्लिङ्गको महात्म्यकथन, ओम्कारेश्वर, केदारेश्वर, विश्वेश्वर, विमेश्वर, त्रयम्वकेश्वर, वैधनाथेश्वर, रामेश्वर, धुश्मेश्वर आदिको वर्णन गरिएको छ । यसै प्रकारले शिवरात्रिको वर्णन पनि यसमा गरिएको छ । उमा संहितामा उमा तथा दुर्गाको उत्पत्ति र उनीहरूको चरित्र कथनसँगै भेद निरूपण एवम् कुन कर्मबाट कुन चाहिँ नर्क प्राप्त हुन्छ भन्ने कुराको चर्चा गरिएको छ । जसले जुन प्रकारको कर्म गर्छ, त्यही प्रकारको फल प्राप्त हुने गर्छ भन्ने कुराको शिवपुराणमा वर्णन गर्दै भनिएको छ - "जुन व्यक्तिले अत्यधिक क्रोधित भएर मातापिता तथा अन्यको भर्त्सना गर्छ, खराब पदार्थहरूबाट उसको मुख भरिभराउ हुने गर्छ । जसले भर्त्सना सुन्ने गर्छ उसलाई फलामको तातो किलाले कानमा रोपिन्छ । जसले परस्त्री गमन तथा स्पर्श गर्छ उसको हत्केला र शरीर अग्निसदृश वाणद्वारा स्पर्श गरिन्छ । यस प्रकार उसलाई घोर कष्ट प्राप्त हुने गर्छ । यदि कसैले देवता, अग्नि आदिलाई निवेदन नगरी भोजन गर्छ भने उसलाई फलामको किलाले रोपेर पीडा दिइने छ ।"

उमाको प्रादुर्भावको वर्णनको सन्दर्भमा भनिएको छ - "एकचोटि देवताहरूले असुरहरूलाई युद्धमा पराजित गरिदिएका थिए । देवताहरू जीतसँगै अहङ्कारले भरिएर स्वयम् आफ्नो प्रशंसा गर्न लागे । त्यही समय एउटा ज्योति प्रकट भयो । ज्योतिले भन्यो - "यदि तिमीहरू यति धेरै शक्तिशाली छौ भने यो एउटा तृणा (एक प्रकारको खम्बा) लाई हल्लाएर देखाओ । देवताहरूले आफ्नो पूरै शक्तिको प्रयोग गर्दा पनि त्यो तृणा हल्लिन नसकेपछि त्यही तृणा उमाका रूपमा चैत्र शुक्ल नवमिको मध्यान्ह उत्पन्न भइन् । उनका चारवटा हातहरूमा पाश, अङ्कुश, श्रुती आदि धारण गरेको थिइन, रक्त अम्बर धारण

गर्नुका साथै रक्त चन्दनको लेप लगाएकी थिइन् । करोडौं चन्द्रमाको सदृस सुन्दर रूप र कामदेवको समान सुन्दर रूप थियो ।"

यस्तै प्रकारले यस खण्डमा क्रिया, भक्ति तथा ज्ञानका क्रमहरूका बारेमा पनि बताइएको छ । जसमा भनिएको छ - "कर्मबाट भक्ति र भक्तिबाट ज्ञानको उदय हुने गर्छ एवम् ज्ञानको आधारबाटै मुक्ति प्राप्त हुने गर्छ ।"

शिवपुराणको कैलाश संहितामा अपेक्षाकृत रूपमा शिवको महात्म्य कथन गरिएको छ र उनका नामहरूको विवरण पनि दिइएको छ । यसको नवौं अध्यायमा शिवका आठ नामहरूको महत्त्वका क्रममा शिव, महेश्वर, रुद्र, विष्णु, पितामह, संसार, वैद्य, सर्वज्ञ तथा परमात्माको नाम दिइएको छ । त्यसमा यी नामहरूको गणना गर्दै ती आठवटा नामहरूलाई शिवको महत्त्व प्रतिपादक भनी उल्लेख गरिएको छ । शिवको निर्मल स्वभावको स्थापनामा यो पनि विवेचना गरिएको छ - शिव रूप अनादिकालदेखिको शंश्लेषणबाट त्रिविध उपाधिहरूको रचना गर्नुपर्ने कारण नै शिव हो भनिएको छ ।

वायवीय संहितामा शिव पुराणमा शुद्ध रूपबाट तत्व ज्ञानको कथन गरिएको छ । यसको उन्नाइसौं अध्यायमा प्रज्ञान ब्रह्मा अहम् ब्रह्मास्मी, तत्त्वमसी अयमात्मा ब्रह्मा, इशावास्थमिदं सर्वम् आदि वाक्यहरूको निरूपण गर्दै यो संकेत गरिएको छ की गुरूमुखबाट शिष्यको लागि हुने उपदेश, जो भूतकालिन , वर्तमानकालिन र भविष्यकालिन हो, यो सबै मै हुँ र त्यो नै रुद्र हो ।

वायवीय संहितामा श्रेष्ठ अनुष्ठानको स्वरूपको कथन छ, त्यहाँ पशुपति व्रत विधानको वर्णन पनि गरिएको छ । यस संहितामा भगवान् पशुपति स्वरूपको व्याख्या दिनुका साथै यो कुरा पनि निरूपित गरिएको छ -ब्रह्मादि जति पनि देवादिहरू छन् यी सबैलाई पशु शब्दबाट पुकारिन्छ र यी सबैका पति हुनुको कारण भगवान्

शङ्करलाई पशुपति भनिएको हो । उनी आफ्नो दिव्य शक्तिद्वारा सबै पशुहरूलाई बाँध्छन् र उनी नै सबैलाई मुक्त पनि गर्छन् । यसैका क्रममा जुन आचार्य अथवा गुरुबाट दीक्षा प्राप्त वा परम कल्याणको प्राप्ति हुने गर्छ यसैको महत्त्वका बारेमा यस पुराणमा चर्चा गरिएको छ । गुरुलाई आलोक मान्दा र उनको स्पर्श तथा सम्भाषणादिबाट प्राणीमा विशेष संज्ञा जागृत हुन जान्छ भनी उल्लेख गरिएको छ ।

यसै प्रकारले यस पुराणमा अन्य विविध प्रकारका विषयवस्तुहरू संयोजन गरेर अन्तमा यसलाई सावधानीपूर्वक पढ्नुपर्छ तथा स्रोताहरू सदासदा कल्याण प्राप्त गर्ने अधिकारी हुनेछन्, भगवान् शङ्करले सर्वदा उनको कल्याण गर्छन् भनी उल्लेख गरिएको छ ।

## शिव स्वरूप

शिवको स्वरूप - निरूपणका सम्बन्धमा यस पुराणमा शिव मुख्य रूपमा अद्वैत स्वरूप हुन् भनिएको छ । यसमा द्वैत तथा नश्वर स्वरूप ब्रह्माको हो भने शिवको अद्वैत स्वरूप नै हो भनिएको छ । शिव सर्वज्ञ छन्, सर्वकर्ता तथा सर्वेश्वर हुन्, त्रिदेवका जनक हुन्, सत्‌चित्त तथा आनन्दरूपी हुन्, उनै शङ्कर आफ्नो इच्छाद्वारा उत्पन्न तथा प्रकट हुन्छन् र बृहद रूपमा पनि स्वेच्छाले नै प्रकट हुने गर्छन् भनिएको छ । भगवान् शिवको स्वरूप कथनमा उनलाई ज्ञान, रूप, अव्यय, साक्षी, ज्ञानगम्य, अद्वय र कैवल्यको प्रदाताका रूपमा निरूपित गरिएको छ । यस रूपमा शिव न रक्त रूप हुन्, न पीत रूप हुन्, न नील रूप हुन्, न ह्रस्व हुन्, न दीर्घ हुन्, न स्थूल हुन् तथा न त सूक्ष्म नै हुन् । जहाँ मनसहित वाणी प्रवृत्त हुँदैन त्यहाँ ब्रह्मरूप शिव नै हुन् भनिएको छ ।

शिवको यो अव्यय तथा निर्विकारी रूप जब सगुण रूपमा व्यक्त भएको देखिन्छ त्यहाँ परम आकर्षक एवम् मनोहारी देखिने

गर्छ । यस रूपमा उनको दिव्य विग्रह सबै अङ्गहरूबाट सुन्दर छ । करोडौँ सूर्यको प्रभाव मण्डलजस्तो चम्कने शिवको रूप हो । उनको रूप प्रसन्न मुद्रामा हाँसेजस्तो देखिने लावण्ययुक्त छ । उनको सुन्दर स्वरूप गौर वर्णको छ । चन्द्र रेखा विभूषित छ, अनेक प्रकारको आभूषणहरूद्वारा मण्डित छन्, गङ्गा यमुनाबाट अलङ्कृत छन् भनी उल्लेख गरिएको छ ।

शिवको जुन अद्‌भुत रूप उल्लेख गरिएको छ, त्यसअनुसार उनी पञ्चवस्त्र, त्रिनयन, भालचन्द्र तथा गदाधारण गर्ने हुन् । उनी गौर वर्णका छन्, निधारमा भष्मको लेप लगाइएको छ । उनका दशवटा हात छन् । नीलो कण्ठ छ । सबै प्रकारका आभूषणबाट आभुषित छन् । यस रूपमा भगवान् शिव आफ्नो अव्यक्त रूपमा अव्यय, नित्य, निर्विकार तथा कुटस्थ छन् । उनी साकार स्वरूपमा सुन्दर आनन्ददायक तथा सबै प्रकारका आभूषण धारण गरेका छन् । उनी पञ्च वक्त्रवाला हुन् । आफ्नो टाउकामा त्रिपुण्ड धारण गरेका छन् । यस प्रकार उनी निर्गुण पनि र सगुण पनि हुन् । यही उनको स्वरूपको विशिष्टिता हो भनी वर्णन गरिएको छ ।

## शिव महात्म्य

शिव माहात्म्यको कथन शिवपुराणमा बिस्तारका साथ गरिएको छ । स्वयम् महेश, ब्रह्मा तथा विष्णुलाई सम्बोधन गर्दै भनिएको छ - "तिमी दुईवटैको उत्पत्ति मेरो तान्त्रिक शक्तिबाट भएको हो । प्रलयात्मक स्थिति तथा विनाशात्मक सम्पूर्ण सृष्टिको कर्ता म नै हुँ । म परमब्रह्मा हुँ, निर्विकारी हुँ र सत्‌चित्त तथा आनन्द हुँ ।

आफ्नी पुत्रीको विवाहको अवसरमा शिवको अद्‌भुद रूप देखेर मेनकाको मनमा विकार उत्पन्न हुन जान्छ । यो कुरा ब्रह्माले देख्छन् र भन्छन् - "मेनका ! शिवको यथार्थ रूपबारे तिमीलाई ज्ञात

छैन । शिव नै यस जगत्का हर्ताकर्ता तथा भर्ता हुन् । यिनको अनेक रूप छ । अनेक प्रकारको लीला छ । यिनी सबैका स्वामी, स्वतन्त्र, तन्त्राधिश तथा अविकल्प हुन् । उनले नै यो त्रिगुणात्मक प्रकृति रचना गरेका हुन् ।"

शिवको महत्त्व तथा शक्ति-सामर्थ्यको वर्णन महर्षि सुतजिले व्याख्या गर्दै भन्छन् - "यस सृष्टिको पूर्वमा शिव नै थिए । सृष्टिको मध्यमा शिव छन् र सृष्टिको अन्त्यमा पनि शिव नै हुन्छन् । यस्तो रूपमा शिव भएर पनि शिव रूप सर्व शून्यात्मक छ । उनी एक पनि हुन् र अनेक पनि हुन् । एक बीज रूपमा उत्पन्न भएर धेरै रूपहरूमा देखिन पुग्छन् । शिव सर्वज्ञ हुन् । सर्वकर्ता हुन् । सर्वेश्वर हुन् । त्रिदेवका जनक ब्रह्मारूप हुन् । उनी आफ्नो तान्त्रिक शक्तिद्वारा सत्पुरुष रूपका हुन पुग्छन् ।

शिवको महात्म्यको कथन गरिएअनुसारकै ढङ्गले शिवनामको महिमाको पनि आख्यान गरिएको छ । जसको मुखमा शिव नाम रहन्छ उसलाई कतै पनि पापले स्पर्श गर्न सक्दैन, जसले आफ्नो मुखबाट शिवको नाम जप्ने गर्छ, उसको मुख एक पावन तीर्थसमान हुने गर्छ भनिएको छ ।

## शिवशक्ति

जसमा वशीकृतलगायत सबैथोकको सामर्थ्य छ भने उनी हुन् शिव । शिवका बारेमा यही कुरा उल्लेख गरिएको छ । शिव सर्वज्ञ र परिपूर्ण हुन् । शिव नै सर्वरूपमा विद्यमान छन् भनी उल्लेख गरिएको छ ।

शिवका विशिष्ट शक्तिहरूका बारेमा बताउँदै भनिएको छ - "प्रकृतिका आठ बन्धनहरूबाट जीव बाँधिएको हुन्छ । यस बन्धनको कारण प्रकृति, बुद्धि, अहङ्कार तथा पञ्चतन्मात्रा हुन् । यिनैले

आफ्नो बन्धनात्मक प्रकृतिबाट जीवलाई बाँधेका हुन्छन् । प्रकृति आदिद्वारा गरिएको कर्म नै देहको कर्म हो । यसै कर्मफलरूपी बन्धनकै प्रभावका कारण जीव अनन्तकालसम्म संसार बन्धनमा बाँधिएर आवागमनको चक्रमा फँसिरहेको हुन्छ । अतः शिवको प्रसन्नता प्राप्त गरेर प्रकृतिलाई आफ्नो वशमा राख्नुपर्ने हुन्छ । शिवले नै यसलाई मुक्त गर्छन् । शिव नै सृष्टिको परमकारण हुन् । अर्थात् उनी नै यस संसारमा कारण रूपमा विद्यमान छन् । संसारको यो चक्र पनि शिवले नै सञ्चालन गर्छन् ।"

शिवको महिमाको आख्यान गर्दै भनिएको छ - "शिव नै सर्वेश्वर हुन् । शिव नै विशिष्ट देव हुन् । उनी यस जगत्मा व्याप्त छन् । सबै मूलमात्रमा उनी व्याप्त छन् । उनी स्वयम् लिङ्गरूपधारी हुन् । सम्पूर्ण पाप र सबै प्रकारका दुःख शिवको नाम लिनु मात्रले पनि नष्ट हुने गर्छन् । यो शिवको तथा उनको नामको शक्तिको परमसामर्थ्य हो ।

## रुद्र

ब्रह्मा, विष्णु तथा महेशलाई पुराणहरूमा महत्त्वपूर्ण रीतिबाट कथन गरिएको छ । तीनै देवताहरूका सम्बन्धमा उल्लेख गरिएको छ - "ब्रह्मा सृष्टिको उत्पतिकर्ता, विष्णु पालक तथा महेश विनाशक हुन् ।"

शिवपुराणको एक स्थानमा भनिएको छ - "ब्रह्मा, विष्णु तथा रुद्र महेशकै एक अंश हुन् । यिनको उत्पत्ति महेशबाट नै भएको हो । महेशकै कथनमा शिव स्वरूपद्वारा दक्षिण भागबाट पितामह ब्रह्माको उत्पत्ति भयो । वाम पार्श्वबाट विष्णुको उत्पत्ति भयो । यही प्रकारले उनकै रूपबाट रुद्रको अवतरण हुन गयो । उनको यही रूपलाई यस लोकमा रुद्र नामले पुकारिने गरिन्छ ।"

## शिव तथा रुद्र

शास्त्रानुसार भगवान् महेश स्वयम् बताउँछन् - "मेरो जुन शिव स्वरूप छ, त्यही नै रुद्र स्वरूप पनि हो । वस्तुतः यी दुईवटै स्वरूपलाई एउटै मानेर नै व्यवहार गर्नुपर्छ । शिव तथा रुद्रमा कुनै पनि भेद गर्नुहुँदैन ।"

यो तर्क पनि दिइएको छ - "जसरी स्वर्ण तथा स्वर्णनिर्मित अलङ्कारहरूमा नाम मात्रको भेद हुन्छ, त्यही प्रकारको भेद वस्तुतः शिव र रुद्रमा छ । यथार्थमा कुनै पनि भेद छैन ।"

एक अन्य स्थानमा शिव तथा रुद्रको अभेदका विषयमा भनिएको छ - "रुद्र शिवको हृदयबाट उत्पन्न भएका हुन् । विष्णु पालकका रूपमा, ब्रह्मा उत्पत्तिकर्ताका रूपमा र रुद्र संहारकका रूपमा शिव त्रिधा उत्पन्न भए ।"

## रुद्र सृष्टि

भगवान् रुद्रको अक्षरको महत्त्वका विषयमा शिवपुराणमा भनिएको छ - "भगवान् रुद्र आफ्नो उकार अक्षरबाट यस ब्रह्माण्डको बीज बनेका छन् । यही उकारात्मक रूप अक्षरबाट नै ईश्वर परमकारण हुन् । यही उकारात्मक रूपबाट भगवान् मोहक छन् । उकार रूपबाट भगवान् हरि प्रधान परमेश्वर हुन् । यिनै परमप्रभु सबै लोकका परमसृष्टि रूप हुन् ।"

रुद्रको स्तुति गर्दै यो पनि उल्लेख गरिएको छ - "महेशका लागि नमस्कार छ । उनी नै विश्व-सृजना गर्ने विधाता हुन् । उनी त्रिगुण हुन तथा निर्गुण हुन् ।"

## रुद्र सृष्टि - विनाशकत्त्व

शिवपुराणले पटकपटक शिव तथा रुद्रमा वस्तुतः कुनै भेद छैन र जुन भेद देखिन्छ त्यो केवल स्वर्ण तथा स्वर्णाभूषणहरूको जस्तो मान्नुपर्छ भनेर भनेको छ । यस रूपमा शिवको शक्ति नै सर्वोपरी शक्ति हो । आंशिक रूपमा भने रुद्रको शक्तिलाई पृथक् ढङ्गबाट पनि सङ्केत गरिएको छ । उनी सर्वप्रभुत्व भएका देवता हुन् । स्वरूपवान र सर्वसुखद् हुन् । सबै अधिष्ठानहरूका कर्ता हुन् । सबैका हर्ता पनि हुन् । निर्विकारी, त्रिदेवेश र सनातन हुन् ।

एक अन्य स्थानमा भगवान् महेश नै रुद्रको स्वरूपमा उत्पन्न भएका हुन्, उनी नै शिवको पूर्ण अवतार पनि हुन्, उनी नै त्रिजगत्का रचनाकार हुन्, उनी रुद्र रूपमा अवतरित भएर जगत्को ज्ञात तथा संहार गर्छन्, चारै वर्ण तथा आश्रमको रचना गर्ने हेतु उनी रुद्र रूपमा छन् भनी उल्लेख गरिएको छ ।

## नन्दिकेश्वर

शिव महापुराणमा यो प्रसङ्ग आएको छ - "सनतकुमारले भगवान् नन्दिश्वरलाई सोधे - "तपाईं भगवान् शिवको अंशबाट उत्पन्न भएर पछि शिवलाई कसरी प्राप्त गर्नुभयो ?"

यो कुरा जान्न किन आवश्यक थियो भने भगवान् नन्दिकेश्वर दयालु, सर्वसाक्षी तथा गणेश्वर हुन् ।

नन्दिश्वर भगवान्ले यसको उत्तर दिँदै भने - "प्राचीन समयमा शिलाद नामक एक धर्मात्मा मुनि थिए । पिताको आदेशबाट उनले सुव्रत र मृत्युहीन पुत्रको प्राप्तिका लागि घोर तपस्या गरेर इन्द्रलाई प्रसन्न गरे । देवेश्वर इन्द्रमा यस्तो शक्ति थिएन । उनले मुनिलाई प्रेरित गर्दै भगवान् शिवको तपस्या गर्न भने - भगवान् शिव नै यस्ता

समर्थवान छन् जो आफ्नो अनन्त सामर्थ्यद्वारा यस प्रकारको पुत्र दिन सक्छन् ।

यस्तो सुनेर धर्मात्मा शिलाद मुनिले शिवको तपस्या गरे । उनको तपस्याबाट शिव सन्तुष्ट भए । उनले शिलादलाई आफैँ पुत्रका रूपमा अवतरित हुने वचन दिए ।"

यस रूपमा भगवान् नन्दिकेश्वर शिव रूप नै हुन् । उनी आफ्नै वरदानबाट महर्षि शिलादको पुत्रका रूपमा अवतरित भएका हुन् । भगवती उमाले नन्दिश्वरलाई आफ्नो पुत्र स्वीकार गरिन् । साथै भगवान् शिवसँग 'यो मेरो परमप्रिय पुत्र हो, त्यसैले गणाध्यक्षका रूपमा स्थापित गर्नुस्' भनिन् । भगवान् शङ्करले उमाको यो कुरा माने र नन्दिश्वरलाई गणाध्यक्षमा स्थापित गर्दै प्रसन्न भएर नन्दिश्वरलाई म पार्वती सहित तिमीसँग पनि प्रशन्न छु । तिमी मेरो अटुट प्रेमी, परम स्नेही, महायोगी, महान्, धर्णुधारी, अजेय, सबै माथि विजय प्राप्त गर्न सक्ने, सदा पुज्य हुन्छौ । जहाँ मेरो स्थिति रहन्छ, त्यही तिमी स्थीत रहन्छौं यसै प्रकारले जहाँ तिम्रो स्थीति रहन्छ, त्यहाँ म पनि विद्यमान रहन्छु । यस रूपमा पछि भगवान् नन्दिश्वरको अकाल मृत्युको योग पनि टरेको थियो तथा भगवान् शिवको परिवारको एक अंग हुन पुगेका थिए भनी उल्लेख गरिएको छ ।

## शिवको अघोर रूप

भगवान् शिवको लीला विचित्रको छ । त्यसैगरी उनको स्वरूप पनि विचित्र तथा अद्‌भुत छ । उनी पञ्चवक्त्र हुन् । जटाधारी हुन् । चर्म देहमा लपेटिरहन्छन् । उनको शिरमा गङ्गा छ तथा पाखुरामा सर्प । उनी कैलाशमा बसेर पञ्चवक्त्र भएर आफ्नो लिला गर्दछन् । यस बह्माण्डको नाश हुँदा पनि उनको नाश हुँदैन ।

भगवान् शिवको अघोर रूपको वर्णन बिस्तारमा शिवपुराणको

त्यस प्रसङ्गमा गरिएको छ जतिबेला उनी आफ्नो जन्ती लिएर हिमवानको द्वारमा पुग्छन् । उनको जन्ती बहुत अद्भूत तथा विस्मयकारक रूपालु थिए । त्यसमा कोही वायु रूप घाटी थिएँ, कोही वक्रतुण्डवाला थिए, कोही लामो-लामो जुँगा भएका थिएँ, कोही नेत्र बिनाका थिए भने कसैको धेरै नेत्रहरू थिए । कसैको कान थिएन भने कोही धेरै कान भएका थिए । कोही सुन्दर स्वरूपका थिए भने कसैको रूप अत्यधिक भयानक थियो । यस रूपमा भगवान् शिवको जन्तीमा असङ्ख्य गण भीमाकार रूपका थिए भने त्यस्ता थुप्रै अद्भुत-अद्भुत प्रकारको स्वरूप धारण गरेका पनि थिए ।

पुराणकारहरू वर्णन गर्छन् - यो त शिवको विभिन्न प्रकारको विचित्र रूप थियो । त्यहाँ आएको जन्तिमा जब मेनकाले भगवान् शिवको विकट रूप देख्छिन् र भयभित मात्र होइन आश्चर्यचकित हुनुका साथै मतिभ्रमित पनि हुन पुग्छिन् । त्यो समूहको बीचमा भगवान् शंकर वृषभमा बसि प्रकट भएका थिए । उनी पाँच मुख भएका, तीन नेत्र, शरीरमा विभूतीको लेप गरिएको, टाउकोमा चन्द्रमा, दश हात भएको, हातमा पिनाक धारण गरेको, शरीरमा व्याघ्रको छाला ओढेको, शूल धारण गरेको, तेस्रो नेत्र विरूपाक्ष थियो एवम् आकार विकृत थियो । हात्तिको छाला ओढेका थिए ।

मेनकाले शिवको यो अद्भूत रूपलाई देखेर उनको अवगुणहरूको पनि कथन गर्दै भनिएको छ - उनको न माता छन् न पिता छन्, न कुनै पनि प्रकारको अलंकार नै छ, उनीसँग न कुनै शुभदर्शनवाला वाहान नै छ, न त उनको अवस्था रम्य हो नत उनीसँग सम्पत्ति नै छ । उनीसँग कुनै पनि प्रकारको पवित्रता देखिदैन । कुनै विद्याको वैशिष्ट्यता पनि छैन र रूपमा सबै गुणहरूबाट हिन तथा उनी अघोर स्वरूपका मात्र हुन् ।

भगवान् शंकरको यस अद्भूत स्वरूपको कथन एक अन्य

स्थानमा पनि गरिएको पाइन्छ । भगवान् शंकर तथा गजासुरको युद्ध विकट रूपमा हुँदा गजासुरले शिवको प्रार्थना गरी उनलाई प्रसन्न गर्दा शिवले गजासुरलाई तिमीदेखी म प्रशन्न छु, के वर माग्छौ माग भनी शंकरले भन्दछन्, गजासुरले भन्दछन्- प्रभु ! तपाईको त्रिशुलबाट पवित्र भएको मेरो शरीर को यो चर्म तपाई सदा धारण गर्नुस् । यो मेरो आकृति सुन्दर, पवित्र तथा उज्वल होस्, यसको साथै मेरो यो कृति धारण गरी तपाईको नाम कृतिवास होस् । शिव उसलाई यो वरदान दिई कृत्तिवासको नामबाट विख्यात हुन पुग्दछन् ।

### शिवको पशुप रूप

भगवान् शिवको महत्व शिव पुराणमा अप्रतिम रूपबाट चर्चा गरिएको छ । यो रूपमा उनी सबै देवताहरूको पनि देवता हो, यसैले नै उनी महादेव पनि हुन् । भगवान् शिवको प्रभावको अतिशयताको अनुभव गरेर नै सबै देवताहरू उनको स्तुती गर्दछन् र उनलाई रुद्र रूपमा, शान्त स्वरूपको रूपमा प्रतिपादित गर्दछन् । देवताहरू प्रार्थना गर्दै उनलाई विश्वको स्रष्टा, त्रिगुणात्मक तथा यजमानको रक्षकको रूपमा र पशुहरूको पतिको रूपमा वर्णन गर्दछन् ।

पशु को हो, उसलाई बाँध्ने पाश के हो र पशुप को हो - यसको विस्तृत स्वरूपको चर्चा श्री कृष्ण तथा उपमन्युको संवादमा निरूपित गरिएको छ । श्रीकृष्णद्वारा यो प्रश्न गरिएकोमा - पशुपतिदेवता कुन हो ? पशु के हो? कुन पाशबाट पशुहरू बन्धित हुन्छन् र कसरी मुक्त हुन्छन् ? यो सवालको उत्तरमा महर्षि उपमन्युले जो कुरा भनेका थिए त्यसको अभिप्राय हो - ब्रह्मा आदि सहित सृष्टिमा जो छन् त्यो सबै पशु भनि उल्लेख गरिएको छ र यी सबैको पति भएको कारण भगवान् शिवलाई पशुप भनिएको हो । यस्तै गरी विभिन्न पाशहरूद्वारा संसार बाँधिएको छ । संसारको समस्त जिवहरूको लागि जुन विषय -

भोगादि हो त्यो सबै उनीहरूको लागि दृढ बंधन हो । प्रकृति लगायतको जो चौविसै तत्व छ, ती सबै चिजहरूले जिवलाई बाँध्ने कार्य गरिन्छ र पछि कृपापूर्वक छोड्ने पनि गर्दछन् भनिएको छ ।

पशु, बन्धन तथा पशुपतिको स्वरूपवस्थितिको चर्चा एक अन्य स्थानमा भगवान् वायुद्वारा पनि गरिएको पाइन्छ । दुःख अज्ञानताबाट नै उत्पन्न हुन्छ र ज्ञानबाट नै उसको निवृत्ति हुन्छ । ज्ञानबाट जुन वस्तुको स्पष्ट स्वरूप आउँदछ, जसको अनुसार चैतन्य, जड अथवा यो दुइवटैको नियन्त्रक तीन पृथक-पृथक वस्तु रूप देखिन्छ । यसमा जो चेतन रूप हो, त्यो पशु हो । जो जड स्वरूप हो, त्यो पाश हो र यो दुईवटैको नियन्त्रक पशुपति हो । दोस्रो रूपमा यसलाई अक्षर, क्षर तथा क्षराक्षरबाट यसको स्वरूप पनि उल्लेख गरिएको छ । यहाँ अक्षर पशु हो, क्षर पाश हो तथा क्षरात्क्षरको नियन्त्रक पशुपति हो । प्रकृतिलाई क्षर भनि उल्लेख गरिएको छ र पुरूषलाई अक्षरको नामबाट अभिहित गरिएको छ । अवस्थिति प्रकृति हो, पुरूष अवस्थितिबाट आवृत छ, मूलकर्महरूबाट यिनीहरू सम्बन्धित छन् र शिव नै यसको प्रेरक पनि हो । यिनै पाशहरूद्वारा बाँधिएको पशुको पाश-नाशक शिव हो भनि उल्लेख गरिएको छ ।

## महेशको पञ्च तथा अष्टमूर्तिहरू

शिव पुराणमा श्रीकृष्णलाई उपदेश गर्दै महर्षि उपमन्यूले भने- ब्रह्मा, विष्णु, रुद्र तथा सदा शिव भगवान् महेशको नै मूर्तिहरू हो । यिनै मूर्तीहरूबाट यो सम्पूर्ण विश्व अधिष्ठित छ । यी मूर्तिहरूको अतिरिक्त ईशान, तत्पुरूष, अघोष, वाम तथा सघोजात पञ्चमूर्तिहरू पनि भगवान् शिवकै मूर्तिहरू हो । शिवको तत्पूरूषनामक मूर्ति प्रकृतिको साक्षात भोक्ताक्षत्रज्ञमा व्याप्त भएको स्थितिको रूपमा लिइन्छ । ईशान नामको उनको जो मूर्ति छ त्यो आदि तथा श्रेष्ठतम

मूर्ति हो । त्यो धर्म गुणहरूको आश्रय रूप भोग्य अब्यक्तमा अधिष्ठित छ । भगवान् शंकरको जो अत्यन्त पुजित अघोर नामक मूर्ति जो धर्म आदि आठ अंगहरूबाट युक्त वृद्धितत्वको आफ्नो अधिष्ठान बनाउँदछ । महादेवको वामदेव नामक मूर्ति आगमवेत्ता विद्वान अहंकारको अधिष्ठात्री मूर्ति भनिन्छ भने सघोजात मूर्ति मनको अधिष्ठात्री मूर्ति हो । यी पाँच मूर्तिहरू यस सृष्टिजालको स्वामिनी हो । शिवको ईशान मूर्ति श्रवणेन्द्रिय, वाणी, शब्द तथा आकाश तत्वको स्वामिनी हो । तत्पुरूष नामक मूर्ति त्वचा, हात, स्पर्श तथा वायु तत्वको स्वामिनी हो । वामदेव नामक शिवको मूर्ति रसना, वायु, रस तथा जल तत्वको स्वामीनि हो । भगवान् शिवको सघोजात मूर्ति, ध्राणेन्द्रिय, उपस्थ, गन्ध तथा पृथ्वी तत्वको अधिष्ठात्री मूर्ति हो ।

यस रूपमा शिवको पञ्चमूर्तिहरू अधिष्ठता, व्यापक तथा सर्वकालिक छ । रूप, रस, गन्ध, शब्द, स्पर्शादिको जे जस्तो स्थिति अथवा अवधारणा छ, त्यो सबै भगवान् शिवमा नै समाहित तथा उनीद्वारा नै क्रियात्मक रूपमा विद्यमान छ । भगवान्‌को यस शक्तिको कारण नै उनको पञ्चमूर्तिहरूको बन्दना प्रयत्नपूर्वक गर्नुपर्दछ भनिएको छ ।

शिव पुराणमा भगवान् शिवको अष्ट मूर्तिहरूको पनि वर्णन गरिएको छ र भनिएको छ - शिव यो संसारमा व्याप्त छन् । उनी यो लोकको  सबै कार्यहरूको कर्ता हुन् र सुखदायक पनि हुन् । शिवको यो अष्ट मूर्तिहरूमा शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, इशान र महादेव भनी गणना गरिएको छ । यी आठ मूर्तिहरूको सन्दर्भमा उल्लेख गरिएको छ  - भूमी, अग्नी, जल, व्योम, क्षेत्र, सूर्य तथा निशाकारलाई अधिष्ठित गरी शिवको आठ मूर्तिहरू प्रतिष्ठित छ । सम्पूर्ण चर अचर स्वरूप, विश्वका भरण भगवान् विश्म्भरद्वारा नै हुने गर्दछ, किनकी भगवान् शिव सलिल रूपबाट यो संसारमा व्याप्त

छन् । यसैले उनको एक संज्ञा भव हो । यस संसारको भित्र तथा बाहिर विश्वको भरण-पोषण तथा स्पन्दन उग्र रूपबाट हुने गर्दछ, भगवान् शंकरद्वारा सबैलाई अवकाश दिने सर्वव्यापी आवकाशत्मक रूप हो, त्यसलाई भिम भनिन्छ । उनी भूत वृन्दको भेदक हो । जो स्वरूप भगवान् शिवको समस्त आत्माहरूको अधिष्ठान र सम्पूर्ण क्षेत्रमा निवाश गर्ने जीवहरूलाई भव भनिन्छ । पाशको छेदकलाई पशुपति रूप भनिएको छ । भगवान् शिवको सम्पूर्ण जगतलाई प्रकाशित गर्ने सूर्य नामकरूप हो, त्यसलाई ईशान भनिन्छ । त्यो द्युलोकमा भ्रमण गर्दछ । अमृतमयी रश्मिवाला जो चन्द्रमा सम्पूर्ण विश्वलाई आह्लादित गर्दछ, शिवको त्यो रूप महादेव नामबाट पुकारिन्छ । आत्मा भगवान् शिवको आठौं रूप हो । यो मूर्ति अन्य मूर्तिहरूको स्थापिका भएको कारण सम्पूर्ण विश्व शिवमय छ । शिवको पुजा गर्नाले विश्व स्वरूप परिपुष्ट हुन जान्छ । यहि मृत्युञ्जय हो । यही अष्टघा भएर विश्वको भरण-पोषण हुने गर्दछ । यसैको प्रतापबाट वायु प्रवाहित हुने गर्दछ, सूर्य तथा चन्द्रमाले प्रकाश दिने गर्दछ भनी उल्लेख गरिएको छ ।

# लिंग पुराण तथा लिङ्गको स्वरूप

## पुराण-विषय

पुराणहरूमा यद्यपि अनन्त आख्यान र अनन्त विषयहरूको समावेश गरिएको छ, तथापि सबैको संकेन्द्रित स्वरूपलाई पाँच भागमा विभक्त गरिएको छ । यी पाँच प्रकारका विषयहरूमा सर्ग (ब्रह्माद्वारा गरिएको सृष्टिको रचना), प्रतिसर्ग (ब्रह्माको मानस पुत्रद्वारा रचित सृष्टि अथवा प्रलय), वंश (सूर्य वंश, चन्द्रवंशको साथसाथै अन्य राजाहरूको वंशको वर्णन), मन्वन्तर (स्वयम्भुव आदि मन्वन्तरहरूको कार्यकाल), वंशानुरचित (पुर्व उल्लेखित वंशहरूमा उत्पन्न राजाहरूको जीवन चरित्र) हुन् । यसको अतिरिक्त पुराणमा अर्थ, धर्म, काम तथा मोक्षको पनि विस्तृत विवेचना गरिएको छ -

सर्गश्चप्रति सर्गश्च वंशो मन्वन्तराणिच ।
वंशानुचरितं चैव पुराणं पञ्च लक्षणम् ॥

..............................................

ब्रह्मा विष्णवर्क रुद्राद्यां माहारमयं भुवनस्य च ।

..................................................

धर्मार्थश्च कामश्चमोक्षश्चैवान्न कीर्त्यते ।
सर्वेष्वपि पुराणेषु तद्विरूद्धं चयत् फलम् ॥ *(म.पु.पृ.२१८)*

यी पाँच लक्षणहरू प्रायः सबै पुराणमा पाइन्छ । यसको अभिप्राय - सबै पुराणहरूमा सृष्टिको वर्णन गर्नु हो । सबै पुराणहरूमा

राजाहरूको वंशको वर्णनका साथै सुर्य वंश तथा चन्द्रवंशको राजाहरूको वर्णन छ । विष्णु पुराण, मार्कण्डेय पुराण, देवी भागवत तथा अग्नि पुराण आदिमा यो सबै प्राप्त हुनुका साथै जुन पञ्च लक्षणात्मक विषयको कथन गरिएको छ, त्यो सबै हामी पाउँदछौं । पुराणमा जुन पञ्च लक्षणात्मक स्वरूपको चर्चा गरिएको छ, यसको पालन पनि गरिएको छ, तथापी केही पुराण यस्तो छ जसमा यी पञ्च लक्षणात्मक विषयको वर्णनको परिपालना गरिएको छैन । पुराणका समिक्षक एक भारतीय आचार्यले लेख्दछन् की वायु, मत्स्य, ब्रह्माण्ड तथा विष्णु आदि प्राचिन पुराणमा पञ्च लक्षणात्मक विषय प्राप्त हुन्छ । तर पछिल्लो समयमा अन्य पुराणहरूको जे जस्तो रचना हुँदै गयो पञ्च लक्षणात्मक विषयको वर्णनको क्रम पनि घट्दे गयो । एक भारतीय विद्वानका अनुसार-कुनै पनि पुराण यस्तो छैन जो पूर्ण रूपले पञ्चलक्षणात्मक होस्  अर्थात् कुनै पनि पुराणमा यि पाँच प्रकारको विषयहरूको सर्वाङ्ग विवेचना गरिएको पाइदैन । केही पुराण यस्तो छ जुनमा यी पाँच प्रकारका विषयको अतिरिक्त अन्य धेरै विषयहरूको समावेश छ भने केही पुराणहरूमा यी पाँच विषय चर्चा समेत गरिएको पाइदैन । ती आचार्यको कथन यो पनि छ - पाँच विषय जुन पञ्च लक्षणहरूको चर्चा गरिएको छ त्यो केवल उप पुराणहरूको लागि मात्र हो, महापुराणहरूको लागि त दश लक्षणात्मक विषयहरूको कथन हुनुपर्दछ ।

एक अन्य भारतिय विद्वानको कथनमा जुन पञ्च लक्षणात्मक विषयको संकेत गरिएको छ, त्यसको परिपालन पुराणको चार लाख श्लोकहरू मध्ये केवल दश हजार श्लोकहरूमा मात्र चर्चा गरिएको छ, बाँकी श्लोकहरूमा अन्य अनेक विषयहरूको समावेश भएको पाइन्छ । श्रीमद्भागवत महापुराणमा यो संकेत गरिएको छ - यो सवाल पुराण-विषयमा पाँच होइन दश लक्षण हुनुपर्दछ । जसमा

परसर्ग, विसर्ग, वृत्ति, रक्षा, अन्तरवंश, वंशानुचरित्र, संस्था, हेतु तथा अपाश्रयको रूपमा दश लक्षण उल्लेख गरिएको छ ।

## लिङ्ग पुराण

मत्स्य पुराणमा लिङ्ग पुराणको लक्षण उल्लेख गर्दै भनिएको छ - कल्पान्तको समयमा अग्नीको आश्रय लिएर देवाधि देव महेश्वरले अग्नि लिङ्गको मध्यमा स्थित रहँदै धर्म, अर्ध, काम तथा मोक्षको प्राप्तिको उपदेश गरे, त्यो पुराणलाई लिङ्ग पुराणको नामबाट अभिहित गरियो । यसमा एघार हजार श्लोकहरू छन् ।

लिङ्ग पुराण दुई भागमा छ । पहिलो पूर्व भाग र दोस्रो उत्तर भाग । यसमा प्रमुख रूपमा योगाख्यान, कल्पनाख्यान, लिङ्गोत्पत्ति, लिङ्गको उपासना, सनत्कुमार-पर्वत संवाद, दधिची चरित्र, युगधर्म, शैव अवतार तथा व्रतको वर्णन र तिर्थको वर्णन गरिएको छ । लिङ्ग पुराणमा शिव लिङ्गको पुजाको वर्णन विधिपूर्वक गरिएको छ । यसमा भगवान् शिवद्वारा सृष्टिको उत्पत्तिको क्रमलाई उल्लेख गरिएको छ । यो पुराणमा भगवान् शंकरसँग सम्बन्धित अट्ठाइस अवतारहरू एवम् उनको कथा वृतको विशेष वर्णन गरिएको छ । यसमा शैव दर्शन अनुकूल पशु, पाश तथा पाशुपत शब्दहरूको सुन्दर विवेचनात्मक व्याख्या गरिएको छ । यो पुराणमा अग्नि कल्पको कथाको स्पष्ट उल्लेख नभए पनि लिङ्ग पुराणको प्रतिपाद्य विषयको साथसाथै अग्निमय लिङ्गको विवरण दिइएको छ । यद्यपी यसमा साम्प्रदायिक आक्षेपको रूपमा व्याख्या वा बुझ्न सम्भव नभए पनि केही वर्णन यस्तो छ जहाँ साम्प्रदायिक विद्वेषलाई सुचित गर्दछ ।

## पुराण निहितार्थ

पुराणको परम्परा तथा यसको रचनावृत्ति यसको एक विशेषशैली तथा प्रकृतिलाई प्रकट गर्दछ । यसको रचनावृत्तिको प्रभावलाई अनुभूत यसरी पनि गर्न सकिन्छ - आजको समाज पुराणबाट जति प्रभावित छ, त्यति अन्य कुनै साहित्यिक विधाबाट प्रभावित छैन । पुराण शब्दको निर्माणमा पूरा अव्ययको साथ 'ण' प्राणे धातुबाट 'ड' प्रत्यय तथा टिलोप सहायक छ । यसमा पूर्ण अव्ययको साथ "सायंचिरं प्राह्वेप्रगे" सुत्रबाट ट्यु प्रत्यय भएर ट्कारको संज्ञा लोप भई यु-अन् हुन पुग्दछ, त्यसबाट णत्व कार्य भएर पुराण शब्द बन्दछ । एक अर्को रूपमा "पूर्व काले" "सर्व जरत्पुराण" यो सुत्रबाट तुट् प्रत्ययको अभावमा यो शब्द बन्दछ । पुराण शब्दको प्रयोग नपुंसकलिङ्गमा हुने गर्दछ । त्यसैले यो शब्द शास्त्रको लागि अथवा शास्त्र विशेषणको लागि प्रयुक्त हुन जान्छ । यसको रूप यो पनि छ जसमा "पुराण प्रोक्तेषु ब्रह्माण कल्पेषु" सुत्रको निर्देशबाट निपात 'नात' शब्द सिद्ध हुन्छ । पुराण शब्द जुन प्रकारबाट बनेको छ र जुन रूपबाट प्रयोग हुन्छ यसबाट यो प्रतित हुन पुग्छ की यो शब्द पुराकालिन प्रवृत्तिहरूको समावेश गरिएको छ र यसमा नविन प्रकृतिहरूको पनि समाहार देखिने गर्दछ । वायु पुराणले "पुराविद्यते इति पुराणम्" भनी पुराकालिक प्रवृत्तिको भाव व्यक्त गरेको पाइन्छ । एक स्थानमा यो सन्दर्भ पनि आएको छ - पूराको अर्थ परम्परा हुन्छ । यसबाट हामीलाई यो संकेत मिल्न जान्छ - जुन साहित्यमा परम्पराको निबन्ध छ, त्यो साहित्य पुराण साहित्य हो । एक अन्य पुराणमा यो कुराको पनि संकेत मिल्दछ - प्राचिन कालमा आधारित ग्रन्थ पुराण संज्ञक हो । भारतीय आचार्य यास्कले आफ्नो प्रसिद्ध ग्रन्थ निरूक्तमा संकेत गरिएका छन् - पुराण साहित्यमा पूरा अर्थात् परम्पराको नविन रूप प्रदान गरिएको छ । एक अर्का विद्वानकानुसार - पुराण शब्दको अर्थ प्राचिन अथवा

पुराकालमा भएको घटनाक्रम हुन सक्दछ । एकविद्वान लेख्दछन् - "इति नः श्रुतम, इतिश्रुतःइति श्रूयते" यो पदको आधारमा भन्न सकिन्छ की- उनका अनुसार वर्णनीय विषयको प्राचिनताको पौराणिक संकेत मिल्दछ ।

यी सबै सन्दर्भ तथा अभिमतको आधारमा यो उल्लेख गर्न सम्भव हुन सक्दछ - पुराण त्यो ग्रन्थ हो, जसमा परम्पराको निर्वाह हुन जान्छ, साथसाथै परम्परालाई नविन रूप दिने प्रयत्न पनि गरिन्छ । पुराणको कथावस्तु प्राचिन हुन्छ, त्यहिकारण हामीलाई यी ग्रन्थको कथावस्तुबाट प्राचिनताको बोध हुनु स्वभाविक नै छ तसर्थ जसबाट पुरातन, पुरानोको बोध हुन्छ अथवा रूपात्मक एवम् तथ्यात्मक पुरावृत्त संगृहित छ, त्यो पुराण हो ।

## पुराण रचनाको उद्देश्य

संस्कृत वाङ्मयमा वेद वाङ्मय एक यस्तो वाङ्मय हो जसबाट साहित्यिक तथा साँस्कृतिक भाव धाराको स्वरूप प्रष्ट देख्न सकिन्छ । यस सन्दर्भमा यदि. पुराण परम्परालाई लिएर हामीले वैदिक वाङ्मयलाई हेर्छौ भने त्यहाँ कुनै न कुनै रूपको पुराणको संकेत मिल्ने गर्दछ । ऋग्वेदको कुनै एक स्थानमा पुराण तथा पुरानो शब्दको उल्लेख गरिएको छ । अथर्ववेदमा पुराण तथा पुरानो शब्दको उल्लेख गरिएको छ । एक अर्को सन्दर्भमा - म सनातन पुराणको अध्ययन गर्दछु -"सना पुराणमध्येरात्" । यस्तै प्रकारले एक दोस्रो स्थानमा अश्विनी कुमारलाई सम्बोधित गर्दै - तपाई दुवैको स्थान पुराण हो भनिएको छ । अथर्ववेदमा उल्लेख गरिएको छ - व्यासको रूपमा उत्पन्न भएर सर्वाश्रय भगवान्ले जुन पुराणलाई लेखबद्ध गरे उनलाई परमात्मासँग अनुकूल गर्ने नै जानुन् भनिएको छ ।

'अथनवमेहनी किंचित् पुराणमावक्षित्' भनी यो सङ्केत गरिएको

छ - यज्ञको नवौं दिन केही पुराणको पाठ गर्नुपर्छ ।

एक अर्को सन्दर्भमा उल्लेख गरिएअनुसार पनि इतिहास, पुराण आदि शास्त्रीय ग्रन्थ प्रत्येक दिन पाठ गर्नुपर्छ ।

इतिहास तथा पुराणद्वारा वेदहरूको बिस्तार गर्नुपर्छ भनी महाभारत महाकाव्यमा उल्लेख गरिएको छ । अल्पज्ञानले वेदमा निहित अर्थ बुझ्दिँदैन । व्याकरण दर्शनका प्रसिद्ध ग्रन्थाकार तथा भाष्यकार महर्षि पतञ्जली पनि यस कुरामा सहमत छन् । नीतिशास्त्रकार शुक्राचार्यले आफ्नो ग्रन्थमा उल्लेख गरेका छन् - धर्मको तत्त्व अति गहन हुन्छ । यो तत्त्व जान्नका लागि कर्महरू प्रतिपादन गर्नुपर्ने हुन्छ । कर्म प्रतिपादनबाट कर्मको ज्ञान प्राप्त हुन्छ र सबैमा आफ्ना लागि निर्धारित कर्म गर्ने प्रवृति विकास हुन्छ ।

माथि उल्लेख गरिएका पुराण, रामायण, महाभारत, इतिहास आदि ग्रन्थहरूमा उल्लेखित कुराहरूमा आचार्य कौटिल्य पनि सहमत छन् । उनले यो कुरा आफ्नो ग्रन्थ कौटिल्य अर्थशास्त्रमा उल्लेख गरेका छन् ।

सम्भवतः यस्तै देखेर नै एक पाश्चात्य विद्वानले टिप्पणी गर्न पुगेका होलान् - वेद तथा पुराणमा आख्यानहरू एक-अर्कामा समान छन् र समान तरिकाले नै विकासको परम्परा चलिरहेको छ ।

## लिङ्गको उद्भव

लिङ्गको उद्भव कसरी भयो, लिङ्ग के हो, भन्ने विषयमा लिङ्ग पुराणमा एक कथा दिइएको छ - कथानुसार ऋषिहरूले सुतजीलाई सोधे-महर्षि ! भगवान् शंकरले लिङ्ग रूप कसरी धारण गरे, लिङ्ग कुन हो, लिङ्गी कुन हो, सुतजीले सविस्तार चर्चा गर्दै भने - ब्रह्माजीले ऋषिहरूलाई सुनाउँदै भनेका थिए प्रधानको नाम लिङ्ग हो र परमेश्वर लिङ्गी हो । एक पटक वैमानिक सर्गबाट (विमान यात्रा

द्वारा) ऋषिहरूको साथ जनलोक पुग्न आवश्यक रक्षाको लागि म समुन्द्रमा विष्णु जी सँग पुगे । त्यो समय सृष्टिको स्थीतिकालपूर्ण भइसकेको थियो । सहस्र चर्तुयुगको अन्त भइसकेको थियो । अनावरणको कारण सबै स्थावर शुष्क भइसकेको थियो । सूर्यको किरणबाट पशु, मनुष्य, पिशाच तथा राक्षसादि जलेर नष्ट भइसकेको थियो । त्यस समय सहस्त्र नेत्र, सहस्त्र चरण भएका विश्व आत्मा गुणमा भगवान् शंकर समाविष्ट थिए । ब्रह्मा तमोगुणबाट समाविष्ट भएर, रुद्र सतोगुणबाट समाविष्ट हुँदा विष्णु रूप धारण गर्दछन् र उनी विष्णु रूप धारण गरी घोर अन्धकारमय समुन्द्रमा निश्चिन्त भएर शयन गरिरहेका थिए । सर्वारमा महावाहु, कमलनयन नारायणलाई यस प्रकार सुतेको देखेर म उनीद्वारा मोहित भई तथा क्रोधाआवेशमा उनीसँग बोले - तिमी को हो ? यति मात्र होइन म झोक्किएर उनको अपमान गर्न थाले । यस अवस्थामा निद्रामय विष्णुजीले नेत्र खोले, मलाई देखेर हाँस्दै - वत्स स्वागत छ, आऊ के कसरी आयौ, 'वत्स' तथा तिमी शब्दको प्रयोग सुनेर मलाई अत्याधिक रिस उठ्नुका साथै म क्रोधमा आएर भने - यस जगतको रचना तथा संहार गर्ने अनादि पितामह परमेश्वरलाई तिमी र वत्स भनी सम्बोधन गर्ने तिमी को हो ?

मेरो कुरालाई सुनि उनले भने - हेर ! संसारको कर्ता म हुँ, तिमी त मेरो अव्यय शरीरबाट उत्पन्न भएका हौ । मलाई यो कुराको आश्चर्य भइरहेको छ की तिमी आफ्नो स्रष्टा, जगन्नाथ, अच्युत विष्णुलाई कसरी भुलिरहेका छौं, तर यो दोष तिम्रो होइन । मेरो प्रवलता तथा मोहिनी कारण हो, यसको प्रभावबाट तिमी पनि बच्न सकेनौं विष्णुले भने, यसैगरी भन्दै गए - मेरो यो वचनलाई सत्य मान की म नै यो संसारको कर्ता तथा हर्ता हुँ । म परमब्रह्मा तथा परमतत्व हुँ । यो संसारमा तिमीले जतिपनि रूप देखेका छौं, त्यो

सबै रूप मेरै हो । मैले नै चौविस अवतारहरूको धारण गरेको हो र त्यो सबै अवतारहरूको मूलमा म नै छु र सदासर्वदा त्यही मूलमा रहन्छु ।

ऋषिहरूलाई यस प्रकारले कथा सुनाउँदै सुतजीले भन्नुभयो - विष्णुको त्यो कथन र ब्रह्माको स्वीकार नगर्ने त्यो स्थितिमा दुवैजनाको वाक्‌युद्ध हुन पुग्यो र द्वन्द्व युद्ध शुरू हुन लाग्यो । क्रमशः प्रलयको दृश्य उत्पन्न हुन लाग्यो । यसै समय हामी दुवैजनाको विवादको अन्त्यको लागि तथा समग्रको प्रबोधित गर्नको लागि हामी माझ प्रलयकालिन सहस्त्र अग्नि समान प्रज्वलीत आदि, मध्य अन्तबाट रहित क्षय-बुद्धिबाट विमुक्त अनुपम लिंग प्रकट हुन पुग्यो । *लि.पु.पृ.१६*

## लिङ्ग परीक्षा

यस्तो स्थिति देखिसकेपछि ब्रह्माजीले भन्नुभयो - म पनि मोहित हुन पुगे, मेरो स्थिति पनि विचित्रको हुनपुग्यो । विष्णुजीले लिङ्ग परीक्षाको प्रस्ताव गरे, ब्रह्मा पनि यसको लागि तयार भए । विष्णुले भने - म यसको गहिराइको परीक्षा गर्छु भने तिमी यसको उचाइको परीक्षा गर्नु, यो कुराको निश्चय हुने वित्तिकै विष्णु निलो अंजनको सदृश पर्वत जस्तो दश योजन तामो तथा चार योजन चौडा, मेरू पर्वतको समान उचाइ, तिखो दाह्रा भएको, प्रलयकालिन सुर्य समान भयङ्कर युद्ध गर्ने जस्तो अजय बराह रूप धारण गरे । ब्रह्माजीले भन्नुभयो - मैले हंस रूप धारण गरें जुन धारणबाट मेरो एउटा नाम हंस हुन पुग्यो । विष्णुजी लिङ्गको प्रारम्भ पत्ता लगाउनको लागि एक सहस्त्र वर्ष पर्यन्त त्वरीत गतिबाट तल झरे तर उनलाई त्यो लिङ्गको मूल पत्तो लागेन, यसै प्रकार यति नै समय लगाएर म माथितिर उठ्‌दै गएँ तर मैले लिङ्गको टुप्पो पत्ता लगाउन सकिन ।

जब म फर्केर आएँ म अत्याधिक थाकिसकेको, मेरो अहंकार पनि पूर्ण रूपमा टुटिसकेको थियो, मैले फर्केर आएका विष्णु जी पनि थकित भएर बसिरहेको देखें र उनले पनि लिङ्गको मूल पत्ता लगाउन सकेका थिएनन् । अतः हामीले यो कुरा जानिसकेका थियौं की हामी शिवको यो लिलाबाट विमोहित छौं । त्यसपछि हामीले सो लिङ्गको परिक्रमा गरेर प्रमाण गर्‍यौं । *लि.पु.पृ.१६*

## सृष्टिकर्ताको रूपमा लिङ्ग

ब्रह्माजीद्वारा चर्चा गरिएको लिङ्गको महात्म्य तथा सृष्टिकर्ताको रूपमा उनको वर्णन लिङ्ग पुराणमा जुन प्रकार गरिएको छ - जब ब्रह्मा तथा विष्णुले लिङ्गको आदि तथा अन्तको स्थिति जान्न सकेनन् यसमा तीन कुराको ज्ञान भने हुन आयो । यो तीन स्वर हो, ह्रस्व, दीर्घ तथा प्लुत । उनले भने - मात्राको यही रूप देखाउनको लागि ओ तथा म् को मध्य तीनको अंक लेख्ने गरिन्छ । यस महानाद्लाई सुनेर उनी विस्मित हुनुका साथै आश्चर्यचकित हुन पुगे की यो स्वर कहाँबाट आयो । तब एक दिव्य ऋषि प्रकट भई उनले भने-ओम्को तीन अक्षर अ, उ, म् ले तीन वेद ऋक, यजु, सामको प्रतिनिधित्व गर्दछ । यो ओम् नाम भगवान् शंकरको हो, अ वर्णबाट ब्रह्मा, उ वर्णबाट विष्णु र म् वर्णबाट नीललोहित रुद्रको अविर्भाव हुन्छ । अकार सर्जक, उकार मोहक तथा मकार यो दुईवटैले अनुग्रह गर्दछ । मकार विज  अर्थात् बिज दिने, बिज योनिः नाद् आदि सबै नाम उनैको हो र उनकै स्वेच्छाबाट आफ्नो विभिन्न रूपहरूमा विभक्त गरिएको हो भनी चर्चा गरिएको छ ।

ती ऋषिले भने - यही लिङ्गबाट नै विजक आकार मूलक बीज भयो र जुन बीज उकारमूलक योनिमा रूयाकियो । यो विज चारैतर्फ फैलिएर स्वर्ण अण्डको रूप धारण गर्‍यो । यो दिव्याण्ड

अनेक वर्षसम्म उक्त जलमा रहिर्‍यो। सहस्त्र वर्षपछि त्यो दुई भागमा विभक्त हुन पुग्यो। एक भागबाट ब्रह्माको जन्म हुन पुग्यो र दोस्रो भागबाट द्यौ एवम् पृथ्वी आदि पञ्चभूतको उत्पत्ति हुन पुग्यो।

शिव पुराणकारहरू उल्लेख गर्दछन् - अण्डबाट उत्पन्न आकार स्वरूप चतुर्मुख ब्रह्मा सृष्टिकर्ता बनाइयो, विष्णु रक्षक तथा रुद्र संहारक नियुक्त गरियो। यी तीनको मूल लिङ्ग नै हो र त्यसैबाट नै यी तीन सृजित भएको हो। लिङ्ग नै त्रिविध मूर्तिहरूको धारण स्वरूप हो। यहि सिद्धान्त प्रतिपादित गर्दै स्वयम् लिङ्गले शिव स्वरूपमा प्रकट भई भने -तिमी मेरो अंगबाट उत्पन्न भएका हौ। ब्रह्मा लिङ्ग हृदयको बाम भागबाट र विष्णु दक्षिण भागबाट उत्पन्न भएको हो। लिङ्ग पुराणमा ब्रह्मा तथा विष्णुको संवादमा महादेवी पार्वती लिङ्गको वेदी हो भने महेश्वर साक्षत लिङ्ग हो भनिएको छ। सम्पूर्ण विश्व यसैमा आधारित हुनुको साथसाथै भगवान् शंकरलाई लिङ्ग भनि बुझ्ने गरिन्छ। यो पुराणको एक स्थानमा संकेत गरिएको छ जहाँ स्वयम् शिवजी आफ्नो स्वरूपको कथन गर्दै उल्लेख गर्दछन् - यस संसारमा जति पनि स्त्री लिङ्गहरू छन् ती सबै मेरो देहबाट उत्पन्न प्रकृति स्वरूप हुन् र यस संसारमा जति पनि पुरूष रूपहरू छन् ती सबै मेरो देहबाट नै उत्पन्न भएका हुन्। यस रूपमा स्त्री तथा पुरूष सबै मबाट सृजित हुन् र म मा नै विलिन पनि हुन्छन्। लि.पु.पृ.५९

## लिङ्गको महात्म्य

लिङ्ग पुराणमा भगवान् शिवको सर्वत्र व्यापकता उनको अनेक रूपहरूमा उल्लेख गरिएको छ। भगवान्‌को सुक्ष्म रूपको स्मरण गर्दै भनिएको छ - ऋषि गणहरू ईश तत्वलाई सुक्ष्म भनी उल्लेख गर्दछन्। अर्थात् शंकरलाई सुक्ष्म स्वरूपबाट कथन गर्न वाणिद्वारा

संभव छैन । त्यो सुक्ष्म रूप यस्तो छ जहाँ वाणि पुग्न सक्दैन, त्यो कुनै आकारमा पनि छैन र मनको स्थितिमा पनि छैन, यही रूपमा सर्वत्र शंकर छन् र उनको विभूतिहरूबाट उनको सर्वत्र व्यापकता पनि सिद्ध हुन जान्छ । मुनी गणहरू शिवको विभूतिहरूको स्मरण गर्दै रुद्रको सर्वत्रताको चर्चा गर्दछन् ।

ज्ञानीजन तथा विद्वानजनहरू नमस्कारको गौरवबाट शिवलाई स्मरण गर्दछन् र स्वयं गौरवान्वित हुन्छन् । सबैथोक ब्रह्मा रूप हो र ब्रह्मारूप रुद्र हो । जो पुरूष हो, त्यो महादेव हो, महेश नै परम शिव हुन् । यही विचार गरेर उनको ध्यान तथा चिन्तन गर्नुपर्दछ । लिङ्गको महिमा बारे चर्चा गर्दै उल्लेख गरिएको छ - सम्पूर्ण लोक लिङ्ग रूप नै हो, सबै चिज लिङ्गमा नै प्रतिष्ठित छ ।

त्यसैले अरू सबै छोडेर लिङ्गको पुजा अनिवार्य छ । जो लिङ्गको स्थापना गर्दछ, यसको उपासना गर्दछ, यसको पुजा गर्दछ, ऊ यस ब्रह्माण्डको भेदन गरी अर्को लोक प्राप्त गर्न सक्दछ । लिङ्गको महात्म्यको स्वरूपको सम्बन्धमा ब्रह्मा, विष्णु, हर, रमा, लक्ष्मी, धृती, स्मृति, प्रज्ञा, दुर्गा, शची, रुद्र, वसु, स्कन्द, लोकपाल, नवग्रह, गणपति, पितर, मुनी कवेरादि, अश्विनिकुमार, पशुपंक्षी, मृग आदिका साथ ब्रह्मा देखि लिएर जति पनि स्वभाव तथा जंगम छन् ती सबै लिङ्गमा प्रतिष्ठित छन् । त्यसैकारण सबैलाई परित्याग गरी लिङ्गको स्थापना गर्नुपर्दछ । यत्नपूर्वक स्थापित तथा पुजित लिङ्ग कल्याणको प्रदाता हो भनिएको छ । *लि.पु.पृ.८८*

## पालक तथा संहारकका रूपमा लिङ्ग

सुतजीले जब यो पुराणलाई प्रारम्भ गर्दै भने - निराकार अव्यक्त ईश्वरको व्यक्त रूप प्रकृतिको नाम नै लिङ्ग हो । भगवान् शंकर अलिङ्ग, चिह्नरहित, निराकार छन्, यो शिव शक्तिको स्वरूप

हो । शिव शक्ति अन्तर्गत प्रधान पुरुष तथा प्रकृति दुवै नै परिगणित छन् । अव्यक्त, निराकार, जगदीश्वर "तुरीय" हुन् । त्यो जन्म मरणादिसम्म पनि विकृतिहरूबाट मुक्त छ । उनको स्वरूपको एक गुण अलिङ्ग हुनु पनि हो । त्यो अलिङ्गबाट स्वतः समुद्भूत जगत नै उनको लिङ्ग स्वरूप (विग्रह शरीर) हो । त्यो अलिङ्गी शिवलाई आफ्नो शक्ति, सामर्थ्यद्वारा आफ्नो लिङ्गलाई सात देखि एघार भागमा विभक्त गरेका छन् । एक मूर्ति, जो ब्रह्मा रूप हो त्यसबाट विश्वको उत्पत्ति हुने गर्दछ, दोस्रो मूर्ती विष्णु रूप हो, जसबाट जगतको पालन हुने गर्दछ अर्थात् यो स्वरूपबाट विश्वको रक्षा हुने गर्दछ, तेस्रो मूर्ति रुद्र रूप हो, त्यो संहारक हो । यसबाट यो संकेत मिल्दछ की जो मूल रूपबाट अलिङ्गी हो तथा संसार प्रकट स्वरूप नै जुन लिङ्ग रूप हो त्यो आफ्नो त्रिगुण स्वरूपबाट विश्वको उत्पत्ति, पालन तथा प्रलयको हेतु हो । अलिङ्ग, लिङ्ग तथा लिङ्ग, लिङ्गात्मक स्वरूप मूलतः एउटै हो ।

लिङ्ग पुराणमा उल्लेख गरिएको छ - जब ईशलाई सृष्टि रचनाको इच्छा हुने गर्दछ भने सर्वप्रथम महत् तत्वको प्रादुर्भाव हुन जान्छ । महत् तत्वबाट संकल्प, विकल्पको वृत्ति तथा त्यसबाट त्रिगुण मूल, अहंकारबाट रूप, रस, गन्ध, शब्द र स्पर्शादि तथा यसको आधारमा अग्नि, जल, पृथ्वी, आकाश र वायुको सृष्टि हुन्छ । शब्दादिहरूको विषय ग्रहण गर्ने- जो कर्ममा प्रवृत्त भएको कारण कर्मोन्द्रिय भनिन्छ र ज्ञानात्मिका भएको कारण ज्ञानेन्द्रिय भनिन्छ । मन पनि यद्यपी एक इन्द्रिय हो, तथापि यो कर्म तथा ज्ञानमा समान रूपबाट व्याप्त भएको कारण कमेन्द्रिय र ज्ञानेन्द्रियको रूपमा उल्लेख गर्न सकिन्छ । ब्रह्मादि अण्ड उत्पन्न गर्दछन् र कण-कणबाट पितामह ब्रह्माको अवतार हुने गर्दछ । उनै भगवान् रुद्र तथा सर्वान्तर्यायी विष्णु हुन् ।

सृष्टिको यो क्रमको विस्तार उल्लेख गर्दै भनिएको छ - अण्ड जलबाट दशगुणा, अग्नीबाट दश गुणा, तापक्रमबाट अग्नी, वायुबाट तापक्रम, वायु अहंकारबाट, अहंकार महत्‌बाट र महत् प्रधानबाट परिव्रत हुन्छ । यही अण्डको सात आवरण मानिन्छ । यी अण्डको संख्या कोटी-कोटी हुन्छन् । प्रत्येक अण्डहरूमा ब्रह्मा, विष्णु तथा शिव हुन्छन् । प्रधानबाट उत्पन्न यो सबै शिवको सानिध्य प्राप्त गरेर विलय हुने गर्दछ, यही सृष्टिको आदि तथा अन्त हो । अर्थात् यसको संकेत हो, ब्रह्मादिको उत्पत्ति सृष्टिको आदि हो र ब्रह्मादिको विलय सृष्टिको अन्त हो । पुराणकारहरू उल्लेख गर्दछन् सर्ग र प्रतिसर्गको प्रयोगकर्ता शंकर नै हुन् । उत्पत्ति कालमा उनी र उनको गुणबाट युक्त हुन्छन् । उत्पत्ति र प्रजाहरूको पालन-पोषणका लागि उनी सतोगुणमा अवस्थित हुन्छन् । सृष्टिको विध्वंश कालमा उनी तमोगुणमा अवस्थित हुन्छन् । भगवान् दिनमा सृष्टि गर्दछन् भने रातमा प्रलय गर्दछन् । सबै देवताहरू, प्रजापति र महर्षि दिनमा विद्यमान, रात्रीको समयमा विलिन तथा रात्रीको अन्तमा पुनः प्रकट हुने गर्दछन् । यही नै लिङ्गको पालक तथा संहारकको रूप हो । *लि.पु.पृ.३,४*

## लिङ्गको विश्व रूप

यहाँ स्मरणीय छ की लिङ्ग पुराणको नाम यद्यपि भगवान् शंकरको एक नाम-रूप लिङ्गको आधारमा गरिएको हो, तथापि यस पुराणमा शिव, शंकर, पशुपति आदि रूपमा नै शिव स्वरूप तथा शिव तत्वको चर्चा गरिएको छ । यसै प्रकारले पुराणको एक स्थानमा शिवको अन्य नामहरूको गणना पनि गरिएको छ, शिवको लिङ्ग रूपको अतिरिक्त सर्व, भव, वहि, इशान, भीम, रुद्र, महादेव, उग्र गरी आठ मूर्तिहरूको रूपमा गणना गरिएको छ । यसै क्रममा नै भगवान्

शंकरको अष्ट मूर्तिबाट सम्पूर्ण जड-चेतन व्याप्त छ भनी उल्लेख गरिएको छ - सर्व यो जगतको विधाता एवम् भर्ता हुन, भव - संसारको जीवहरूलाई जीवन प्रदान गर्दछन्, कोही-ब्रह्माण्डमा व्याप्त भई शीत - तम आदिबाट जीवलाई रक्षा गर्दछन्, ईशान-हावा/वायु बनी समस्त भुवनहरूमा व्याप्त हुने गर्दछन् । भीम - चर तथा अचरहरूको मनमा उत्पन्न कामनाहरूको पूर्ति गर्दछन्, रुद्र - भगवान् शंकरको भक्तहरूको मुक्ति प्रदान गर्दछन् भने सम्पूर्ण यस संसारको अन्धकार हरण गर्दछन्, महादेव-सृष्टिमा रस तथा शीतलताको सञ्चार गर्दछन् ।

शिवको व्यापकता तथा सर्वरूपताको वर्णन गर्दै पुराणमा उल्लेख गरिएको छ -शिव पुरूष हुन शिवा छल तथा भ्रम युक्त हो । शिव आकाश र शिवा पृथ्वी हो । शिव वृक्ष र शिवा लता हो । शिव ब्रह्मा, विष्णु हुन भने शिवा सावित्री तथा लक्ष्मी हुन् । यस रूपबाट विश्वमा जति पनि पुरूष रूप छन् ती सबै भगवान् शंकरको विभूती हो भने जो-जति स्त्री रूप छन् ती सबै भगवतीको विभूती हुन् । भगवान् शंकरलाई विश्व रूपमा व्याख्या गर्दै उल्लेख गरिएको छ - शंकर ज्ञाता तथा ज्ञेय छन् । स्रोता र श्रव्य छन्, दृष्टा र दृष्य हुन्, आघ्राता र धाण्य पनि हुन्, उनी अग्नीबाट उत्पन्न सानो फिलिङो अग्निमा नै व्याप्त जसरी रहन्छ, उनलाई त्यसरी नै मान्नु बुझ्नु पर्दछ, यस रूपमा उनी सर्वत्र छन् । जुन प्रकारले हाम्रो शरीर मन तत्व रूपमा अवस्थित छ, त्यही प्रकारबाट हाम्रो शरीरमा शिव स्वरूप पनि अवस्थित छ । भगवान् शंकर नै सबै प्राणीहरूको शरीरमा स्रोत, आस्वाद तथा घ्राण्य हुन्छन् । रूप, रस, गन्ध, शब्द तथा स्पर्श एवम् यसको आधारमा, पृथ्वी, जल, तेज, अग्नी, वायु र आकाश सबै शंकरकै स्वरूप हो । शिवको पञ्च मूर्तिहरू यो पाँच तत्वको प्रवर्तन तथा सञ्चालन गर्दछ । पाँच ज्ञानेन्द्रियहरूको पञ्च कर्मेन्द्रिय- हस्त, पाद, वाक्, लिङ्ग तथा गुदा एवम् यस तत्वले कार्य गर्ने, आउजाउ

गर्ने, बोल्ने, मूत्र तथा पुरूषोत्सर्गादि पनि शिवकै मूर्त रूप हो ।

शिव, क्षर, अक्षर हुनुका साथै यो दुईवटैबाट भिन्न तथा अभिन्न पनि छन् । समष्टिलाई शिवको अव्यक्त र व्यष्टिलाई शिवको रूपमा व्यक्त रूप मान्नु पर्दछ । भगवान् शंकर व्यक्त रूप पनि हो, उनी विद्या रूप पनि हो र अविद्या रूप पनि, अविद्यारूप यसकारण हो की अविद्या रूप प्रपञ्च पनि भगवान् शंकरकै रूप हो । विद्या शंकरको उत्तम रूप हो, अविद्या भ्रमित रूप हो । शिवको अनुशासनबाट नै वायु, शप्त, स्कन्धमा विभाजित भइ लोक यात्रा सम्पादित हुने गर्दछ, अग्नी देवताहरूका लागि हव्य वहन गर्दछन्, यसै प्रकारले शिव आफ्नो कृपालुताद्वारा देवताहरूको रक्षा गर्दै दैत्यहरूको संहार गर्दछन् । सबै प्राणीहरू यस संसारमा असल कार्यद्वारा जो पुण्यफल प्राप्त गर्दछन्, त्यो सबै शिवकै कृपाबाट हुने गर्दछ । किनभने उनको शक्ति तथा आज्ञा उल्लङ्घन योग्य छैन । लिङ्ग पुराणमा लिङ्गको सर्वातिशयता यस्तो रूपमा देख्न सकिन्छ अथवा लिङ्गको सर्वव्यापकताको अनुभूती यसरी गर्न सकिन्छ की सम्पूर्ण लोक लिङ्गमय छ । सबै चिज लिङ्गमा नै प्रतिष्ठित छ । *लि.पु.पृ.१२८,१५९*

## लिङ्ग र पशुपती

लिङ्ग पुराणलाई अनुशीलन गर्दा यो पुराणको नामाकरणको आधारमा बुझ्न सकिन्छ - भगवान् शिवको नाम लिङ्गलाई आधार बनाएर एवम् यसको रूपको महत्वलाई लिएर यो पुराण लेखिएको हो र यसको मूलमा शिवतत्व नै रहेको पाइन्छ । शिव, रुद्र, लिङ्ग र पशुपतिआदि नामहरूमा अन्तर भए पनि यथार्थमा सबै एकै हो भनी पुराणमा उल्लेख गरिएको छ । पुराणमा यो कुरा पनि निरूपण गरिएको छ - भगवान् रुद्र जो हुन् उनै ब्रह्मा पनि हुन्, उनै विष्णु तथा महेश्वर पनि हुन् । रुद्र, स्कन्द पनि हुन्, इन्द्र पनि, चौध भुवन,

अश्विनीकुमार, नक्षत्र, गण, आकाश, दिशा, सोम, अष्टग्रह, प्राण, काल, यम, मृत्यु, अमृत, सूर्य पनि हुन् । भूत, भविष्य, वर्तमान महेश्वर नै हुन् । उनी आदि हो र सम्पूर्ण विश्वमा व्याप्त सत्य पनि हो । उनी भूः भूवः र स्व हुन् । अन्तमा उनै हुन जो विश्वको शीर्षमा छन् ।

देवताहरूद्वारा भगवान् शंकरको यस प्रार्थनामा जुन शिव स्वरूपको प्रतिपादन गरिएको छ, त्यसमा उल्लेख गरिएको छ की जो ओंकार हो, त्यही प्रणवरूपमा व्याप्त भएर अधिष्ठित छन् । त्यही ब्रम्ह, ईशान र  रुद्र हो । उनको उर्ध्व रूप भएको कारण ओंकार रूपमा कथनिय हुनुका साथै प्राण रक्षक भएका कारण प्रणव रूपका भनिएको हो । उनी सर्वत्र व्याप्त भएका कारण सर्वव्यापी सनातन हुन् । ब्रह्मा, हरि आदिको रूपमा उपलब्ध भएर पनि उनका आदि तथा अन्त छैन । रुद्र अनन्त रूप हो र जगतलाई तारण गर्ने रूपमा पनि प्रतिष्ठित छन् । सुक्ष्म रूपमा उनी संसारको सबै प्राणीहरूमा अवस्थित छन् । भगवान् शिव महानमा महान र सुक्ष्ममा अति सुक्ष्म छन् । लिङ्ग पुराणमा भगवान् शंकर पशुपति रूपको अर्चनाको लागि थुप्रै अध्यायहरूमा घटनाहरूको कथा दिइएको छ । ऋषिहरूले वार्तालापको क्रममा सुतजीबाट जान्न चाहेका थिए की भगवान् शंकरलाई किन पशुपति भनियो र पशुपति ब्रत गरि कसले कल्याण प्राप्त गरेका थिए ? यो प्रश्नको उत्तरमा उल्लेख गरिएको छ, यसको अभिप्राय यो हो - ब्रह्माजी देखि लिएर जड चेतना संसारमा जति पनि जिवहरू छन् ती सबै पशु मानिन्छ, र ती सबैको स्वामी भगवान् शंकर भएका कारण उनलाई पशुपति भनिएको हो । भगवान् विष्णु अनादि काल देखि आफ्नो सामर्थ्य शक्तिद्वारा यस संसारिक जिवलाई बाँधि आइरहेका छन्, अविद्या पाशमा (बन्धन) बाँधिएका पशुहरूलाई मुक्त गर्ने एक मात्र भगवान् शंकर हुन् । ज्ञात योगबाट सेवा गरिदा भगवान् शिव नै प्राणीहरू माथि सहज कृपा गर्दछन्, दश इन्द्रिय

अन्तःकरण र तन्मात्रा आदि सबै मिलाएर चौविस पाशहरू (बन्धन) छन् । यी सबै पाशहरूबाट छुटकारा पाउने एक मात्र उपाय शिव भक्ति नै हो । अविद्या, अस्मिता, राग, द्वेष तथा अभिनिवेश आदि सबै क्लेशहरूबाट जीवलाई भगवान् शंकरले नै मुक्त गर्दछन् । अविद्याको अर्थ अन्धकार, अस्मिताको अर्थ मोह, रागको अर्थ महामोह, द्वेषको अर्थ अन्धतामिस्त्र तथा अभिनिवेशको अर्थ मिथ्या ज्ञान हो । भगवान् शंकरको शरणमा जानाले यो सबैबाट सहज मुक्ति प्राप्त हुने गर्दछ । शिव शब्दको अर्थ भनेकै अतिशय कल्याण हो । शिव, शंकर, रुद्र महादेव तथा प्रणव भनेको एउटैको नाम हो । उनको भक्ति तथा प्राप्तिबाट जीवहरूलाई पशुत्वबाट मुक्ति मिल्दछ । यही मुक्तिको उपाय हो । शिव पुराणकारहरूले पच्चिस तत्वहरूको अविद्यात्मक पाशको उल्लेख गरेका छन् । यी पाशहरूबाट भगवान् शंकरले नै मुक्त गर्दछन् यसैले उनलाई पशुपतिभनिएको हो । पच्चिस तत्वहरूमा प्रकृति, महत्, अहंकार, एकादशेन्द्रिय, पञ्चतन्मात्रा र पञ्चमहाभूत छन, पुरूषलाई छाडेर चौविस तत्वहरूबाट पशुजति बाँधिएको हुन्छ । इन्द्रियहरूद्वारा जो विषय ग्रहित छ, त्यही नै बन्धन कारक हो । ब्रह्मादी देखि लिएर सानो भन्दा सानो सबै जीव यही विषय - बन्धनबाट बाँधिएको हुन्छ । सत्व, रज, तम, यी तीन गुणहरूबाट बन्धनको सारा कामहरू सम्पादित हुने गर्दछ तर दृढ भक्ति योगबाट र पशुभूत जीवहरूबाट उपासना गरिन्छ भने शिवले नै उनीहरूलाई मुक्त गर्दछन्, त्यसैले उनी पशुपति हुन् ।

भगवान् पशुपत व्रतको महत्वको कथनमा पाशुपत ब्रत गर्नाले पशुभाव आउँदैन भनिएको छ । पशुपति र लिङ्गमा अभेद स्वरूपलाई उल्लेख गर्दै द्वादशलिङ्गको व्रतमा बहु-पाशलाई विमोचन गर्दछ भनि उल्लेख गरिएको छ । *लि.पु.पृ.१६३,१६४,१५६,१५७*

## लिङ्गको अघोर रूप

भगवान् शिवको अघोर रूपको सम्बन्धमा लिङ्ग पुराणमा जुन सन्दर्भ आएको छ, त्यस अनुसार भनिएको छ - सृष्टि सर्जक ब्रह्माजीको मनमा एकपटक सृष्टि सिर्जित गर्ने चिन्ता भयो, त्यसै समय एक विचित्र स्वरूपले जन्म लियो, विधाताले आफ्नो समक्ष एक अद्भूत कृष्ण वर्णको तेजस्वी बालकको प्रार्दुभूत भएको देखे ती कृष्ण वर्णका थिए, विर्यवान थिए । दीप्तमान र आफ्नो तेजद्वारा तेजस्वी देखिएको थियो । उनको शिरमा कृष्ण अम्बर थियो, कृष्ण यज्ञोपवीत धारण गरिएको थियो र कृष्ण वर्णमाला पनि लगाइएको थियो । यस प्रकार कृष्ण वर्णमाला, कृष्ण वस्त्रवाला त्यस अघोर रूप उत्पन्न भएको देखेर देवताहरू उनको बन्दना गर्न लागे, ब्रह्माले त्यस अघोर रूपलाई देखि अघोरलाई ब्रह्मा रूपमा नै ग्रहण गरे ।

लिङ्ग पुराणमा शिवको पुजा विधानमा जुन प्रकारले लिङ्गको पुजा गरिन्छ, त्यही रूपमा शिव तथा अघोरको पनि पुजा गरिन्छ भनि उल्लेख गरिएको छ, त्यसमा शिव तथा लिङ्ग र अघोर रूपको पुजा विशेष ढङ्गले गर्नुपर्ने हुन्छ भनिएको छ । भगवान् शिवले सिंहको चर्मलाई आफ्नो वस्त्र बनाएर धारण गरेका कारण अघोर स्वरूपको मानिन्छ । उनी कपालको माला धारण गर्दछन्, विच्छीहरूको आभूषण पहिरिन्छन्, यस अघोर रूप भगवान्को पुजाको विस्तृत वर्णन गर्दै यस पुराणमा उल्लेख गरिएको छ - अघोर रूप भगवान्को यो अर्चना लिङ्गकै अर्चना हो, यो अवश्य हो की जो लिङ्गको अर्चना गर्दछ, त्यो कुनै पनि प्रकारको पापको भागिदार हुँदैन । यी सबै संकेतहरूबाट यो प्रतित हुन जान्छ - रूप भेदबाट लिङ्ग र अघोर हुन सक्छ तर शिव, लिङ्ग, महेश्वर, अघोर आदि एकै हुन् । यी सन्दर्भहरूबाट यही प्रतित हुन जान्छ की लिङ्ग आफ्नो स्वरूपको कारण लिङ्ग पदबाट वाच्य छ र अघोर रूप आफ्नो स्वरूपबाट वाच्य छ, यो कुरा यस पुराणको

संकेत पनि हो । लिङ्ग आफ्नो स्वरूपावस्थितीबाट लिङ्ग भनि उल्लेख गरियो र अघोर स्वरूपको जो वर्णन गरिएको छ त्यो भनेको शिवको जुन बाह्य आकृति र स्वरूपको कथन हो, मस्तकमा चन्द्रमा, सर्प धारण गर्नु, त्रिपुण्डको रूपमा चन्द्रमा तथा तृतीय नेत्रको वर्णन उनको अद्भुत र अघोर रूपको आख्यान हो । उनको उपासना एवम् महत्वको सम्बन्धमा वाहिय आकृति र प्रकृतिमा भेद भएर पनि उनको अन्तः स्थितिलाई भगवान्को अघोर रूपको प्रतिष्ठा पनि लिङ्गकै प्रतिष्ठा हो र उनको पुजामा कुनै भेद छैन भनी उल्लेख गरिएको छ । *लि.पु.पृ.१७६,१८८*

# पुराण रचनामा दर्शनको पृष्ठभूमि

## रुद्रको प्रारम्भिक परिकल्पना

हिन्दु परम्परामा जे-जति साहित्य-सामग्रीहरू उपलब्ध छन्, तिनमा वेदभन्दा अगाडि लगभग कुनै पनि छैन । यही कारण सैद्धान्तिक परम्परामा हामी उनैको पनि प्रारम्भिक स्वरूप जान्न चाहन्छौं भने सर्वप्रथम वेदहरूको आश्रय लिनु नै उपयुक्त हुन जान्छ । त्यसैले शैव दर्शनका आदि प्रतीक रुद्रका विषयमा केही जान्न चाहन्छौं भने पनि हामीले वेद र उपनिषद्, जुन वेद भन्दा ठीक पछिको ग्रन्थ हो, यो नै प्रमाणका रूपमा उदृत गर्नुपर्ने हुन्छ ।

रुद्रका विषयमा वेदहरूमा प्रयाप्त सामग्रीहरू उपलब्ध छन् । रुद्रलाई लिएर अनेक सूत्रहरू पनि लेखिनुका साथै विविध रूपमा वर्णन पनि गरिएको छ । हामी ऋग्वेदलाई हेर्छौं भने रुद्रको सम्बन्ध अग्नीको साथ गहिरोसँग रहेको पाइन्छ । अग्निलाई अनेक पटक रुद्र भनी उल्लेख गरिएको छ । रुद्रलाई अन्य रूपहरूका साथै भयानक र सौम्य स्वभावका पनि थिए भनेर चर्चा गरिएको छ । उनी कहिले उग्ररूप धारण गर्थे त कहिले कल्याणकारी हुने गर्थे । उनलाई प्रायः वभ्रुरूपको भनी उल्लेख गरियो र साथै उनलाई श्वेत र सुनौलो वर्णवाला पनि बताइएको छ । उनी भिषजहरूमा (आर्युवेदिक वैद्य) सर्वश्रेष्ठ थिए, किनभने उनीसँग रोगनाशक औषधिहरू थिए, उनी द्विपद र चतुष्पादहरूको पुष्टि गर्थे । श्री रुद्रको विषयमा "नील

शिखण्डिन" शब्द प्रयोग छ, जुन उनको नीलो वर्ण अथवा गहिरो रंङको केश हुनुको संकेत हो । यसका साथै एक स्थानमा उनी यस्ता देवताका रूपमा पनि उल्लेखित छन् जो विद्युतद्वारा मर्त्यजनमाथि प्रहार गर्छन् । यही तरहबाट एक अर्को स्थानमा रुद्रदेवको रथको वर्णन गरिएको छ, जसमा उनको रथ कालो र भयावह थियो, त्यसलाई रक्तवर्णका घोडाहरूले तान्दथे ।

अर्थवेदमा पनि रुद्रको स्वरूपको कथन अधिकताका साथ गरिएको छ - उनको शस्त्र विषधर हुन्छ र सम्पूर्ण शरीरमा व्याधि फैलने गर्छ । प्राणीमात्रलाई उनीदेखि डर लाग्छ कि उनी आफ्ना स्तुतिकर्तालाई नभई उनको प्रहार अन्यत्र शत्रुहरूलाई गरून् । रुद्रका विषयमा एक अन्य सन्दर्भमा उल्लेख गरिएको छ - रुद्र आफूसँग तीक्ष्ण शस्त्र राख्छन् र त्यस शस्त्रबाट हामीलाई टाढै राख्नुस्, हामी प्रार्थना गर्दछौं । एक अर्को स्थानमा रुद्रका लागि दौर्वृत्य शब्दको प्रयोग गरिएको छ, जसले उनको उच्छृङ्खल आचरणलाई व्यक्त गर्दछ । यसको अभिप्राय हो रुद्र यस्तो आचारण व्यक्त गर्दछन् जो कसैको लागि पनि सहृदय छैन । वेदहरूको यो सन्दर्भमा रुद्रको जुन स्वरूप प्रकट भएको छ त्यो भयकारी उग्र र आक्रमक रूपमा देखिन आउँछ । यसैलाई आधार मानी केही भारतीय विद्वानहरूले रुद्रका विषयमा आफ्ना विचार दिएका छन् । जसअनुसार रुद्र र अग्निमा साम्य प्रतीत हुने गर्छ, रुद्र विनाशकारी विद्युतीय स्वरूपका प्रतीक हुन् । रुद्रका साथ अग्निको जुन सम्बन्ध छ यसअनुसार अनेक विद्वानहरू अग्नि दाहकत्वलाई रुद्रको मुख्य स्वभाव मान्दछन् र रुद्रलाई कुनै न कुनै रूपमा अग्निकै प्रतीक भनी बताउँछन् । एक विद्वानले रुद्रलाई अग्नि अथवा इन्द्रकै एक रूप हुन् भनी उल्लेख गरेका छन् ।

## रुद्रको सौम्य रूप

रुद्रलाई जुन रूपमा अहिलेसम्म हामीले देख्यौं त्यो उनको स्वरूपको एक पक्ष हो । उनको स्वरूप र स्वभावको दोस्रो पक्ष यो पनि छ - उनी दयालु, करूणापूर्वक कृपागर्ने र भिषक अर्थात् औषधीपति पनि हुन् । रुद्रलाई आफ्नो सौम्य रूप भएका कारण महाभिषक भनी उल्लेख गरिएको छ । उनको औषधीहरू शित्तल तथा व्याधिनाशक हुन्थ्यो । यस रूपमा उनी आफ्नो कृपालु स्वरूपबाट सबैलाई निरोगी बनाउँदथे तथा औषधिहरूबाट उपकृत गर्दथे । रुद्रको यो रूप चिकित्सकको जस्तो रूप देखिन्छ जो उनको भयंकरता भन्दा विपरित छ । रुद्र पशुपति हुन् अर्थात् संसारमा जति पनि पशु छन् ति सबैको पति उनी हुन् । यद्यपी त्यहाँ पशु शब्दको स्पष्ट अर्थ लगाउन नसकिए पनि अगाडिको अर्थानुसार सम्पूर्ण प्राणीहरू भनी अर्थ्याइएको छ र पशुपतिलाई प्राणी मात्रको पति भनी उल्लेख गरिएको छ । रुद्र पशुपतिहुन् किनभने उनी आफ्नो अन्य अनेक रूपहरूद्वारा प्राणीहरूको रक्षा गर्दछन् । यजुर्वेदमा एक सन्दर्भ पनि छ - भगवान् शंकरलाई सन्तानवृद्धि गर्ने देवताको रूपमा पनि मानिएको छ ।

यर्जुवेदमा रुद्रको लागि जुन प्रार्थना गरिएको छ, यो त्यस दृष्टिबाट महत्वपूर्ण छ की त्यसमा रुद्रलाई अनेक नामहरूबाट कथन गर्नुका साथै उनको शक्तिहरूमा पनि संकेत गरिएको छ । रुद्र-स्तवनमा उनको पशुप, कपर्दिनी, निललोहित, क्षेत्रपती र वणिकको रूपमा उल्लेख गरिएको छ । रुद्रलाई दिइएको नामहरूमा केही नामहरू अद्‌भुत तथा आवश्चर्यजनक पनि छ, जस्तो उनलाई चोरहरूको राजा, ठगहरूको सरदार, तस्करहरूको पनि पति भनी उल्लेख गरिएको छ । यसै प्रकारले स्तवनमा रुद्रलाई त्यो स्वरूपमा पनि कथन गरिएको छ जो सभाको सभापति, सेनापति, रथको

सारथी, कृपालु र शिव एवम् सबैलाई कल्याण गर्ने रूपमा उल्लेख गरिएको छ ।

## उपनिषदमा रुद्र

उपनिषद परम्परा वैदिक परम्पराको कै अनुगामिनि यस अर्थमा मानिन्छ की यसमा वेदमा व्यक्त गरिएको विचारहरूलाई नै पल्लवित तथा पुष्पितगरिएको छ । वृहदारण्यकमा एक-दुई स्थानमा अन्य देवताहरूको साथ-साथै रुद्रको पनि उल्लेख गरिएको छ । जस्तै एक स्थानमा शाकल्यले प्रश्न गरेकी यी रुद्र को हुन् ? प्रश्नको जवाफमा याज्ञवल्क्यले भने - जुन समय प्राणीहरूको प्रारब्ध कर्म समाप्त हुन पुग्दछ त्यस समय यही एकाशद रुद्र मरणशिल शरीरबाट उत्क्रमण कालमा आफ्नो सम्बन्धितहरूलाई रूवाउँछन्, यही रोदनको निमित्त भएकाले उनलाई रुद्र भनिएको हो ।

श्वेताश्वेतरोपनिषमा रुद्रको विषयमा विस्तारित र नयाँ ढंगले लेखिएको छ - आफ्नो ईश्वरीय शक्तिद्वारा सम्पूर्ण लोकमा शासन गर्दछन्, एक्लै नै उत्पत्ति तथा प्रलयलाई अधिन गर्दछन् भने ती रुद्र हुन् । उनी आफ्नो शक्तिद्वारा यस लोकमा शासन गर्दछन् । उनी सम्पूर्ण प्राणीहरूमा विद्यमान छन् र समस्त भुवन निर्माण गरी पुनः प्रलय कालमा समेट्छन् । यो उपनिषद्मा रुद्र पुरूषको रूपमा पनि ईशको रूपमा पनि छन् । यिनै रुद्र प्रकृति र पुरूषका साथ शिवको नामबाट पनि अभिहित छन् ।

रुद्रको सम्बन्धमा अन्य उपनिषद्मा पनि तमोगुणको सम्बन्धसँग जोडिएको छ भनी उल्लेख गरिएको छ । यसबाट संकेत मिल्छ की यो कथनबाट वेदको त्यो अवधारणामा आधारित छ जो रुद्रलाई तमको भयङ्कर देवता मानिएको थियो । एक दोस्रो सन्दर्भमा रुद्रलाई परीरक्षिता भनी उल्लेख गरिएको छ र प्रजापतीको साथ

उनको तादम्यता स्थापित गरिएको छ । एक अर्को उपनिषदमा रुद्र र आत्मालाई एकै मानिएको छ । त्यहाँ रुद्रलाई एक उपाधी शम्भु पनि दिइएको छ र उनलाई शान्तिपदको रूपमा प्रतिष्ठित गरिएको छ ।

## शिव स्वरूप

वैदिक साहित्यमा हामीले देखी सक्यौं की रुद्रको नामको व्यहारत अनेकता र उनको तरह-तरहको प्रतीक, तर वेदमा शिव स्वरुप भन्दा पृथक कुनै चर्चा गरिएको छैन र शिवनामबाट कुनै विशेष देवतालाई सम्बोधन पनि गरिएको छैन । केवल एक दुई सन्दर्भमा रुद्र व्याख्यानको क्रममा शिवको नाम लिइएको छ र यर्जुवेदमा शिवको अनेक रूपहरूको चर्चा गरिएको छ । यर्जुवेदका बाजसनेयी संहितामा रुद्रको स्थानमा उनलाई सम्बोधन शिवको रूपमा गरिएको छ र भनिएको छ - तपाईलाई नमस्कार छ, यो रूपमा हामीलाई हिंसा नगर्नुस् यसै प्रकारले अन्य स्थानहरूमा पनि शिव शब्दको प्रयोग रुद्रको लागि भएको पाइन्छ ।

उपनिषद् परम्परामा हामी देख्न सक्छौं - विभिन्न तरिकाले शिवको नाम उल्लेख भएको, श्वेताश्वतरोपनिषद्मा रुद्रलाई ईश, महेश्वर, शिव र ईशान भनी उल्लेख गरिएको छ । यो उपनिषद्मा शिवको अपरिमित शक्तिको कथन गर्नुका साथै उनको सबै तर्फ मुख, मस्तक र ग्रीवा छ भनिएको छ, उनी सम्पूर्ण भूतहरूको हृदयमा स्थित छन्, ती भगवान् सर्वव्यापक र सबैको कल्याण गर्दछन्, उनी स्वयम् सर्वगत र कल्याण रूप हुन् भनी उल्लेख गरिएको छ । यसै प्रकारले परमेश्वर सुक्ष्म भन्दा अति सुक्ष्म छन् तथा अविद्या एवम् उनको कार्य रूप दुर्गम स्थानमा स्थित सम्पूर्ण विश्वको स्रष्टा विविध रूपधारी र संसारलाई एकमात्र कर्मफल प्रदान गर्ने कल्याण स्वरूप

शिवलाई जानेर जीव परम शान्ति प्राप्त गर्दछ भनिएको छ ।

यस रूपमा रुद्रलाई जुन शिव नाम दिइयो यसमा केही दृष्टिद्वारा सुचित गर्दछ की रुद्र भयका देवता थिए, उनी कल्याणका देवता बने र सर्वकल्याणकारी रूपमा स्थापित हुन पुगे, शुरूमा उनी पशुप र चिकित्सक थिए, पछि सर्वव्याप्त र कल्याणकारी उनको स्वरूप उपनिषद्हरूले नै व्यक्त गर्न पुगेको पाइन्छ । *यजु.१६/१/६६-४*

## उत्तरकालिन शिव स्वरूप

शिव स्वरूपको सम्बन्धमा हामी रामायण र महाभारतको सन्दर्भलाई लिन्छौं भने त्यहाँ एतद् विषयक सामग्री प्रर्याप्त मात्रामा मिल्न जान्छ । रामायणमा यो संकेत छ - रुद्र अब रूवाउने देवता नभएर मनुष्यका कल्याण गर्ने देवता हुन्, उनी वरदाता हुन्, आशुतोष र दयानिधि हुन् । वाल्मिकी रामायणमा शिवको चर्चा गरिएको छ, शिवलाई सर्वश्रेष्ठ देवता भनिएको छ र उनलाई देवताहरूमा सर्वोच्च देवताको रूपमा निरूपित गरिएको । एक स्थानमा जगत सृष्टि गर्ने, उनी जगतको अन्त गर्ने, उनी सबैको आधार र परम गुरू, अमर, अक्षय र अव्यय भनी उल्लेख गरिएको छ । वाल्मिकी रामायणमा शिवोपासनाको जुन रूप प्रचलित छ त्यो लोक-उपासनाको भावमा अत्याधिक समिप देखिन्छ । यो महाकाव्यमा शिवको साथसाथै उमाको नाम पनि उनको अर्धाङ्गिनी अथवा एक शक्तिको रूपमा जोडिएको छ । उनी कल्याणकारी देवता हुनुको साथसाथै हिमवान पुत्रीका साथ रहन्छन्, जो उनको लागि एक शक्ति -स्परूप हो । भवानी अनेक देवीहरूको पदबाट वाच्य र एक सौम्य, कृपालुको कारण करूणामयी हुन् । उनको कृपा र करूणाबाट सम्पूर्ण सृष्टि आप्लावित रहने गर्दछ, यसैले उनी महत्वपूर्ण देवीको रूपमा प्रतिष्ठित छिन् भनी उल्लेख गरिएको छ ।

वाल्मिकी रामायणमा शिव र पार्वतीलाई लिएर दिइएको आख्यानमा उनीहरूको महिमा बखान नै रहेको पाइन्छ । समुद्र मन्थनबाट निस्केको विषपानको कथामा देवता र दानव मन्दराचल पर्वतलाई मदानी बनाई, बासुकी नागलाई नेतिमा प्रयोग गरी समुन्द्र मन्थन गर्दछन् । यस स्थितिमा समुन्द्रमा जब हलाहल विष प्रकट हुन्छ, सबै देवताहरू विष्णुसँग मिली शिव कहाँ पुगी प्रार्थना गर्दछन् - भगवान् यो विष सबैको लागि घातक छ, कृपा गरी तपाई यसको पान गरिदिनुहोस् । हामी सबैको जीवन बच्नेछ, अन्यथा देवता तथा दानवका साथ समग्र सृष्टि यो विषको भयानकताबाट नष्ट हुन जान्छ, शिवजीले कृपा गरे र देवताहरूको आग्रह मुताविक विष कण्ठमा धारण गरे, त्यहि समयबाट शिवलाई निलकण्ठ भनिन थालियो । रामायणको यो कथाको संकेतबाट शिवलाई कारूण्य स्वभावमा व्यक्त गरेको पाइन्छ ।

दोस्रो आख्यान शिवद्वारा गरिएको गंगावतरण हो । भगिरथ आफ्नो पूर्वजहरूको उद्धारको लागि गंगालाई स्वर्गबाट पृथ्वीमा ल्याउन चाहन्थे तर समस्या आयो की उनलाई पाताल लोक जानबाट कसले रोक्न सक्दछ, यसको लागि भागिरथ श्री शिवलाई आफ्नो मस्तकमा धारण गरिदिन प्रार्थना गर्दछन् । गंगालाई अवतरण गर्ने यो विधिलाई शिव स्वीकार गर्दछन् । यो शिवको कृपालु स्वभाव हो । यसमा पनि जब गंगा आफ्नो अभिमान देखाउँदै शिवलाई पाताल लोक लान चाहन्छिन् त शिव आफ्नो जटामा अल्झाई दिन्छन् । यसबाट शिवको सामर्थ्य प्रकट हुन जान्छ ।

## रुद्र र शिवस्वरूपको दार्शनिक विकास

वेद ग्रन्थमा रुद्रलाई जुन रूपमा प्रस्तुत गरिएको छ, त्यहाँ उनको यस्तै प्रकारको स्वरूप छ जस्तो प्रकृतिको अन्य देवताहरूको

स्वरूप प्रस्तुत गरिएको छ । रुद्र प्रारम्भमा आफ्नो नामकै अनुरूप रोदन देवता थिए र कठोरता एवम् कर्कशताको स्वरूपमा प्रतिष्ठित थिए तर उपनिषद्हरूको अवलोकन गरिसके पश्चात् यसमा परिवर्तन देखिन आउँछ र जुन रुद्र दोस्रो रूपमा प्रस्तुत भएको आफ्नो शिवत्व अर्थात् कल्याणकारी रूपमा उपस्थित देखिन्छ । यसको साथसाथै शिव केवल एक देवता मात्र नभएर तत्वको रूपमा पनि जान्न लागियो । जसको कारण उनी देवताहरूको पनि देवता बन्न पुगेर यो भन्न लागियो की रुद्र एकै हुन् दोस्रो कुनै तत्व छैन । उनी ईश्वर हो र सबैको ईश हो । सम्पूर्ण विश्वको रक्षक हो र अन्त्यमा सम्पूर्ण विश्व उनैमा समाहित हुन पुग्दछ ।

एक अन्य स्थानमा उनी आत्मा हो, ईश हो, शम्भु हो, रुद्र हो, सत्य, प्राण, विष्णु, नारायण, अर्क, प्रजापति हो भनिएको छ । यो स्वरूप यस्तो हो की एक देवताको रूपमा भएर पनि रुद्र स्वरूप र उनको आयामको अत्याधिक विस्तार हुन पुग्यो । यो एउटा विशेष सवाल हो, जसले दर्शाउँदछ की रुद्रको व्यापकता कति धेरै छ । यसको अतिरिक्त पनि रुद्रलाई शिव स्वरूप र उनको व्यापकताको कथन श्वेताश्वरतोपनिषद्मा विस्तृत ढङ्गले गरिएको छ । जस्तै ती (शिव) भगवान् सबै स्थानहरूमा व्याप्त छन्, सबैको मुख, शिर, ग्रीवा उनै हुन्, सर्वगत र सर्वत्र उनै छन् ।

एक अर्को स्थानमा यो वर्णन छ की उनी सुक्ष्म भन्दा सुक्ष्म छन्, विश्वका एक मात्र स्रष्टा हुन्, विश्वलाई परिवेष्ठित गरी अवस्थित छन्, जो शिवलाई जानेर शान्ति प्राप्त हुने गर्दछ । रुद्र अथवा शिवको लागि महेश्वर शब्द प्रयोग गरी उल्लेख गरिएको छ - प्रकृतिलाई भ्रमित वस्तु मान्नुहोस् र महेश्वरलाई भ्रमकर्ता सम्झनुस् किनभने भ्रमकर्ता (छल्ने) नै आफ्नो भ्रम शक्ति (छल शक्ति) द्वारा यो सृष्टिको सृजना गर्दछन् । यस रूपमा वेदको अवधारणा पछि

उपनिषद्‌ले जे प्रतिपादन गर्दछ ती कथनहरूबाट बहुआयामिक अभिप्राय बुझ्न सकिन्छ, साथसाथै यसो पनि भन्न सकिन्छ की शिव एक देवताको रूपमा मात्र मान्य नभएर उनी एक यस्तो तत्वको रूपमा संकेन्द्रित हुन पुगे, जो यो सृष्टिको कर्ता बन्न पुगे र सर्वव्यापक, सर्वगत भए । यो शिवको दार्शनिक स्वरूप हो ।

वैदिक साहित्यको पौराणिक काल एक विस्तृत काल हो, जसको प्रारम्भिक समय निर्धारण गर्न कठिन छ । यो दृष्टिकोणबाट यदि हामी पुराणहरूलाई एक प्राचीन निधि मानेर त्यहाँ शिवको दार्शनिक स्वरूपको विकासलाई हेर्छौं भने प्रर्याप्त सामग्रीहरू मिल्न सक्दछ ।

महाभारतमा यस्तो प्रसङ्ग आएको छ जसमा यो संकेत गरिएको छ - शिव महेश्वर, सर्वेश्वर, कल्याणकारी, परमकारण, सर्वव्यापक हुन् । श्रीकृष्ण र अर्जुन पनि शिवसँग वर प्राप्त गर्नको लागि हिमालय पुग्दछन् । पुराणमा अन्य जो सन्दर्भ प्राप्त हुने गर्दछ, त्यसअनुसार ज्ञान, वैराग्य, ऐश्वर्य, तपस्या, क्षमा, धृति, सृष्टि-योग्यता, शासन-गुण र आत्माबोध यी दश गुण शंकरमा सर्वदा वर्तमान रहने गर्दछ । शिव एक यस्तो देवता हो जो सुर र असुरमा श्रेष्ठ हो, यसैले सम्भवतः उनको नाम महादेव हो । उनले आफ्नो ऐश्वर्यबाट देवतालाई, बलद्वारा असुरहरूलाई, ज्ञानद्वारा ऋषिहरूलाई पराजित गरे, उनी परम योगी हो । एक अन्य सन्दर्भमा शिवको आठ स्वरूपको कथन गरिएको छ । उनीमा शिवतत्वको अधिष्ठान छ, त्यसैले उनको समादार अधिक छ, शिवमा लोक रक्षाको लागि शिवाको (शिव शक्ति) आधान छ, अर्थात् उनको लोक रक्षा गर्नको लागि शिवा अर्थात् शक्तिको सानिध्य प्राप्त गर्दछन् र त्यही शक्तिको बलद्वारा उनी लोकको रक्षा गर्दछन् । यही हेतु उनलाई लोक रक्षकको रूपमा बुझिन्छ ।

पुराणमा केही यस्तो सन्दर्भ छ, जहाँ शिव स्वरूपको कथन केवल एक देवताको रूपमा मात्र छैन, अपितु उनलाई अज, अमर, देवताहरूको स्रष्टा आदि रूपहरूमा उल्लेख गरिएको छ। उनी प्रधान पुरूष हुन्, अमृत रूप हुन्, परमात्मा हुन्, ईश्वर हुन र जगतको कारण हुन्।

एक अर्को सन्दर्भ यस प्रकारले प्रस्तुत गर्न सकिन्छ जसमा यो वर्णन आएको छ - उनी आफ्नो शक्तिद्वारा अखिल जगतको पालना गर्दछन् र विनाश पनि गर्दछन्, सनत्, सनातन्, सनन्दनादिले पनि जसको रहस्यलाई जान्न सकेनन् र वेदान्तादि शास्त्र पनि उनैद्वारा ज्ञातब्य छ। एक अर्को सन्दर्भमा यस्तो प्रकारले उल्लेख गरिएको छ - जहाँ शिवको उत्कर्षको र सर्वव्यापक स्वरूपको कथन गरिएको छ, उनी देवताहरूको पनि महान् देवता हुन्, त्यसैले महादेव भनिएको हो, उनी सबैको ईश हो, त्यसैले सर्वेश उनको नाम हो। वृहत भएको कारण उनी ब्रह्मा हो, भूतत्वबाट भूत भनिएको हो।

यि सबै शिव-स्वरूपहरूलाई हेर्दा यो युक्ति संगत हुन्छ की - जहाँ शिव एक देवताको रूपमा प्रतिष्ठित छन्, त्यही एक तत्वको रूपमा पनि उल्लेख गरिएको छ। जुन शिव दर्शनको आधार बन्न पुग्यो।

# शैव सिद्धान्त एवम् दशर्नको क्रमिक विकास

वेदमा रुद्र र शिवको सन्दर्भमा जो प्रारम्भिक संकेत थियो, त्यो उपनिषद्मा आएर अधिक स्पष्ट हुन पुग्यो र शैव सिद्धान्त एवम् दर्शनको आधार तथा प्रारम्भिक रूप पनि केही स्थिर हुन पुग्यो, जसमा शिवलाई एक तत्वको रूपमा हेर्न थालियो । श्वेताश्वतर उपनिषद्मा हामीले देखिसक्यौ की त्यो समय शिव एक तर्फ भक्तहरूको इश्वर हो, दोस्रो तर्फ उनी दार्शनिकहरूको परम पुरूष पनि हो, परम पुरूषको रूपमा शिवलाई परम सत्य र स्रष्टा मानियो जो आफ्नो छलशक्तिद्वारा नै सक्रिय भएर कार्य हुने गर्दछ र पुरूष केवल प्रेरक पात्र मात्र हुने गर्दछ । शिवतत्वको यो विचारमा सांख्य सिद्धान्तको जुन प्रभाव छ, त्यो पुराणमा अधिक स्पष्ट भएको छ, शिवको सृष्टिमा सक्रिय ती देवी जो सर्जन गर्नमा महत्वपूर्ण भूमिका निभाउँछिन् र शिव जसमा केवल दर्शक मात्र रहन्छन् भनी उल्लेख गरिएको छ । यहि विचारधारा हो जसमा शिव एक देवताको रूपमा प्रतिष्ठित भएर पछि उनी छल (भ्रम) शक्ति र सामर्थ्यका साथ मिलेर सृष्टि संरचनाको परम पुरूष बन्न पुगे ।

# आगम ग्रन्थ र शैव दर्शन

यस विचारधारालाई अधिक स्पष्ट आकार आगम ग्रन्थले दियो जसमा शैव दर्शनलाई एक विशेष स्वरूप मिल्यो र आगम ग्रन्थ नै शैव दर्शनको प्रमाणिक तथा आधार ग्रन्थ बन्यो । यो ग्रन्थमा शिवलाई एक तत्वको रूपमा प्रतिष्ठित गरियो र उनको परम सत्य स्वरूपलाई स्थापित गर्नुका साथै उनलाई सृष्टि सर्जक पनि भनियो । पछि यसैलाई आधार बनाई विविध शैव दर्शन मत प्रचलित हुन पुग्यो ।

## अपरकालिन शैव सिद्धान्त तथा दर्शन

यसको पछि  अर्थात् आगमकाल पश्चात दक्षिण भारतमा नै मुख्य रूपले शैव सिद्धान्तको प्रचार-प्रसार हुँदै आयो र प्रारम्भिक सिद्धान्तमा कुनै त्यस्तो ठूलो परिवर्तन भएन । आद्य गुरू शंकराचार्यले आफ्नो अद्वैतमतद्वारा यत् किंचित रूपमा शैव दर्शनलाई आक्षेप गरे तर उनको विरोधमा कुनै ठूलो शक्ति उदित भएन र जबसम्म उनि आफ्नो अद्वैत मतलाई प्रचार-प्रसार गरिरहे, तबसम्म शैव दर्शन पनि आफ्नो पूर्व स्वरूपमा नै चलिरह्यो ।

पछि जब भारतको कश्मिर क्षेत्रमा शैव सम्प्रदायहरूको प्रचार-प्रसार हुन थाल्यो, त्यहाँ दक्षिण भारतको शैव आचार्यहरूको अनुरुप नै शैव सिद्धान्तको व्याख्या गरिन थाल्यो, ती शैव आचार्यहरू आगम

ग्रन्थलाई नै प्रमाण मानेर चलिरहे, यसैको साथ आचार्य वशुगुप्तले यद्यपि विशुद्धरूपबाट अद्वैत सिद्धान्त अनुसार शैव मतलाई व्याख्या गरे । पछि आचार्यहरू यस्तो पनि भए जो काश्मीरी शैव दर्शनमा आधारित हुन पुगे ।

शैव सिद्धान्तमा शक्तिलाई त्यही प्रकारले समवर्तिनी मानिने गरिन्थ्यो जुन प्रकार साङ्ख्यमा प्रकृतिलाई, तर प्रत्यभिज्ञ दर्शनमा (जो कश्मीरमा ग्रथित भएको थियो) शिवालाई पुरूषको अभिव्यक्ति मात्र मानिएको छ । यहि कारण त्यो परम शिवबाट अभिन्न मानियो । तिनको अभिन्नता यस्तो प्रकारको छ जस्तो ज्वाला र अग्निको अभिन्नता छ । जुन ज्वाला हो त्यो अग्नि हो र जो अग्नी हो त्यही ज्वाला पनि हो । यही अभिन्नता छ ।

## निष्कर्ष

यस रूपमा हामी यो देख्न सक्छौं की शिव सिद्धान्त प्रारम्भमा रुद्र देवताको नामबाट आरम्भ भयो, जसमा रुद्रलाई रूवाउने र कर्कष देवताको रूपमा उल्लेख गरियो तर पछि उपनिषद्हरूको परम्पराबाट रुद्र शिव रूपमा परिवर्तित हुन पुगे र दया तथा करूणाको देवता बन्न पुगे । हालसम्मको अध्ययनबाट शैव सिद्धान्त तथा दर्शनको सम्बन्धमा हामी तपसिलको निष्कर्षमा पुग्न सक्छौं :-

(१) शिवको रूप देव रूपमा स्थापित हुँदै यस्तो तत्वको रूपमा पनि विकसित हुन पुग्यो, जो आज अद्वैत र अचिन्त्यको रूपमा प्रतिष्ठित भयो ।

(२) पुराणमा पनि शिवको देव स्वरूप र एक विशेष तत्वको रूपमा प्रतिष्ठापन भयो जबकी शिव पुराण तथा लिङ्ग पुराणमा शिव देव रूपमा पनि प्रतिष्ठित छन् र एक सर्वव्यापक तथा सर्वातिशायी तत्वको रूपमा स्थापित छन् । शिव स्वरूप शैव दर्शनको एक

वैशिष्ट्य भनेको यो दुईवटै रूप प्रारम्भ देखि लिएर आजसम्म प्रतिष्ठित र प्रचलित छ । यस्तो कुनै अन्य देवता र दर्शनको साथ देखिएको छैन यही यसको विशेषता हो ।

(३) आगम ग्रन्थमा शैव दर्शनको जुन स्वरूप स्थापित भएको छ त्यस अनुरूप शिव देव नै सर्वश्रेष्ठ सत्य हो । उनी अनादि, अकारण र स्वयममा परिपूर्ण छन् । उनी सर्वज्ञ हुन्, सर्वकर्ता हुन् । उनको साधन स्वरूप उनको शक्ति हो, जसबाट समन्वित भएर उनी सृष्टिको कार्यसम्पादन गर्दछन्, उनी शक्ति शिवको समवर्तिनि हो र त्यसबाट अभिन्न छन् । आफ्नो यहि शक्तिद्वारा शिव समस्त विश्वमा यस प्रकारबाट व्याप्त छन् की उनी यसमा भिन्न-भिन्न रूपमा प्रतित भएका छैनन् । यसमा ध्यान दिनुपर्ने विषय शिवलाई सृष्टिसँग तादम्य सिद्ध यसकारण गर्न सकिदैन की शिव यो विश्वबाट पृथक ढङ्गले अवस्थित छन् र विश्वको अस्तित्व शिव भित्र अन्तरनिहित छ, नियन्त्रित छ । विज्ञानले पनि पृथ्वीको अस्तित्व आफूमा मात्र नभएर अन्यत्र पनि भएको कुरा स्वीकारी सकेको छ ।

(४) यसमा प्रतिपादित शैव सिद्धान्तअनुसार जीवात्मा असङ्ख्य र शाश्वत हुन्छ, यो जीवात्मा परम शिवको अंश हो परन्तु शिवबाट भिन्न छैन, शिव र जिवात्मा परस्पर भेदाभेद सम्बन्धबाट जोडिएको हुन्छ, यो सम्बन्ध जो ज्वाला र तापमा भएको जस्तै हो । आत्मा शिवको साथ तादम्य हुँदैन तर त्यो उनको समक्ष एक आदर्श अवस्थामा रहन्छ र परम शिवको प्रकाश त्यसलाई ज्योर्तिमय बनाइ राख्दछ । यसमा जो विशुद्ध अद्वैतवादको सिद्धान्त छ जस अनुसार विश्व ब्रह्मासँग पृथक छैन, किनभने विश्वको पछाडि ब्रह्माकै एक मात्र सत्ता छ । विश्वको नाम र रूपको अनेकता केवल भ्रम मात्र हो । भ्रमको यथार्थमा कुनै अस्तित्व हुँदैन । सम्पुर्ण भ्रामकता शिव शक्तिमा नै आश्रित छ अथवा शिवमा नै यसको तादम्यता छ । केवल

सृष्टिकालमा त्यो शिवबाट भिन्न देखिन्छ ।

## ऋग्वेदिक वर्ण र वर्ग

ऋग्वेदिक आर्यको काल (ई.पु.१०००-१२००) मा भारतमा चार जातिहरू मुख्यतः बस्ने गर्दथे, कोल या कोलारी (निषाद, आष्ट्रिक) तिनीहरू सप्तसिन्धुबाट निकै टाढा थिए, त्यसैले उनीहरू त्यो समय आर्यहरूसँग कुनै सम्बन्ध राख्दैनथे । आर्यहरूको घनिष्ट सम्पर्क र संघर्षमा आउने मोहन जोद्डो र हडप्पाका सभ्य जाति-किरया, किरात (मोन-ख्यमेर) मुख्य थियो । पछि द्रविडसँगको संघर्ष पश्चात् आर्यजाति सप्तसिन्धुमा छाउन थाले, ती आर्यहरू सप्तसिन्धुबाट तराई हुँदै हिमालतर्फ घुस्ने क्रममा किरातसँग उनीहरूको संघर्ष भयो । ऋग्वेद अनुसार त्यो संघर्षकिरात र उनको नायक शम्बर, चुमुरी आदिसँग भएको थियो । द्रविड र किरात दुवैथरीलाई ऋग्वेद अनुसार चेहरामा द्रविडहरूसँग काफी अन्तर पाईन्थ्यो । आज पनि तिब्बती र मुण्डा मनुष्यको चेहराले स्पष्ट भेद गर्दछ । आर्यहरूले ती दुईटैलाई कृष्ण, दस्यु या दास भने, कुनै पनि विजेता जातिले पराजितलाई आफ्नो साझेदार बनाउँदैन थिए भने वर्णभेद कायम राख्नुपर्दथ्यो ।

## आर्य वर्ण

ऋग्वेदमा आर्यको वर्णन सविस्तार निर्देश गरिएको छैन तर आफ्नो देवताहरूको उनीहरूले जुन रंग वर्णन गरिएको छ, त्यो आरूनै रूपरंग हुन सक्छ । मनुष्यले आफ्नो देवतालाई पनि आरूनै रूपमा देख्दछन्" यदन्त पुरुषेह्याति, तदन्नं तस्य देवता" जुन भोजन मनुष्य खाने गर्दछ त्यही उसको देवताले पनि खाने गर्दछ । यतिमात्र

नभएर "यद् रूप: परुषेभवति, तद्‌रूप तस्य देवता" (जुन रूपको मनुष्य हुने गर्दछ, त्यही रूपको उसको देवता पनि हुन्छ) । ऋग्वेदमा देवताहरूको जुन रूप रंगको वर्णन गरिएको छ, सोही अनुसार उनको भक्तहरूको पनि थियो । हामीले यो कुरा पनि ख्याल राख्नुपर्ने हुन्छ की ऋग्वेदिक आर्यहरूभन्दा छ शताब्दिपछि बुद्धको हजार वर्षपछि महाभाष्यकार पतञ्जलीको समयमा पनि जुन वर्णको उल्लेख गरिएको छ, त्यो पनि यसै सवालसँग मिल्न जान्छ । आर्य आफ्नो विशेषरंग राख्दथे, पतञ्जलीले आफ्नो महाभाष्यमा लेखेका छन् - "गौर : शुच्याचार : कपिल : पिंगलकेश इतेनान अभ्यन्तरान् ब्राम्हाण्ये गुणान्कुर्वन्ति" (गोरा शुद्ध आचार भएका, कपिल, पहैंलो केशवाला यिनलाई ब्राह्मण हुने गुण बताइन्छ) । यो स्पष्ट छ की ब्राह्मण का जुन रूपरंग पतञ्जलीले बताए त्यो अपवादको रूपमा थिएन, किनभने त्यसपछिको वर्णको सम्बन्धमा बौद्ध र ब्राह्मण को जुन विवाद भएको थियो, त्यसबेला ब्राह्मण को रूप रंगलाई प्राकृतिक भनि वर्ण व्यवस्थालाई स्वभाविक सावित गर्ने कोशिस गरिन्थ्यो, बुद्धको रंगलाई सुवर्ण-वर्ण र आँखाको रंगलाई अलसि फूलको रंग जस्तो अभिनिल बताइएको थियो । अपेक्षाकृत आगन्तुक र दोस्रोको साथ यदि रक्त मिश्रण नहुँदा आर्यको रंग जरूर कपिल, केश पहैंलो (पहैंलोको अर्थ पिंगल उल्लेख) र आँखाको रंग बुद्धको जस्तो प्राय: अभिनिल हुन सक्छ ।

## शरीर

इन्द्रको शरीर आर्यका सबैभन्दा शक्तिशाली वीरको शरीर जस्तो थियो । वर्णन गरे अनुसार सप्तसिन्धुका कुनै पहलवानको संकेत मिल्दछ । ऋषि इरिन्वीठले इन्द्रको शरीरलाई उल्लेख गरेका छन्-"पुष्ट शरीर, सुन्दर पाखुरा शत्रुनाशक हुन्" ऋग्वेदको यिनै

उद्धरणहरूबाट आर्यहरूको शरीर र वर्ण पत्ता लाग्दछ । उनीहरूको प्रतिद्वन्द्वीहरूको शरीर लक्षण पनि ऋग्वेदको ऋचाहरूबाट प्राप्त हुन जान्छ ।

## वर्ग

### दास-दासि

पराजित शत्रु स्त्री-पुरूषमा अत्याधिकलाई विजेताहरूले दास-दासी बनाएर काम लगाउने गर्दथे । यो दास प्रथा सर्वत्र देखिन्थ्यो । ऋग्वेदिक कालमा विजेता र विजेताहरूको रूप-रंग र स्वार्थमा धेरै भेद थियो, त्यसकारण दास प्रथा क्रुर नै थियो । बालखिल्य सुक्तमा पृषध्र ऋषिले इन्द्रसँग प्रार्थना गर्दछन्- "मलाई एक सय गधा, एक सय घोडा र एक सय दास दिलाई देउ", आर्य आफ्नो शत्रुलाई पनि दास र दस्यु भन्ने गर्दथे । दास जातिका मानिसहरू शिल्पकलामा अत्यन्त चतुर थिए, यिनीहरू विशाल घरको निर्माण गर्दथे, अनेक प्रकारका व्यावसायमा दक्ष थिए, उनीहरू याज्ञिक अनुष्ठानहरूलाई गौरवको कुरा सम्भन्थे र भूमीको स्वामी बनेर खेती, पशुपालन आदिद्वारा जीवन निर्वाह गर्दथे । विविध प्रकारको शिल्प दास जातिकै हातमा रहिरह्यो, यसको परिणाम यो हुन आयो की प्राचीन कालदेखि शिल्पकारहरूलाई केही हिन सम्भने प्रवृत्ति रहन गयो । आर्य र दासहरूमा परस्पर सामाजिक सम्बन्धको सर्वथा अभाव थियो भन्ने होइन, जहाँ आर्य भन्दा आर्य भिन्न जातिहरूको मानिस अधिक संख्यामा थिए, उनीहरूबीच परस्पर विवाह सम्बन्ध पनि हुन्थ्यो । केही क्षेत्रमा यस्तो मानिसहरूको संख्या निरन्तर बढ्दै गयो, जो शुद्ध आर्य तथा दास नभएर वर्णशंकर थिए । यस्तो वर्णशंकरका मानिसहरूलाई नै सम्भवत व्रात्य भनिन्थ्यो । अर्थववेद अनुसार व्रात्य जातिहरू लाई

अनेक स्थानमा सम्मिलित गर्ने व्यवस्था पनि मिलाइयो तर यसमा सन्देह छैन की वैदिक युगमा आर्य र दासहरूको भेद अत्यधिक स्पष्ट थियो । त्यो कालमा आर्य-जनपदमा यही दुई वर्ण नै स्पष्ट रूपमा विद्यमान थियो ।

## वर्ण व्यवस्था

आर्य व्यक्तिहरूको सामाजिक स्थिति एक समान प्रकृतिको थियो, पछि विस्तार-विस्तार उनीहरूमा भेद प्रादुर्भूत हुन थाल्यो । दास जातिहरूसँग निरन्तर युद्धमा व्यथित हुनुपर्ने कारणले सर्वसाधारण आर्यजनतामा वीर सैनिकको आवश्यकता महसुस गरिन थालियो की जो युद्ध कलामा विशेष निपुणता राखोस् । यिनको कार्य नै यो बुझिन्थ्यो की शत्रुद्वारा कुनै प्रकारको हानी नभई जनताको रक्षा होस् । क्षति (हानी) बाट त्राण गर्ने जिम्मेदारी भएको कारण उनीहरूलाई "क्षत्रिय" भनिन्थ्यो, यद्यपि यि क्षत्रिय आर्य विशः कै अंग थिए, विशः का सर्वसधारण मानिस (वैश्य)बाट आफूलाई अधिक सम्मानित र उच्च सम्झन्थे । क्षत्रिय सैनिकहरूको विशिष्ट कुल 'राजन्य' भनिन्थ्यो । सम्भवत यी राजन्य नै 'राजकृतः राजानः' थिए, जो आफूमध्यबाट एक जनालाई राजाको पदको लागि वरण गर्दथे । जुन प्रकार क्षत्रिय सर्वसाधारण आर्य विशःमा एक विशिष्ट स्थिति थियो, त्यसैगरी ती चतुर व्यक्तिहरू पनि थिए जो यज्ञिक कर्मकाण्डमा विशेष रूपबाट दक्ष थिए । जब आर्यजन भारतमा स्थिर रूपमा बसोबास गर्न थालेसँगै विधिविधान र अनुष्ठानमा पनि अत्यन्त वृद्धि हनु पुग्यो, प्राचीन समयको सरल धर्म निरन्तर विस्तार-विस्तार जटिल हुँदै गयो । यस्तो स्थितिमा स्वभाविक थियो की केही मानिसहरू जटिल याज्ञिक कर्मकाण्डमा विशेष निपुणता प्राप्त गर्ने, र तिनीहरूलाई यस श्रेणीका सर्वसाधारण आर्यविशःद्वारा क्षत्रियकै

समान विशेष आदर दृष्टिबाट देख्न सक्ने बनून् । यस प्रकारले वैदिक युगमा ती चातुर्वण्यको विकास प्रारम्भ भएको थियो । जो पछि आएर अत्याधिक विकसित हुनुका साथै हिन्दु समाजको एक महत्वपूर्ण विशेषता बन्न पुग्यो तर वैदिक कालमा यो भावना भएर पनि ब्राह्मण र क्षत्रिय सर्वसाधारण विशः (वैश्य जनता) फरक तथा भिन्न थिएन । जाति भेद एवम् श्रेणी भेद थिएन । कुनै व्यक्ति ब्राह्मण या क्षत्रिय हुन, छुट्याउने आधार उसको योग्यता वा आफ्नो कार्यमा निपुणता नै थियो । कुनै पनि व्यक्ति आफ्नो निपुणता, तप, विद्वताको कारण ब्राह्मण पदलाई प्राप्त गर्न सक्दथ्यो । यसैगरी आर्यजनका कुनै पनि मानिस आफ्नो विरताको कारणले मात्र क्षत्रिय अर्थात् राजन्य बन्न सक्दथ्यो । यही स्थितिलाई विचार गरी वैदिक ऋषिहरूले तत्कालिन समाजको कल्पना एक मानव शरीरसँग तुलना गरेका थिए । जसको शीर्ष स्थानमा ब्राह्मण थिए, बाहुरूप (पाखुरा) क्षत्रिय थिए, पेट एवं कम्मरमुनी शारीरिक स्थितिको तुलनामा वैश्यहरू थिए र शुद्र खुट्टाको समान तुलना गरिएको थियो । आर्य भिन्न दासहरू शुद्र वर्णको अन्तर्गत मानिन्थ्यो ।

## वैदिक तथा उत्तर-वैदिक युग

प्राचीन आर्य ऋषिहरूले जुन सुक्तहरूको निर्माण गरेका थिए, ती सबै वैदिक संहितामा संग्रहित छ । आफ्नो पूर्वज ऋषिहरूको यी कृतिहरूमा आर्यजातिको दृष्टिमा अत्याधिक महत्वको थियो । ति शुक्तहरू मुख्यतः विविध देवताहरूको स्तुतिमा उल्लेख गरिएको थियो । पछि आएर यिनै वैदिक सुक्तहरूलाई व्याख्या गर्न र याज्ञिक अनुष्ठानमा यसको विनियोगको लागि ब्राह्मण -ग्रन्थको रचना भयो । उपनिषद् र आख्यान ग्रन्थमा ती विचारहरू संकलित गरियो, जो अध्यात्म चिन्तनको सम्बन्धमा थियो । संहिता, ब्राह्मण र आख्यक-

यी तिनैलाई वैदिक साहित्य अन्तर्गत मानिन्छ । यद्यपी आर्यजातिको दृष्टिमा जुन आदर मूल संहितालाई छ, त्यस्तै ब्राह्मण ग्रन्थ र आख्याकलाई छैन । यसमा सन्देह छैन की बाह्मण र आख्यक वैदिक संहिताहरू पछिल्लो समयको हो । वेदहरूको मुख्य र ठूलो भाग महाभारत युद्ध भन्दा पहिले अहिलेको वर्तमान रूपमा आइसकेको थियो तर ब्राह्मण र आख्यक वैदिक संहिताहरू पछिल्लो समयको हो । महाभारत युद्ध भन्दा पहिलेको काललाई वैदिक युग र ब्राह्मण र उपनिषद्को काललाई उत्तर वैदिक युग मान्दछौं । उत्तरवैदिक युग अन्तर्गत नै त्यो समय पनि आएको हो जतिबेला सुत्र ग्रन्थ र अन्य वेदांगको विकास भयो । रामायण, महाभारत र पुराण जसलाई प्राचिन परम्परानुसार "इतिहास-पुराण" भनिन्छ र यो पनि यहि युगको लगभग हो । अहिलेको वर्तमान रूपमा त बौद्ध-कालको पनि पछाडि आएको हो तर त्यसमा जो अनुभूति संग्रहित छ, त्यसको सम्बन्ध वैदिक र उत्तर वैदिक काल सँग नै छ ।

ब्राह्मण ग्रन्थ, उपनिषद्, सुत्र ग्रन्थ र अन्य वेदाङ्गहरूको आधारमा आर्य सभ्यताको विकासको महत्वपूर्ण चरण मान्न सकिन्छ । यहाँ यो कुरा पनि स्पष्ट छ की अनेक प्राचीन ग्रन्थ कुनै एक व्यक्तिको कृति नभएर एक "सम्प्रदाय"को कृति हो । प्राचीन समयमा कुनै पनि प्रभावशाली मुनी वा आचार्यले कुनै नयाँ विचार वा सिद्धान्तको प्रतिपादन गर्दथे भने तिनको शिक्षा उनीहरू आफ्नो शिष्यलाई दिने गर्दथे । मुनीद्वारा प्रतिपादित विचार गुरू-शिष्य परम्पराद्वारा निरन्तर विकसित हुने गर्थ्यो । यस प्रकार एक नयाँ सम्प्रदाय (विचार-सम्प्रदाय)को विकास हुने गर्दथ्यो । वृहस्पती, उशना (शुक्र), मनु आदि यस्तै विचारका विचारक थिए, जसको शिष्य परम्परामा वार्हस्पत्य, औशनत, मानव आदि सम्प्रदायको विकास भयो । कपिल, कणाद, गौतम आदि मुनीहरूको शिष्य परम्पराले सांख्य, वैशेषिक,

न्याय आदि दार्शनिक सम्प्रदायहरूको विकास भयो । वैदिक मन्त्रहरूको विनियोग र याज्ञिक अनुष्ठानको पनि अनेक सम्प्रदाय बन्न पुग्यो र यो प्रक्रिया ज्ञान र चिन्तनको प्रत्येक क्षेत्रमा जारि रह्यो । यसैको परिणामबाट दर्शन, दण्डनिती, कल्प (श्रौत, गृह्य र धर्म) आदि विषयक जो ग्रन्थ हामीलाई उपलब्ध छ, ती सम्प्रदायकै कृतिहरू हुन् । ती सबैको विकास विस्तार-विस्तार आ-आफ्नो सम्प्रदायमा भयो ।

## याज्ञिक विधि-विधान

वेदका देवता प्राकृतिक शक्तिहरूको मूर्त रूप थिए । संसारको मूल शक्ति प्रकृतिलाई (जो विविध रूपमा अभिव्यक्त हुने गर्दथ्यो) । त्यसमा वैदिक आर्यहरूले अनेक देवताहरूको परिकल्पना गरेका थिए । आर्यहरू यी देवताको रूपमा विश्वको मूलभूत अधिष्टात्री शक्तिको उपासना गर्दथे । ती देवताहरूको पुजा र तृप्तीको लागि उनीहरू यज्ञ र अनुष्ठान गर्दथे । प्रारम्भमा यी यज्ञहरू सरल थियो यज्ञकुण्डमा अग्नि बालेर त्यसमा आहुती दिने गरिन्थ्यो । विस्तार-विस्तार यी यज्ञको रूप जटिल हुँदै गयो । उत्तर वैदिक कालमा यज्ञको जटिलता चरम उत्त्कर्षमा पुग्यो । आर्य जनता मध्ये एक भागको काम यही थियो की उनीहरू याज्ञिक विधि विधानमा प्रविणता प्राप्त गरून् र त्यसको प्रत्येक विधिको सही तरिकाद्वारा अनुष्ठान गरून् । ती मानिसहरूलाई " ब्राह्मण " भनिन्थ्यो । यज्ञको लागि वेदिको रचना कुन प्रकारले गर्ने, वेदीमा अग्नि कसरी प्रज्वलित गर्ने, कसरी आहुती दिने, यज्ञ गर्दा यजमान, श्रत्विक, अर्ध्वयू आदि कुन प्रकारले राख्ने, विविध अंगहरूलाई कुन प्रकारले उठाउने, कस्तो प्रकारले मन्त्रोच्चारण गर्ने, कसरी ज्ञान गर्ने की अब देवताहरू यज्ञको आहुतिको ग्रहण गर्दैछन्, कुन पदार्थलाई आहुती दिने - यस

प्रकारको विविध विषयहरूको विस्तारका साथ ब्राह्मण ग्रन्थमा विवेचना गरिएको छ । कुन यज्ञिक विधिको के प्रयोजन हुन्छ, यो विषय पनि त्यस ग्रन्थमा विसद् रूपमा वर्णित छ । जन्म देखि मृत्युपर्यन्त प्रत्येक गृहस्थले अनेक प्रकारको यज्ञ गर्नु पर्ने हुन्थ्यो । मनुष्यको वैयक्तिक जीवनका साथ सम्बन्ध राख्ने संस्कारको स्वरूप पनि यज्ञ नै थियो । केही प्रमुख यज्ञहरूको संक्षेप यस प्रकारको छ - (१) गर्भाधान संस्कार-सन्तान उत्पत्तिको लागि (२) पुंसवन संस्कार-पुरूष सन्तानको प्राप्तिको लागि (३) सिमन्तोन्नयन संस्कार-गर्भको रक्षाको लागि (४) जातकर्म संस्कार -सन्तान उत्पन्न हुँदा (५) नामाकरण संस्कार-सन्तानको नाम राख्नको लागि (६) अन्न प्राशन संस्कार-सन्तानलाई अन्न दिने प्रारम्भिक समय (७) चुडाकर्म संस्कार-सन्तानको केश (कपाल) काट्ने समय (८) उपनयन संस्कार-यज्ञपवीत धारण गराउने समय (९) समावर्तन संस्कार - शिक्षा समाप्तिको बेला (१०) विवाह संस्कार- गृहआश्रममा प्रवेश गर्नको लागि (११) देव-यज्ञ - प्रतिदिन गरिने अग्निहोत्र (१२) पितृयज्ञ - पितृ श्राद्ध वा गुरूजनको सेवा (१३) भूत यज्ञ - पशुपंक्षी कीरा आदिलाई अर्पित गरिने बली (१४) अतिथि यज्ञ - अतिथिहरूको सेवा (१५) ब्रह्मा यज्ञ - विद्वान र प्रतिष्ठित व्यक्तिहरूको सेवा । देवता, पितृ, भूत, अतिथि र ब्रह्मायत्र यी पाँच महायज्ञ जसलाई सम्पादन गर्नु प्रत्येक गृहस्थका धर्म थियो । गृहस्थहरूलाई यो कर्तव्य अनिवार्य ठानिन्थ्यो की उनीहरू प्रतिदिन यी पाँच यज्ञ गरून् । (१६) अष्टका यज्ञ-कार्तिक मासबाट माघमाससम्म चार महिनाभित्र कृष्ण पक्षको अष्टमीमा यो यज्ञ गरिन्थ्यो । (१७) श्रावणी - श्रावण मासको पूर्णिमामा गरिने यज्ञ (१८) अग्रहायणी-आग्रहायण मासको पूर्णिमामा गरिने यज्ञ (१९) चैत्री - चैत्र मासको पूर्णिमामा गरिने यज्ञ (२०) आश्वयुजी - आश्विन मासको पूर्णिमामा गरिने यज्ञ (२१) दर्शपूर्णमास्य-पूर्णमास र प्रतिपदाको दिन गरिने यज्ञ

(२३) सौत्रामणी -अश्विनी देवताको पुजाको लागि गरिने यज्ञ (२४) अग्निष्तोम -सोमपानको लागि गरिने यज्ञ (२५) ब्राम्त्स्तोम -आर्य भिन्न ब्रात्य आदि जातिहरूलाई आर्य जातिमा सम्मिलित गर्न गरिने यज्ञ (२६) राजसूय-नयाँ राजालाई राज्यभिषेक पूर्व यो यज्ञ गरिन्थ्यो । राज्यका विविध प्रतिनिधि जनताहरू यो अवसरमा राजालाई अभिषेक गर्दथे (२७) अश्वमेघ-जब कुनै राजा दिग्वीजय प्राप्त गरी आफ्नो शक्ति विस्तार गर्दथे, त्यो विजय यात्राको उपलक्ष्यमा यो यज्ञ गरिन्थ्यो । यहाँ जे जति यज्ञहरूको तालिका छ, त्यो पूर्ण होइन । विशेष महत्वको यज्ञहरूको मात्र उल्लेख गरिएको छ र यसका अतिरिक्त अनेक यज्ञहरू पनि छन्, जसको प्राचीन समयमा अनुष्ठान गरिन्थ्यो । यी सबै यज्ञहरूको विस्तृत विधि ब्राह्मण ग्रन्थ र कल्पग्रन्थमा वर्णन गरिएको छ । प्राचीन कालमा यी यज्ञहरू गर्दा पशु बली दिइन्थ्यो की दिइदैनथ्यो यो विषयमा मतभेद नै छ तर उत्तर वैदिक कालमा अजा, अश्व आदिको बली दिइन्थ्यो, यज्ञको विधिपूर्वक अनुष्ठानबाट मनुष्य, यथाशिघ्र फल प्राप्त गर्न सक्दछ र सुख, समृद्धि तथा स्वर्गको प्राप्तिको लागि यो अनुष्ठान नै एक मात्र उपाय हो भनी उल्लेख गरिएको छ ।

# वर्णाश्रम व्यवस्था

## वर्णभेद

वैदिक युगका आर्यहरूमा वर्णभेदको विकास भएको थिएन तर प्राग-बौद्ध कालमा ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्रको बीचमा स्पष्ट र पर्याप्त रूपमा भेद उत्पन्न भइसकेको थियो । वैदिक युगका रथेष्ठ (रथी) र राजन्य, राजपरिवारका व्यक्ति/व्यक्तिहरू मिलि क्षत्रिय वर्गको निर्माण भएको थियो । यो स्वाभाविक थियो की सर्वसाधारण विशः (जनता) भन्दा अधिक उच्च मानियोस् । यज्ञ विधि-विधान जब अत्याधिक जटिल हुन पुग्यो तब एक यस्तो पृथक श्रेणिको विकास भयो, जो यि अनुष्ठानहरूमा विशेष निपुणता राख्दथे । ऋत्विग, अर्ध्वयू, ब्रह्मा आदिको रूपमा याज्ञिक विधिहरूको विशेषज्ञ जनतामा अधिक उच्चता प्राप्त गर्न लागे । अरण्य र आश्रममा निवास गर्ने ब्रह्मावादीहरू र तत्व चिन्तकहरू पनि यहि विशिष्ट वर्गमा गन्न थालियो र यस प्रकार याज्ञिक र मुनिहरूद्वारा एक नयाँ वर्गको प्रार्दुभाव भयो, जसलाई ब्राह्मण भनियो । ब्राह्मण र क्षत्रियको अतिरिक्त जो सर्वसाधारण आर्य जनता थिए उनीहरू पहिलेकै जस्तो विशः वा वैश्य भनिन्थ्यो । यिनीहरूमा सबै प्रकारका शिल्पी, पशुपालक, वणिक, कृषक आदि सम्मिलित थिए । त्यति बेला तत्व चिन्तनका साथै उनीहरू ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्र यी चार वर्ण आर्य जनतामा विकसित भएका थिए । जो मानिस अध्ययन अध्यापन,

याज्ञिक अनुष्ठान र तत्व चिन्तनमा लागेका थिए उनीहरू  ब्राह्मण थिए, बाहिय तथा आन्तरिक शत्रुबाट देशको रक्षा गर्ने र शासन कार्यमा सहयोग पुऱ्याउने क्षत्रियको काम थियो, सर्वसाधारण जनता वैश्य थिए भने समाजमा जो सबैभन्दा निम्न वर्गका थिए र अन्य वर्गका सेवाद्वारा आफ्नो निर्वाह गर्दथे, तिनीहरूलाई शुद्र भनिन्थ्यो । विद्याको प्राप्ति केवल  ब्राह्मण, क्षत्रिय र वैश्य वर्णका मानिस मात्र गर्दथे । यसैले उनीहरूलाई 'द्विज' पनि भनिन्थ्यो । विद्याद्वारा मनुष्य दोस्रो जन्म प्राप्त गर्दछ, यो विचार त्यसकालमा विद्यमान थियो । विद्यारम्भका समयमा द्विज मानिस यज्ञपवीत धारण गर्दथे र यो सुत्र उनका द्विजत्वको चिह्न हुने गर्दथ्यो ।

यहाँ ध्यान राख्नुपर्ने सवाल बुझ्न आवश्यक छ की, यो स्थितिमा वर्णभेद अत्याधिक दृढ भएको थिएन । वर्ण भेदको मुख्य आधार जन्म नभएर कर्म थियो । सम्पूर्ण आर्य जनता एक होऔं । यो भावना विद्यमान थियो । याज्ञिक अनुष्ठान र सैनिक वृत्ति आदिको विशिष्टताको कारण नै ब्राह्मण र क्षत्रियहरू अन्य आर्यविशः भन्दा उच्च स्थिति राख्दथे तर स्थिति यो थिएन की ब्राह्मण  र क्षत्रिय कुलमा उत्पन्न नभएका जो कोही पनि यो वर्णमा जान नपाउने वा नसक्ने होउन । आपस्तम्ब - धर्मसुत्रानुसार "धर्माचरणद्वारा निकृष्ट वर्णको व्यक्ति आफूभन्दा उत्तम वर्ण प्राप्त गर्न सक्दछ, अधर्म आचरण गर्नाले उत्कृष्ट वर्णको व्यक्ति पनि आफूभन्दा तल्लो वर्णमा जान सक्दथ्यो ।" यो युक्ति त्यही युगको वास्तविक स्थितिलाई सूचित गर्दछ । राजा सन्तनुका भाइ देवापिले याज्ञिक अनुष्ठानमा दक्षता प्राप्त गरी ब्राह्मण पद प्राप्त गरेका थिए र राजन्य शन्तनुका यज्ञ गराएका थिए । यस्तै प्रकारको थुप्रै उदाहरण प्राचिन अनुश्रुतीहरूमा प्राप्त हुने गर्दछ । विविध वर्णहरूमा विवाह सम्बन्ध पनि सम्भव थियो । महर्षि च्यवनले राजन्य शर्यातीका कन्याका साथ विवाह

गरेका थिए । अनुलोम विवाह (आफूभन्दा तल्लो वर्णको कन्यासँग गरिने विवाह) को प्रथा पनि प्रचलित थियो । शुद्र विशिष्ट रूपबाट धार्मिक विद्वान एवम् दक्ष हुनपुग्थ्यो भने समाजमा उसको आदर हुने गर्दथ्यो । ऐतरेय ब्राह्मण मा कथा आउँदछ की ऋषिहरू सरस्वती नदिको तटमा यज्ञ गरिरहेका थिए, त्यो समय ऐलष कवष नामको व्यक्ति उनीहरूको बीचमा आएर बस्यो, तब ऋषिहरूले भने, यो त दासीहरूको पुत्र अब्राह्मण हो, हाम्रो बीचमा कसरी बस्न सक्दछ, पछि केही ऋषिहरूले भने, यो त परम विद्वान हो, देवताहरू पनि यसलाई जान्दछन् र मान्दछन् पनि ।

## चार आश्रम

प्राचीन आर्यहरूको सामाजिक जीवनमा आश्रमको अत्याधिक महत्व थियो । ब्रह्मचार्य, गृहस्थ वानप्रस्थ र सन्यास - यी चार आश्रम थियो । उत्तर वैदिक युगका आर्य केवल याज्ञिक अनुष्ठानमा मात्र व्यथित थिएनन् । उनीहरूको ध्यान ब्रह्माविद्या तथा तत्व चिन्तन गर्न पनि थियो । यज्ञद्वारा ईशलोक परलोक दुवैमा सुख प्राप्त हुन्थ्यो, यी कुराहरूलाई स्वीकार गरेर पनि विभिन्न विषयमा चिन्तन गर्न तत्पर थिए की-मनुष्य के हो ? मरिसकेपछि मनुष्य कहाँ जान्छ वा पुग्दछ ? यो सृष्टिको कर्ता को हो ? यसको नियमन कुन शक्तिद्वारा हुने गर्दछ ? यस्तै प्रकारका प्रश्नहरूको जिज्ञासा थियो, जो अनेक मनुष्यहरू यो कुराको लागि प्रेरित हुन्थीएकी - उनीहरू गृहस्थ जीवनबाट विरक्त भएर वा सांसारिक सुख, समृद्धि त्यागेर एकनिष्ठ हुने र तत्व-ज्ञानलाई प्राप्त गर्ने । त्यस युगमा ग्राम तथा नगर बाहिर जंगल क्षेत्रमा अनेक प्रकारका विचारकहरूले आफ्नो आश्रम बनाएका थिए । त्यहाँ ब्रह्माविद्या वा तत्वज्ञानको प्राप्तिको लागि आतुर मानिसहरू एकत्र हुने गर्दथे र तपस्या एवम् स्वअध्ययनबाट

ज्ञानको प्यासलाई मेटाउने गर्दथे । यस युगमा अनेक राजाहरू पनि यस्ता थिए, जो यस प्रकारको विचारमा तत्पर थिए । विदेहका जनक, केकयका अश्वपति, काँशिका अजात शत्रु, पंचाल देशका प्रवाहन जानाली यी सबै राजा स्वयम् तत्वचिन्तक थिए र यस प्रकारका चिन्तन गर्ने मुनी तथा विचारकहरूलाई आश्रय दिने गर्दथे । राजाहरूको राजसभामा विभिन्न क्षेत्रबाट मुनी तथा विचारक एकतृत हुने गर्दथे र आध्यात्मकविषयक प्रश्नहरू माथि विचार गर्दथे, विभिन्न प्रकारको शास्त्रार्थ गर्दथे, राजाहरू पनि यस विचार विमर्शमा हिस्सा लिने गर्दथे, एवम् विविध विचारहरू मध्ये जसको विचार प्रवल हुन्थ्यो त्यसलाई केही धन उपलब्ध गराउनुका साथै पुजा पनि गर्दथे ।

यिनै विचारहरूको एउटा निष्कर्ष थियो चार आश्रम । आश्रम विचारको आधार थियो की - प्रत्येक मनुष्य देवताहरूको ऋणि हुन्छ, जल, उष्णता आदि जो प्राप्त गरिन्छ, प्रकृतिप्रति ऋणि हुन्छ मनुष्य । यो बिना मनुष्य आफ्नो जीवन निर्वाह गर्न सम्भव हुँदैन भन्ने सवाललाई नै आधार बनाएको पाइन्छ ।

### (१) ब्रह्मचार्य - आश्रम

मनुष्यको कर्तव्य यहाँ -देवताहरूको पुजा गर्नु, यज्ञ आदिद्वारा त्यो ऋणको अदा गर्नु, अन्य मनुष्यको ऋण अदा गर्नको लागि अतिथि यज्ञको विधान थियो, ऋषिहरूसँग मनुष्यको जुन ऋण छ, त्यसलाई चुकाउने यही उपाय थियो की मनुष्य त्यो ज्ञानलाई कायम राख्न सकोस् र वृद्धि समेत होस् । मनुष्यले जे-जति ज्ञान प्राप्त गर्नु थियो त्यो आश्रममा रहेर ज्ञान उपार्जन गर्नुपर्ने हुन्थ्यो । जो निश्चित आचार र विधिबाट ति आवश्यकीय प्राप्त गर्न सकिन्थ्यो ।

### (२) वानप्रस्थ - आश्रम

ब्रह्माचार्य आश्रमबाट आवश्यक ज्ञान प्राप्त गरिसकेपछि ग्राम तथा सहरबाट अलग्गै आश्रम बनाएर रहन्थे, जहाँ प्रारम्भिक सिकाइ शिक्षण देखि लिएर आधारभूत ज्ञान उपलब्ध गराउनुपर्दथ्यो । ज्ञान हासिल गर्नेहरू निश्चित ब्रह्माचार्य आचारमा रहेर निर्धारित समयसम्म रहनु पर्दथ्यो ।

### (३) गृहस्थ - आश्रम

आफ्नो माता-पिता, पितृ प्रति मनुष्य ऋणि हुने गर्दछ, ऊ गृहस्थाश्रममा प्रवेश गरेर मात्र अदा गर्न सक्दछ, साथ-साथै गृहस्थ-धर्म अनुसार सन्तान उत्पत्ति गरी आफ्नो पितृवंशलाई जारी राख्नु अनिवार्य थियो । वशिष्ठ-सुत्रमा लेखिएको छ -जुन प्रकारले सबै सानो-ठूलो नदिहरू समुन्द्रमा गएर विश्राम पाउँदछ, त्यसै प्रकारले सबै आश्रमका मानिसहरू गृहस्थमा नै आश्रित रहन्छन्, जस्तै बच्चा आफ्नो माताको रक्षामा रक्षित रहन्छ ।

### (४) सन्यास - आश्रम

जीवनको बाँकी सम्पूर्ण समय मनुष्य उपकारमा व्यथित गर्दथे । यसै प्रकारले सन्यासीहरू मनुष्य ऋणलाई अदा गर्दछ, तर सबै मनुष्य सन्यासी हुन सक्दैनथ्यो जो व्यक्ति विशेष रूपबाट ज्ञानवान छ, सबै प्राणीहरूमा आत्मभावना राख्न सक्ने सामर्थ्य जसमा छ, त्यही सन्यासी बनी भिक्षा -वृतिद्वारा जीवन निर्वाह गर्ने अधिकारी हुन्थ्यो । सन्यासी कुनै एक स्थानमा मात्र स्थिर भएर निवास गर्न सक्दैनथ्यो । उसको कर्तव्य थियो की ऊ सर्वत्र भ्रमण गरी मानिसहरूको उपकार गरोस् ।

# सन्यासको दार्शनिक स्वरूप

सन्यासलाई उच्च र उत्कृष्ट प्रवृत्तिको रूपमा लिने चलन बौद्ध युगमा विद्यमान थियो । सन्यास शब्द एक विशिष्ट अर्थमा रूढ हुन पुगेको छ, जो चिन्तनशील मानिसहरूको मनमा खिन्नताको सहज भाव पैदा गर्दछ, अर्थात् दीर्घकाल देखि नै यो शब्द अकर्मण्य, मानिसहरूको निष्क्रियता, पलायन, गैर जिम्मेवार जीवन-यापन, परावलम्बन, पाखण्ड, ठग, फिरन्ते योगी आदि प्रतीक बनिरहेको छ तर यसको स्वरूप र भूमिकालाई बुझ्ने हो भने सन्यासको सही भाव हो तटस्थता, निवृत्ति, निस्पंगता, निर्लिप्तता, अनाशक्ति, अलगाव । यस भावलाई सार्थक, सप्रयास र सजग प्रयोगले तनावमुक्ति ल्याउँछ, मानसिक उद्विग्नताको तापलाई शमन गर्ने साधन बन्दछ, दैनिक जीवनको समस्याहरूलाई सहन गर्ने शक्ति प्राप्त हुन जान्छ । गितामा पाँचौ अध्यायको शीर्षक छ - "कर्म सन्यास" - गिताअनुसार कर्म मुख्यतः एक शारीरिक क्रिया हो, जसको आशय हो - कार्यशिलता, सक्रियता, रचनात्मकता, उद्योग, उद्यमशिलता वा प्रवृत्ति । सन्यासको अर्न्तनिहित भाव हो - निवृत्ति, अलगाव, चेष्टाहिन, तटस्थता । गिताको यस अध्यायमा जुन दर्शन दिइएको छ त्यसको यी दुई विपरित धारणाहरूबीच उपयोगी सामञ्जस्यता स्थापित गर्दछ । यति मात्र नभएर सक्रियता अथवा कर्मव्यस्तताको प्रक्रियामा उत्पन्न हुने तनावहरूबाट मुक्तिको उपाय पनि सुझाउँदछ । संक्षेप विवेचनामा - तपाई निरन्तर कर्मरत रहनुपर्दछ किनकी जीवन निर्वाह र संसार-चक्र

चलिरहनको लागि अनिवार्य छ । कर्म भरसक एकाग्रता, निष्ठा, तन्मयताको साथ गर्नुपर्ने हुन्छ, यही कर्म योग हो, कर्म सदा उद्देश्यपूर्ण हुने गर्दछ । कर्म निर्धारित लक्ष्य लिएर र त्यो लक्ष्य प्राप्त गर्नका लागि कामना स्वाभाविक पनि हुन्छ, उद्देश्य प्रेरित भएर कर्म गरिएको छ भने परिणाम पनि अनुकूल नै हुन जान्छ । कहिलेकाही त्यस्तो तटस्थताको भाव जरुरी हुन जान्छ जसले प्रतिकूलता वा असफलता उत्पन्न हुने स्थितिमा धैर्यता र मन शान्ति बनाई राख्न सहायक होस् र हामी उद्विग्न हुनबाट बचियोस् । यही कर्मसन्यासको भावधारा हो ।

मनस्मृतिमा सन्यासीको अर्थ, धारणा र कर्तव्यलाई सविस्तार चर्चा गरेको पाइन्छ । जस अनुसार सन्यासको दार्शनिक स्वरूपको आधार अनुभूत गर्न सकिन्छ ।

अथ मनुस्मृतेश्लोका :
वनेषु तु विहृत्यैवं तृतीयं भागमायुषः ।
चतुर्थमायुषो भागं त्यक्त्वा सङ्गान् परिव्रजेत् ॥१॥
अधीत्य विधिवद् वेदान् पुत्रांश्चोत्पाद्य धर्मतः ।
इष्ट्वा च शक्तितो यज्ञैर्मनो मोक्षे नियोजयेत् ॥२॥
प्राजापत्यां निरूप्येष्टिं सर्ववेदसदक्षिणाम् ।
आत्मन्यग्नीन् समारोप्य ब्राह्मण : प्रव्रजेद् गृहात् ॥३॥
यो दत्वा सर्वभूतेभ्यः प्रव्रजत्यभयं गृहात् ।
तस्य तेजोमया लोका भवन्ति ब्रह्मावादिन : ॥४॥
आगारादभिनिष्कान्तः पवित्रोपचितो मुनिः ।
समुपोढेषु कामेषु निरपेक्षः परिव्रजेत् ॥५॥
अनग्निरनिकेतः स्याद् ग्राममन्नार्थमाश्रतेत् ।
उपेक्षकोक्सङ्कुसुको मुनिर्भावसमाहितः ॥६॥
नाभिनन्देत मरणं नाभिनन्देत जीवितम् ।

कालमेव प्रतीक्षेत निर्देशं भृतको यथा ॥७॥
दृष्टिपूतं न्येत् पादं वस्त्तपूतं जलं पिबेत् ।
सत्यपूतां वदेद वाचं मनःपूतं समाचरेत् ॥८॥
अध्यात्मरतिरासीनो निरपेक्षो निरामिषः ।
आत्मनैव सहायेन सुखार्थी विचरेदिह ॥९॥
क्लृप्तकेशनखश्मश्रुः पात्री दण्डी कुसुम्भवान् ।
विचरेन्नियतो नित्यं सर्वभूतान्पीडयन् ॥१०॥
इन्द्रियाणां निरोधेन रागद्वेषक्षेण च ।
अहिंसया च भूतानाममृतत्वाय कल्पते ॥११॥
दूषितोऽपि चरेद् धर्म यत्र तत्राश्रमे रतः ।
समः सर्वेषु भूतेषु न लिङ्गं धर्मकारणाम् ॥१२॥
फलं कतकवृक्षस्य यद्यप्यम्बुप्रसादकम् ।
न नामग्रहणादेव तस्य वारि प्रसीदति ॥१३॥
प्राणायामा ब्राह्मण स्य त्रयोऽपि विधिवत् कृता : ।
व्याहृतिप्रणवैर्युक्ता विज्ञेयं परमं तप : ॥१४॥
दह्यान्ते ध्मायमानानां धातूनां हि यथा मला : ।
तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात् ॥१५॥
प्राणायामैर्दहेद् दोषान् धारणाभिश्च किल्विषम् ।
प्रत्याहार संसर्गान् ध्यानेनानीश्वरान् गुणान् ॥१६॥
उच्चावचेषु भूतेषु दुर्ज्ञेयामकृतात्मभि : ।
ध्यानयोगेन सम्पश्येद् गतिमस्यान्तरात्मन : ॥१७॥
सम्यग्दर्शनसम्पन्नः कर्मभिर्न निबध्यते ।
दर्शनने विहीनस्तु संसारं प्रतिपद्यते ॥१८॥
अहिंसयेन्द्रियासङ्गैर्वैदिकैश्चैव कर्मभिः ।
तपसश्चरणैश्चोग्रैः साधयन्तीह तत्पदम् ॥१९॥
यदा भावेन भवपत सर्वभावेषु निःस्पृह : ।

तदा सुखमवाप्नोति प्रेत्य चेह च शाश्वतम् ॥२०॥
अनेन विधिना सर्वास्त्यक्त्वा सङ्गाञ्छनैः शनैः ।
सर्वद्वन्द्वविनिर्मुक्तो ब्रह्माण्येवावतिष्ठते ॥२१॥
इदं शरणमज्ञानामिदमेव विजानताम् ।
इदमन्विच्छतां स्वर्ग्यम् इदमानन्त्यमिच्छताम् ॥२२॥
अनेन कमयोगेन परिव्रजति यो द्विजः ।
स विधूयेह पाप्यानं परं ब्रह्माधिगच्छति ॥२३॥

अर्थ-

यस प्रकार जंगलमा आफ्नो आयुको तेस्रो भाग अर्थात् अधिक भन्दा अधिक ५० वर्ष अथवा न्यून भन्दा न्यून १२ वर्षसम्म विहार गरी, आयुको चौथो भाग अर्थात् ७० वर्ष पछि सबै मोह र सम्बन्धलाई छाडि सन्यासी होऊ ॥१॥

विधिपूर्वक ब्रह्माचार्यश्रमबाट सम्पूर्ण वेदहरूको अध्ययन गर, गृहआश्रममा गई सन्तान उत्पत्ति गर, वानप्रस्थमा सामर्थ्य अनुसार यज्ञ गरी मोक्ष अर्थात् सन्यास आश्रममा नै मन लगाऊ ॥२॥

प्रजापति परमात्माको प्रीतको निमित्त, प्रजापत्येष्टिको लागि यज्ञोपवित र शिखा त्याग गरिन्छ, आहवनिय, गार्हपत्य र दक्षिणाग्नी संज्ञक अग्निलाई आत्मामा समारोपित गरी ब्राह्मण, विद्वान गृहस्थाश्रमबाट नै पनि सन्यास लिन सकिन्छ ॥३॥

जो पुरूष सबै प्राणीहरूको अभयदान, सत्योपदेश दिएर गृहस्थाश्रमबाट नै सन्यास ग्रहण गर्दछ, त्यो ब्रह्मावादी वेदोक्त सत्योपदेशक सन्यासीलाई मोक्षलोक र सबै लोक-लोकान्तर, तेजोमय-ज्ञानबाट प्रकाशमय हुन जान्छ ॥४॥

जब सबै कामहरूलाई जित्छौ र अन्य अपेक्षा राख्दैनौ, यसरी पवित्र आत्मा र पवित्रान्तः करणबाट मननशिल हुन सक्दा मात्र

गृहस्थाश्रमबाट निक्लेर सन्यास-आश्रमलाई ग्रहण गर्न सक्दछौ । अर्थात् ब्रह्माचार्यबाट नै पनि सन्यासलाई ग्रहण गर ॥५॥

त्यो सन्यासी आहवनीयादी, अग्नि रहित हुन्छ की कही आफ्नो स्वाभिमत घर पनि नबनाउनु, अन्न, वस्त्रादिको लागि कुनै गाउँको आश्रय लिनु, खराब मानिसलाई उपेक्षा नगरी मननशिल भएर परमेश्वरमा आफ्नो भावनाको समाधान खोजेर विचारशील हुनु ॥६॥

नत आफ्नो जीवनमा आनन्द न त मृत्युमा दुःख नमान्नु, जसरी क्षुद्रभृत्य आफ्नो स्वामी आज्ञाबाट हेरिरहन्छ त्यसैगरी काल र मृत्युलाई प्रतिक्षा गरिरहनु ॥७॥

हिड्ने समय अगाडि हेरी पगरी धरन गर्नु, वस्त्रबाट छानेर पानी पिउनु, सबैसँग सत्य वाणि बोल्नु अर्थात् सत्योपदेश मात्र गर्नु, जुनसुकै व्यवहार गर्दा मनैदेखिको पवित्रताका साथ गर ॥८॥

यस संसारमा आत्मनिष्ठामा स्थित भएर सर्वथा अपेक्षारहित, मासु, मद्यपानलाई त्यागि, आत्मालाई सहायताको रूपमा लिई घुम्नुका साथै सबैलाई सत्योपदेश देऊ ॥९॥

दण्डी र गेरू रङ्ग भएको वस्त्र धारण गर्नु, कुनै पनि प्रकारका प्राणीहरूलाई पिडा नदिई दृढ आत्माका साथ नित्य भ्रमण गर्नु ॥१०॥

जो सन्यासी खराब कामको लागि आफ्नो इन्द्रियहरूलाई निरोध गर्दछ, द्वेष, राग, क्षय र निर्वैरता नराखी सबै प्राणीहरूको कल्याण गर्दछ उसलाई मोक्ष प्राप्त हुने गर्दछ ॥११॥

यदि सन्यासीलाई कोही मुर्ख संसारी मानिस निन्दा, दुषित वा अपमान गर्दछ भने पनि आफ्नो धर्म नछोडि आचरण गर्नु, यस्तै नै ब्रह्माचारी देखि अरू आश्रमकाले पनि गर्न उचित हुन्छ । सबै प्राणीहरूमा पक्षपातरहित भएर समबुद्धि राख्नु, इत्यादि उत्तम काम गर्नको लागि सन्यास आश्रमको विधि मुख्य हो॥ केवल दण्डादि चिह्न धारण गर्नु मात्र धर्म कार्य होइन ॥१२॥

निर्मली वृक्षको फल जसले जललाई शुद्ध गर्दछ तर त्यसको नाम लिनाले मात्र जल शुद्ध हुँदैन, त्यसलाई टिपेर-पिसेर जलमा राखिदिनाले त्यो मनुष्यको जल शुद्ध हुने गर्दछ, त्यस्तै आश्रमको नाम लिनाले मात्र केही पनि हुँदैन, आ-आफ्नो आश्रममा धर्मयुक्त कार्य गर्नाले नै आश्रमधारण सफल हुने गर्दछ ॥१३॥

यस पवित्र आश्रमलाई सफल गर्नको लागि सन्यासी पुरूष विधिवत योग शास्त्र रीतिबाट सात व्याह्र्यतिको पूर्व सात प्रणव लगाई प्रणायाम मन्त्र मनमनै जप्दै तीन पटक प्रणायाम गर्दछ भने त्यो सन्यासी अत्युत्कृष्ट तप गर्दछ ॥१४॥

किनभने जसरी अग्नीमा धातुलाई जलाउनाले धातुबाट बेकारी चिजहरू बाहिर छुट्दछन्, त्यसैगरी प्राणनिग्रहबाट इन्द्रियहरूको दोष नष्ट हुन पुग्दछ ॥१५॥

त्यसैले सन्यासी मनुष्य प्राणायामबाट दोषहरूको धारणालाई अत्य गर्दछ, प्रत्याहार एवम् साथीबाट हुने दोषलाई र ध्यानबाट अविद्या, पक्षपात, अनीश्वरताको दोषलाई छुटाउँदछ । पक्षपात रहित ईश्वरको धारण गर्नाले सबै दोषहरू भष्म हुन जान्छ ॥१६॥

सानो-ठूलो प्राणी र अप्राणीहरूलाई जो अशुद्ध आत्माबाट हेर्नको लागि योग्य छैन, त्यस अर्न्तयामी परमात्माको गति अर्थात् प्राप्ति ध्यान योगबाट नै सन्यासिले देख्नेछ ॥१७॥

जो सन्यासी यथार्थ ज्ञान वा षट्दर्शनबाट युक्त छ, त्यो दुष्ट कर्मबाट बद्ध हुँदैन र जो ज्ञान विद्या, योगाभ्यास, सत्सङ्ग, धर्मानुष्ठान वा षड्दर्शनबाट रहित विज्ञानहिन भएर सन्यास लिन्छ, त्यो सन्यास पद्वी तथा मोक्षलाई प्राप्त गर्न नसक्ने जन्ममरण रूप संसारलाई प्राप्त गर्दछ र यस्तो मूर्ख, अधर्मीलाई सन्यासलिनु व्यर्थ र धिक्कार छ ॥१८॥

जो निर्वैर, इन्द्रिय विषयक बन्धन भन्दा पृथक, वैदिक,

कर्मचरण र प्रणायाम, सत्यभाषणादिबाट उत्कठ, उग्रकर्म सहितको सन्यासी मनुष्य हुने गर्दछ, त्यो यसै जन्ममा यसै वर्तमान समयमा परमेश्वरलाई प्राप्ति गर्दछ । यसरी उसको सन्यास लिने कार्य सफल र धन्यवाद योग्य हुनेछ ॥१९॥

जब सन्यासी सबै पदार्थहरूमा आफ्नो भावबाट निःस्पृद हुने गर्दछ, तब यस लोक, यस जन्म र मरण पाएर परलोक हुँदा पनि परमात्मालाई प्राप्त गरी निरन्तर सुख प्राप्त गर्दछ ॥२०॥

यो विधबाट बिस्तार-बिस्तार सबै दोषहरूलाई छोडी, सबै प्रकारको हर्ष, शोक, मोह, द्वन्द्व छाडी विद्वान सन्यासी ब्रह्मामा नै स्थिर हुन पुग्दछ ॥२१॥

जो विविदिषा  अर्थात् जान्ने इच्छा गरी गौण सन्यास लिन्छ, त्यो पनि विद्या अभ्यास, सत्पुरूषसँगको सम्बन्ध, योगाभ्यास र ओमकारको जप  अर्थात् परमेश्वरलाई पनि विचार गर्नुपर्दछ । अज्ञानीहरूको शरण, गौण सन्यासी, विद्वान सन्यासी, सुख खोज्नेहरू, अनन्त सुखको इच्छा गर्नेहरू सबै मनुष्यहरूको यही नै आश्रय हो ॥२२॥

यस क्रम अनुसार सन्यास योगबाट जो द्विज  अर्थात् ब्राह्मण, क्षत्रिय, वैश्य सन्यास ग्रहण गर्न सक्दछ, त्यो यो संसारमा र शरीरमा भएको सबै पापहरूलाई छोडेर परमब्रह्मालाई प्राप्त गर्दछ ॥२३॥

## सन्यासको प्रकार

वैष्णव, शैव, शाक्त, दशनामी सम्प्रदाय, जङ्गम, नाथ सम्प्रदाय, पाशुपत, लिङ्गायत आदिमा आ-आफ्नो अलग-अलग भेद भएर पनि सबैलाई सन्यासी नै भनिन्छ । सनातन धर्ममा सन्यासलाई अत्याधिक महत्व दिइएको छ । सन्यासीलाई साधु, ऋषि, मुनी महात्मा, महात्मा,

स्वामी, सन्त आदि नामबाट सम्बोधन वा चिनिने पनि गरिन्छ। सन्यासी हुनको लागि सन्यासी भावको हुन जरूरी छ । सन्यासीको श्रेष्ठ अवस्था परमहंस हो । सन्यासीको धेरै भेदहरू उल्लेख गरिएता पनि पुराणकारहरूको अनुसार चार भेद छ जो यस प्रकार छ :-

(१) पारमेष्ठिक सन्यासी

सन्यास आश्रममा रही योग अभ्यासद्वारा आफ्नो इन्द्रिय र मनलाई जित्ने तथा मोक्षको कामना गर्ने व्यक्ति पारमेष्ठिक सन्यासी हो ।

(२) परिव्राजक सन्यासी

कुनै एक स्थानमा स्थिर नभई सर्वत्र भ्रमण गर्दै आफ्नो ज्ञान, विद्या र विवेकले मनुष्यको उपकार/उपदेश गर्ने व्यक्तिलाई परिव्राजाक सन्यासी भनिन्छ ।

(३) योगीसन्यासी

कुनै व्यक्ति ब्रह्मालाई साक्षात्कार गरी आफ्नो आत्मामा नै परमात्माको दिव्य स्वरूपको दर्शन गराउँदछ भने उसलाई योगी सन्यासी भनिन्छ ।

(४) कर्म-सन्यासी

गिता अनुसार ज्ञानद्वारा योगीहरू जो परमधाम प्राप्त गर्दछन्, कर्मयोगीद्वारा पनि त्यहि प्राप्त गरिन्छ, जो पुरूष ज्ञानयोग्य र कर्मयोगलाई फलस्वरूपमा देख्दछ त्यही यथार्थ हो । कर्मयोगबिना सन्यास अर्थात् मन, इन्द्रिय र शरीरद्वारा हुने सम्पूर्ण कर्ममा कर्तापनको त्याग प्राप्त हुन कठिन र भगवत्स्वरूपलाई मनन गर्न कठिन छ। त्यसैले कर्मयोगी परमब्रह्मालाई शिघ्र नै प्राप्त गर्छ भने त्यो कर्म सन्यासी हो ।

# सन्यास संस्कार र परम्परा

## संस्कार

हिन्दु संस्कृतिमा संस्कारको साधारण अर्थ कुनै दोषयुक्त वस्तुलाई दोष रहित गर्नु हो । संस्कार मन- सोधनको प्रक्रिया पनि हो । गौतम धर्मसुत्रानुसार संस्कार त्यसलाई भनिन्छ जसबाट दोष हट्दछ र गुणको वृद्धि हुने गर्दछ । प्राचीन ऋषिमुनीहरू यो कुरा मान्दथे की जन्म जन्मान्तरको वासनाको लेप जिवात्मामा रहन्छ । पूर्वजन्मको यही संस्कार अनुरूप नै जीव नयाँ शरीर धारण गर्दछ, अर्थात् जन्म लिने गर्दछ र संस्कार अनुरूप नै कर्मप्रति उसको आशक्ति हुने गर्दछ । यस प्रकार जीव सर्वथा संस्कारको दास हुने गर्दछ । मीमांसा दर्शनको मत अनुसार -कर्मजीवि संस्कार अर्थात् संस्कार नै कर्मको विज हो, तन्नमीत्ता सृष्टि अर्थात् त्यही सृष्टिको आदि कारण पनि हो । प्रत्येक मनुष्यको आचरण उसको पूर्वजन्मको निजी संस्कारको अतिरिक्त उसको वर्तमान वंश वा कूलको संस्कारबाट नै प्रभावित रहने गर्दछ । अतः संस्कारको उद्देश्य पहिले देखिको उपस्थित गुणहरू, अवगुणहरूलाई परिमार्जन गरी विद्यमान गुण एवम् योग्यताको स्वस्थ्य रूपबाट विकारको अवसर प्राप्त हुन जान्छ । मानव जीवनको सबै प्रकारको कर्महरूको कारण मन नै हो । सबै असल, खराब कर्मबाटै हुने गर्दछ । पटक-पटक कुनै कार्य गरिरहनाले उसको विशेष प्रकारको आदत बन्न जान्छ । यही आदत मन भित्र

गहिरोसँग बस्न पुग्दछ, जो मृत्युपछि पनि मनको साथ आफ्नो शरीरमा सुक्ष्म ढङ्गले रहन्छ र नयाँ शरीर धारण गर्दा अघिल्लो जन्मको त्यही प्रकारको प्रेरणा पछि कर्म बन्न पुग्छ यसलाई नै 'संस्कार' भनिन्छ । यो संस्कार प्रत्येक जन्ममा संग्रहित हुँदै चल्दै जाने गर्दछ, जसबाट यसको एक विशाल भण्डार बन्न पुग्दछ जसलाई सञ्चित कर्म भनिन्छ । यही सञ्चित कर्म केही एक भाग एक जीवनमा भोग्नको लागि उपस्थित हुने गर्दछ । जो वर्तमान जीवनमा प्रेरणाको कार्य गर्दछ, यही कर्मबाट पुन नयाँ संस्कार बन्न जान्छ, यस प्रकार संस्कारहरूको एक अन्तहिन श्रृङ्खला बन्दै जाने गर्दछ, जसबाट मनुष्यको व्यक्तित्वको निर्माण हुने गर्दछ । संस्कार परम्परा भएको व्यक्तिलाई अद्वितिय प्रभावशाली मानिन्छ, संस्कारका समय गरिने विभिन्न कर्मकाण्ड, यज्ञ, मन्त्रोच्चारण आदिको प्रक्रिया विज्ञानसंगत पूर्ण रूपले असंदिग्ध छ । कर्म कै कारण असल-खराब संस्कार पनि बन्दै जान्छ । अतः संस्कार प्रणालीको अधिनमा मनुष्यलाई कुनै पनि कुराको सामान्य उपदेश, प्रशिक्षण अथवा परामर्शद्वारा अनुकूल वातावरणमा निर्देश गरिन्छ भने छिट्टै असल संस्कार सिक्न सक्दछ । संस्कारहरूको संख्या विभिन्न विद्वानहरूले अलग-अलग बताएका छन् । गौतम स्मृतीमा चालिस संस्कारको उल्लेख गरिएको छ, कतै-कतै अठचालिस संस्कारको उल्लेख पनि छ । महर्षि अंगिराले पच्चिस संस्कार बताएका छन् । दश कर्मपद्धतिको मतानुसार संस्कारको संख्या दश मानिएको छ । वेदको कर्म मीमांसा दर्शनले सोह्र संस्कारलाई मात्र मान्यता प्रदान गर्दछ । आधुनिक विद्वानहरूले यसलाई सरल र कम खर्चिलो बनाउने प्रयास गरिरहेका छन्, जसबाट अधिक भन्दा अधिक मानिसहरू यसबाट लाभ उठाउन सकुन् । यसमा प्रथम आठ संस्कार प्रकृति मार्गमा र बाँकी आठ मुक्ति मार्गको लागि उपयोगी छ । प्रत्येक संस्कारको आफ्नो महत्व,

प्रभाव र परिणाम हुने गर्दछ । यदि विधि विधान, वातावरण र समय मिलाएर यी संस्कारलाई प्रयोग/उपयोग गरियो भने त्यसको प्रभाव असाधारण हुने गर्दछ ।

## सन्यास लिने विधि

जो पुरूष सन्यास लिन चाहन्छ त्यो त्यस दिन सर्वथा प्रसन्नता हुन जरूरी छ । त्यस दिन नियम र व्रत अर्थात् तिन दिनसम्म दुधपान गरी उपवास र भूमिमा शयन, प्राणायाम, ध्यान तथा एकान्त क्षेत्रमा रही ओंकारको जप गर्नुपर्दछ । सभामण्डप, वेदी, समिधा, धृतादि,शाकल्य सामग्रीहरू एक दिन पूर्व तयारी गरिराख्ने । जुन चौथो दिन सन्यास लिने हो, त्यो दिनको प्रहर रात्री नै उठेर शौच, स्नानादि आवश्यक कर्मादि गरी प्राणायाम, ध्यान र प्रणवको जप गरिरहनु पर्दछ । सुर्यदयोको समय पारी उत्तम गृहस्थ धार्मिक विद्वान मार्फत प्रणामे अग्न्याधान, समिदाधान, धृतब्रतपन र स्थालिपाक गरी प्रमाणे स्वस्तीवाचन, शान्तिकरण पाठ गर्ने र प्रमाणे वेदिलाई चारैतर्फ जलप्रोक्षण गरी आधारावाज्यभागाहुती चारपटक र ब्याहृति आहुती चार पटक र

**ओम् भुवनपतये स्वाहा ॥१॥**

**ओम भुनाना पतये स्वाहा ॥२॥**

**ओम प्रजापतये स्वाहा ॥३॥**

यसमध्ये एक-एक गरी एघार पटक आज्याहुती दिने । जुन विधिपूर्वक तयार गरिएको सामग्री छ त्यसलाई धृत-सेचन गरी यजमान जो सन्यास लिनेवाला छ र दुई ऋत्विज निम्नलिखित स्वाहान्त मन्त्रद्धारा सामग्री होम र शेष दुई ऋत्विजपनि साथ-साथै धृताहुती गर्दै जाने

ओं ब्रह्मा होता ब्रह्मा यज्ञा ब्रह्माणा स्वरवो मिताः ।
अध्वर्युर्ब्रम्हाणे जातो ब्रह्माणोक्त्तर्हितं हविः स्वाहा ॥१॥
ब्रह्मा स्त्रुचो घृतवतीर्ब्रम्हाणा वेदिरूद्धिता । ब्रह्मा यज्ञश्च सत्रं च ऋत्विजोये हविष्कृतः । शमिताय स्वाहा ॥२॥
अंहोमुचे प्र भरे मनीषा मा सुत्राम्णे सुमतिमावृणानः । इदमिन्द्र प्रति हव्यं गृभाग्य सत्याः सन्तु यजमानस्य कामाः स्वाहा ॥३॥
अंहोमुच वृषभं यज्ञियानां विराजन्त प्रथममध्वराणाम् । अपां नपातमश्विना हुवे धियेन्द्रेण म इन्द्रिय दत्तमोजः स्वाहा ॥४॥
यत्र ब्रह्माविदो यान्ति दीक्षया तपसा सह । अग्निमर्ता तत्र नयत्वग्निर्मेधां दधातु मे । अग्नये स्वाहा ॥ इदमग्नये इदन्न मम ॥५॥
यत्र ब्रह्माविदोयान्ति दीक्षया तपसा सह । वायुर्मा तत्र नयतु वायुः प्राणान् दधातु मे । वायवे स्वाहा ॥ इदं वायवे इदन्न मम ॥६॥
यत्र ब्रह्माविदो यान्ति दीक्षया तपसा सह । सुर्यो मा तत्र नयतु चक्षुः सूर्यो दधुातु मे । सूर्याय स्वाहा ॥ इदं सूर्याय इदन्न मम ॥७॥
यत्र ब्रह्माविदो यान्ति दीक्षया तपसा सह । चन्द्रो मा तत्र नयतु मनश्चन्द्रो दधातु मे । चन्द्राय स्वाहा ॥ इदं चन्द्राय इदन्न मम ॥८॥
यत्र ब्रह्माविदो यान्ति दीक्षया तपसा सह । सोमो मा तत्र नयतु पयः सोमो दधातु मे । सोमाय स्वाहा ॥ इदं सोमाय इदन्न मम ॥९॥
यत्र ब्रह्माविदो यान्ति दीक्षया तपसा सह । इन्द्रो मा तत्र नयतु बलमिन्द्रो दधातु मे । इन्द्राय स्वाहा ॥ इदमिन्द्राय इदन्न मम ॥१०॥
यत्र ब्रह्माविदो यान्ति दीक्षया तपसा सह । आपो मा तत्र

नयन्त्वमृतं मोपतिष्ठतु । अद्‌भ्यः स्वाहा ॥ इदमद्‌भ्यः इदन्न मम ॥११॥
यत्र ब्रह्माविदो यान्ति दीक्षया तपसा सह । ब्रह्मा मा तत्र नयतु ब्रह्मा ब्रम्ह दधातु मे । ब्रह्माणे स्वाहा ॥ इदं ब्रह्माणे इदन्न मम ॥१२॥

*- अथर्व का १९ / सू ४२: ४३*

ओं प्राणापानव्यानोदानसमाना मे शुध्यन्ताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासँ स्वाहा ॥१॥
वाङमनश्चक्षु: श्रोत्रजिह्वाघ्राणरेतोबुद्धयाकुतिसङ्कल्पा मेशुध्यान्ताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासँ स्वाहा ॥२॥
शिरः पाणिपादपार्श्वपृष्ठोरूदरजङ्घा शिश्नोपस्थपायवो मेशुध्यन्ताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासँ स्वाहा ॥३॥
त्वक्चर्ममा सरूधिरमेदोमज्जास्नायवोक्स्थीनि मे शुध्यन्ताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासँ स्वाहा ॥४॥
शब्दस्पर्शरूपरसगन्धा मे सुध्यान्ताम् ।
ज्योतिरहं विरजा विपाप्माभूयासँ र स्वाहा ॥५॥
पृथिव्यप्तेजोवाय्वाकाशा मे शुध्यन्ताम् ।
ज्योतिरहं विरजा मे शुध्यन्ताम् ॥६॥
अन्नमयप्राणमयनोमयविज्ञानमयानन्दमया मे शुध्यन्ताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासँ स्वाहा ॥७॥
विविष्टयै स्वाहा ॥८॥
कषेत्काय स्वाहा ॥९॥
उत्तिष्ठ पुरूष हरित लोहित पिङ्गलाक्षि । देहि देहि ददापयिता

मे शुध्यताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासँ् स्वाहा ॥१०॥
ओं स्वाहा मनोवाक्कायकर्माणि मे शुध्यताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासँ् स्वाहा ॥११॥
अव्यक्तभावैरहङ्कारैर्ज्योतिरहं विरजा विपाप्मा भूमासँ् स्वाहा ॥१२॥
अन्तरात्मा मे शुध्यताम् । ज्योतिरहं विरजा विपात्मा भूयासँ् स्वाहा ॥१३॥
आत्मा मे शुध्यताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासँ् स्वाहा ॥१४॥
परमात्मा मे शुध्यताम् । ज्योतिरहं विरजा विपाप्मा भूयासँ् स्वाहा ॥१५॥८

*- अथर्व का १९ / सू ४२ : ४३*

यी १५ मन्त्रहरूबाट एक-एक गरी आहुती दिएपछि निम्नलिखित मन्त्रहरूबाट ३५ आहुती दिने

*(प्राणापान) इत्यादि देखि लिएर (परमात्मा शुध्यताम्) इत्यन्त मन्त्रहरू सन्यासीलाई उपदेश हो, अर्थात् जो सन्यास आश्रम ग्रहण गर्दछ उसले धर्माचरण, सत्यपदेश, योग अभ्यास, शम, दम, शान्ति, शुशिलतादि, विद्या-विज्ञानादि, शुभ, गुण, स्वभाव सहित परमात्मालाई आफ्नो सहायक मानी अत्यन्त पुरूषार्थद्वारा शरीर, प्राण, मन, इन्द्रियहरूलाई अशुद्ध व्यवहारबाट हटाई शुद्ध व्यहारमा चलाई, पक्षपात, कपट, अधर्म व्यवहारलाई छोडी अन्यलाई उसको दोष देखाई उपदेशबाट दिक्षित गरी, स्वमय् आनन्दित भई, सबै मनुष्यहरूलाई आनन्दित गरिरहनु ।*

ओमग्नये स्वाहा ॥१६॥ ओं विश्वेभ्यो देवेभ्यः स्वाहा ॥१७॥
ओं ध्रुवाय भूमाय स्वाहा ॥१८॥ ओं ध्रुतक्षितये स्वाहा ॥१९॥

ओमच्युतक्षितये स्वाहा ॥२०॥ ओमग्ये स्विष्टकृते स्वाहा ॥२१॥
ओं धर्माय स्वाहा ॥२२॥ ओमधर्माय स्वाहा ॥२३॥
ओमद्भ्यः स्वाहा ॥२४॥ ओमोषाधिवनस्पतिभ्यः स्वाहा ॥२५॥
ओं रक्षोदेवजनेभ्यः स्वाहा ॥२६॥ ओं गृह्माभ्यः स्वाहा ॥२७॥
ओमवसानेभ्यः स्वाहा ॥२८॥ ओमवसानपतिभ्यः स्वाहा ॥२९॥
ओं सर्वभूतेभ्यः स्वाहा ॥३०॥ ओं कामाय स्वाहा ॥३१॥
ओमन्तरिक्षाय स्वाहा ॥३२॥ ओं पृथिव्यै स्वाहा ॥३३॥
ओं दिवे स्वाहा ॥३४॥ ओं सूर्याय स्वाहा ॥३५॥
ओं चन्द्रमसे स्वाहा ॥३६॥ ओं नक्षत्रेभ्यः स्वाहा ॥३७॥
ओमिन्द्राय स्वाहा ॥३८॥ ओं बृहस्पतये स्वाहा ॥३९॥
ओं प्रजापतये स्वाहा ॥४०॥ ओं ब्रह्माणे स्वाहा ॥४१॥
ओं देवेभ्यः स्वाहा ॥४२॥ ओं परमेष्ठिने स्वाहा ॥४३॥
ओं तद् ब्रम्ह ॥४४॥ ओं तद्वातुः ॥४५॥
ओं तदात्मा ॥४६॥ ओं तत्सत्यम् ॥४७॥
ओं तत्सर्वम् ॥४८॥ ओं तत्पुरोर्नमः ॥४९॥

अन्तश्चरति भूतेषु गुहायां विश्वमूर्तिष । त्वं यज्ञस्त्वं वषट्कारस्त्वमिन्द्रस्त्व रुद्रस्त्वँ विष्णुस्त्वं ब्रम्ह त्वं प्रजापतिः । त्वं तदाप आपो ज्योती रसोक्मृतं ब्रह्मा भूर्भुवः सुवरों स्वाहा ॥५०॥

*- अथर्व का १९ / सू. ४२ : ४३*

यी ५० मन्त्रहरूबाट आज्याहुती दिई तदअनुसार जो सन्यास लिने हो क्षौर गरी स्नान गर्नुपर्दछ । त्यसैगरी सन्यास लिने पुरूष आफ्नो शिरमा पुरूष सुक्तको मन्त्रद्वारा १०८ पटक अभिषेक गर्ने । पुनः प्रमाण आचमन र प्राणयाम गरी, हात जोडी वेदि सामू नेत्रन्मीलन गरी मनबाट

ओम ब्रह्माणे नमः ॥१॥
ओम सुर्याय नमः ॥२॥
आत्मात्ने नमः ॥३॥
ओमिन्द्राय नमः ॥४॥
ओम सोमाय नमः ॥५॥
ओमन्तरात्मे नमः ॥६॥

यी छ मन्त्रलाई जपि

ओमात्मने स्वाहा ॥१॥
ओमन्तरात्मने स्वाहा ॥२॥
ओम परमात्मने स्वाहा ॥३॥
ओम प्रजापतये स्वाहा ॥४॥

यी ४ मन्त्रहरूबाट आज्याहुती दिएर, सन्यास ग्रहण गर्ने पुरूष प्रमाणे मधुपर्कको क्रिया गर्ने र तदन्तर प्राणायाम गरि

ओं भूः सावित्रीं प्रविशामि तत्सवितुर्वरेण्यम् ॥१॥
ओं भुवः सावित्रीं प्रविशामि भर्गो देवस्य धीमहि ॥२॥
ओं स्वः सावित्रीं प्रविशामि धियो यो नः प्रचोदयात् ॥३॥
ओं भुर्भुवः स्वः । सावित्रीं प्रविशामि । तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ॥४॥

यी मन्त्रहरूलाई मनबाट जप्ने

ओमग्नये स्वाहा ॥१॥
ओं भूः प्रजापतये स्वाहा ॥२॥
ओमिन्द्राय स्वाहा ॥३॥
ओं विश्वेभ्यो देवेभ्य : स्वाहा ॥५॥
ओं ब्रह्माणे स्वाहा ॥६॥
ओंप्राणय स्वाहा ॥७॥
ओमपानाय स्वाहा ॥८॥

ओं व्यानाय स्वाहा ॥९॥
ओमुदानाय स्वाहा ॥१०॥
ओं समानाय स्वाहा ॥११॥
यी मन्त्रहरूबाट वेदिमा आज्याहुती दिई
ओम भूः स्वाहा ॥१॥
यस मन्त्रबाट पूर्वाहुति गरी
पुत्रैषणायाश्च वित्तैषणायाश्च लोकैषणाश्चोत्थायाथ भिक्षाचर्य चरन्ति ॥ - *श.कां. १४॥८*

*पुत्रादिको मोह, वित्त मोह र लोकस्थ प्रतिष्ठाको इच्छाबाट मनलाई हटाई परमात्मामा आत्मालाई दृढ गरी जो भिक्षा चरण गरिन्छ र त्यसले नै सबैलाई सत्य उपदेशबाट अभयदान दिने गर्छ अर्थात् दाहिने हातमा जल लिएर मैले आजबाट पुत्र र वित्त मोह, प्रतिष्ठालाई त्यागिदिए र मलाई सबै प्राणी मात्रको अभय प्राप्त होस्, यही मेरो सत्य वाणि हो ।*

पुत्रैषणा वित्तैषणा लोकैषणा मया परित्यक्ता, मत्तः सर्वभूतेभ्योऽभयमस्तु स्वाहा ॥

यस वाक्यलाई उच्चारण गरी सबैको सामुन्ने जललाई भूमिमा छोडिदिने । यसपछि नाभि मात्र जलमा पूर्वाभिमुख खडा गरी

ओं भूः सावित्रीं प्रविशामि तत्सवितुर्वरेण्यम् ॥
ओं भुवः सावित्रीं प्रविशामि भर्गो देवस्य धीमहि ॥
ओं स्वः सावित्रीं प्रविशामि धियो यो नः प्रचोदयात् ॥
ओं भूर्भुवः स्वः सावित्रीं प्रविशामि परो रजसेऽसावदोम ॥

यसलाई मनबाट जप गरी प्रणवार्थ परमात्मालाई ध्यान गरी - पुर्वोक्त यो समग्र कण्डिकालाई भनी प्रेष्य मन्त्रोच्चारण गर्नु,

ओं भूः संन्यस्तं मया । ओं भुवः संन्यस्तं मया ।
ओं स्वः संन्यस्तं मया ॥

यस मन्त्रलाई मनमा उच्चारण गरी अंजुलीभरी जल लिई पूर्वाभिमुख भई सन्यास लिने व्यक्तिले -

ओम् अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा ॥

यस मन्त्रद्वारा दुवै हातको अंजुली पानी पूर्व दिशामा छोडिदिने ।

पुनः

येना सहस्त्रं वहसि येनाग्ने सर्ववेदसम् ।
तेनेमं यज्ञ नौ वह स्व र्देवेषु गन्तवे ८ ॥

*- अथर्व. ९ / सू. ५ / मं . १७॥*

*हे विद्वान् ! जसबाट सम्पूर्ण संसारलाई अग्नि धारण गराउँदछ र जसबाट गृहाश्रमस्थ पदार्थको मोह, यज्ञोवपित र शिखा आदिलाई धारण गराउँदछ, त्यसलाई त्याग । त्यस त्यागबाट हाम्रो यो सन्यास रुप सुख दिन सक्ने, मुक्ति दिन सक्ने विद्वानको रुपमा प्राप्त हुन जान्छ ।*

त्यसपछि

प्राजापत्यां निरूप्येष्टिं सर्ववेदसदक्षिणाम् ।
आत्मन्याग्नीन् समारोप्य ब्राह्मणः पव्रजेद् गृहात् ॥

यो श्लोक उच्चारण गरी मौनताका साथ शिखाको लागि जो ५-७ केश छ एक-एक गरि उखाल्ने र यज्ञोपवित तारेर हातमा लिई अञ्जुली भरी जल पारी

ओम्मापो वै सर्वा देवताः स्वाहा ॥
ओम् भूः स्वाहा ॥

यि मन्त्रद्वारा शिखालाई केश र यज्ञोपवीत सहित अञ्जुलीलाई पनि जलमा नै होम गरिदिने । त्यसपछि अचार्यले शिष्यलाई जलबाट निकाली काषय वस्त्रहरू कोपिन, कटिवस्त्र, उपवस्त्र, अंगोछा प्रितिपूर्वक दिने र शिष्यलाई प्रमाणे मन्त्रसहित दण्ड धारण गराई आत्मामा आहवनियादी अग्निलाई आरोपण गर्ने ।

यो विद्याद् ब्रम्हप्रत्यक्ष परूणि यस्य संभारा ऋचो यस्यानुक्यमि् ॥१॥

सामानि यस्य लोमानि यजुर्हृदयमुच्यते परिस्तरणमिद्धवि ॥२॥

यद्वा अतिथिपतिरतिथीन् प्रति पश्यति देवयजन् प्रेक्षते ॥३॥

यदभिवदति दीक्षामुपैति यदुदकं याचत्यपः प्रणयति ॥४॥

या एव यज्ञ आपः प्रणीयन्ते ता एव ताः ॥५॥

यदावसथान् कल्पयन्ति सदो हविर्धानान्येव तत्कल्पयन्ति ॥६॥

यदुपस्तृणन्ति बर्हिरेव तत् ॥७॥

तेषामासङ्घानामतिथिरात्मन् जुहोति ॥८॥

स्त्रुचा हस्तेन प्राणे युपे स्त्रुक्कारेण वषट्कारेण ॥९॥

एते वैप्रियाश्चाप्रियाश्चत्विज ।

स्वर्ग लोक गमयन्ति यदतिथयः ॥१०॥

प्राजापत्यो वा एतस्य यज्ञो विततो य उपहरति ॥११॥

प्रजापतेर्वा एष विकमाननुविकमते य उपहरति ॥१२॥

योक्तिथीना स आहवनीयो यो वेश्मनि स गार्हपत्यो, यस्मिन् पचन्ति स दक्षिणाग्निः ॥१३॥

इष्टं च वा एष पूर्त च गृहाणामश्नाति यः पुर्वोक्तिथे रश्नाति ॥१४॥

*- अथर्व. का. ९ / सू. ६ ॥*

तस्यैवं विदुषो यज्ञस्तात्मा यजमानः श्रद्धा पत्नी शरीरमिध्ममुरो वेदिर्लोमानि बर्हिर्वेदः शिखा हृदयं यूपः काम आज्यं मन्युः पशुस्तोपकग्निर्दमः शमयिता दक्षिणा वाग्घोता प्राण उद्गाता

**यसको अर्थ हो -**

(१) जो पुरूष साक्षात्कारबाट परमात्मालाई जान्दछ, जसका कठोर स्वभाव छ होम गर्न साकल्य छ, जसको यथार्थ सत्यभाषण, सत्योपदेश छ, 'यसको लागि ऋग्वेद अनुकूलताद्वारा

योग्य वचन हों र त्यसैले मात्र सन्यास ग्रहण गरोस् ।

(२) जसले सामवेद लोमानी समान, यर्जुवेद जसको हृदय समान उच्चारण गर्न सक्दछ, जो सबैतिरबाट शास्त्र एवम् आसन आदि सामग्री होम गर्न योग्य छ, त्यही सन्यास ग्रहण गर्नमा योग्य हुने गर्दछ ।

(३) जो अतिथिहरूको सत्कार गर्न, हेर्न र विद्वान सन्यासीहरूमध्ये विद्वानको योजन र ज्ञान दृष्टिबाट हेर्दछ त्यही सन्यास लिने अधिकारी हुने गर्दछ ।

(४) जो सन्यासी दोस्रोसँग संवाद र अभिवादन गर्दछ, त्यसलाई जान्नुपर्दछ ऊ दिक्षा प्राप्त गर्न लायक छ, जो जलको याचना गर्दछ, त्यसलाई जान्नुपर्दछ ऊ प्रणिता आदिमा जललाई हाल्ने गर्दछ ।

(५) यज्ञमा जुन जललाई प्रयोग गरिन्छ त्यसैलाई पात्रमा राखी गरिने क्रिया यज्ञस्थ जलक्रिया हो ।

(६) जो सन्यासी निवास स्थान कल्पना गर्दछ, त्यो यज्ञशाला हविष स्थापना गर्न समर्थवान् पात्रको रूपमा जान्नुपर्दछ ।

(७) जो सन्यासी विछ्यौना आदिमा सुत्दछ त्यो कुशपिञ्जुली समान हो ।

(८) जो तोषाम नजिक बसेको छ र उसको गलत नियत छैन भने उसले भोजन गराउँदछ र वेदिस्थ अग्निमा होम गर्ने समान आत्मामा आहुती दिन्छ ।

(९) जो सन्यासी हातले खाने गर्दछ भने चम्चा आदिबाट वेदिमा आहुती दिने गर्दछ, जसरी स्तम्भमा अनेक प्रकारको पशुहरू बाधिन्छ, त्यसैगरी सन्यासी स्त्रुचा समान होम क्रियातुल्य प्राणमा मन र इन्द्रियहरूलाई बान्दछ ।

(१०) यसरी नै समय-समयमा प्राप्त हुने प्रिय तथा अप्रिय सन्यासीजन

अतिथि रूपमा गृहस्थजनहरूका लागि सधै दर्शनीय र सुख प्राप्तीको रूपमा बुझ्नुपर्दछ ।

(११) सन्यासीका प्रजापती परमात्मालाई जान्न आश्रम, धर्म अनुष्ठान, रूप र विधिवत यज्ञ गर्न योग्य भएको अर्थात् जो यसलाई सर्वोपरी स्वीकार गर्दछ त्यही सन्यासी हो ।

(१२) जो सन्यासी परमेश्वरलाई बुझ्ने रूप सन्यास आश्रम अनुसारको सत्याचरको अनुकूलताद्वारा क्रिया गर्दछ, त्यसैले सबै शुभगुणलाई स्वीकार गर्दछ ।

(१३) जो अतिथि अर्थात् उत्तम सन्यासीहरूको सम्बन्ध राख्दछ, त्यो सन्यासीको लागि आहवनिय अग्नि हो, अर्थात् ब्रह्माचार्य आश्रममा ब्रह्माचारी होम गराउँदछ । जो सन्यासीको घरमा निवास छ, उसको लागि गृहस्थसम्बन्धी अग्नी हो, सन्यासीका जुन जाठराग्निमा अन्न आदि पकाइन्छ त्यो वानप्रस्थ सम्बन्धी अग्नी हो, यस प्रकार आत्मामा सबै अग्निहरूको आरोपण गरिन्छ ।

(१४) गृहस्थले आफ्नो प्रथम भोजनको समयावधी उपस्थित सन्यासीलाई छाडी अरूलाई प्रथम भोजन गराउँदछ भने गृहस्थको इष्ट सुख र उसको सामग्री तथा ऐश्वर्यादिको पूर्णता एवम् उसको साधनहरूको निश्चित भक्षण अर्थात् नाश हुने गर्दछ । त्यसैले जुन गृहस्थ समिप अतिथि उपस्थित हुन्छन् पूर्व भोजन उसैलाई गर्नु अति उचित हो ।

तैत्तरिय आख्यन अनुसार - यस प्रकार सन्यास ग्रहण गरेका ती विद्वान सन्यासीको सन्यास आश्रम रूप, राम्रो प्रकार अनुष्ठान गर्न योग्य यत्रको पनि स्वरूप हुन्, जो ईश्वर, वेद र सत्यधर्म आचरण, परोपकारमा सत्य धारण रूपमा दृढ छ, त्यसलाई उसको स्त्री रूपमा

बुझ्नुपर्दछ । सन्यासीको शरीरलाई यज्ञको इन्धनको रूपमा, उसको वक्षस्थल कुण्डको रूपमा र उसको शरीरको रौंलाई कुश रूपमा बुझ्नुपर्दछ । जो वेद र वेदको शब्दार्थ - सम्बन्ध जानेर आचरण गर्दछ -त्यही सन्यसीको (शिखर) हो, सन्यासीको हृदयलाई यज्ञ स्तम्भ र उसको शारीरिक कार्यलाई ज्ञान अग्निमा होम गर्ने समान मान्नुपर्दछ । सन्यासीमा क्रोध देखिन्छ भने त्यो निवृत्त गर्ने अर्थात् शरीर बाट मलमुत्र छोड्ने समान हो, जो सन्यासी सत्यधर्मनुष्ठान प्राणायाम आदि योग अभ्यास गर्दछ, त्यो वेदिको अग्नि हो ।

चक्षुरध्वर्युर्मनो ब्राम्हा श्रोत्रमग्नीत् । यावद् ध्रियते सा दीक्षा यदश्नाति

तद्धविर्यत्पिबति तदम्य सोमपान् । यद्रमते तदुपसदो यत्सञ्चरत्युप-

विशत्युत्तिष्ठते च स प्रवर्ग्यो यन्मुखम् तदाहवनीयो वा व्याहृति - राहुतिर्यदस्य विज्ञानं तज्जुहोति यत्सायं प्रातरत्ति तत्समिधं यत्प्रातर्मध्यन्दिन ँ॒ सायं च तानि सवनानि । ये अहोरात्रे ते दर्शपौर्णमासौ येक्र्द्धमाशाश्च मासाश्च ते चातुर्मास्यानि य ऋतवस्ते

पशुबन्धा ये संवत्सराश्च परिवत्सराश्च तेक्हर्गणाः सर्ववेदसं वा

एतत्सत्रं यन्मरणं तदवभृथः । एतद्वै जरामर्यमग्निहोत्र ँ॒ सत्रं य एवं

विद्वानुदगयने प्रमीयते देवानामेव महिमानं गत्वाक्क्दित्यस्य सायुज्यं

गच्छत्यथ यो दक्षिणे प्रमीयते पितृणामेव महिमानं गत्वा चन्द्रमसः

सायुज्यं सलोकतामाप्नोत्येतौ वै सूर्याचन्द्रमसोर्महिमानौ ब्राह्मणो

विद्वानभिजयति तस्माद् ब्रह्माणो महिमानमाप्नोति तस्माद् ब्रह्माणो
महिमानमित्युपनिषत् ॥

*-तैति.आ.प्रपा. १० / अनु. ६४॥*

सन्यासीले धर्माचरणद्वारा आफ्नो इन्द्रियलाई स्थिर राखी चल्दछ भने त्यो दुष्टलाई दण्ड दिन योग्य मान्नुपर्दछ । कुनै सन्यासीले सत्योपदेशको लागि वाणी गर्दछ भने उसलाई दक्षिणा गर्नुपर्दछ । सन्यासीको शरीरमा भएको प्राणलाई देव समान मान्नुपर्दछ । चक्षु - उद्गाता तुल्य, मन अर्घ्यु समान, श्रोत्र - ब्रह्मा र अग्नी तुल्य, सन्यासी धारण गर्दछ भने दिक्षाग्रहण र सन्यासीले खान्छ भने - घृतादि साकल्य समान सम्झनुपर्दछ । जल, दुग्धादि पिउने गर्दछ भने - सोमपान समान, यताउता भ्रमण गर्दछ भने - उपसद् समान, सन्यासीले गमन गर्दछ, बस्छ, उठ्छ भने - प्रवर्ग्य समान, सन्यासीको मुखलाई- आहवनिय अग्नि समान, सन्यासिद्वारा भएको व्याहृतिको उच्चारणलाई ज्ञान-विज्ञानको रूपमा, आहुति रूप- होम गरिरहेको समान, प्रातकाल भोजन - समिधा समान बुझ्नुपर्दछ । प्रात, मध्यान्ह, सायकालको कर्म - तीन सवन, सन्यासिको दिन र रात्री - पौर्ण मासेष्टि र आमावास्येष्ठी रात्री, कृष्ण पक्ष र महिना - सन्यासीको लागि चार्तुमास्य योगको रूपमा बुझ्नुपर्दछ । वसन्त ऋतु - सन्यासीको लागि पशुबन्ध अवस्था, संवत्सर - परिवत्सर अर्थात् वर्ष-वर्षान्तर - त्यो सन्यासीको लागि तीन रात्रीको व्रत, जो सर्वस्व दक्षिणा शिखा सुत्र यज्ञोपवित आदि पुर्वाश्रमको त्याग गर्दछ - त्यो सबैभन्दा ठूलो पक्ष हो । सन्यासीको मृत्यु -यज्ञान्तस्नान हो । यहि अवस्था र मृत्युपर्यन्त अर्थात् यावज्जीवन, सत्योपदेश, योगअभ्यास आदि सन्यास धर्मको अनुष्ठान अग्निहोत्ररूप दिर्घ यज्ञ हो । यस प्रकार

विद्वान सन्यासलाई लिएर विज्ञान, योग अभ्यास गरी शरीर छोड्दछ भने त्यसले विद्वानकै महिमा प्राप्त गर्दछ र स्वप्रकाश स्वरूप परमात्मालाई पनि प्राप्त गर्दछ, जो योगविज्ञान रहित हुन्छ त्यो सांसारिक दक्षिणायनरूप व्यवहारमा मृत्यु प्राप्त हुने गर्दछ र यी दुइवटै महिमालाई विद्वान ब्राह्मण अर्थात् सन्यासीले मात्र जित्नुका साथै ऊ त्यसबाट पर परमात्माको महिमालाई प्राप्त गरी मुक्तिको समय-पर्यन्त मोक्ष-सुखलाई भोग्दछ ।

*अ थ स ं न्या स े पु न : प्र मा णा नि-*

न्यास इत्याहुर्मनीषिणो ब्रह्माणम् । ब्रह्मा विश्व : कतम :

स्वयम्भूः प्रजापति : संवत्सर इति । संवत्सरोक्सावादित्यो

यक एष

आदित्ये पुरूष : स परमेष्ठी ब्रह्मात्मा । याभिरादित्यस्तपति रश्मिभिस्ताभिः पर्जन्यो वर्षति पर्जन्येनौषधि-वनस्पतयः प्रजायन्त ओषधिवनस्पतिभिरन्न भवत्यङ्केन प्राणाः प्राणैर्बल बलेन तपस्तपसा श्रद्धा श्रद्धया मेधा मेधया मनीषा मनीषया मनो मनसा शान्तिः शान्त्या चित्तं चित्तेन स्मृति ँ् स्मृत्या स्मार ँ् स्मारेण विज्ञानं विज्ञानेनात्मानं वेदयति तस्मादन्नं ददन्त्सर्वाण्येतानि ददात्यङ्कात् प्राणा भवन्ति भूतानाम् । प्राणैर्मनो मनसश्च विज्ञानं विज्ञानादानन्दो ब्रह्मायोनिः । स वा एष पुरूषः पञ्चधा पञ्चात्मा येन सर्वमिदं प्रोतं पृथिवी चान्तरिक्षं च द्यौश्च दिशश्चावान्तरदिशश्च स वै सर्वमिदं जगत् स भूत ँ् स भव्यं जिज्ञासक्लृप्त ऋतजा

रयिष्ठाः

श्रद्धा सत्यो महस्वांतमसो वरिष्ठत । ज्ञात्वातमेव मनसाहृदा च भूयो मृत्युमुपयाहि विद्वान् ।

तस्मान् न्यासमेषां तपसामती । वसुख्यो विभुरसी प्राणे त्वमसी सन्धाता ब्रह्मांस्त्वमसिविश्वसृत् ।

तेजोदास्त्वमस्यग्नेरसि वर्चोदास्त्वमसि सूर्यस्त
द्युम्नोदास्त्वमसि चन्द्रमस उपयामगृहीतोक्सि ब्रह्माणे त्वा
महसे ।
ओमित्यात्मानं युञ्जीत । एतद्वै महोपनिषदं देवानां गुध्यम् ।
य एवम्
वेद ब्रह्माणो महिमानमाप्नोति तस्माद् ब्रह्माणो महिमानमित्युप
निषत् ॥

*- तैत्ति, आ.प्रपा. १०/ अनु. ६३//*

न्यास अर्थात् सन्यास रितीबाट जो सन्यासी ग्रहण गर्दछ, त्यो परमात्माको उपासक हो । त्यो परमेश्वर सुर्यादि लोकमा व्याप्त र पूर्ण पनि हो कि जसको प्रतापद्वारा सूर्य तातो र रापिलो हुन्छ । त्यही तापद्वारा वर्षा र वर्षाद्वारा वनस्पती, अन्न उत्पत्ति हुन्छ, अन्नबाट प्राण, प्राणबाट बल, बलबाट तप अर्थात् प्राणयाम योगाभ्यास, त्यसबाट श्रद्धा सत्याधारण, त्यसबाट बुद्धि विचार शक्ति त्यसबाट ज्ञान, ज्ञानबाट शान्ति, शान्तिबाट चेतनता, चित्तबाट स्मृती, स्मृतीबाट पूर्वापरको ज्ञान, त्यसबाट विज्ञान र विज्ञानबाट आफ्नो आत्मालाई सन्यासी, जुन सन्यासबाट आफूलाई जान्ने बनाउँछ । त्यसैले अन्नदान श्रेष्ठ दान हो जसबाट प्राण, बल, विज्ञानादि प्राप्त हुन्छ । जुन प्राणको आत्मा त्यसबाट यो सर्व जगतमा ओतप्रोत र व्याप्त भइरहेको छ । उनी नै सबै जगतको कर्ता, उनैले पूर्वकल्प र उत्तरकल्पमा पनि जगत निर्माण गर्दछन् । त्यसलाई जान्ने इच्छा र त्यसलाई जानिसकेपछि संकल्प गरिन्छ - हे सन्यासी ! तिमीलाई मृत्युको सट्टा मुक्तिको पूर्ण सुख प्राप्त होस् । यसैले तपको पनि तप, सबैबाट पृथक र उत्तम सन्यासीलाई मानिन्छ । हे परमेश्वर ! तिमी सबैमा वास गर्दछौ, सबैका प्राण, विश्वको श्रष्टा, धर्ता, सूर्यलाई तेज दिने, तिमी अग्नी

भन्दा तेजस्वी, विद्यादाता तिमी सबैभन्दा ठूलो देव हौं । (ओम्) यस मन्त्रलाई मनबाट उच्चारण गरेर परमात्मामालाई आत्मामा युक्त गर । यसरी जो जस ग्राह्य महोत्तम विद्यालाई उक्त प्रकारबाट जान्दछ त्यसले सन्यासी परमात्माको महिमालाई प्राप्त गरी आनन्दले रहन सक्दछ ।

## सन्यासीको कर्तव्य

दृते दृँ्ह मा मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम् ।
मित्रस्याहं चक्षुषा सर्वाणिा भूतानि समीक्षे । मित्रस्य चक्षुषा
समीक्षामहे ॥१॥ *-यजु. अ. ३६ / मं. १८ ॥*

ओम्अग्नेनय सुपथारायेक्अस्मान् विश्वानि देव वयुनानि विद्वान् ।
युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठान्ते नमक्उक्ति विधेम स्वाहा ॥२॥
यस्तु सर्वाणि भूतान्यात्मन्नेवानुपश्यति ।
सर्वभूतेषु चात्मानं ततो न वि चिकित्सति ॥३॥
यस्मिन्त्सवाणि भूतान्यात्मैवाभूद्विजानतः ।
तत्र को मोहः कः शोकक्एकत्वमनुपश्यतः ॥४॥

*-यजु. अ. ४० / म. १६, ६, ७ ॥*

परीत्य भूतानि परीत्ये लोकान् परीत्य सर्वाः प्रदिशो दिशश्च ।
उपस्थाय प्रथमजामृतस्यात्मनात्मानमधि सं विवेश ॥५॥

*-यजु. अ. ३२ / म. ११॥*

ऋचो अक्षरे परमे व्योमन यम्नि् देवा अधि विश्वे निषेदु : ।
यस्तन्न वेद किमृचा करिष्यति य इत्तद्विदुस्त इमे समासते ॥६॥

*-ऋ म. १ / सूक्त १६४ / म. ३९ ॥*

समाधिनिर्धूतममलस्य चेतसो निवेशितस्यात्मनि यत् सुखं भवेत् ।
न शक्यते वर्णयितुं गिरा दता स्वयं तदन्तः करणेन गृहयते ॥७॥

*-कठवल्ली ॥*

**अर्थ** -हे सर्व दुःख विदारक परमात्मा ! म भन्दा सन्यास मार्गमा ठूलो, हे सर्वमित्र ! तिमी सर्वसुहृद पुरूषको दृष्टिबाट मलाई सबैको मित्र बनाउ, जसले गर्दा सबै प्राणीले मलाई मित्रवत दृष्टिले हेरून् र मैले मित्रकै दृष्टिले सबै जीवहरूलाई देख्न सकुँ । यस प्रकार तपाईंको कृपा र पुरूषार्थद्वारा हामी एक दोस्रोलाई सहृद्भावको दृष्टिबाट देखिरहुँ ।

हे स्वप्रकाश स्वरूप ! सबै दुःखको दाहक, सबै सुखदाता परमेश्वर ! तपाई योग विज्ञानरूप धनको प्राप्तिको लागि वेदोक्त धर्म मार्गद्वारा हामीलाई सम्पूर्ण प्रज्ञान र उत्तम कर्म कृपाद्वारा तृप्ती गर्नुस् र हामीलाई हुने कुटिल पक्षपात सहितको अपराध र पाप कर्मबाट टाढै राख्नुस्, अधर्म चरणबाट हामीलाई सधैं पर राख्नुस्, त्यसैले नै तपाईंलाई हामी धेरै प्रकारले नमस्कार पूर्वक प्रशंसा गर्दछौं ।

सन्यासीले आत्मामा अर्थात् परमेश्वर मै र आफ्नो आत्मातुल्य सम्पूर्ण जीवन रजगस्थ पदार्थहरूलाई अनुकूलतामा देख्नसक्दछ, सम्पूर्ण प्राणी-अप्राणीहरूमा परमात्मालाई देख्नसक्दछ भने उसको कुनैपनि व्यवहारमा संशय हुँदैन, अर्थात् परमेश्वरलाई सर्वव्यापक, सर्वान्तर्यामी, सर्वसाक्षी मानि आफ्नो आत्मातुल्य सम्पूर्ण प्राणीलाई बुझी प्राणीहरूको हानी-लाभ, सुख-दुःख सबै बुझ्ने भएकाले नै उत्तम सन्यास धर्म प्राप्त गर्न सक्दछ ।

विज्ञानयुक्त सन्यासीले पक्षपातरहित धर्मयुक्त सन्यासमा सबै प्राणीलाई आत्मातुल्य जान्नुपर्दछ, अर्थात् जसरी आफ्नो आत्मा आफूलाई प्रिय छ, त्यही प्रकारको अन्य प्राणीमा पनि आरूनै आत्माको निश्चय हुने गर्दछ । त्यस्तो सन्यास आश्रममा आत्मालाई एक भावले देख्ने सन्यासीलाई कस्तो मोह र कस्तो शोक हुन्छ र ? अर्थात् न उसलाई कसैको मोह न शोक हुन जान्छ यसकारण कुनै पनि सन्यासीले मोह, शोक, दोष रहित

सदा सबैका उपकार गरिरहनु पर्दछ ।

यस प्रकार परमात्माको स्तुती, प्रार्थना र धर्ममा दृढनिष्ठा गरी जो सम्पूर्ण पृथ्वीव्यादि भूतमा व्याप्त सम्पूर्ण लोकमा पूर्ण, सबै दिशा तथा उपदिशामा व्यापक भई स्थित, सत्यकारणको योगद्वारा सबै महत्तत्वादी सृष्टि धारण गरी पालन गरिरहने त्यो परमात्मालाई सन्यासीले स्वात्माबाट समिप स्थित भई त्यसमा प्रतिदिन समाधि योगमा प्रवेश गरिरहनु ।

हे सन्यासी मनुष्य ! जुन सर्वोत्तम आकाशवत् व्यापक नाशरहित परमात्मा ऋग्वेद आदि वेद र सबै पृथ्वी आदि लोक र समस्त विद्वान परमात्मामा स्थित हुने गर्दछन्, तर त्यस व्यापक परमात्मालाई कसैले जान्दैन भने वेदादि शास्त्र पढेर के सुख प्राप्त गर्न सक्छ ? अर्थात् बिना विद्या परमेश्वरको ज्ञान कहिल्यै हुँदैन र विद्या पढेर पनि परमेश्वरलाई जो जान्दैन र परमेश्वरको मार्गमा हिँड्दैन त्यो मनुष्य शरीर धारण गरेर निष्फल नै जाने गर्दछ । तर विद्वान मनुष्यहरू ती ब्रह्मालाई जान्दछन् र परमात्मा समाधियोगद्वारा स्थिर हुने गर्दछ ।

समाधि योगमार्फत निर्मल- चित्त सम्बन्धद्वारा परमात्मा- निश्चल प्रवेश गराइएको जीवलाई जुन प्रकारको सुख प्राप्त हुन्छ, त्यो वाणिद्वारा उल्लेख गर्न सम्भव छैन किनभने उसले समाधिमा स्वयंस्थित जीवात्मा ती ब्रह्मालाई शुद्ध अन्तः करणद्वारा ग्रहण गर्दछ, त्यसको वर्णन गर्न पूर्णरितबाट सकिंदैन । त्यसैले सन्यासी मनुष्यहरू परमात्मामा स्थित रहनु र उनको आज्ञा अर्थात् पक्षपात रहित न्याय, धर्ममा स्थित भएर सत्योपदेश, सत्यविद्याको प्रचारबाट सम्पूर्ण मनुष्यलाई सुख पुऱ्याइरहुन् ।

सम्मानाद् ब्राह्मणो नित्यमुद्विजेत विषादिव ।
अमृतस्येव चाकाङ्क्षेदवमानस्य सर्वदा ॥१॥
यमान् सेवेत सततं न नियमान् केवलान् बुध : ।
यमान् पतत्यकुर्वाणो नियमान् केवलान् भजन् ॥२॥

सन्यासीले आफ्नो सम्मानमा विषतुल्य डराइरहनु र अमृत समान अपमानको चाहना गरिरहनु किनभने जो अपमानमा डराउँछ र मान सम्मानको इच्छा गर्दछ, त्यो केवल प्रशंसक भएर मिथ्यावादी र पतित हुन जान्छ । त्यसैले न त निन्दा न त प्रशंसा, मान, अपमान, जीवन, मृत्यु, लाभ, रिस, प्रितिबन्ध, अन्नपान, वस्त्र, स्थान, शित, उष्ण यी सम्पूर्णकुरालाई सहन गरी अधर्मको खण्डन र धर्मको मण्डन गरिरहनु । यस भन्दा उत्तम धर्म कसैलाई मानिदैन । परमेश्वर देखि भिन्न कसैको उपासना नगर्नु, वेदको विरूद्ध केही नगर्नु, परमेश्वरको स्थानमा सुक्ष्म वा स्थूल, जड वा जीवलाई पनि नमान्नु, सदा परमेश्वरलाई आफ्नो स्वामी मान्नु र आफू सेवक बनीरहनु । यस्तै उपदेश अरूलाई पनि दिइरहनु । जुन-जुन कर्मबाट गृहस्थको उन्नति हुन्छ, मातापिता, पुत्र, स्त्री, पति, बन्धु, बैनी, मित्र, छिमेकी, ठुला-साना सबैमा प्रेम बढाउनुका साथै तिनहिरूलाई उपदेश गर्नु ।

जो वेदको विरूद्ध मतमतान्तरको ग्रन्थ बाइबल, कुरान आदि मित्याभिलाप पढ्ने, सुन्ने गर्दछ त्यसले मनुष्यलाई पतित गराउँदछ । त्यसैले तिनीहरूलाई निषेध गर्नु, किनभने वेदको भाँती अरू ग्रन्थ छैनन्, वेद भन्दा पुरानो अरू होइनन् । विद्वान तथा परमेश्वरबाट भिन्न कुनै पनि प्रकारको देवता र विद्या, योगाभ्यास, सत्सङ्ग र सत्याभाषण आदिबाट भिन्न, तीर्थ र विद्वानको मूर्तिभन्दा भिन्न पाषाणादि मूर्तिलाई नमान्नु र मान्न नदिनु । त्यसरी नै गृहस्थ माता, पिता, आचार्य, अतिथि, स्त्रीको लागि विवाहित पुरूष र पुरूषको लागि विवाहति स्त्रीको मूर्ति भन्दा भिन्न कसैको मूर्तिलाई पुजा नगर्नु वैदिक मतको उन्नति र वेदविरूद्धको मतलाई खण्डन गर्ने सदा तत्पर रहनु ।

वेदादि शास्त्रहरूमा श्रद्धा र तद्विरूद्ध ग्रन्थ वा मतमा अश्रद्धा गर्नु, तपाईं शुभ गुण, कर्म, स्वभावयुक्त भएर सबैलाई यसै

प्रकारले गर्ने प्रयत्न गर्नु र जो पूर्वोक्त उपदेश लेखिएको छ त्यही आफ्नो आश्रमको कर्तव्य कार्य ठान्नु । खण्डनीय कर्मको खण्डन गर्न नछाड्नु । परमेश्वरको गुण, कर्म, स्वभाव र न्याय आदि गुणलाई प्रचार गर्नु, यस प्रकार कर्म गर्दै स्वयम् आनन्दमा रही सबैलाई आनन्दमा राख्न कोशिस गर्नु ।

सर्वदा निर्वैरिता, सत्य बोल्ने, सत्यलाई मात्र मान्ने, सत्य गर्ने र मन, वचन र कर्मबाट सत्य गर्ने, अन्याय सहितको पदार्थ, वस्तु ग्रहण नगर्ने र अरूलाई पनि गर्न नदिने । सदा ब्रह्माचार्य, सदा जितेन्द्रिय भएर अष्टविध मैथुनलाई त्याग गरी विर्य रक्षा र उन्नती गरी चिरञ्जीवि भएर सबैको उपकार गरिरहनु । अभिमानादि दोषरहित, संसारको कुनै पनि धनादि पदार्थमा मोहित भएर कहिल्यै नफस्नु । पाँच यमोको सेवन सदा गर्ने र पाँच नियम अर्थात् शौच-बाहिर भित्रबाट पवित्र रहन, सन्तोष-पुरूषार्थ गर्दै जानु, हानी लाभमा प्रशन्न, अप्रशन्न नहुनु, तप सदा पक्षपात रहित न्याय रूप धर्मको प्राणामादि योग अभ्यास गर्नु, स्वध्याय- सदा प्रणवको जप र मनमा चिन्तन र ईश्वरको विचार गरिरहनु । ईश्वर - प्रणिधन अर्थात् आफ्नो आत्मालाई वेदोक्त परमेश्वरको आज्ञामा समर्पित गरी परमानन्द परमेश्वरको सुखलाई जितेर भोग गरी शरीर छोडेर सर्वानन्दयुक्त मोक्षलाई प्राप्त गर्नु सन्यासीको मुख्य कर्म हो ।

**वानप्रस्थ -संस्कार**

वानप्रस्थ संस्कार त्यसलाई भनिन्छ जो विवाहद्वारा सन्तान उत्पत्ति गरी पूर्ण ब्रह्माचार्यद्वारा पुत्रको पनि विवाह गरी, पुत्रको पनि एक सन्तान होस् अर्थात् पुत्रको पनि पुत्र भएपछि पुरूष वानप्रस्थाश्रम वा वनमा गएर निम्नलिखित काम गर्नु -

> ब्रह्माचार्यश्रमं समाप्य गृही भवेद् गृही भूत्वा भवेद् वनी
> भूत्वा प्रव्रजेत् ॥१॥ -शतपथ ब्राह्मण ॥

व्रतेन दीक्षामाप्नोति दीक्षयाप्नोति दक्षिणाम् ।
दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ॥२॥

*-यजु. अ. १९ / मं. ३० //*

## अर्थ

ब्रह्माचार्य समाप्ती गरी गृहस्थ हुनु मनुष्यलाई अत्याधिक उचित हुन जान्छ । गृहस्थबाट वानप्रस्थ र वानप्रस्थबाट सन्यास ग्रहण गर्नु ॥१॥

जब मनुष्य ब्रह्माचार्यदि र सत्यभाषणादि, व्रत, अर्थात् नियम धारण गर्दछ भने उसलाई उत्तम प्रतिष्ठारूप दिक्षा प्राप्त हुन्छ । ब्रह्माचार्यादि आश्रमको नियम पालनबाट सत्कारपूर्वक धनादि प्राप्त हुन जान्छ । सत्कारबाट सत्यधारणमा प्रिती प्राप्त हुन जान्छ र सत्य धार्मिक जनमा प्रितिबाट सत्य विज्ञान वा सत्य पदार्थ मनुष्यले प्राप्त गर्दछ । त्यसैले श्रद्धापूर्वक ब्रह्माचार्य, गृहस्थ, वानप्रस्थ र सन्यास आश्रम ग्रहण गर्नुपर्दछ ॥२॥

अभ्यादधामि समिधमग्ने व्रतपते त्वयि ।
व्रतञ्च श्रद्धां चोपैमीन्धे त्वा दीक्षितोव्अहम ॥३॥

*-यजु.अ. २० / मं. २४ //*

आ नयैतामा रभस्व सुकृतां लोकमपि गच्छतु प्रजानन् ।
तीर्त्वा तमांसि बहुधा महान्त्यजो नाममा क्रमतां तृतीयम् ॥४॥

*-अथर्व का. ९ / सू. ५ / मं. १//*

## अर्थ

हे नियमपालकेश्वर ! म दिक्षा प्राप्त गरी तिमीमा स्थिर भई ब्रह्माचारी आश्रम धारण गर्दछु, सत्य धारण र त्यसको उपायलाई प्राप्त गर्दछु, अग्निजस्तो समिधालाई धारण गर्दछु, यसैगरी विधा र व्रतलाई धारण गरी प्रज्वलित गर्दछु र तिमीलाई आफ्नो आत्मामा

धारण गरी सदा प्रकाशित गर्दछु ॥३॥

हे गृहस्थ ! प्रजननद्वारा जानिसकेपछि वानप्रस्थ आश्रमको आरम्भ गर । आफ्नो मनलाई गृहाश्रमबाट यता लेऊ । पुण्यात्माहरूलाई हेर्न योग्य वानप्रस्थाश्रम प्राप्त गर । वहुत प्रकारका ठुल-ठुला अज्ञात, दुःख आदि संसारको मोह त्यागी अर्थात् पृथक भएर आफ्नो आत्मालाई अजर-अमर मानी तेस्रो दुःख रहित वानप्रस्थाश्रम रितिपूर्वक स्वीकार गर ॥४॥

भद्रमिच्छन्त ऋषयस्स्वर्दिदस्तपो दीक्षामुपनिषेदुरगे ।
ततो राष्ट्रं बलमोजश्च जातं तदस्मै देवा उपसंनमन्तु ॥५॥

*-अथर्व . का. १९ / सू. ४१ मं. १॥*

मा नो मेधा मा नो दीक्षां मा नो हिंसिष्ट यत्तप : ।
शिवा नः सन्त्वायुषे शिवा भवन्तु मातरः ॥६॥

*-अथर्व. का. १९ / सू. ४० / मं. ३॥*

अर्थ

हे विद्वान मनुष्य ! जसरी सुख प्राप्त गर्न खोज्ने विद्वान मनुष्य प्रथम ब्रह्माचार्य आश्रमको दिक्षा उपदेश लिएर प्राणायाम र विद्याध्ययन जितेन्द्रियत्वादी शुभलक्षणलाई प्राप्त गरी अनुष्ठान गर्दछ, त्यस्तै यस कल्याणकारक वानप्रस्थ आश्रमलाई इच्छा सहित अपनाउ । जसरी राजकुमार ब्रह्माचार्य आश्रमलाई अवलम्बन गर्दछ र तद्अनुरूप पराक्रम र बल प्राप्त गरी राज्यको रक्षा गर्नुका साथै न्यायकारी धार्मिक विद्वान राजालाई विद्वान् मनुष्य नमन गर्दछन् । त्यसैगरी वानप्रस्थ आश्रम पूर्ण गरेकाहरू समिप सबै नम्र हुने गर्दछन् ॥५॥

सम्बन्धितजनहरूले वानप्रस्थ आश्रमको प्रज्ञालाई नष्ट गर्नु हुँदैन । हाम्रो दिक्षा र प्राणामादि उत्तम तप हो, यसलाई नाश नगर्नु । हाम्रो दिक्षा र जीवन जनको लागि कल्याणकारी हुने गर्दछ । जसरी

हाम्रो मातापिता हाम्रो लागि कल्याणकारी हुने गर्दछन् । त्यसैले सबै मनुष्य प्रसन्न भएर मलाई वानप्रस्थाश्रमको अनुमती दिनुस् ॥६॥

तपः श्रद्धे ये ह्युपवसन्त्यरण्ये शान्त्या विद्वांसो भैक्ष्यचर्याञ्चरन्त :।

सूर्यद्वारेण ते विरजा : प्रयान्ति यत्रामृतः स पुरूषो ह्वाव्ययात्मा ॥७॥

*-मुण्डकोपनि. मु. १ / ख. २ / मं. ११ ॥*

अर्थ

हे मनुष्य ! विद्वान मानिस जंगलमा शान्तिका साथ योग अभ्यास र प्रमात्मासँग प्रिति गरी वनवासिहरूको समीप पुग्दछन् र भिक्षाचरण गर्दै जंगलमा निवास गर्दछन् भने त्यो मनुष्य नै निर्दोष, निष्पाप, निर्मल भई प्राणद्वारा जन्म-मरणबाट पृथक भई नाशरहित पूर्ण परमात्मामा विराजमान हुने गर्दछन् । त्यसैले वानप्रस्थ हुनु अति उत्तम हो ॥७॥

एवं गृहाश्रमे स्थित्वा विधिवत् स्नातको द्विजः ।
वने वसेत्तु नियतो यथावद् विजितेन्द्रियः ॥१॥
गृहस्थस्तु यदा पश्येद् वलीपलितमात्मनः ।
अपत्यस्यैव चापत्यं तदारण्यं समाश्रयेत् ॥२॥
सन्त्यज्य ग्राम्यमाहारं सर्वञ्चैव परिच्छदम् ।
पुत्रेषु भार्या निक्षिप्य वनं गच्छेत् सहैव वा ॥३॥

अर्थ

पुर्वोक्त प्रकार विधिपूर्वक ब्रह्माचार्यबाट पूर्ण विद्या लिई समावर्तनको समय स्नानविधि गर्ने कुनै पनि ब्राह्मण, क्षेत्रीय, वैश्य जितेन्द्रिय जितात्मा भई यथक्य गृहाश्रमबाट वनमा जानुपर्दछ ॥१॥

गृहस्थहरूले जब आफ्नो देहको छाला चाउरिन थाल्दछ, केश सेतो भएको देखिन थाल्छ र पुत्रको पनि पुत्र भइसकेको छ, यो

अवस्थामा वानप्रस्थ आश्रम लिनु ॥२॥

जब वानप्रस्थ आश्रमको दिक्षा लिइ सकिन्छ, तब गाउँमा उत्पन्न पदार्थलाई आफ्नो आहारा बनाई घरको पदार्थ, मोह त्यागी पुत्रलाई आफ्नो पत्नी छोडी वा सँगै लिएर वानप्रस्थी हुनु ॥३॥

अग्निहोत्रं समादाय गृह्मं चाग्निपरिच्छदम् ।
ग्रामादरण्यं निःसृत्य निवसेन्नितयतेन्द्रियः ॥४॥

जब गृहस्थ वानप्रस्थ हुने इच्छा राख्दछ भने अग्निहोत्रको सामग्री सहित गाउँबाट निक्लिएर जङ्गलमा जितेन्द्रिय भई निवास गर्नु ॥४॥

स्वाध्याये नित्ययुक्त : स्याद् दान्तो मैत्रः समाहितः ।
दता नित्यमनादाता सर्वभूतानुकम्पकः ॥५॥
तापसेष्वेव विप्रेषु यात्रिकं भैक्ष्यमाहरेत् ।
गृहमेधिषु चान्येषु द्विजेषु वनवासिषु ॥६॥
एताश्चान्याश्च सेवेत दीक्षा विप्रो वने वसन् ।
विविधाश्चौपनिषदीरात्मसंसिद्धये श्रुतीः ॥७॥

*-मनु. अ. ६ ॥*

अर्थ-

जंगलमा वेदादिशास्त्र पढ्ने-पढाउनमा नित्ययुक्त मनलाई जिती यदि स्वस्त्री पनि सँगै हुन्छिन् भने सेवा शिवाय अन्य क्रियाकलाप नगर्नु । सबैभन्दा बढी मित्रवत, सावधान, नित्यकर्म र कसैबाट केही पनि नलिनु सबै प्राणीहरूलाई कृपाद्धारा राख्नु ॥५॥

जंगलमा पढाउने र योग अभ्यास गराउने तपस्वी धर्मात्मा विद्वान मानिसहरू रहन्छन्, उनीहरूले गृहस्थ वा वानप्रस्थ वनवासीहरूको घरबाट भिक्षा ग्रहण गर्नु ॥६॥

यसप्रकार वनमा बसेर विभिन्न दिक्षा ग्रहण गर्नुका साथै आत्मा तथा परमात्माको ज्ञानको लागि विभिन्न प्रकारको उपनिषद्

वा ज्ञान उपासना-विधायक श्रुतिहरूको अर्थको विचार गर्नु । यसै प्रकारले जहिलेसम्म सन्यास ग्रहण गर्ने इच्छा हुँदैन तबसम्म वानप्रस्थ नै भइरहनु ॥७॥

**विधि**

वानप्रस्थाश्रम ग्रहण गर्ने समय ५० वर्ष उप्रान्त हो । जब पुत्रको पनि पुत्र हुन्छ, तब आफ्नो स्त्री, पुत्र, भाइ बन्धु आदिलाई गृहाश्रमको शिक्षा दिलाई वानप्रस्थ तर्फ यात्रा तयारी गर्नु । यदि स्त्री पनि जाने हो भने साथै लैजानु, नजाने हो भने जेष्ठ पुत्रलाई छोड्नु । आफ्नो पत्निलाई शिक्षा दिनु की आफ्नो पुत्रलाई सदा धर्म मार्गमा रहिरहनु र अधर्मलाई हटाउनु भनी निरन्तर शिक्षा भइरहोस् ।

वानप्रस्थि हुनेले प्रमाणे यज्ञशाला वेदी आदि बनाई धृत आदि सबै सामग्री जोडी (ओंम भूभुर्वः स्वधौं.) यस मन्त्रबाट अग्न्याधान र (अयन्त इहम.) इत्यादि मन्त्रहरूद्वारा समिदाधान गरी (ओम अदितेक्नुमन्यस्व) इत्यादी ४ मन्त्रहरूद्वारा कुण्डको चारै तर्फ जलप्रोक्षण गरी प्रमाणे आधारावाज्याभागाहुति ४ पटक, व्याहृति ४ पटक प्रमाणे स्वस्तीबाचन, शान्तिकरण गरी स्थालिपाक बनाएर त्यसमा धृत सेचन गरी निम्नलिखित मन्त्रहरूबाट आहुती दिने-

ओम् काय स्वाहा । कस्मै । कतमस्मै स्वाहा । स्वाहाक्वधि
माधीताय स्वाहा । मन : प्रजापतये स्वाहा । चित्तं विज्ञाताय
आदित्यै
स्वाहा । अदित्यै मम्है स्वाहा । अदित्यै सुमृडीकायै स्वाहा ।
सरस्वत्यै स्वाहा । सरस्वत्यै पावकायै स्वाहा
पूष्णे प्रपथ्याय स्वाहा । पुष्णे नरन्धिषाय स्वाहा । त्वष्टे स्वाहा ।
त्वष्ट्रे
तुरीपाय स्वाहा । त्वष्ट्रे पुरूरूपाय स्वाहा ॥

*-यजु. अ. २२ । मं. २०॥*

भुवनस्यपतये स्वाहा । अधिपतये स्वाहा । प्रजापतये स्वाहा ॥

*-यजु. अ. २२ । मं. ३२ ॥*

ओम् आयुर्यज्ञेन कल्पता स्वाहा । प्राणे यज्ञेन कल्पता स्वाहा । अपानो यज्ञेन कल्पता स्वाहा ॥ व्यानो यज्ञेन कल्पता स्वाहा । उदानो यज्ञेन कल्पता स्वाहा । समानो अज्ञेन कल्पता स्वाहा । चक्षुर्यज्ञेन कल्पता स्वाहा । श्रोत्रं यज्ञेन कल्पता स्वाहा । वाग्यज्ञेन कल्पता स्वाहा । मनो यज्ञेन कल्पता स्वाहा । आत्मा यज्ञेन कल्पता स्वाहा । ब्रह्मा यज्ञेन प्रजापते स्वाहा ॥ ज्योतिर्यज्ञेन कल्पता स्वाहा । स्वर्यज्ञेन कल्पता स्वाहा पृष्ठं यज्ञेन कल्पता स्वाहा । यज्ञो यज्ञेन कल्पता स्वाहा ॥

*-यजु. अ. २२ । मं. ३३॥*

एकस्मै स्वाहा । द्वाभ्यां स्वाहा । शताय स्वाहा ।
एकशताय स्वाहा व्युष्टयै स्वाहा स्वर्गाय स्वाहा ॥

*-यजु. अ. २२ । मं. ३४ ॥*

यि मन्त्रहरूबाट एक-एक गरी स्थालीपाक आज्याहुती दिई, प्रणामे व्याहुती ४ पटक दिई, प्रणामे सामगान गरी, सबै इष्टमित्रसँग मिलि, पुत्रलाई घरको सम्पूर्ण जिम्मा लगाई, अग्निहोत्रको सामग्री सहित जंगलमा गएर एकान्तमा निवास गरी, योगभ्यास, शास्त्रको विचार, माहात्माहरूसँगको सम्बन्ध गरी स्वात्मा र परमात्मालाई साक्षत् गर्न प्रयत्न गर्नुपर्दछ ।

### गृहस्थाश्रम

गृहस्थ आश्रम ३५ देखि ५० वर्षको आयुलाई निर्धारित छ । जसमा धर्म, अर्थ र कामको शिक्षा पछि विवाह गरी पति-पत्नि

धार्मिक जीवन व्यतितगर्दै काम र सुख प्राप्त गर्ने गर्दछन् । उक्त उमेरमा व्यवसाय वा अन्य कार्य गर्दै धर्मलाई कायम राख्दछन् । धर्मलाई कायम राख्नाले नै गृहस्थ जीवन सुखी बन्दछ । गृहस्थलाई विवाह गरिसकेपछि वेदमा उल्लेख भए अनुसार - सन्ध्योपासन, व्रत, तिर्थ, उत्सव, दान, यज्ञ, श्राद्ध, कर्म, पुत्री तथा पुत्रको संस्कार धर्म र समाजको नियम तथा रक्षा गर्नुपर्दछ भनिएको छ । सबै वैदिक कर्तव्य र नैतिकता सम्बन्धी नियमहरूलाई मान्नुपर्दछ । नमान्नको लागि पनि वेदले स्वतन्त्रता गृहस्थलाई दिएको छ । किनभने वेद स्वयम् जान्दछ की स्वतन्त्र त्यही हुन्छ जो मोक्षलाई प्राप्त गर्दछ भनी उल्लेख गरिएको छ ।

पुराणकारहरूका अनुसार गृहस्थ आश्रमको दुई भेद उल्लेख गरिएको छ -

(१) साधक - जो व्यक्ति आफ्नो गृहस्थी एवम् परिवारको भरण पोषणमा मात्र लागिरहन्छ त्यसलाई साधक गृहस्थ भनिन्छ ।

(२) उदासिन गृहस्थ- जो व्यक्ति देवगणको ऋण, पितृगणको ऋण तथा ऋणी गणको ऋणबाट मुक्त भई निर्लिप्त भावबाट आफ्नो पत्नि एवम् सम्पत्तिको उपभोग गर्नेलाई उदासिन गृहस्थ भनिन्छ ।

## अन्त्येष्टि कर्म विधि

'अन्त्येष्टि कर्म त्यसलाई भनिन्छ जो  शरीर को अन्त गर्ने संस्कारको रूमा लिइन्छ  ।' जसको अगाडि त्यो शरीर को लागि कुनै पनि अन्य संस्कार हुँदैन । यसैले यसलाई नै नरमेध, पुरुषमेध, नरयाग, पुरूषयाग पनि भनिन्छ ।

## वैदिक विधि

संस्थिते भूमिभागं खानयेद् दक्षिणपूर्वस्यां दिशि दक्षिणा परन्यां वा ॥१॥

दक्षिणाप्रवणं प्राग्दक्षिणाप्रवणं वा प्रत्यग्दक्षिणाप्रवण मित्येके ॥२॥

यावानुद्‌बाहुकः पुरूषस्तावदायामम् ॥३॥

व्याममात्रं तिर्यक ॥४॥

वितस्त्यर्वाक् ॥५॥

केशश्मश्रुलोमनदानीत्युक्तं पुरस्तात् ॥६॥

द्विगुल्फं बर्हिराज्यं च ॥७॥

दधन्यत्र सर्पिरानन्त्येतत् पित्र्यं पृषदाज्यम् ॥८॥

अथैतां दिशमग्नीन् नयन्ति यज्ञपात्राणि च ॥९॥

अर्थ-

जब कोही सन्यासीले प्राण त्याग गर्दछ, पुरूष छ भने पुरूष र स्त्री छ भने स्त्रीकै स्नान गराउने, चन्दनादि शवमा लेपन गरी नविन वस्त्र धारण गराउने । जति उसको शरीर को भार छ त्यति नै घृत र केही पनि छैन भने जति उपलब्ध हुन्छ त्यति नै शरीर बराबर तौलेर चन्दन, घ्यू, कस्तुरी, केशर, अगर, कपुर, पलाश जम्मा गरी शरीर को तौल जति तयार गरी शवलाई दाहसंस्कार गर्ने घाटमा पुऱ्याउनु । यदि प्राचिन वेदि छैन भने भूमि खनी नयाँ वेदि तयार गर्नु । दाहसंस्कार स्थल आफू बसेको ठाउँ, बस्तीबाट दक्षिण, आग्नेय अथवा नैऋत्य कोषमा हुनुपर्दछ । मृतकको पाउ दक्षिण, नैऋत्य अथवा आग्नेय कोण बनाई राख्नु, शिर उत्तर ईशान वा वायव्य कोण मिलाइ राख्नु पर्दछ ॥१॥

मृतको पाउ वेदिमा केही होचो र शिर केही अग्लो बनाउनु ॥२॥

वेदिको परिधि पुरूष खडा भएर हात माथि उठाउँदा जति उचाइ र उत्तर दक्षिण हात तेर्सो फैलाउँदा जति चौडाई हुन्छ एवम् छाती बराबर गहिराई हुनुपर्दछ ॥३॥

जमिन मुनी एक हात गहिराई चारैतिर खनी तयार गर्नुपर्दछ ॥४॥

वेदिमा केही जल छर्किएर गोमय छ भने लेपन गर्ने, निश्चित नापको सुकेको काठ तयार गरी हार लगाई त्यसमा कपुर लगाउने, बीच भागमा मृतको शव राखी त्यस माथि चन्दन आदि मिलाई वेदिमा छर्किने र घ्युको दिप बनाई वेदिमा अग्नि दिनुपर्ने पात्र तयार गरी शिरदेखि शुरू गरेर पाउसम्म मध्य-मध्य भागमा अग्नि प्रवेश गर्ने र त्यसबेला

**ओं मग्नये स्वाहा ॥१॥**
**ओं सोमाय स्वाहा ॥२॥**
**ओं लोकाय स्वाहा ॥३॥**
**ओं मनुमते स्वाहा ॥४॥**
**ओं स्वगार्य लोकाय स्वाहा ॥५॥**

यि पाँच मन्त्रहरूद्वार आहुती दिई अग्निलाई प्रदिप्त हुन दिने, त्यसपछि चार-चार जना विद्वान मनुष्य पृथक-पृथक खडा भई तपसिलको वेद मन्त्रद्वारा आहुती दिदै जाने र जहाँ स्वाहा आउँछ त्यहाँ आहुती छोड्दै जाने-

सुर्य चक्षुर्गच्छुतु वातमात्मा द्यां च गच्छ पृथिवीं च धर्मणा।
अपो वा गच्छ यदि तत्र ते हितमोषधीषु प्रति तिष्ठा शरीरैः स्वाहा ॥१॥

अजो भागस्तपसा तं तपस्य तं ते शोचिस्तपतु तं ते अर्चि ः।
यास्ते शिवास्तन्वो जातवेदस्ताभिर्वहैन सुकृतामु लोकं स्वाहा ॥२॥
अवसृज पुनरग्ने पितृभ्यो यस्त आहुतश्चरति स्वधाभिः ।

आयुर्वसान उपवेतु शेषः सं गच्छतां तन्वा जातवेदः स्वाहा ॥३॥
अग्नेर्वर्म परि गोभिन्वर्ययस्व संप्रोर्णुष्व पीवसा मेदसा च ।
नेत्वा धृष्णुर्हरसा जर्हृषाणो दधृग्विधक्ष्यन् पर्य्ख्याते स्वाहा ॥४॥
यं त्वमग्ने समदहस्तमु निर्वापया पुनः ।
कियाम्ब्यत्र रोहतु पाकदूर्वा व्यल्कशा स्वाहा ॥५॥

*-ऋ म. १० / सू. १६ / मं. ३-५, ७, १३ ॥*

परेयिवांर्स प्रवतो महीरनु बहुभ्य : पन्थामनुपस्पशानम् ।
वैवस्वतं सङ्गमनं जनानां यमं राजान हुविषा दुवस्य स्वाहा ॥६॥
यमो नो गातु प्रथमो विवेद नैषा गव्यूतिरपभर्तवा य ।
यत्रा नः पुर्वे पितर : परेयुरेना जज्ञानाः पथ्या३ अनु स्वाः स्वाहा ॥७॥
मातली कव्यैर्यमो अङ्गिरोभिर्बृहस्पतिर्ऋक्वभिर्वावृधान : ।
याँश्च देवा वावृधर्ते च देवान्त्स्वाहान्ये स्वधयान्ये मदन्ति स्वाहा ॥८॥
इमं यम प्रस्तरमा हि सीदाङ्गिरोभि : पितृभि : संविदानः ।
आ त्वा मन्त्राः कविशस्ता वहन्त्वेना राजन्हविषा मादयस्व स्वाहा ॥९॥
अङ्गिरोभरा गहि यज्ञियेभिर्यम वैरूपैरिह मादयस्व ।
विस्वन्तं हुवे यः पिता तेकस्मिन्यज्ञे बर्हिष्या निषद्य स्वाहा ॥१०॥
प्रेहि प्रेहि पथिभिः पूर्व्येभिर्यत्रा नः पुर्वे पितरः परेयुः ।
उभा राजना स्वधया मदन्ता यमं पश्यासि वरूणं च देव स्वाहा ॥११॥
सं गच्छस्व पितृभिः सं यमेनेष्टापूर्तेन परमे व्योमन् ।
हित्वायावद्यं पुनरस्तमेहि सं गच्छस्व तन्वा सुवर्चाः स्वाहा ॥१२॥
अपेत वीत वि च सर्पतातास्मा एतं पितरो लोकमक्रन् ।
अहोभिरद्भिरक्तुभिर्व्यक्तं यमो ददात्यवसानमस्मै स्वाहा ॥१३॥
यमाय सोम सुनुत यमाय जुहुता हविः ।

यमं ह यज्ञो गच्छत्यग्निदूतो अरकृतः स्वाहा ॥१४॥
यमाय घृतवद्धविर्जुहोत प्र च तिष्ठत ।
सं नो देवेष्वा यमद् दीर्घमायुः प्र जीवसे स्वाहा ॥१५॥
यमाय मधुमत्तमं राज्ञे हव्यं जुहोतन ।
इदं नम ऋषिभ्यः पूर्वजेभ्यः पूर्वेभ्यः पथिकृद्भ्यः स्वाहा ॥१६॥

*-ऋ म. १० । सू. १४। मं. १-५, ७-९, १३-१५ ॥*

कृष्णः श्वेतोऽरूषे यामो अस्य ब्रध्न ऋज्र उत शोणो यशस्वान् ।
हिरण्यरूपं जनिता जजान स्वाहा ॥१७॥

*-ऋ म. १० । सू. २० । म. ९ ॥*

चारै जनाले ऋग्वेदको यी मन्त्रहरूद्वारा सत्र पटक आज्याहुती दिएर निम्नलिखित मन्त्रहरूद्वारा त्यही प्रकारले आहुती दिने -

प्राणेभ्यः साधिपतिकेभ्यः स्वाहा ॥१॥

| | |
|---|---|
| पृथिव्यै स्वाहा ॥२॥ | अग्नये स्वाहा ॥३॥ |
| अन्तरिक्षाय स्वाहा ॥४॥ | वायवे स्वाहा ॥५॥ |
| दिवे स्वाहा ॥६॥ | सूर्याय स्वाहा ॥७॥ |
| दिग्भ्य : स्वाहा ॥८॥ | चन्द्राय स्वाहा ॥९॥ |
| नक्षत्रेभ्यः स्वाहा ॥१०॥ | अद्भ्य : स्वाहा ॥११॥ |
| वरूणाय स्वाहा ॥१२॥ | नाभ्यै स्वाहा ॥१३॥ |
| पूताय स्वाहा ॥१४॥ | वाचे स्वाहा ॥१५॥ |
| प्राणाय स्वाहा ॥१६॥ | प्राणाय स्वाहा ॥१७॥ |
| चक्षुषे स्वाहा ॥१८॥ | चक्षुषे स्वाहा ॥१९॥ |
| श्रोत्राय स्वाहा ॥२०॥ | श्रोत्राय स्वाहा ॥२१॥ |
| लोमभ्यः स्वाहा ॥२२॥ | लोमभ्यः स्वाहा ॥२३॥ |
| त्वचे स्वाहा ॥२४॥ | त्वचे स्वाहा ॥२५॥ |
| लोहिताय स्वाहा ॥२६॥ | लोहिताय स्वाहा॥२७॥ |

मेदोभ्यः स्वाहा ॥२८॥ मेदोभ्यः स्वाहा ॥२९॥
मा सेभ्यः स्वाहा ॥३०॥ मा सेभ्यः स्वाहा ॥३१॥
स्नावभ्यः स्वाहा ॥३२॥ स्नावभ्यः स्वाहा ॥३३॥
अस्थभ्यः स्वाहा ॥३४॥ अस्थभ्यः स्वाहा ॥३५॥
मज्जभ्यः स्वाहा ॥३६॥ मज्जभ्यः स्वाहा ॥३७॥
रेतसे स्वाहा ॥३८॥ पायवे स्वाहा ॥३९॥
आयासाय स्वाहा ॥४०॥ प्रायासाय स्वाहा ॥४१॥
संयासाय स्वाहा ॥४२॥ वियासाय स्वाहा ॥४३॥
उद्यासाय स्वाहा ॥४४॥ शुेच स्वाहा ॥४५॥
शोचते स्वाहा ॥४६॥ शोचमानाय स्वाहा ॥४७॥
शोकायु स्वाहा ॥४८॥ तपसे स्वाहा ॥४९॥
तप्यते स्वाहा ॥५०॥ तप्यमानाय स्वाहा ॥५१॥
तप्ताय स्वाहा ॥५२॥ घर्माय स्वाहा ॥५३॥
निष्कृत्यै स्वाहा ॥५४॥ प्रायश्चित्यै स्वाहा ॥५५॥
भेषराय स्वाहा ॥५६॥ यमाय स्वाहा ॥५७॥
अन्तकाय स्वाहा ॥५८॥ मृत्युवे स्वाहा ॥५९॥
ब्रम्हणे स्वाहा ॥६०॥ ब्रह्माहत्यायै स्वाहा ॥६१॥
विश्वेभ्यो देवेभ्यः स्वाहा ॥६२॥
द्यावापृथिवीभ्या स्वाहा ॥६३॥

*-यजुः . अ. ३९ ॥*

यि त्रिसठ्ठि मन्त्रहरूबाट त्रिसठ्ठि पटक पृथक-पृथक आहुती दिएपछि निम्नलिखित मन्त्रहरूद्वारा आहुती दिनुपर्दछ -

सूर्य चक्षुषा गच्छ वातमात्मना दिवे च गच्छ पृथिवीं च धर्मभिः ।

अपो वा गच्छ यदि तत्र ते हितमोषधीषुप्रति तिष्ठा शरीरैः स्वाहा ॥१॥

सोम ऐकेभ्य पवते घृतमेक उपासते ।
येभ्यो मधु प्रधावति तांश्चिदेवापि गच्छतात् स्वाहा ॥२॥
ये चित्पूर्व ऋतसाता ऋतजाता ऋतावृधः ।
ऋषीस्तपस्वतो यम तपोजाँ अपि गच्छतात् स्वाहा ॥३॥
तपसा ये अनाधृष्यास्तपसा ये स्वर्ययुः ।
तपो ये चक्रिरे महस्तांश्चिदेवापि गच्छतात् स्वाहा ॥४॥
ये यध्युन्ते प्रधनेषु शूरासो ये तनूत्युजः ।
ये वा सहस्त्रदक्षिणास्तांश्चिदेवापि गच्छतात स्वाहा ॥५॥
स्योनास्मै भव पृथिव्यनृक्षरा निवेशनी ।
यच्छास्मै शर्म सप्रथाः स्वाहा ॥६॥
अपेमं जीवा अरूधन् गृहेभ्यस्तं विर्नहत परि ग्रामादितः ।
मृत्युर्यमस्यासीहूत : प्रचेता असून पितृभ्यो गमयां चकार स्वाहा ॥७॥
यमः परोवरो विवस्वांस्ततः परं नाति पश्यामि किं चन ।
यमे अध्वरो धमि मे निविष्टो भुवो विवस्वानन्वाततान स्वाहा ॥८॥
अपागूहन्नमृतां मर्त्येभ्यः कृत्वा सवर्णामदधुर्विवस्वते ।
उताश्विनावभरद्यत्तदासीदजहादु द्वा मिथुना सरण्यूः स्वाहा ॥९॥
इमौ युमज्मि ते बह्वी असुनीताय वोढवे ।
ताम्यां यमस्य सादनं समितीश्चाव गच्छतात् स्वाहा ॥१०॥

*–अर्थव. का. १८. सू. २॥*

यि दश मन्त्रहरूबाट दश आहुती दिएर–
अग्नये रयिमते स्वाहा ॥१॥
पुरूषस्य सयावर्यपेदघानि मृज्महे ।
यथा नो अत्र नापर : पुरा जरस आयति स्वाहा ॥२॥
य एतस्य पथो गोप्तारस्तेभ्यः स्वाहा ॥३॥
य एतस्य पथो रक्षितारस्तेभ्यः स्वाहा ॥४॥

य एतस्य पथोक्भिरक्षितारस्तेभ्यः स्वाहा ॥५॥
ख्यात्रे स्वाहा ॥६॥
अपनाख्यात्रे स्वाहा ॥७॥
अभिलालपते स्वाहा ॥८॥
अपलालपते स्वाहा ॥९॥
अग्नये कर्मकृते स्वाहा ॥१०॥
यमत्र नाधीमस्तस्मै स्वाहा ॥११॥
अग्नये वैश्यानराय सुवर्गाय लोकाय स्वाहा ॥१२॥
आयातु देवः सुमनाभिरूतिभिर्यमो ह वेह प्रयताभिरक्ता ॥
आसीदताँ सुप्रयते ह बर्हिष्यूर्जाय जात्यै मम शत्रुहत्यै स्वाहा ॥१३॥
योक्स्य कौष्यठ जगतः पार्थिवस्यैक इद्वशी ।
यमं भङ्ग्यश्रवो गाय यो राजाक्नपरोध्यः ॥१४॥
यमं गाय भङ्ग्यश्रवो यो राजाक्नपरोध्यः ।
येनाक्पो नद्यो धन्वानि येन द्यौः पृथिवी दृढा स्वाहा ॥१५॥
हिरण्यकक्ष्यान्त्सुधुरान् हिरण्याक्षानमयः शफान् ।
अश्वाननः शतो दानं यमो राजाभितिष्ठति स्वाहा ॥१६॥
यमो दाधार पृथिवीं यमो विश्वमिद्र जगत ।
यमाय सर्वमित्तस्थे यत् प्राणद्वायुरक्षितं स्वाहा ॥१७॥
यथा पञ्च यथा षड् यथा पञ्चदशर्षयः ।
यमं यो विद्यात् स ब्रूयाद्यथैक ऋृषिर्विजानते स्वाहा ॥१८॥
त्रिकद्रुकेभिः पतति षड्डुर्वीरेकमिद् बृहत ।
गायत्री त्रिष्टुप् छन्दाँसि सर्वा ता यम आहितास्वाहा ॥१९॥
अहरहर्नयमानो गामश्वं पुरूषं जगत् ।
वैवस्वतो न तृप्यति पञ्चभिर्मानवैर्यमः स्वाहा ॥२०॥
वैवस्वते विविच्यन्ते यमे राजनि ते जनाः ।
ये चेह सत्येनेच्छन्ते य उ चानृतजादिनः स्वाहा ॥२१॥

ते राजन्निह विविच्यन्तेक्था यन्ति त्वामुप ।
देवांश्च ये नमस्यन्ति ब्राह्मण ंश्चापचित्यति स्वाहा ॥२२॥
यस्मिन् वृक्षे सुपलाशे दैवैः संपिबते यमः ।
अत्रा नो विश्पतिः पिता पुराणा अनुवेनति स्वाहा ॥२३॥
उत्ते तभ्नोमि पृथिवीः त्वत्परीमं लोक निदधन्मो अहँ् रिषम् ।
एता स्थूणां पितरो धारयन्तु तेक्त्रा यमः सादनात् ते मिनोतु स्वाहा ॥२४॥
यथाक्हान्यनुपूर्व भवन्ति यथर्त्तव ऋतुभिर्यन्ति क्लृप्ता : ।
यथा नः पूर्वमपरो जहात्येवा धातरायूषि कल्पयैषा स्वाहा ॥२५॥
न हि ते अग्ने तनुवै क्रुरं चकार मर्त्य ।
कपिर्बभस्ति तेजनं पुनर्जरायुर्गौरिव ।
अप नः शोशुचदघमग्ने शुशुध्या रयिम् ।
अप नः शोशुचदर्घ मृत्यवे स्वाहा ॥२६॥

*तैत्ति प्रपा. ६ / अनु. १/१०॥*

यो छब्बिस आहुती सहित जम्मा १२१ आहुती भयो, अर्थात् ४ जनाले मिलेर ४८४ र दुई जनाले आहुती दिंदा २४२ हुन पुग्छ, यदि घृतविशेष हो भने १२१ मन्त्रबाट आहुती दिदै जानुपर्दछ, जबसम्म शरीर पूर्ण रूपमा भस्म हुँदैन ।

जब शरीर भष्म भइसक्छ पुनः सबै जनाले आफ्नो वस्त्र प्रक्षालन स्नान गरी जसको घरमा मृत्यु भएको हो उसको घरमा मार्जन, लेपन, प्रक्षालनादिद्वारा शुद्ध गरी प्रणामे स्वस्ति वाचन, शान्तिकरण पाठ र ईश्वर उपासना गरी सुगन्ध आदि घृतको आहुती घरमा दिनु की जसको कारण मृतकको वायु घरबाट निक्लेर जावोस् र शुद्ध वायु घरमा प्रवेश हुनुका साथै सबैको चित्त प्रसन्न होस् यदि त्यो दिन रात्री भयो भने दोस्रो दिन प्रातकाल स्वस्तिवाचन र

शान्तिकरणको मन्त्रद्वारा आहुती दिनु ।

तेस्रो दिन मृतकका कोही पनि सम्बन्धित व्यक्ति दाहसंस्कार गरेको चिताबाट भष्म निकाली दाहसंस्कारकै नजिक पृथक ठाउँमा भूमिमा राखिदिनु । **"यसको अलवा मृतक सन्यासीको लागि कुनै पनि अरू कर्म कर्तव्य केही छैन ।"** किनभने पूर्व यजुर्वेदको मन्त्रको प्रमाणबाट स्पष्ट भइसकेको छ की दाह कर्म र अस्थिसञ्चयनबाट मृतकको पृथक दोस्रो कुनै पनि कर्म-कर्तव्य हुँदैन ।

# स्मृति ग्रन्थ र सन्यास

## स्मृति ग्रन्थ

स्मृति शब्द मुख्यतया दुई अर्थमा प्रचलित छ । प्रथम अर्थ हो - वेदवाङ्मयभन्दा इतर ग्रन्थ, जस्तै -पाणिनिको व्याकरण, श्रौतसूत्र, गृह्सूत्र, धर्मसूत्र हो भने दोस्रो अर्थ- स्मृति भनेको साक्षात् धर्मशास्त्र हो । गौतम र वसिष्ठलाई धर्मको उपादान मानेका छन् । वीरमित्रोदयको भनाइ अनुसार - मनु, वृहस्पति, दक्ष, गौतम, यम, अङ्गिरा, योगीश्वर, प्रचेता, शातातप, पराशर, संवर्त, उशना, शङ्ख, लिखित, अत्रि, विष्णु, आपस्तम्ब र हारीत, गरी अठार मुख्य स्मृतिकार मानिएका छन् । यसैगरी नारद, पुलह, गगार्ग्य, पुलस्त्य, शौनक, क्रतु, बौधायन, जातूकर्ण्य, विश्वामित्र, पितामह, जाबालि, नाचिकेत, स्कन्द, लौगाक्षि, कश्यप, व्यास, सनत्कुमार, शन्तनु, जनक, व्याघ्र, कात्यायन, कपिञ्जल, कणाद, पैठीनसि, गोभिल इत्यादिलाई उपस्मृतिकारका रूपमा संस्मरण गरिएको छ । अन्य स्मृतिकारहरूमा - वसिष्ठ, विष्णु, कार्याजिनि, सत्यव्रत, गार्ग्य, देवल, जमदग्नि, भारद्वाज, आत्रेय, गवेय, मरीचि, वत्स, पारस्कर, ऋष्यश्रृङ्ग, वैजवाप आदि रहेका छन् ।

उक्त, स्मृतिहरू हजारौं युगका कृति हुन् । कुनै स्मृति पद्यमा रचित छन् भने केही गद्य-पद्यमा रचिएका छन् । कतिपय स्मृति गद्यमा मात्र रचिएका पनि पाइन्छन् । केही अतिप्राचीन, केही

प्राचीन र केही अर्वाचीन समयका स्मृतिहरू छन् । अति प्राचीनमध्ये गौतम, आपस्तम्ब र बौधायनका स्मृतिहरू आउँछन् । धेरै स्मृतिग्रन्थ ४०० ईस्वी देखि १००० ईस्वीसम्म लेखिएका हुन् । कतिपय बृहद् र वृद्धपद जोडिएका स्मृति पनि पाइन्छन् । जस्तै- वृद्धयाज्ञवल्क्यस्मृति, वृद्धमनुस्मृति, बृहप्तराशरस्मृति, कात्यायनस्मृति, अङ्गिरः स्मृति, ऋष्यश्रृङ्गस्मृति, कार्ष्णाजिनिस्मृति, चतुर्विंशतिमत, दक्षस्मृति, पितामहस्मृति, पुलस्त्यस्मृति, प्रचेतः स्मृति, प्रजापतिस्मृति, मरीचिस्मृति, यमस्मृति, लौगाक्षिस्मृति, विश्वामित्रस्मृति, व्यासस्मृति, षट्त्रिंशत्मत, स्मृतिसंग्रह, संवर्तस्मृति, हारीतस्मृति आदि ।

यसैगरी धर्मशास्त्रका अङ्गभूत ग्रन्थहरूमध्ये भाष्यग्रन्थ र निबन्धग्रन्थहरूको धर्मशास्त्रीय आचार-विचारको संरक्षण एवम् प्रचार-प्रसारमा ठूलो अवदान रहेको छ । ईस्वीको आठौं शताब्दीदेखि अठारौं शताब्दीको काल भाष्यग्रन्थ र निबन्धग्रन्थहरूको रचनाको दृष्टिबाट स्वर्णकाल मानिन्छ ।

हारित स्मृति अनुसार सन्यासीलाई चार प्रकारले विभाजन गरिएको छ ।

(१) कुटिचक

आरूनै घरमा भोजन गरि बस्ने, आत्मज्ञानी, पुत्र आदिद्वारा कुटि बनाएर मात्र बस्ने, कपासवस्त्र धारण गरी बस्ने सिखा, यज्ञोपवित र त्रिदण्ड धारण गरी बस्ने कुटिचक सन्यासी हो ।

(२) बहुदक

आफ्नो बन्धुहरूलाई त्यागेर सात घर दैनिक भिक्षा मागी जीवन निर्वाह गर्ने र कपासादि वस्त्र धारण गर्नेलाई बहुदक सन्यासी भनिन्छ ।

(३) हंस

कपास वस्त्र धारण गर्ने, स्कन्द पुराणअनुसार बाँसको एक दण्ड नियमपूर्वक धारण गर्ने हंस सन्यासी हो ।

(४) परमहंस

स्कन्दपुराण अनुसार दण्ड, सिखा, यज्ञोपवीत र कुटि पनि त्यागेर हिड्ने सन्यासीलाई परमहंस सन्यासी भनिन्छ ।

मनुस्मृती अनुसार तीन प्रकारको दण्ड उल्लेख गरिएको छ, वाग्दण्ड, मनोदण्ड र कर्मदण्ड, ऋषि अत्रीका अनुसार भिक्षु चार प्रकारका हुन्छन् र ती सबै त्रिदण्डीधारी नै हुने गर्छन् भनी उल्लेख गरेका छन् ।

## हारीत स्मृती अनुसार सन्यास लिने विधि

## आतुर सन्यास

आतुरसन्यासी सङ्कल्पप्रेषोच्चाराभयदानेति त्रयं प्रधानमाश्यकं कार्यम् । अष्टश्राद्धादिदण्ड ग्रहणान्तमङ्गभूतं यथासम्भवं कार्यम् । तत्प्रयोगः- मन्त्रस्नानं कृत्वा शुद्धवस्त्रं धृत्वा ज्ञानप्राप्तिद्वारा मोक्षसिद्धयर्थमातुरविधिना संन्यासमहं करिष्ये इति सङ्कल्प्य पञ्चकेशानवशेष्य वपन कृत्वा स्नात्वा सन्ध्याद्यौपासनमोहमर्यन्त यथासम्भवं सम्पाद्य आत्मानि समारोपं कुर्यात् । अग्निहोत्री तु प्राजापत्यादिस्थाने पूर्णाहुतिं कृत्वा श्रौताग्निमात्मनि समारोपयेत् । उच्छिन्नाग्नीनां पुनराधासम्भवे समारोपोन्था तु न समारोपः ।

विधुरादीनामग्न्याभावादेव ममारोपो नावश्यकः ।

ततस्तोयमादायाप्सु जुहोति - एष ह वा अग्नेर्योनिर्यः प्राणं गच्छ स्वाहा-१, आपो वै सर्वा देवताः सर्वाभ्योदेवताभ्यो जुहोमि स्वाहा - २, भूः स्वाहेति जले जहैर्हुत्वा हुतशेषं जलमाशुः शिशान इत्यनुवाकेनाभिमन्त्र्य पुत्रेषणा वित्तेषणा लोकेषण मया त्यक्ताः स्वाहेति किञ्चत् पिबेत् । अभयं सर्वभूतेभ्यो मतः स्वाहेति द्वितीयं पिबेत् । संन्यस्तं मयेति निःशेषं तृतीयं पिबेत् ।

ततः पूर्ववत् सावित्रीप्रवेशः । ततः प्राङ्मुख ऊर्ध्वबाहुः प्रेषोच्चारं पूर्ववत् कुर्यात् । अभयं सर्वभूतेभ्यो मत्तः स्वाहेति प्राच्यां जलंक्षिपेत् । शिखामुत्पाटय यज्ञोपवीतं छित्वा भूः स्वाहेत्यप्यु हुत्वा पुत्रगृहे न तिष्ठेत् । अन्त्यन्तमातुरश्चेत् प्रेषामात्रं वा वदेत् । जीवति चेत् स्वस्थः सन् महावाक्योपदेशदण्डगंहणादि सर्व कुर्यात् ।

एवमातुरविधिना संन्यासे यतिवत् संस्कार ।

## अर्थ

जीवनको आशा ज्यादै कम भएको व्यक्तिद्वारा रूग्ण अवस्थामा सन्यास लिने इच्छा भएमा आतुर-सन्यास लिइन्छ । यसमा सङ्कल्प गर्ने, वैदिक आदेश-वचनहरूको उच्चारण गर्ने र अभयदान दिने यी तीन मुख्य काम गर्न आवश्यक हुन्छन् । यस सिलसिलामा आठवटा श्राद्ध गर्ने आदि देखि लिएर सन्यास-दण्ड ग्रहण गर्नेसम्मको सन्यासका अङ्गका रूपमा रहने काम कर्ताले गर्न सम्भव हुने जति मात्र गरे हुन्छ । त्यो सन्यास लिने विधि यस्तो हुन्छ -

पहिले मन्त्रद्वारा स्नान गरेर शुद्ध लुगा लगाई "ज्ञान-प्राप्तिद्वारामोक्ष सिद्ध गर्नका निमित्त आतुरको लागि तोकिएको विधिअनुसार म सन्यास ग्रहण गर्नेछु ।" भन्ने समेत व्यहोराको संकल्प गर्नुपर्दछ । अनि पाँचवटा केश बाँकी राखी अरू सबै मुण्डन गराएर नुहाई सन्ध्यादेखि औपासनिक होमसम्मको कर्म सकेजति गरेपछि आफूमा अग्नि-समारोह (अग्नि समारोपित भएको भावना) गर्नुपर्दछ । यस्तोमा कर्ता अग्निहोत्री छ भने चाहिँ प्राजापत्येष्टि आदिको सट्टा पूर्णाहुति मात्र गरेर श्रौताग्निको समारोप आफूमा गर्नुपर्दछ । अग्निहोत्रीको पनि अग्नि स्थापित गरी सधैं अग्निहोत्र गर्ने क्रम टुटिसकेको छ र फेरि विधिपूर्वक अग्नि स्थापित गर्न सम्भव छ भने मात्र त्यसरी अग्नि समारोह गर्नुपर्दछ, अन्यथा त्यसो गर्नुपर्दैन । विधुर अथवा गृहस्थाश्रममा

प्रवेशै गरिनसकेका व्यक्तिहरूले अग्नि होत्रको अग्नि नै ग्रहण हुनाले आतुर अवस्थामा उनीहरूले अग्नि-समारोप गर्न आवश्यक हुँदैन ।

त्यसपछि त्यस्तो सन्यास लिन चाहने कर्ताले पानी लिएर पानीमा नै दुईपटक हवन गर्नुपर्दछ - १ "एष ह वा अग्नेर्योनिर्यः प्राणं गच्छ स्वाहा" भन्ने मन्त्र पढेर एकपटक र २ - "आपो वै सर्वा देवताः सर्वाभ्यो देवताभ्यो जुहोमि स्वाहा" भन्ने मन्त्र पढेर अर्को पटक । अनि फेरि "भूःस्वाहा" भन्दै पानीमा नै होमिदिएर त्यसो गर्दा बाँकी रहेको पानी "आशुः शिशानो वृषभो न भीमो _" भन्ने मन्त्रद्वारा अभिमन्त्रित गरेर "पुत्रेषणा, वित्तेषणा, लोकेषणा मया त्यहाः स्वाहा" भन्ने मन्त्र पढ्दै अलिकति पिउनुपर्छ । त्यसपछि "अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा" भनेर दोस्रोपटक त्यो पानी अलिकति पिउनुपर्छ । त्यसपछि "संन्यस्तं मया" भनेर तेस्रोपटक बाँकी सब} पानी पिउनुपर्दछ ।

यति गरिसकेपछि पहिले बताए जस्तै सावित्री प्रवेशको विधि गर्नुपर्दछ । र पहिले बताए जस्तै गरी पूर्वतिर फर्केर दुवै हात माथि उठाई वेदोक्त आदेशहरूको उच्चारण गर्नुपर्दछ । त्यसपछि "अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा" भनेर पूर्वतिर जल रूयाँक्नुपर्छ । त्यसपछि आफ्नो टुप्पी निकालेर जनै समेत छिनाई 'भूःस्वाहा' भन्दै त्यो दुवै चीज पानीमा रूयाँकी छोराको घर छोड्नुपर्दछ । त्यो कर्ता धेरै रूग्ण अवस्थामा भएर अरू थोक केही गर्न नसक्ने छ भने उसले वैदिक आदेश- वचनहरूको उच्चारण मात्र गरे हुन्छ । पछि स्वस्थ भएर बाँच्न सक्यो भने त्यसरी आतुर-सन्यास लिएको व्यक्तिले महावाक्यको उपदेश लिने सन्यास दण्ड ग्रहण गर्ने आदि सबैथोक गर्नुपर्दछ ।

यसरी आतुर-सन्यासको विधि पुऱ्याएर सन्यास लिएका व्यक्तिको मृत्यु भएमा अरू सन्यासीको जस्तै गरी त्यसको मृत्युसंस्कार गर्नुपर्दछ ।

## मृत्यु संस्कार

### मृतयतिसंस्कार

पुत्रः शिष्यो वा स्नात्वा वपनं कृच्छ्रत्रयं चाधिकारार्थ कुयोत् । पुत्रातितिक्तिस्य वपनं कृताकृतम् । देशकालौ स्मृत्वा ब्रह्मीभूतस्य यतेः शौनकोक्तविधिना संस्कारं करिष्ये इति सङ्कल्पः । नवं कलशं तीर्थेनापूर्य 'गङ्गे च यमुने...' 'यच्च किञ्चिज्जगत् सर्वत्...' इति मन्त्रैरभिमन्त्र्य रुद्रसुक्तविष्णुसुक्तापोहिष्ठादिभिर्यतेः स्नानं विधाय चन्दनादिभिः कलेवरं सम्पूज्य माल्यादिभिरलङ्कृत्य वाद्यघोषादिभिः शुद्धदेशं नयेत् । जले स्थले वा समाहितं कुर्यात् ।

स्थलपक्षे गर्त व्याहतिप्रोक्षितभुवि दण्डप्रमाणं कृत्वा मध्ये सूक्ष्मगतं सार्धहस्तं कृत्वा सप्तव्याहृतिभिः पञ्चगव्येन त्रिः प्रोक्ष्य जलपक्षे नद्यां पञ्चगव्यं प्रक्षिप्य कुशानास्तीर्य सावित्र्या देह प्रोक्ष्य शङ्खोदकेन पुरूषसूक्तेनाष्टोत्तरशतावृत्तप्रणवैश्य संस्नाप्याष्टा क्षरेण षोडशोपचारैः सम्पूज्य तुलसीमान्याद्यैरलङ्कृत्य विष्णो हव्यं रक्षस्वेति देहं गर्ते नद्यां वा क्षिपेत् । इदं विष्णुरिति दण्डं त्रेधा भग्नं दक्षिणहस्ते स्थापयेत् । हंसः शुचिषदिती, परेण नाकं निहितमित हृदये जपेत् । पुरूषसूक्तं भ्रुवोर्मध्ये जपेत् । ब्रह्माजज्ञानमिति मूर्धनि । मुर्धानं भूर्भुवः स्वश्चेत्युक्त्वा शङ्खेन भेदयेत् । अथवा भूमिर्भूमिमगान्माता मातरमप्यगात्ः भूयास्म पुत्रैः पशुभिर्यो नो द्विष्टस भिद्यतामिति मन्त्रेण परश्वादिना भेदयेत् । शिरो भेत्तुमशक्तः शिरः स्थापितं गुडपिण्डादिकं भिद्यात् । गर्त पुरूषसूक्तेन लवणेन प्रपूरयेत । श्रृगालश्वादिरक्षार्थ सिकतादिभिः प्रपूरयेत् ।

नद्यादौ चेच्छिरोभेदनोत्तरं दर्भैराच्छाद्य व्याहृतिभिरभिमन्त्र्य पाषाणं बद्ध्वा ॐ स्वाहेति हृदे न्यसेत् । ततोकग्निनाग्निः स..., त्वं ह्यग्ने अग्निना..., मर्जयन्सुकतं ...'यज्ञेन यज्ञम्..' इत्यृक्चतुष्टयेन चित्तिः सृगित्यादिभिर्दशहोत्रादिसंज्ञकयजुर्मन्त्रैश्चाभिमन्त्रयेत् । अतो देवा इति

जपित्वा पापैर्मुक्ता अश्वमेधादिफलभागिनो वयमिति भावयन्तोक्वभृथबुद्धया सर्वेक्नुगामिनः स्नात्वा गन्धादि कृत्वा सोत्सवा गृहं गच्छेयुः । अत्र परमहंसस्य स्थले समाधिर्मुख्यः । जले मध्यमः

"कुटीचकं च प्रदहेत् पुरयेच्च बहूदकम् ।
हंसो जले तु निक्षेप्यः परमहंसं प्रपूरयेत् ॥" इति वचनात् ।
अत्र परमहंसं प्रकीरयेदिति क्वचित् पाठः ।
"एकोद्दिष्टं जलं पिण्डमाशौचं प्रेतसत्क्रि याम् ।
न कुर्याद् वार्षिकादन्यत् ब्रम्हीभूताय भिक्षवे ॥
कुटीचकातिरेकेण न दहेद्यतिनं क्वचित् ॥"

ततः कर्ता स्नात्वा आचम्य सिद्धिं गतस्य ब्रम्हीभूतभिक्षोस्तृप्त्यर्थ तर्पण करिष्ये इति सङ्कल्प्य सव्येन देवतीर्थेनैवात्मानमन्तरात्मानं परमात्मानमिति चतुश्चतुस्तर्पयित्वा शुक्लपक्षे मृतस्य केशवादिद्वादशनामभिः कृष्णपक्षे मृतस्य सर्ाषणादिद्वादशनामभिः केशवं तर्पर्यामीत्येवं द्वितीयान्तैः कुर्यात् । इदं क्षीरेणेति केचित् ।

ततः सिद्धिं गतस्य भिक्षोस्तृप्त्यर्थ नारायणपूजनं बलिदानं घृतदीपदानं च करिष्ये इति सङ्कल्प्य देवयजनोपरि तीरे वा मृन्मलिङ्ग कृत्वा पुरुषसूक्तेनाष्टाक्षरेण च षोडशोपचारपूजां कृत्वा घृतमिश्रपायसबलिं दत्वा घृतदीपं च समर्प्य पायसबलिं जले क्षिपेत् । ततः ॐ नमो ब्रह्माणे नम इति शङ्खेनाष्टार्घ्यान् तत्वा गृहं व्रजेदिति प्रथमदिनकृत्यम् एवम् दशदिनान्तं प्रत्यहं तर्पणं लिङ्गपूजनपायसबलिदीपदानादि कुर्यात् ।

अथैकादशेक्हनि प्रार्वणश्राद्धम् । तत्र मध्याह्े नद्यादौ श्राद्धाङ्गतिलतर्पणं कृत्वा देशकालौ स्मृत्वा प्राचीनाविती अनुकगोत्रस्यामुकशर्मणो ब्रम्हीभूतस्यास्मत्पितुः करिष्यमाणदर्शादिसर्वश्राद्धाधिकारार्थमाद्य पार्वणश्राद्ध करिष्ये इति पुत्रादिः सङ्कल्पयेत् । शिष्यस्तु ब्रम्हीभूतस्य गुरोः प्रत्यब्दादिश्राद्धाधिकारार्थ तत्पितृसम्बन्धितनामगोत्रोद्देश्यतादिसिद्धयर्थ च पार्वणश्राद्धमिति

सङ्कल्पयेत् । अन्यत् समानम् ।

अत्र पुरूरवार्द्रवसंज्ञका विश्वेदेवाः । पितृपितामहप्रपितामहानां नामगोत्रादिसहितानामुच्चारः । सर्वत्र पितुर्ब्रम्हीभूतस्य इति विशेषणमात्रमधिकम् । शेषं प्रत्यब्दश्राद्धवत् । केचित् शिष्यः कर्ता चेदात्मान्त रात्मपरमात्मान उद्दिश्य साधुरूरूसंज्ञकदेवयुतं सव्येन दैवधर्मकं नान्दी श्राद्धवदेकादशाहे पार्वणश्राद्धं कुर्यादित्याहुः । अत्र सर्वत्र विस्तरस्तोरोकृतसंनयासपद्धतौ द्रष्टव्यः ।

अर्थ-

सन्यासीको मृत्यु भएपछि उसको छोरा अथवा शिष्यले नुहाएर मुण्डन र तीनवटा कृच्छ्रप्रायश्चित्त उसका संस्कारको अधिकार पाउनका निमित्त गर्नुपर्दछ । छोरा बाहेक अरूले संस्कार गर्नुपर्दा मुण्डन गरे पनि हुन्छ, नगरे पनि बाध्यता छैन । पहिले ठाउँ र समयको स्मरण (उच्चारण) गरेर 'ब्रह्मापदमा पुगेका फलाना सन्यासीको शौनक ऋषिले बताएको विधिद्वारा संस्कार गर्नेछु' भन्ने आशयको व्यहोरा मिलाई सङ्कल्प गर्नुपर्छ । नयाँ कलश तीर्थको जलले भरेर राखी त्यसलाई 'गङ्गे च यमुने चैव..' 'नारायणः परं ब्रम्ह..' र 'यच्च किञ्चिज्जगत् सर्व..' भन्ने मन्त्रहरूद्वारा मन्त्रेर रुद्रसुक्त, विष्णुसूक्त र आपो हिष्ठा मयोभुवः.. आदि मन्त्रहरू पढ्दै मृत सन्यासीलाई स्नान गराएर चन्दन आदि सामग्रीद्वारा उसका शरीरको पूजा गरेर माला आदि लगाई सिँगारेर बाजा बजाउँदै शुद्ध ठाउँमा लैजानुपर्छ । अनि त्यस्तो शुद्ध जल वा स्थलमा समाधिस्थ गर्नुपर्छ ।

स्थल अर्थात् जमिनमा गाड्ने पक्ष अपनाउँदा पहिले एक दण्ड बराबर लम्बाइ चौडाइको खाल्टो व्याहृतिहरूद्वारा शुद्ध पारिएको जमिनमा खनी त्यसभित्र त्रिमा डेढ हातको अर्को सानो खाल्टो बनाई सात व्याहृतिहरू (ॐ भूः, ॐ भुवः ॐ स्वः, ॐ महः, ॐ जनः, ॐ

तपः, ॐ सत्यम्) र पञ्चगव्यद्वारा तीनपटक चोख्याएर राखिदिनुपर्छ। पानीमा समाधिस्थ गर्ने पक्ष अपनाउँदा नदीमा पञ्चगव्य हाली कुश बिछ्याएर गायत्री मन्त्रद्वारा मृत शरीरको शुद्धिकरण गरी एक सय आठपटक ॐ कारको उच्चारणसहित पुरूषसूक्तको पाठ गर्दै शङ्खजलले स्नान गराएर अष्टाक्षर मन्त्र ( ॐ नमो नारायणाम) को उच्चारणहित षोडशोपचार सामग्रीद्वारा पुजा गरेर तुलसीका माला आदि पवित्र वस्तुले सिँगारेर 'विष्णे हव्यं रक्षस्व' भनेर नदीभित्र हालिदिनुपर्छ। स्थलमा गाड्ने हुँदा उक्त बमोजिम स्नान पूजा आदि कर्म गरी यही मन्त्र (विष्णो हव्यं रक्षस्व) पढेर माथि बताइएजस्तो गरी खाल्टोमा राख्नुपर्दछ। त्यसरी समाधिस्थ गर्ने बेलामा सन्यासीको लट्ठी तीन ठाउँमा भाँचेर 'इदं विष्णुर्विचक्रमे ..' भन्ने मन्त्र पढ्दै मृत सन्यासीको दाहिने हातमा राखिदिनुपर्दछ। उसको हृदयस्थानमा स्पर्श गरी 'हंसः शुचिषत् ..' र 'परेण नाकं निहितम् ..' भन्ने मन्त्रको जप गरि दिनुपर्दछ। आँखिभुईको बीचमा त्यसैगरी पुरुषसुक्तको र शिरमा 'ब्रह्माजज्ञानं..' भन्ने मन्त्रको जप गरिदिनुपर्छ। अनि 'भूर्भुवः स्वः भनेर शङ्खद्वारा उसको शिर फुटाइदिनुपर्दछ अथवा (शङ्खद्वारा नफुट्ने भए) "भूमिर्भूमिमगान्माता भातरमप्यगात्, भूमास्य पुत्रैः पशुभिर्यो नो द्वेष्टि स भिद्यताम्' भन्ने मन्त्र पढेर बञ्चरो आदि कडा वस्तुले सो शिर फुटाउने काम गर्नुपर्दछ। त्यसरी शिर फुटाउन नसक्ने भए सो शिरमाथि सखरको डल्लो वस्तु राखेर त्यसैलाई फुटाइदिनुपर्छ। खाल्टोमा समाधिस्थ गरेको भए पुरूषसूक्त पढ्दै त्यो खाल्टो नुन हालेर पुरिदिनुपर्छ। त्यसमाथि स्याल, कुकुर आदिबाट जोगाउन बालुवा आदि राखेर त्यो खाल्टो राम्ररी पुर्नुपर्छ।

नदी आदि ठूलो जलाशयमा समाधिस्थ गर्ने हुँदा उक्त बमोजिम गरी शिर फुटाएपछि कुशले ढाकेर व्याहृतिहरूद्वारा अभिमन्त्रित गरी त्यो शवमा ढुङ्गो बाँधिदिएर 'ॐ स्वाहा' भन्दै गहिरो पानीमा

छोडिदिनुपर्दछ ।

यसरी सन्यासीको शवलाई समाधिस्थ गरिसकेपछि 'अग्निना अग्निः स..', 'त्वं ह्याग्ने अग्निना..', 'त्वं मर्जयन्तसुक्रतुं..' यज्ञेन यज्ञमयजन्त..' यी चार ऋचा र 'चित्तिः सृक्.. ' इत्यादि दशहोत्र आदि भनिने यजुर्वेदका मन्त्रहरूद्वारा त्यो समाधिस्थलमलाई अभिमन्त्रित गर्नुपर्छ । अनि 'अतो देवा..' भन्ने मन्त्रको जप गरेर आज हामीहरू पापहरूबाट मुक्त भएर अश्वमेघ आदि यज्ञको फल प्राप्त गर्ने भयौं भन्ने भावना राखी शवको साथमा गएका सबैजनाले यज्ञान्त स्नान जस्तै सम्झी नुहाएर चन्दन लगाई खुशी साथ उत्सव मनाए जस्तो गरी घर जानुपर्छ ।

सन्यासीको मृत्युसंस्कार गर्दा सन्यासी परमहंस भए उसको समाधि जमिनमा नै बनाउनु उत्तम हुन्छ । उसको लागि जलमाथि मध्यम हुन्छ । यस विषयमा स्मृति ग्रन्थअनुसार - सन्यासी कुटीचक भए मृत्युपछि उसलाई जलाइदिनुपर्दछ । बहूदक भए उसलाई गाडिदिनुपर्दछ । हंस भए उसलाई जलमा समाधिस्थ गरिदिनुपर्छ र परमहंस भए जमिनमा गाडिदिनुपर्दछ । यसमा कतै-कतै परमहंसको शव छरिदिने कुरा पनि उल्लेख भएको पाइन्छ । यस विषयमा एउटा अर्को वचन यस्तो छ - "जुन व्यक्ति सन्यासी भएर ब्रह्मापदमा पुगिसकेको छ त्यसका लागि एकोद्दिष्ट श्राद्ध गर्ने, तिलाञ्जलि दिने, पिण्ड दिने, आशौच बार्ने गर्नुपर्दैन र वार्षिक बाहेक प्रेतसंस्कारका अरू कर्म पनि गर्नुपर्दैन । सन्यासीहरूमध्ये कुटीचक बाहेक अरू सन्यासीको शवलाई कहीँ जलाउनु पनि हुँदैन ।"

मृत सन्यासीलाई समाधिस्थ गरी फर्केपछि कर्ताले नुहाएर आचमन गरी सिद्धि प्राप्त गरेर ब्रह्मापदमा पुगेका सन्यासीलाई तृप्त गराउनका निमित्त तर्पण दिनेछु भन्ने समेत व्यहोराको सङ्कल्प गर्नुपर्छ र जनै सव्य पारेरै राखी देवतीर्थ (पितृतीर्थ होइन) द्वारा नै

आत्मा, अन्तरात्मा र परमात्माको नाममा चार-चार पटक तर्पण दिनुपर्छ । त्यसपछि शुक्लपक्षमा मरेको भए केशव आदि बाह्र नामहरूको उच्चारण गरेर, अनि कृष्णपक्षमा मरेको भए सङ्कर्षण आदि बाह्र नामहरूको उच्चारण गरेर तर्पण दिनुपर्दछ । यसो गर्दा 'केशवं तर्पयामि' इत्यादि प्रकारले द्वितीयान्त वचन राखी उच्चारण गनुपर्दछ । यो तर्पण पानीद्वारा नदिई दूधद्वारा दिनुपर्छ भन्ने केही विद्वानहरूको मत छ ।

यति गरिसकेपछि सिद्ध प्राप्त गरेका सन्यासीको तृप्तिका लागि नारायणको पूजागर्ने, बलि (खीरको बलि) दिने र घिउको दियो दिने समेत कर्म गर्नेछु भन्ने व्यहोराको सङ्कल्प गरेर देवताको निमित्त यज्ञ गर्ने ठाउँमा अथवा नदीको किनारमा माटाको शिवलिङ्ग बनाई पुरुषसूक्त र अष्टाक्षर मन्त्र पढेर षोडशोपचार-सामग्रीद्वारा पूजा गरी घिउ मिसिएको खिरको बलि दिनुपर्छ र त्यस नजिक घिउको बत्ति समेत बालेर समर्पित गरी अघि चढाइएको खीरको बलि पनीमा सेलाइ दिनुपर्दछ । त्यसपछि 'ॐ नमो ब्रह्माणे नमः' भन्दै शङ्खद्वारा आठपटक अर्घ्यू दिएर घर जानुपर्छ । यो पहिलो दिनको कर्म भयो । यसैगरी दस दिनसम्म प्रत्येक दिन तर्पण दिने, लिङ्गको पूजा गर्ने, खीरको बलि दिने र बत्ती बालिदिने समेत कर्म गर्नुपर्दछ ।

एघारौं दिनमा पार्वण श्राद्ध गर्नुपर्दछ । यो श्राद्ध गर्दा मध्यान्हकालमा नदी आदिमा श्राद्धका अङ्ग स्वरूप तिलमिसिएको जलले तर्पण दिई अपसव्य भएर देश र कालको स्मरण गरी फलाना गोत्रका फलाना नाम गरेका ब्रम्हपदमा पुगेका हाम्रा पिताका निमित्त पछि गरिने दर्शश्राद्ध आदि सबै श्राद्ध गर्ने अधिकार प्राप्त गर्नका निमित्त पहिलो पार्वण श्राद्ध गर्नेछु भन्ने समेत व्यहोराको सङ्कल्प छोरा आदि कर्ताले गर्नुपर्दछ । शिष्य कर्ताका रूपमा रहेको भए ब्रह्मापदमा पुगेका मेरा गुरूको प्रत्येक वर्ष गरिने वार्षिक श्राद्ध आदि गर्ने

अधिकार प्राप्त गर्नका निमित्त र सो श्राद्ध गर्नेछु भन्नेसमेत व्यहोराको वचन मिलाई सङ्कल्प गर्नुपर्दछ ।

यस श्राद्धमा पुरूरवा र आर्द्रव नाममा विश्वेदेव हुन्छन् । पिता, पितामह र प्रपितामहको उच्चारण उनीहरूको नाम र गोत्रसमेत राखेर गर्नुपर्छ । बरू त्यस्ता पितासम्बन्धी सबै वचनमा 'पितुर्ब्रह्मीभूतस्य' भन्ने विशेषण मात्र थपेर राख्नुपर्छ । बाँकी कुरा प्रत्येक वर्ष गरिने वार्षिक श्राद्धमा जस्तै हुन्छन् । यस प्रसङ्गमा कतिपय विद्वानहरू श्राद्धको कर्ता छोरा नभएको छ भने उसको आत्मा, अन्तरात्मा र परमात्मालाई लक्षित गरेर साधु र रूरू नामक विश्वेदेव राखी सव्य भएकै अवस्थामा देवकार्यसहितको नान्दीश्राद्ध गरेजस्तै गरी एघारौं दिनमा सन्यासीको पार्वण श्राद्ध गरिदिनुपर्छ भन्दछन् ।

**सन्यासी मरेको बाह्रौ दिनमा नारायण बलि**

*सन्यासिनो मृत्योर्द्वादशाहेनारायाबलिः*

देशादि स्मृत्वासिद्धि गतस्य भिक्षोः सम्भावितसर्वपापक्षयपूर्वकं विष्णुलोकावाप्तिद्वारा श्रीनारायणप्रीत्यर्थ नारायणबलिं करिष्ये इति सङ्कल्प्य त्रयोदश यतीन् विप्रान् वा निमन्त्र्य शुक्लपक्षे केशवरूपिगुर्वर्थे त्वया क्षणः कर्तव्य इत्येवं दामोदरान्तकेशवादिद्वादशनामभिः क्षणो देयः । कृष्णे तु सङ्कर्षणादिद्वादशनामभिः, त्रयोदशशं विप्रं विष्णवर्थे त्वया क्षणः कर्तव्य इति नियन्त्र्य पादान् प्रक्षाल्य प्राङ्मुखानुपवेशयेत् । विप्राग्रे स्थण्डिलेक्ग्निप्रतिष्ठापनादि ।

अन्वाधाने चक्षुष्याज्येनेत्यन्ते अग्निं वायुं सूर्य प्रजापतिं व्यस्तसमस्तव्याऋतिभिरेकैकपाय-साहुत्या विष्णुमतो देवा इति षड्भिः प्रत्यृचमेकैकपायसाहुत्या नारायणं पुरूषसूक्रेन प्रत्यृचकैकपायसायुत्या शुक्ले केशवादिद्वादशदेवताः कृष्णे सङ्कर्षणादिद्वादशदेवता ? एकैकपायसाहुत्या शेषेणेत्यादिद्विपञ्चाशदधिकशतमुष्टीन्निरूप्य बलिपर्याप्ततण्डुलानोप्य अष्टत्रिंशदाहुतिपर्याप्तं

पुरूषाहारमितविष्णुनैवेद्यपर्याप्तं चक्षीरे श्रपयित्वा आज्यभागान्ते अग्निपूर्वतः शालग्रामे विष्णुं पुरूषसूक्तेनाष्टाक्षरेण च षोडशोपचारैः संम्पूज्य स्रुवा हस्तेन वाक्वाधानानुसारेण होमत्यागौ विदध्यात् ।

एवं शुक्लकृष्णभेदेन केशवादिद्वादशान्ता सङ्कर्षणाद्यन्ता वा अष्टत्रिंशदाहुतीर्हुत्वा स्विष्टकृदादिहोमशेषं समाप्य पुनः शालग्रामं सम्पूज्य विष्णुगायत्र्या विष्णक्वेर्घ्यं दत्वा हुतशेषपायसेन विष्णवे बलिं दत्वा निमन्त्रितत्रयोदशविप्रान केशवादिक्रमेण केशवरूपपिुरवे नमः इदमानसनमित्यादिना आसनगन्भपुष्पधू पदीपाच्छादनानि दत्वा त्रयोदशंविप्रं पुरूषसूक्तेन प्रत्यृचान्ते 'विष्णवे नमः इत्येवमादिना विष्णु दीपान्तोपचारैः पुजयेत् ।

चतुरस्रमण्डलेषु त्रयोदश भोजनपात्राण्यासाद्य उपस्तीर्य अन्नं परिविष्य पृथ्वी ते पात्रमित्यादिना केशवादिद्वादशोद्देशेन विष्णूद्देशेन चान्नं त्यक्त्वा अतो देवा..' ॐ तद् ब्रम्ह..., ॐ तद्वायु..., ब्रह्मार्पणमित्याद्यापोशनादिप्राणाहुत्यन्ते नारायणाद्युपनिषद्भागान् पठेत् । तृप्तिप्रश्नान्ते आचान्तेषु प्रागग्रान् दर्भानास्तीर्य अष्टाक्षरेण अक्षतोदकं तत्वा केशवरूपिणे मुखे अयं पिण्डः स्वाहा न मम इत्येवं द्वादशपिण्डान् दद्यात् । कृष्णे तु सङ्कषणादिनामभिरिति सर्वत्र पिण्डे विष्णुं सम्पूज्य पुरूषसूक्तेन स्तुत्वा विसर्जयेत् । विप्रेभ्यस्ताम्बूलदक्षिणादिन दत्वा नमस्कृत्य तां शालग्राममूर्तिमा-चार्याय दद्यात् ।

अर्थ-

पहिले देश काल आदिको स्मरण गरी 'सिद्धिं गतस्य भिक्षोः सम्भावितसर्वपाक्षयपूर्वक विष्णुलोकनाप्तिद्वारा श्रीनारायणयीत्यर्थ नारायणबलिं करिष्ये" भन्ने समेत व्यहोराको सङ्कल्प गरी तेह्रजना सन्यासी वा तेह्रजना ब्राह्मण लाई निम्ता गर्नुपर्दछ । निम्ता गर्दा शुक्लपक्ष भए केशवदेखि दामोदरसम्मका विष्णुका बाह्र नाम लिएर 'केशवरूपिगुर्वथे त्वया क्षणः कर्तव्यः' भनेर त्यसैगरी अरू नामहरूमा

समेत वचन मिलाई निश्चित समयमा उपस्थित हुनको लागि सुपारी आदि केही दिनु पर्दछ । कृष्णपक्ष भए संकर्षण आदि बाह्र नाम लिएर त्यसैगरी निम्ता दिनुपर्दछ । तेह्रौं ब्राह्मण (वा संन्यासी)-लाई चाहिँ 'विष्णवर्थ त्वया क्षण: कर्तव्य: भनेर निम्ता दिनुपर्दछ र उनीहरू आएपछि गोडा धोइदिएर उनीहरूलाई पूर्व फर्काएर बसाल्नुपर्दछ । अनि ती ब्राह्मण हरूका अगाडि वेदीमा अग्निस्थापना आदि गर्नुपर्दछ ।

होमसम्बन्धी प्रारम्भिक कर्म गर्दा 'चक्षुषी आज्येन...' भन्ने मन्त्रपछि अग्नि, वायु सूर्य र प्रजापतिलाई छुट्टाछुट्टै र एक मुष्ट व्याहृतिहरूको उच्चारणसहित एक-एक पटक विष्णुलाई खीरको आहुति दिनुपर्दछ । अनि 'अतो देवा...' इत्यादि छ वटा ऋचा पढ्दै प्रत्येक ऋचाद्वारा नारायाणलाई खीरको आहुति दिनुपर्छ । शुक्लपक्ष भए केशव आदि बाह्र नामका देवता र कृष्णपक्ष भए सङ्कर्षण आदि बाह्र नामका देवतालाई पुरूषसूक्तका प्रत्येक ऋचाद्वारा एकएक पटक खीरको आहुति दिनुपर्छ । उक्त होमको लागि शेषेण इत्यादि उच्चारण गरी जम्मा १५२ मुठी चामल केलाएर राख्नुपर्छ र त्यसबाट बलि दिन पुग्ने चामल छुट्याएर अठ्तिस पटक आहुति दिन पुग्ने र विष्णुलाई नैवेद्य चढाउन पुग्ने एकजना उमेर पुगेको लोग्नेमान्छेले खान सक्ने जति चामल दूधमा पकाएर राख्नु पर्दछ । आज्य भाग तयार गरिसकेपछि अग्निको पूर्वतिर राखिएको शालिग्रामशिलामा भगवान् विष्णुलाई पुरूषसुक्त र अष्टाक्षर मन्त्र पढ्दै षोडशोपचार सामग्रीद्वारा पूजा गर्नुपर्छ र अघि गरिएको अन्वाधानअनुसार सुरोद्वारा वा हातैले होम गर्ने र छोड्ने गर्नुपर्दछ ।

उक्त बमोजिम शुक्लपक्ष भए केशव आदि बाह्र नाम लिएर अनि कृष्णपक्ष भए सङ्कर्षण आदि बाह्र नाम लिएर जम्मा अडतीस आहुति दिई बाँकी बचेको हवनीय पदार्थले स्विष्टकृत् होम समेत सकेर फेरि पनि शालग्रामको पूजा गरी विष्णुगायत्री जस्तै भगवान्

विष्णुलाई अर्घ्य दिएर अघि होम गरेर बाँकी रहेको खीरको बलि उहालाई दिनुपर्दछ । त्यसपछि निम्ता गरिएका तेह्रजना ब्राम्हणहरूलाई केशव आदि नामको क्रमअनुसार 'केशवरूपिगुरवे नमः, इदमासनभ्' इत्यादि मन्त्र पढ्दै आसन, चन्दन, फूल, धूप र ढाक्ने कपडा दिनुपर्दछ । तीमध्येका तेह्रौ ब्रह्माणलाई पुरूषसूक्त पढ्दै प्रत्येक ऋचाको अन्त्यमा 'विष्णवे नमः' यसै क्रमले विष्णुको रूपमा बत्ति बालेर अगाडि राखिदिनेसम्मका उपचारद्वारा पूजा गर्नुपर्छ ।

चारकुने घेराहरूभित्र तेह्रवटा खानेभाँडा फिजाएर राखी, तिनीहरूमा खाद्यसामग्री पस्किदिएर 'पृथ्वी तेपात्र्म...' इत्यादि मन्त्र पढ्दै केशव आदि बाह्र नामलाई लक्षित गरेर अथवा भगवान् विष्णुलाई लक्षित गरेर उक्त खाद्यान्न समर्पित गरिनुपर्छ र त्यसपछि ब्राह्मण हरूले 'अतो देवा..., ॐ तद्ब्रह्मा..., ॐ तद्वायु..., ब्रह्मार्पण ब्रह्मा हवि ...' इत्यादि मन्त्र पढ्दै आचमन गर्ने र प्राणहरूलाई आहुति दिने (पञ्चगास खाने) काम गरेपछि कर्ताले नारायण आदि उपनिषद्का भागहरूको पाठ गर्दै गर्नुपर्दछ । अनि 'तृप्त हुनुभयो ?' भन्ने प्रश्न गर्नुपर्छ र ब्राह्मणहरूले भोजनपछिको आचमन गरिसकेपछि पूर्वतिर टुप्पो फर्काएर कुश ओछ्याई ॐ नमो नारायण' भन्ने अष्टाक्षर मन्त्र पढ्दै पानी सहितका अक्षता त्यहाँ राखिदिएर 'केशवरूपिणे पुरवे अयं पिण्डः स्वाहा, न मम' भनेर यस्तै क्रमले बाह्रवटा पिण्ड दिनुपर्छ । कृष्णपक्ष भए सङ्कर्षण आदि नामबाट पिण्डहरू दिनुपर्छ । ती सबै ठाउँमा दिइएका पिण्डमा भगवान् विष्णुको पूजा गरी पुरूषसूक्तद्वारा स्तुति गरी विसर्जन गर्नुपर्छ ।

त्यसपछि तेह्रमध्ये बाह्र ब्राह्मणहरूलाई पान, दक्षिणा आदि दिएर तीमध्येका तेह्रौ ब्राह्मणलाई 'नाभ्या आसीदन्तरिक्षं...' इत्यादि तीनवटा ऋचाहरू पढ्दै फल, पान र दक्षिणा दिई नमस्कार गरेर त्यो पूजा गरिएको शालग्रामको मूर्ति आचार्यको रूपमा रहेका ब्राह्मणलाई

दान गरि दिनुपर्छ ।

## सन्यासीको मृत्युको बाह्रौ वा तेह्रौ दिनमा गरिने आरधना

तत्र प्रयोगः देशकालौ स्मृत्वा श्रीनारायणप्रीत्यर्थमाराधनं करिष्ये इति सङ्कल्प्य गुर्वर्थे क्षणः कर्तव्यः । एवम् परमगुर्वर्थे परमेष्ठिगुर्वर्थे परात्परगुर्वर्थे एवम् विप्रचतुष्टयं निमन्त्र्य शुक्ले केशवादिनामभिः कृष्णे सङ्कर्षणादिनामभिः द्वादशविप्रान् निमन्त्रयेत् । एवम् षोडश विप्राः यतयो वा । अशक्तो यथाशक्ति विप्रान् निमन्त्रेय् । यथायर्थ षोडश क्षणा देयाः । षोडशाना पदक्षालन कृत्वा आचम्य पादक्षालनतोयं पात्रान्तरे गृहीत्वा गन्धपुष्पादिभिः पूजयेत् । विप्रान् प्राङ्मुखानुदङ्मुखान वा उपवेश्य षोडशोपचारैर्गन्धापञ्चोपचारैर्वा सम्पूज्य सपरिकरमन्न परिविष्य गायत्र्या प्रोक्ष्य गुरवे इदमन्नं परिविष्ट परिवेक्ष्यमाणं चातृप्तेः स्वाहा हव्यं न मम । एवम् परमगुर्वादिभ्यः पञ्चदशभ्योक्न्नत्यागं कृत्वा ब्रह्मार्पणमित्यादि । भुक्तेष्वाचान्तेषु ताम्बूलदक्षिणा वस्त्रादिभिः पूजयेत् ।

अत्र केचित् पूर्वस्थापितपादोकतीर्थपूजां कुर्वन्ति । तद्यथा - तीर्थपात्र तण्डुलादिकृतमण्डले संस्थाप्य पुरूषसूक्तेन तीर्थराजाय नमः इति षोडशोपचारैः सम्पूज्य तत्पात्रं शिरसि धृत्वा बन्धुभिः सह विप्रान् प्रदक्षिणीकृत्य गुरूब्रह्मा गुरूर्विष्णुरिति नत्वा प्रथमविप्रहस्तात् तत्तीर्थ पिबेत् । तत्र मन्त्रः-

"अविद्यामूलशमनं सर्वपापप्रणाशनम् ।
पिबामि गुरूपत्तीर्थ पुत्रपौत्रप्रवर्धनम् ॥"

वर्षपर्यन्तं प्रतिमासं मृततिथावेवमाराधानं कार्यम्, न तु प्रतिमासिक श्राद्धम् । प्रत्यब्द तु पार्वणश्राद्ध कृत्वा आराधनमपित कार्यम् । ततो दर्शमहालयादिश्राद्धान्यपि सर्वसाधारण्येन कार्याणि । न तत्र विशेषः । इत्याराधनविधिः ।

अर्थ-

सन्यासीको मृत्यु भएपछि बाह्रौ वा तेह्रौ दिनमा आफ्नो समाजमा प्रचलित परम्परा अनुसार आराधन गर्ने विधि छ । व्यावहारिक रूपमा त्यसको प्रयोग यसरी हुन्छ -

पहिले ठाउँ र समयको स्मरण गरेर श्रीनारायणको प्रसन्नताका निमित्त आराधनको कर्म गर्नेछु भन्ने व्यहोराको वचन मिलाई सङ्कल्प गर्नुपर्छ । त्यसपछि गुरू परमगुरू र परमेष्ठिगुरू र परात्परगुरूको लागि चारजना  ब्राह्मण लाई समय निर्धारित गरी निमन्त्रण दिनुपर्दछ । यस हिसाबले सोह्रजना ब्राम्हण वा ब्राम्हण नभए सन्यासीहरूलाई निमन्त्रित गर्नुपर्दछ । यति जनालाई निम्ता गर्न नसक्नेले जति सकिन्छ त्यति ब्राह्मणलाई निम्ता गर्नुपर्छ । यथार्थमा सोह्रजना  ब्राह्मणलाई समय निर्धारित गरी निम्ता गर्दा सो को चिन्हस्वरूप सोह्र ठाउँमा केही सामान (सुपारी आदि) दिनुपर्दछ ।

त्यसरी निम्ता पाएर  ब्राह्मणहरू आएपछि उनीहरू सोह्रजनाका गोडा धोइदिएर आचमन गरी त्यो गोडा धोएको पानी अर्को भाँडामा राखी त्यसमा चन्दन फूल आदिले पूजा गर्नुपर्छ । ती ब्राह्मणहरूलाई चाहिं पूर्वतिर वा उत्तरतिर मुख फर्काएर बसाली षोडशोपचार-सामग्री  वा चन्दन आदि पञ्चोपचारसामग्रीद्वारा पूजा गरेपछि अन्य भोज्य वस्तुसहितको मुख्य भोजन पस्केर गायत्री मन्त्रद्वारा अभिमन्त्रित गरी "गुरवे इदमन्नं परिविष्ट परिवेक्ष्यमाणं चातृप्तेः स्वाहा, हव्यं न मम" भन्ने मन्त्रसहित गुरूको नाममा र त्यसैगरी परमगुरू तथा केशव वा संकर्षण आदि अरू बाह्र समेत पन्ध्रवटैको नाममा वचन मिलाई भोजन समर्पित गरिदिनुपर्छ । अनि ब्रह्मार्पणं ब्रह्मा हविः - इत्यादि मन्त्रोच्चारण गरी ती ब्राह्मणहरूले भोजन गरेर आचमन गरिसकेपछि तिनीहरूलाई पान, दक्षिणा कपडा आदिद्वारा पुजा गर्नुपर्छ ।

यस प्रसङ्गमा कसैकसैले पहिले राखि छोडेको ब्राह्मणहरूको गोडा धोएको जललाई तीर्थ मानेर पूजा गर्दछन् । त्यसको विधि - त्यो तीर्थजलको भाँडो चामल आदिद्वारा बनाइएको घेराभित्र राखी पुरूषसूक्त पढ्दै 'तीर्थराजाय नमः' भनेर षोडशोपचार - सामग्रीद्वारा पूजा गरी त्यो भाँडो शिरमाथि राखेर आफ्ना बन्धुहरू समेत जम्मा भै ती ब्राह्मणहरूको प्रदक्षिणा गरी 'गुरूब्रह्मा गुरूविष्णु...' भन्ने मन्त्र पढी तिनीहरूलाई नमस्कार गरेर पहिलो ब्राह्मण को हातमा त्यो तीर्थजल अलिकति पिउनुपर्छ । त्यो तीर्थजल पिउँदा भन्नुपर्ने मन्त्र यो हो-

"आविद्यामूलशमनं सर्वपापप्रणाशनम् ।
पिबामि गुरूपत्तीर्थ पुत्रपौत्रविवर्धनम् ॥"

अविद्याको जरो नष्ट गर्ने, सबै पापहरूको नाश गर्ने र छोरा नातिको वृद्धि गर्ने गुरूका पाउको तीर्थजल पिउँछु ।

यति गरिसकेपछि कर्ताले सबै कर्म ईश्वरमा समर्पित गरी आफ्ना इष्टमित्रहरूसहित भएर भोजन गर्नुपर्दछ । सन्यासीको मृत्यु भएको एकवर्षसम्म प्रत्येक महिनामा सो मृत्युका तिथिमा मात्र यस्तो आराधना गर्नुपर्छ । सन्यासीका लागि प्रयोग महिनामा मासिक श्राद्ध गर्नुपर्दैन । प्रत्येक वर्ष पार्वणश्राद्ध गरेपछि यस्तो आराधन पनि गर्नुपर्दछ । अनि दर्शश्राद्ध आदि पनि सर्वसाधारण रूपमा गरे हुन्छ । त्यसमा विशेष कुरा केही छैन ।

### सन्यासी हुनेले गर्नुपर्ने आठवटा श्राद्धहरू

सन्यासी हुन चाहने व्यक्तिले आठवटा श्राद्ध गर्नुपर्छ । त्यसो गर्दा आपस्तम्ब शाखाका अनुयायीहरू र हिरण्यकेशीय आदिले अग्नौकरण गर्ने, पिण्ड दिने आदि कर्म नगरी साङ्कल्पिक विधिद्वारा श्राद्ध गर्नुपर्छ भने आश्वलायन आदि मतका अनुयायीहरूले पिण्ड

समेत दिने गरी पार्वण विधिद्वारा श्राद्ध गर्नुपर्छ । यो श्राद्ध गर्नुपर्दा सुरूमा सव्य भएकै अवस्थामा नदी वा जलाशयमा गएर जौ मिसिएको पानी लिएर श्राद्धमा अङ्को रूपमा तर्पण दिनुपर्छ । तर्पण दिने मन्त्रहरू यी हुन् -

*ब्रह्माणं तर्पयामि, विष्णुं तर्पयामि, महेश्वरं तर्पयामि, देवर्षीन् तर्पयामि, ब्रह्मार्षीन तर्पयामि, क्षत्रर्षीन् तर्पयामि, वसून् तर्पयामि, रुद्रान् तर्पयामि, आत्यिान् तर्पयामि, सनकं तर्पयामि, सनन्दनं तर्पयामि, सनातनं तर्पयामि, पञ्चमहाभूतानि तर्पयामि, चक्षुरादिकरणानि तर्पयामि, भूतग्रामं तर्पयामि, पितरं तर्पयामि, पितामहं तर्पयामि, प्रपितामहं तर्पयामि, मातरं तर्पयामि, पितामहीं तर्पयामि, प्रपितामहीं तर्पयामि, पितरं तर्पयामि, पितामहं तर्पयामि ।*

यसरी उक्त मन्त्रहरूद्वारा नदी आदिमा गएर तर्पण दिइसकेपछि घरमा आएर देश, कालको स्मरण गरी आठवटा श्राद्ध गर्नका लागि "करिष्यमाणसंन्यासाङ्गत्वेनाष्टौ श्राद्धानि पार्वणविधिना अन्नेन (आमान्नेन वा) करिष्ये" भन्ने समेत व्यहोराको सङ्कल्प गर्नुपर्छ र ब्राह्मणलाई समय निश्चित गर्न निम्ता दिनुपर्छ । यसमा सबै कुरा नान्दीश्राद्धमा जस्तै हुन्छन् । त्यसैले यसमा जनै अपसव्य पारेर लाउनु पर्दैन । तिलको सट्टा जौ राख्नुपर्दछ । ब्राह्मणहरू जोडी संख्यामा राख्नुपर्छ । त्यसो गर्दा देवताका ठाउँमा दुईजना र आठजना श्राद्धका लागि दुई-दुईजनाका दरले सोह्रजना गरी जम्मा अठार जना ब्राह्मण राख्नुपर्छ । त्यसमा देवतातर्फ 'सत्यवसुसंज्ञका विश्वेदेवा नान्दीमुखाः स्थाने क्षणः कर्तव्यः' भनेर एकजना ब्राह्मणको वरण गरेपछि दोस्रो ब्राह्मणको वरण गर्नुपर्दछ । यसैगरी यसपछि पनि वरण गर्ने काम गर्नुपर्छ ।

आठवटा श्राद्धका लागि ब्राह्मणहरूको वरण गर्दा उच्चारण गर्नुपर्ने वाक्यांशहरू यस प्रकार हुन्छन् - "प्रथमे देवश्राद्धे ब्रह्माविष्णुमहेश्वरा

नान्दीमुखाः" १, "द्वितीये ऋषिश्राद्धे देवर्षिब्रह्मार्षिक्षत्रर्षयो नान्दीमुखाः स्थाने क्षणः" २, "तृतीये दिव्याश्राद्धे वसुरुद्रादित्या नान्दीमुखाः स्थाने क्षणः" ३, "चतुर्थे मनुष्य श्राद्धे सनकसनन्दनसनातना नान्दीमुखाः स्थाने क्षणः" ४, "पञ्चमे भूतश्राद्धे पृथिव्यादिपञ्च-भूतान्येकादश चक्षुरादिकरणानि चतुर्विधभूतग्रामा नान्दीमुखाः स्थाने क्षणः" ५, "षष्ठे पितृश्राद्धे पितृपितामहप्रपितामहा नान्दीमुखाः स्थाने क्षणः" ७, "अष्टमे आत्श्राद्धे आत्मपितृपितामहा नान्दीमुखाः स्थाने क्षणः" ८ । यस अन्तिम वाक्याशंमा 'आत्मपितृपितामहा' भन्ने शब्दको सट्टा 'आत्मान्तरामत्परमात्मानो' भन्ने शब्द राख्नुपर्दछ भन्ने केही विद्वानहरूको मत छ ।

यसरी प्रत्येक वाक्यहरू उच्चारण गर्दै दुईजना ब्राह्मण हरूको वरण गर्नुपर्छ । सबैमा विशेषणको रूपमा 'नान्दीमुख' शब्द राख्नुपर्छ । ब्राह्मणहरू जोडी सङ्ख्यामा राख्नुपर्छ । यी श्राद्धमा सत्य र वसु अथवा दक्ष र क्रतु नाममा विश्वेद रहन्छन् ।

उक्त बमोजिम ब्राह्मणहरूको वरण गरिसकेपछि उनीहरूलाई गोडा धुने जल दिएर उत्तरतर्फको ठाउँमा पूर्वतिर फर्काएर बसाली यसरी प्रार्थना (अनुरोध)गर्नुपर्दछ - "हे उत्तम ब्राह्मणहरू हो म सन्यासी लिनको लागि श्राद्ध गर्दैछु, तपाईहरू यसको लागि अनुमति दिनुहोस् । तपाईहरूको अनुमति पाएपछि साधना गरेर मैले अनन्त कालसम्म रहने सिद्धि प्राप्त गर्नेछु ।" अनि ती ब्राह्मणहरूले पनि 'हुन्छ, गर्नुहोस्' भनि जवाफ दिनुपर्छ । त्यसपछि कर्ताले जौ र सोभो एक जोडी दूबो आदिसहितको पानी दिएर सम्बोधन गरिसकेपछि 'यो आसन टक्र्याएँ' भन्दै ती अठारै जनालाई आसन दिनुपर्छ । यस सिलसिलामा आश्वलायन शाखाका अनुयायीहरूले अर्घ्यपात्र दिने गर्छन । आपस्तम्ब शाखाका अनुयायीहरूको चाहीँ श्राद्ध नै साङ्कल्पिक विधिले हुने हुँदा त्यसमा अर्घ्य दिने काम हुँदैन । यसमा देवताको

लागि एउटा र आठ पार्वण श्राद्धका लागि आठवटा गरी जम्मा नौवटा अर्घ्यूपात्र तयार गर्नुपर्छ । ती सबैमा दुई-दुई वटा कुशका पवित्र राखी 'शन्नो देवीरभीष्टय...' भन्ने मन्त्रद्वारा पानी हालेपछि तीमध्ये विश्वेदेवका लागि छुट्याइएका आठवटा पात्रमा 'यवोक्सी...' भन्ने मन्त्र पढ्दै जौ राख्नुपर्छ । त्यसपछि श्राद्धमा पितृतर्फ छुट्याइएका आठवटा पात्रमा 'तिलोक्सी...' भन्ने मन्त्र वचन मिलाएर त्यो मन्त्र पढ्दै जौ राखेर त्यहाँ चन्दन आदि पूजा सामग्रीद्वारा पूजा गर्नुपर्छ । उक्त मन्त्रको वचन मिलाएर अरू वाक्यसमेत उच्चारण गर्दा निम्नबमोजिम गर्नुपर्छ -

**"यवोक्सी सोमदैवत्यो गोसवे देवनिर्मितः ।**

**प्रत्नवद्भिः प्रत्त पुष्टया नान्दीमुखान् देवान् प्रीणाहि नमः स्वाहा" ।**

यसो भनेर पहिलो पात्रमा जौ आदि राखी पूजा गर्नुपर्छ । त्यसैगरी दोस्रो पात्रमा पूजा गर्दा माथिको भाग उस्तै रूपमा राखी अन्त्यमा 'नान्दीमुखान् ऋषीन् प्रीणाहि नमः स्वाहा' भन्नुपर्छ । तेस्रो चौथो आदिको पनि मन्त्रोच्चारणको क्रम उस्तै हुन्छ । खाली जसलाई लक्षित गरी पूजा गरिने हो, त्यसलाई बुझाउने शब्दमात्र फेरिन्छ । जस्तै तेस्रोमा ऋषीन्‌को ठाउँमा 'दिव्यान्' शब्द, चौथोमा 'दिव्यान'को ठाउँमा 'मनुष्यान्' शब्द, पाँचौमा 'मनुष्यान्'को ठाउँमा 'भूतानि' शब्द, छैटौं सातौं र आठौंमा 'भूतानि'को ठाउँमा 'पितृन्' शब्द राखी मन्त्रका अरू शब्दहरू अथावत् राखेर उच्चारण गर्दै पूजा गर्नुपर्छ । यति गरेपछि ती आठैवटा पात्रलाई प्रत्येक दुई भागमा विभाजित गरी सबैमा 'या दिव्या...' भन्ने मन्त्रले मन्त्रिएर 'विश्वेदेवा नान्दीमुखा इदं वोक्र्घ्यम' अथवा 'ब्रह्माविष्णुमहेश्वरा नान्दीमुखा इदं वोक्र्घ्यम्' भनेर अन्त्यमा स्वाहा नमः इत्यादि उच्चारण गरी ती पात्रहरू जस्ताको तस्तै सोह्रजना ब्राह्मण का हातमा दिनुपर्छ । अनि पात्रहरूबाट

चुहिरहेको जल छोएर 'या दिव्या...' भन्ने मन्त्र पढ्नुपर्छ र त्यसपछि मात्र घोप्ट्याएर चन्दन आदि चढाउने र तिनीहरूलाई छोपिदिनेसम्मको पूजाको कर्म गर्नुपर्छ । त्यसो गर्दा सबैतिर सम्बोधन गरिसकेपछि 'नान्दीमुख' शब्दलाई विशेषणको रूपमा प्रयोग गरी उच्चारण गर्नुपर्छ ।

त्यसपछि भोजन गर्नका लागि भाँडाहरू ठीक गरेर सोह्रजना ब्राह्मणहरूका हातमा 'अग्नये कव्यवाहनाय स्वाहा, सोमाय पितृमते स्वाहा' भन्ने यी दुईमन्त्रद्वारा दुइपटक हवनीय पदार्थ राखिदिनुपर्छ । यो कुरा आपस्तम्ब शाखाका अनुयायीहरूमा प्रचलित छैन । अनि खाने भाँडाहरू राखी खानेकुरा पस्किदिनुपर्छ । पाकेको खानेकुरा छैन भने काँचो अन्न वा त्यसको मूल्य राखी शुद्ध पारी 'पृथ्वी ते पात्र्म...' इत्यादि मन्त्रद्वारा सम्बन्धित देवताको स्मरण गरी त्यो पक्वान्न वा काँचो अन्न आदि जे छ, ब्राह्मण लाई दिनुपर्छ ।

त्यसपछि 'ये देवा स...' 'प्रजापते न त्वदेता...' 'ब्रह्मार्पणं ब्रम्ह हविः...' यी मन्त्रहरू पढी कर्ताले 'मैले गरेका यी आठवटा श्राद्धद्वारा नान्दीमुख देवता आदि प्रसन्न होऊन्' भन्ने प्रार्थना गर्नुपर्छ । आचमनको लागि जल दिइसकेपछि ब्राह्मणहरूले बलिको भाग नछुट्याई भोजन गर्नुपर्छ । ब्राह्मणहरू तृप्त भएपछि 'उपास्मै...' र 'अक्षन्नमीमदन्त...' भन्ने मन्त्र पढी 'भोजन सम्पन्न भयो' भनेर सोध्नुपर्छ र त्यसको उत्तरमा सबै ब्रह्माणहरूले 'खानेकुरा स्वादिष्ट रूचिकर थियो भन्नुपर्छ । काँचो अन्न दान गरेको भए चाहिँ यस्तो प्रश्नोत्तर गरिरहनु पर्दैन ।

ब्राह्मणहरूले तृप्त भएर आचमन गरिसकेपछि जौ, लाब्रा, दही र बयरसहितको पक्वान्नता अडचालीसवटा पिण्ड तयार गर्नुपर्छ । पिण्ड दिने ठाउँमा उत्तरबाट पूर्वतिर लम्बाइ भएका आठवटा रेखा बनाई त्यहाँ शुद्धजल छर्केर त्यसमाथि कुश वा दूबो बिछ्याएर चौबीसवटा पिण्ड राख्ने ठाउँमा पानीले सेचन गर्नुपर्छ । पहिलो रेखामा सेचन गर्दा 'शुन्धतां ब्रह्माणो नान्दीमुखाः' शुन्धन्तां विष्णनो

नान्दीमुखाः, शुन्धन्ता ब्रह्मार्षयो नान्दीमुखाः' इत्यादि क्रमशः उच्चारण गर्दै जानुपर्छ । त्यसपछि पिण्डदिने क्रममा 'ब्रह्माणे नान्दीमुखाय स्वाहा' भनेर एउटा पिण्ड दिने र दोस्रो पिण्ड पनि त्यही मन्त्रद्वारा अथवा चुपचाप दिने गर्नुपर्छ । यसैगरी माथि उल्लेखित प्रत्येक देवताका नाममा दुईवटा पिण्ड दिनुपर्छ । यस क्रममा ब्रह्मापछि 'विष्णवे नान्दीमुखाय स्वाहा' इत्यादी अन्त्यमा 'स्वाहा' भएका मन्त्रहरू पिण्ड दिनको लागि प्रयोग गरिन्छन् भन्ने बुझ्नुपर्छ । 'अत्र पितरो मा दयध्वम् ... इत्यादि मन्त्र र फेरि 'शुन्धन्ताम्...' भन्नेसम्मको एकमुष्ट कर्म र अञ्जन तथा अभ्यञ्जन चढाउने कर्म गरे पनि हुन्छ नगरे पनि हुन्छ ।

त्यसपछि ती पिण्डहरूलाई चन्दन आदिद्वारा पूजा गरेर ढोगी 'उपसम्पन्नम्' भनेर विसर्जन गरी ब्राह्मणहरूलाई दक्षिणा आदि दिने काम एकीकृत रूपमा गर्नुपर्छ । आपस्तम्ब आदि शाखाका अनुयायीहरूमा यो पिण्ड दिने आदि कर्मको परम्परा छैन । कात्यायन मतका अनुयायीहरूले चाहिँ आश्वलायनहरूकै जस्तो गरी यो कर्म गर्दछन् ।

सन्यासी हुने व्यक्तिले उक्त आठवटा श्राद्ध गरिसकेपछि त्यसैदिन अथवा त्यसको भोलिपल्ट टुप्पीका छवटा केश बाँकी राखेको काखी र गुप्ताङ्कका बाहेक कपालका रौंहरू, दाह्रीजुँगा तथा नङ आदि काटेर नुहाइधुवाई गरी लगौटी, उपर्ना र होम गर्ने साधनबाहेक अरू सम्पत्ति आदि ब्राह्मण आदि र छोरा आदिका लागि छोडिदिनुपर्छ । लगौटी आदि वस्त्र गेरूवा रङले रंगाएर टाउको, निधार र आँखिभुँइसम्म अग्लो बोक्रासहितको बाँसको लट्ठी तयार गरी राख्नुपर्छ । त्यो लट्ठी जरैदेखि बनेको औंलाजत्रै मोटो, ब्राम्हणद्वारा ल्याइएका, एघार, नौ, चार वा सात आँख्ला भएको, ती आँख्लाका गाँठा यथावत् रहेको, कुनै विशेष चिन्ह भएको हुनुपर्छ (

निश्चित ठाउँमा राख्नुपर्छ ।) त्यसपछि कमण्डलु, लगौटी, ओढ्ने कपडा, खराउ राख्नुपर्छ । कसैकसैले खानेकुरा जालीमा झुन्ड्याइराख्ने भाँडो पनि त्यसैगरी निश्चित ठाउँमा राख्नुपर्छ भनेका छन् ।

यति गरिसकेपछि देश र काल (ठाउँ र समय) को उच्चारण गरी "अशेषदुः खनिवृत्तिनिरति शयानन्दप्राप्तिपरमपुरूषार्थप्राप्पते परमहंसाखयासंन्यासग्रहण करिष्येः तदङ्गतया गणपतिपूजनपुण्याह वाचनमातृकापूजननान्दीश्राद्धानि गरिष्ये" भन्नेसमेत व्यहोरा मिलाई सङ्कल्प गर्नुपर्छ । सङ्कल्प गरिसकेपछि उक्त कर्महरू गरी यी मन्त्रहरूको जप गर्नुपर्छ - ब्रह्माणे नमः विष्णवे नमः रुद्राय नमः सोमाय नमः, आत्मने नमः, अन्तरात्मने नमः, परमात्मने नमः । यी मन्त्रको साथै 'अग्निमीडे पुरोहितम्_' इषे त्वोर्जे त्वा_' 'अग्न आयाहि_' 'शन्नोदेवीरभीष्टम_' यी ऋचा (वेदमन्त्र)हरू समेतको जप गरेर तीन मुठी सातु ॐको उच्चारण गर्दै तीनपटक खाएर नाभि सुम्सुम्याउनुपर्छ । त्यतिबेला आत्मने स्वाहा, अन्तरात्मने स्वाहा, परमात्मने स्वाहा, प्रजापतये स्वाहा भने मन्त्र पढ्नु पर्छ । तयसपछि दूध र दही मिसिएको घिउ अथवा पानी मात्र भए पनि पहिलो पटक 'त्रिविदसि' भनेर, दोस्रोपटक 'प्रवृदसि', भनेर, तेस्रो पटक, 'विवृदसि' भनेर पिएपछि फेरि 'आपः पुनन्तु' भनेर पानी पिएर आचमन गरी 'उपवास गर्नेछु' भन्ने व्यहोराको सङ्कल्प गर्नुपर्छ ।

**सन्यासीनां महालयरत्वपराह्णव्यापित्यां द्वादश्यामेव सपिण्डकः कार्यो नन्यतिथौ ।**

**सन्यासीहरूको महालय श्राद्ध**

सन्यासीहरूको महालय श्राद्ध अपरान्हभरि रहने द्वादशी तिथिमा पिण्डसहित गर्नुपर्छ, अरू तिथिमा सन्यासीहरूको महालय श्राद्ध गर्नु हुदैन ।

## चतुर्दशीपौर्णमासीमृतस्य महालयनिर्णयः

चतुर्दश्यां मृतस्यापि महालयश्चतुर्दश्यां न भवति, "शस्त्रहस्तस्यैव चतुर्दश्यां प्रकीर्तिमम्" इति नियमेन सर्वतो बलिष्ठेन प्रतिवार्षिक श्राद्धातिक्तिश्रादस्य चतुर्दश्यां निषेधात् । एवम् पौर्णमासीमृतस्यापि महालयः पौर्णमास्यां न कार्यः अपरपक्षत्वाभावेन तस्यां महालयाप्राप्तेः। तेन चतुर्दशीमृतस्य पौर्णमासीमृतस्य वा महालयो द्वादश्यमावास्यादितिथिसु कार्य : ।

## चतुर्दशी वा पूर्णिमामा मरेका व्यक्तिहरूको महालय सम्बन्धी निर्णय

"हतियारद्वारा मरेका व्यक्तिको मात्र चतुर्दशीमा श्राद्ध गर्नुपर्छ" भन्ने नियम सबभन्दा बलियो भएको हुँदा वर्षेपछ्छि तिथिको दिन गर्नुपर्ने एकोद्दिष्टश्राद्ध बाहेक सामान्यतया चतुर्दशीका दिन मरेका व्यक्तिको महालयश्राद्ध चर्तुदशीका दिन गर्न निषेध गरिएको छ । यसैगरी पूर्णिमाका दिन मरेका व्यक्तिहरूको पनि महालयश्राद्ध पूर्णिमाकै दिन गर्नु हुँदैन किनभने पूर्णिमाका दिन कृष्णपक्ष नहुने र कृष्णपक्ष नभई पूर्णिमामा महालय सुरू नहुने कुरा स्पष्टै छ । त्यसैले चतुर्दशीमा अथवा पूर्णिमामा मरेका व्यक्तिको महालयश्राद्ध द्वादशी, औंसी आदि उपयुक्त तिथिमा गर्नुपर्दछ ।

### महालयगौणकाल :

अन्य कन्यार्कः प्राशस्त्यसम्पदाको न तु निमित्तम् ।
"आदौ मध्येऽक्वसाने वा यत्र कन्या व्रजेद्रविः ।
स पक्षः सकलः श्रेष्ठः श्राद्धषोडशकं प्रति ॥"
इत्यादिस्मृते : । अमावास्यापर्यन्तं तिथावसम्भवे आश्विनशुक्लपञ्चमीपर्यन्तं यस्मिन् कस्मैश्चित तिथौ महालयः यत्रासम्भवे

यादव्वृश्चिकदर्शन र व्यतीपाद्द्वादश्यादिपर्वणि कार्यः।

**अर्थ-**

महालयका सन्दर्भमा कन्यामा रहेका सूर्यले उत्कृष्टता ल्याइदिन्छन् तर सूर्य कन्या राशिमा जानु मात्र निमित्त कारण होइन । "सोह्रश्राद्धका लागि महिनाको सुरुमा, बीचमा वा अन्त्यमा जतिबेला सूर्य कन्या राशिमा जान्छन् त्यो सम्पूर्ण पक्ष अर्थात् पन्ध्र दिनको समय उत्तम हुन्छ" यस्तो कुरा स्मृति-ग्रन्थमा उल्लिखित छ । त्यसबेला औंसीको दिनसम्म पनि उपयुक्त तिथिमा महालयश्राद्ध गर्न सम्भव नभएमा आश्विनशुक्ल पञ्चमीसम्म जुनसुकै तिथिमा पनि महालयश्राद्ध गर्न हुन्छ । त्यो पञ्चमीसम्म पनि गर्न सम्भव नभए सूर्य वृश्चिक राशीमा नगएसम्म व्यातीपात योग, द्वादशी तिथि आदि पर्वको समय मिलाएर उक्त श्राद्ध गर्नुपर्छ ।

◆ *धर्मसिन्धुसार हेमराज पौडेल शर्मा, पृ.१३३८-०४३)*

# सहायक ग्रन्थ सूची


| क्र.सं. | पुस्तकको नाम | लेखक/प्रकाशक |
|---|---|---|
| १. | अग्नि पुराण | आनन्दाश्रम संस्कृत सीरिज, भारत |
| २. | अर्थवेद (प्रथम खण्ड) | संस्कृति संस्थान बरेली १९७५ भारत |
| ३. | अर्थवेद (द्वितीय खण्ड) | संस्कृति संस्थान बरेली १९७५ भारत |
| ४. | अयर्वशिरस् १०८ उपनिषद् | (ज्ञानखण्ड)संस्कृति संस्थान बरेली १९७५ भारत |
| ५. | अनुभव सुत्र | मथिदेव, शोलापुर, भारत |
| ६. | इशादिद्वादशोपनिषद् | कैलाश विद्या प्रकाशन, ऋषिकेश, भारत |
| ७. | इशोपनिषद् | उपनिषद् संग्रहबाट |
| ८. | इश्वर प्रत्यभिज्ञ | अभ्य र पाण्डेय, सरस्वती भवन, इलाहावाद |
| ९. | ऋग्वेद | संस्कृति संस्थान बरेली, भारत |
| १०. | कल्याण | गिता प्रेस, गोरखपुर, भारत |
| ११. | कृष्ण यजुर्वेद | स्वाय्याय मण्डल, भारत |
| १२. | कौटिल्य अर्थशास्त्र | चौखम्बा विद्या भवन, भारत |
| १३. | गरूड पुराण | गिताप्रेस, गोरखपुर |

| | | |
|---|---|---|
| १४. | गिता | गिताप्रेस, गोरखपुर |
| १५. | तन्त्रलोक | अभिनव गुप्त, काश्मीर संस्कृत ग्रन्थावली, भारत |
| १६. | तैत्तरीय संहिता | बम्बई- १८२३ |
| १७. | देविभागवत | वंगवसी प्रेस, कलकत्त, भारत |
| १८. | निरूक्त | यास्कचार्य |
| १९. | परमार्थसार | काश्मिर संस्कृत, ग्रन्थावली, भारत |
| २०. | पद्मपुराण | डा.अशोक चक्रवर्ती |
| २१. | पतञ्जली महाभाष्य | महर्षि पतञ्जली |
| २२. | पुराणम् | काशिराज सन्यास |
| २३. | पुराण विमर्श | आचार्य तलदेव, चौखम्बा विद्यामवन वाराणसी |
| २४. | पुराण समीक्षा | गिता प्रेस, गोरखपुर |
| २५. | प्रश्नोपनिषद् | गिता प्रेस, गोरखपुर |
| २६. | प्राचिन भारतीय साहित्य | मोतिलाल वनारसीदास |
| २७. | ब्रह्माण्ड पुराण | खेमराज, बम्बई - १९०६ |
| २८. | शिवस्वरूप तथा शैव सिद्धान्त | शिमा शुक्ला, बुन्देलखण्ड विश्वविद्यालय, भाँसी, भारत |
| २९. | नेपालको धार्मिक इतिहास | प्रा.डा. जगदीशचन्द्र रेग्मी, उप-प्रा.टी.पी. धमला<br>प्र. विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं<br>(पृ.१३-६९) |
| ३०. | दशनामी सन्यासी | हिमाल गिरी |
| ३१. | धर्मसिन्धुसार | हेजराज पौडेल शर्मा पौडेल, |

प्र.विद्यार्थी पुस्तक भण्डार (पृ.१२३८-१०४३, काठमाडौं)

३२. ऋग्वेदिक आर्य — राहुल साँकृत्यायन, किताब महल, भारत

३३. प्राचिन भारत — सत्यकेतु विद्यालंकार, सरस्वती सदन, नयाँ दिल्ली

धर्म, संस्कृति र संस्कार अभिन्न हुन्छन् । सनातनदेखिको धार्मिक सिद्वान्त र सम्प्रदायको संरक्षण हेतु यसको अध्ययन एवम् अनुसन्धान अझ महत्त्वपूर्ण हुने गर्छ । यसै कुरालाई ध्यानमा राखी शैव धर्मको दार्शनिक सैद्धान्तिक आधार र संन्यास संस्कारका बारेमा जे-जति अध्ययन गर्न सम्भव भयो तिनैलाई यस ग्रन्थका रूपमा प्रस्तुत गरिएको छ ।


पाइथागोरस बुक हाउस
काठमाडौं, नेपाल

300.00
ISBN 9789937719131
9 789937 719131

धर्म दर्शन